# विनयमुख

(भाग २)

थाइलैंडका
भिक्खुवर समतेच बर-महा-समण-चाउ
क्रम-बरया वजिर-ञाण-वरोरसद्‌वारालिखित

भिक्खुविपस्सी महास्थविरद्‌वारा
नेपालीमा अनुवादित

Dhamma.Digital

https://dhamma.digital

https://dhamma.digital

# Vinayamukha

## (Bhaga 2)

(A Nepali Translation of
The Entrance to the Vinaya, Vol.-2
bySomdetPhra Maha Samana Chao
Krom Phraya Vajirananavarorasa of Thailand)

Translated by
Phra Bhikshu VipassiDhammaramo,
Wat Bovoranives Vihara, Bangkok,
Thailand.

Dhamma.Digital

https://dhamma.digital

विनयमुख

(भाग २)

*भिक्खुवर समतेच बर-महा-समण-चाउ क्रम-बरया वजिर-ञाण-वरोरसद्वारा थाइभाषामा लिखित;

*महामकुट राजविद्यालय प्रेसद्वारा प्रकाशित

*प्रथम अंग्रेजी संस्करण सन् १९७३ मा आधारित;

*भिक्खुविपस्सी महास्थविरद्वारा नेपालीमा अनुवादित;

*सर्वाधिकार: यो सार्वजनिक सम्पत्ति हो, जो कसैले पनि शुद्ध मनले प्रचार प्रसार गर्न मिल्छ। पुनः छाप्दा मुनि विहार व्यवस्थापन समितिलाई सूचित गर्न अनुरोध मात्र छ।

ISBN

*मुनि विहार व्यवस्थापन समिति, मुनि विहार, वडा नं. ७, भक्तपुर नगरपालिका, भक्तपुर जिल्ला, नेपालद्वारा प्रकाशित

*पहिलो नेपाली संस्करण ५०० प्रति मात्र,सन् २०२३

*

छापिएको।

Dhamma.Digital

भिक्खुवर समतेच बर-महा-समण-चाउ
क्रम-बरया वजिर-ञाण-वरोरस
(12/04/1860-02/08/1921)
जसले बौद्ध-धर्मको ज्ञानको प्रसारको लागी
धेरै मेहनत गर्नुभयो।[1]

(को एउटा फोटो देऊ

[1]उहाँको जीवनी हेर्नुहोस: अनुवादकको नवकोवाद पृ.XVI-XXI

https://dhamma.digital

संखारा अनिच्चा, विपरिणामधम्मा, सन्तति पटिबद्धा
संखारा दुक्खा, तं कुतेत्थ लब्भा,
संखारा अनत्ता, यथापच्चयं पवत्तति।

संस्कारहरू (नाम र रूप) अनित्य हुन्। विपरिणामधर्मी (परिवर्तनशील) हुन्।
सन्ततिहरू जोडिएका हुन्छन्।
संस्कारहरू दुःख हुन्, संसारमा तिनबाट के आशा लिनु?
संस्कारहरू अनात्मा हुन्, यी त प्रत्ययअनुसार चलिरहन्छन्।

उहाँ भिक्खुवर समतेच बर-महा-समण-चाउ क्रम-बरया-वजिर-ञाण वरोरस १२ वर्षसम्म सियामी (थाइ) भिक्खुसंघको प्रशासनिक प्रमुख र २८ वर्षसम्म वत् पवरनिवेस विहारका विहार प्रमुख हुनुहुन्थ्यो।

Dhamma.Digital

**प्राक्कथन**

स्वर्गीय सर्वोच्च संघराज समतेचबर-महा-समण-चाउ क्रम-बरया वजिरञाणवरोरसद्वारा लिखित विनयमुखको यो दोस्रो भाग(अंग्रेजी) अनुवादको काम सुरु भएको चार वर्ष बितिसकेको छ। खन्तिपालो भिक्खु र ठितयोगो भिक्खु (बर महा फुअन्) द्वारा काम सुरु गरिएको थियो र तुलनात्मक रूपमा छोटो अवधिमा खेस्रा अनुवाद सम्पन्न भयो। सबैभन्दा कठिन र अप्ठ्यारो काम मूलथाई कृतिसँग अनुवादलाई जाँच्नु थियो,जुन कि सुरुमा म र खान्तिपालो भिक्खुले गरेका थिए।यसपछि जाँच्ने काम जुतिन्धरो भिक्खु र अन्तमा जोतमनो भिक्खुलाई हस्तान्तरण गरियो जसले विगत दुई वर्ष मसँग अनुवाद जाँच गर्न र सच्याइएको नयाँ पाण्डुलिपि टाइप गर्न बिताएका थिए।

वर्तमान भाग अभिसमाचार (समुचित आचरणमा उच्चतर प्रशिक्षण) सँग सम्बन्धित छ र यो गृहस्थी बौद्धहरूका लागी पनि उपयोगी पुस्तक हो,किनकि अभिसमाचारका धेरै उदाहरणहरूमासमुचित आचरण भिक्खुहरू,गृहस्थी पुरुष तथा महिला अनुयायीहरू,दुवै पक्षकोविनयको सही बुझाइमा निर्भर गर्दछन्।भिक्खु अनुशासनका सबै पक्षहरूसँग परिचित हुनु गृहस्थ बौद्धहरूको लागी राम्रो छ ताकि तिनीहरू भिक्खुहरूको चर्यामा बाधक नभई साधक बन्न सकुन्।

यस श्रृङ्खलाको तेस्रो र अन्तिम भागको काम अझै सुरु भएको छैन,तर यो छिट्टै सुरु भई पूरा हुनेछ,यसरी

Dhamma.Digital

अङ्ग्रेजी बोल्ने बौद्धहरूलाई यो धेरै सम्मानित थाई कृति उपलब्ध हुनेछ भन्ने मेरो आशा छ।

महामकुट राजविद्यालयको तर्फबाट,म यस परियोजनामा यति लगनशीलताका साथ काम गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु, जसलेगर्दा प्रस्तुत प्रकाशन सम्भव भयो।

समतेच *बर-ञाण-संवर**
निर्देशक,महामकुट राजविद्यालय

वत्पवरनिवेस विहार
मार्च २५१६/१९७३

*****

**उहाँ पछि क्रमशः थाइ नरेश भूमिबल अतुल्यतेज (रामनवम) द्वारा पदोन्नति भई २१ अप्रिल १९८९ मा सर्वोच्च धार्मिक-पद भिक्खुवर समतेच बर-ञाण-संवर भन्ने राजदिन्न नामले १९औं संघराज पदमा आसीन हुनुभयो। अन्ततः २४ अक्टूबर २०१३ मा उहाँको मृत्यु भयो। उहाँ मरणोपरान्त २८ जुलाई २०१९ मा थाइ नरेश वजिरालंकरण (राम दसम) द्वारा भिक्खुवर समतेच बर-संघराज-चाउ क्रम-ल्हवङ वजिर-ञाण-संवर भन्ने राजपुत्र बराबरको सम्मानित पदनामद्वारा विभूषित गरिनुभयो।*

*-नेपाली अनुवादक*

*****

Dhamma.Digital

विषय-सूची

प्रक्कथन
पाटिमोक्खको बाहिरका सिक्खापदहरू
अध्याय ११शरीरलाई क्रमबद्ध गर्ने तरिका
अध्याय १२आवश्यक वस्तुहरू प्रयोग गर्ने तरिका
वस्त्र (चीवर,बस्ने कपडा सहित)
भिक्षापात्र (पत्त)
प्रयोग गरिने सामानहरू
आवास (सेनासन)
अध्याय १३निर्भरता (निस्सय)
अध्याय १४कर्तव्य (वत्त)
गर्नु पर्ने कर्तव्य (किच्चवत्त) आ
आचरण सँग सम्बन्धित कर्तव्य (चरिया वत्त)
विधीपूर्वक गर्नु पर्ने कर्तव्य (विधीवत्त) अध्याय XV आदर (गारव) अध्याय १६
वर्षावास (वस्सावास)
अध्याय १७उपोसथ र पवारणा
उपोसथ
पवारणा

Dhamma.Digital

अध्याय १८व्यवहार को गलत तरीका
(उपपथकिरिया)
चंचल र गलत आचरण (अनाचार)
नीच र निम्न आचरण (पापसमाचार)
अनुचित जीविकोपार्जन (अनेसना)
अध्याय १९चार समयोचित आधारहरू (कालिक)
मध्याणहसम्म सीमित (यावकालिक)
एक दिनसम्म सीमित(यामकालिक)
सात दिनसम्म सीमित (सत्ताहकालिक)
जीवनभरको लागी (यावजीविक)
मिश्रिच कालिकहरू
अध्याय २० फरक फरक स्वामित्वका सामानहरू
संघका सामानहरू
चेतियका सामानहरू
व्यक्तिगत सामानहरू
अध्याय २१विनयकम्म
आपत्तिदेसना गर्ने विधी
अधिष्ठान (अधिट्ठान-चीवर,आदि)
दोहोरो स्वामित्व (विकप्प)
अध्याय २२विविध वस्तुहरू

Dhamma.Digital

चार महान मापदण्डहरू (महापदेस) भगवान बुद्धद्वारा विशेष गरी स्वीकृत
संरक्षणको याचना
पतनका चार तरिकाहरू (विपत्ति)
गलत आधार (अगोचर)
पाठ वा विधीवाक्यहरूको सूची
GLOSSARY
INDEX

Dhamma.Digital

https://dhamma.digital

https://dhamma.digital

पाटिमोक्ख बाहिरका सिक्खापदहरू

**अभिसमाचार**

(समुचित आचरणमा तालिम)

पाटिमोक्ख बाहिरका सिक्खापदहरू मुख्यतया खन्धक (विनय पिटकका अध्याय)हरूबाट संग्रहित हुन्। पाटिमोक्खका सिक्खापदहरूको विपरीत,तिनीहरूको कुनै निश्चित संख्या छैन, तर *किच्च* (कर्तव्य) वा *वत्थु* (वस्तु,विषय) अनुसार समूहमा व्यवस्थित गरिएका छन्,जुनकि खन्धकका विषयहरू हुन्। उदाहरणको लागीउपोसथको कर्तव्यको अध्यायलाई उपोसथक्खन्धक भनिन्छ,र चीवर (वस्त्र) सम्बन्धी अध्यायलाई चीवरखन्धक भनिन्छ। अन्य स्रोतहरूबाट पनि यी सिक्खापदहरू बनाइएका छन्, जस्तै: निदान,पाटिमोक्ख सिक्खापदहरूको गठनका हेतु भएका कथाहरू; विनीतवत्थु,विभंग ग्रन्थमा समावेश भएका आपत्ति (दोष) को फैसला गर्ने सिद्धान्तहरू(नजीरहरू?); र अट्ठकथाहरूबाट जसलाई पालिमुत्तक (मूल पालिको बाहिरको) भनेर चिनिन्छ।चलनको मुख्य पद्धतिभन्दा बाहिर रहेका विषयहरूलाई व्याख्या गर्नु आवश्यक नरहेको हुनाले यहाँ खन्धकहरूको क्रमलाई अनुकरण गर्नु उपयुक्त हुँदैन। बरू खन्धकको बाहिरका सामग्रीहरू समेत समावेश गरेर यत्रतत्र परेका विषयहरूलाई पुन: व्यवस्थित गर्नु पर्छ। तसर्थ,यहाँ जुनसुकै तरिकाले भए पनि उपयुक्तताअनुसार

सामग्रीलाई पुन: व्यवस्थित गरिएको छ तैपनि किच्च र वत्थुमा समूहबद्ध गर्ने विधीलाई नै अवलम्बन गरेर।

यी सिक्खापदहरू दुई प्रकारका छन्,निषेध गर्ने र अनुमति दिने। निषेधहरूमा आपत्तिका दुई प्रत्यक्ष स्तरहरू छन्: पहिलो,*थुल्लच्चय*-जुनकि थोरै छन् र धेरै जसो चलनको सामान्य तरीकाबाट बाहिर छन्। त्यसपछि *दुक्कट*आपत्ति जुनकि धेरै छन्,कतिपय त आपत्ति हुन्छ भनी सीधै नभनेर 'गर्न हुँदैन' वा 'नगर्नू' शब्दहरूद्वारा ब्यक्त गरिएका छन्, सल्लाहहरू जस्ता पनि छन्। यस्ता कुराहरू विषयगत कथाहरूमा छुटाछुटै छन्। (अट्ठकथा) आचरियका अनुसार जसले छोड्नुपर्ने नियम पालन गर्दैन उसलाई,*सेखिय*को मामलामा जस्तै, दुक्कट पर्नुपर्छ।

अनुमति दिइएकालाई विशेष लाभको रूपमा बुझ्नुपर्छ। उदाहरणको लागी,भगवान बुद्धले वर्षाको कपडाको अनुमति दिनुभएको छ तर उहाँले सबै भिक्खुहरूलाई लगाउन बाध्य गर्नुभएन,प्रयोग गर्न चाहनेहरूले गर्न सक्छन्; वा,भिक्खुले (यदि उसले रोज्छ भने) उसका तीनवटा मुख्य चीवरहरू बाहेक अतिरिक्त चीवर पनि प्रयोग गर्न मिल्छ। कतिपय ठाउँमा स्वीकृति दिइएका छन् जुन कि निषेध गरिएका जस्ता पनि छन्। उदाहरणको लागी, दिउँसो सुतेको बेलामा भिक्खुलाई कुटीको ढोका बन्द गर्ने अनुमति दिइएको छ। यो कुनै विशेष फाइदाको कुरो होइन तर वास्तवमा एक अनिवार्य कुरो हो। यसलाई यस्तो भनिनुपर्थ्यो: "दिउँसो सुत्ने भिक्खुले आफ्नो

Dhamma.Digital

(कोठा, कुटीको) ढोका बन्द गर्नु पर्छ। त्यसो गरेन भने उसलाई दुक्कट हुन्छ।" यसरी अर्थ प्रस्ट हुन्छ। त्यसो भए यो स्वीकृति किन भएको हो त?म मान्छु कि शब्दको लापरवाह प्रयोगले गर्दा यस्तो भएको हो। अट्ठकथाका आचरियहरूले कतै कतै यसलाई अनुमति दिएका छन्, भन्छन् कि भिक्खुहरूले (नियमहरू) पालना नगर्दाउनीहरूलाई दुक्कट हुन्छ। सर्त सहित गरी स्वीकृति दिइएको पनि देख्न सकिन्छ,उदाहरणको लागी,भिक्खुलाई गलत समय (अपराण्ह) मा सात दिनको लागी सीमित खाद्य सेवन गर्न अनुमति दिन्छ, जब त्यसो गर्नुको कारण हुन्छ।तर तिनको सेवन गर्नुको कुनै कारण नहुँदाभिक्खुलाई दुक्कट हुनु उपयुक्त हुन्छ किनभने उसको काम भिक्खुले पाउन सक्ने विशेष अनुमतिभन्दा बाहिर हुन्छ। र त्यसैले भिक्खुले त्यस अनुसार आचरण नगर्दा दुक्कट हुनु उपयुक्त हुन्छ। भिक्खुले यो वा त्यो गर्नु पर्छ आदि भन्नुलाई त्यसलाई अप्रत्यक्ष स्वीकृति भनिन्छ र त्यसो हुनाले त्यसो नगर्नाले भिक्खुलाई दुक्कट हुनु उचित छ। भिक्खुले जान्नुपर्दछ कि कुन विशेष फाइदाजनक अनुमति दिइएको हो र कुनलाई भिक्खु पालना गर्न बाध्य हो।

यी सिक्खापदहरू भङ्ग गर्ने भिक्खुहरूलाई आपत्ति केवल थुल्लच्चय र दुक्कट भएकोलेम थुल्लच्चय बाहेक आपत्तिको नाम लिन्नँ किनकि यी संख्यामा कम छन् र सामान्य चलनभन्दा बाहिर पनि छन्। विद्यार्थीहरूले पहिले नै व्याख्या गरिसकिएका कुराहरूबाट यो बुझ्नेछन् र यसलाई यसरी

व्यवस्थित गर्नु पढ्न र सुन्नको लागी बढी उपयुक्त देखिन्छ। यस अवस्थामा दुक्कट भनेको *वीतिक्कम* (परम्परा तोड्नु) हो भनी बुझ्नुपर्छ र यसले असल भावमा ह्रास आउने हो वा होइन भन्ने कुरा निम्नानुसार देख्न सकिन्छ: कतिपय नियमहरू तोड्दा कहिलेकाहीँ अवस्था यति धेरै बिग्रने हुँदैन,तर कतिपय अवस्थाहरूमा (जानाजानी) नियमहरू बारम्बार तोड्नाले भिक्खु परम्परालाई बिगार्ने र बदनाम गर्ने गर्छ। त्यस्तै दुई प्रकारका भिक्खुहरू हुन्छन्,जो विनय पालनामा कठोर छन् र जो त्यस्ता छैनन्। कठोरपूर्वक पालन गर्ने व्यक्तिहरूले परम्परालाई दृढतापूर्वक स्थीर राख्छन् जबकि कडा नहुनेहरूले आफ्नो कर्तव्यलाई बेवास्ता गर्छन् र नियमहरू पालना गर्न चासो राख्दैनन्। यो थाहा पाएपछि हामीले मध्यम मार्गबाट आचरण गर्ने प्रयास गर्नु पर्छ,अहिलेको काल र देशमा चलेको चलनको विपरीत हुने तरिकाले, आफुलाई अप्ठ्यारो पर्ने गरी,र लापरवाही हुने गरी होइन, किनकि यो त हामीलाई दुर्गतिमा पुर्याउने कारण हो। यस मध्यम मार्गबाटआचरण गर्नुलाई 'सुन्दर' भनिन्छ र यसले बुद्धसासनलाई दीर्घायु बनाउँछ।

*****

Dhamma.Digital

## अध्याय ११

## शरीरलाई व्यवस्थित गर्ने तरिका

*** भिक्खुले टाउकोका कपाल दुई महिनाभन्दा बढी वा दुई इन्चभन्दा लामो पाल्न हुँदैन।**

यसको मतलब हो दुई इन्च लामो नभएपनि दुई महिनाको सीमा पुगेपछि टाउकोको कपाल खौरनु पर्छ। अर्कोतर्फ,दुई महिनाको अवधि नपुग्दै कपाल दुई इन्च लामो भयो भने,यसलाई खौरनुपर्छ।

यो परम्परा बिस्तारै विकसित भएको हो भनी बुझ्नुपर्छ, किनकि सुरुमा भिक्खुहरूले आफ्नो कपाल योभन्दा लामो पालेको हुन सक्छ त्यसैले कपाल कोर्न वा ब्रश लगाउन निषेध गरिएको छ:

- काइँयोले कोर्नु जस्तो गरी आफ्ना औंलाहरू कपालमा चलाउनहुन्न।
- मैन वा पानी मिसिएको तेल कपाललाई सजाउनमा प्रयोग गर्न हुन्न।
-रोग लागेको अवस्थामा बाहेक कैंचीले कपाल काट्न हुन्न।
-सेतो कपाल उखेल्न हुन्न।

यी सबै निषेधहरू दुई इन्चभन्दा लामो कपाल पालेको व्यक्तिलाई लागू हुन्छन्। सायद त्यतिबेला कपालको लम्बाइमा कुनै सीमा थिएन र उस्तराले सजिलै खौरन अप्ठ्यारो हुनेगरी धेरै लम्बिन नपाउँदै खौराउनुपर्छ भन्ने सोच थियो। निगन्थ तपस्वीहरूमा एकदेखि चार महिनासम्म कपाल बढाइराख्थे। चार

https://dhamma.digital

महिनापछि त कपालकाइँयोले कोर्न र सजाउनको लागी पर्याप्त लामो हुनेछ, जुन कि (भिक्खुहरूलाई) निषेध गरिएको छ।

***भिक्खुले जुँगा र दाह्री लामो पाल्नहुँदैन**

टाउकोको कपालको सम्बन्धमा जस्तो जुँगा र दाह्रीका सम्बन्धमा कुनै स्पष्ट सीमा तोकिएको छैन, तर सायद यसको मतलब जुँगा र दाह्री यति लामो पाल्नहुँदैन कि यसलाई विभिन्न शैलीहरूमा सजाउनको लागी पर्याप्त हुनेछ र उस्तराले खौरिनको लागी सजिलो हुनेछैन। सायद सुरुमा जुँगाहरू लामो हुने गरि पाल्ने गरेको हुनसक्छ त्यसैले जुँगालाई सजाउन र कैंचीले काट्न निषेध गर्नु आवश्यक भयो।

***भिक्खुले नङ लामो पाल्न हुँदैन।**

नङलाई सानो,धारिलो औजारले मासुको स्तरसम्म काट्नु पर्छ र यसमा चिल्लो (तल्कने) पालिश गर्नहुन्न। यदि नङहरूमा दाग छन् भनेदागका कारक भागलाई रगडेर फाल्न सकिन्छ र नङमा लागेका फोहर निकालेर फाल्न सकिन्छ। यो पूरा गर्नुपर्ने कर्तव्य हो।

***भिक्खुले नाककारौं लामो पाल्नहुँदैन। यी चिमटीले उखेलेर फाल्नुपर्छ।**

शरीरविज्ञानमा यो व्याख्या गरिएको छ कि नाकका रौंधुलोलाई स्वासका साथमा फोक्सोमा भित्रिनबाट रोक्नको

लागी उपयोगी छ। यो निषेधको अर्थ हो, नाकको प्वालमारौं टाँसिने गरी लामो हुनहुँदैन।

***साँघुरो ठाउँका रौं उखेल्नहुन्न।**

यसको मतलब हो लुगाले छोपिने रौं र काखमुनिको रौं उखेल्न हुन्न, यो बिरामीको मामलामा बाहेक हो। जब बिरामीलेतरल औषधी वा सुख्खा पाउडर लगाउनुपर्ने अवस्था हुन्छ तब उसले रौं हटाए (खौरे वा काटे) पनि हुन्छ। विनयका अन्यत्र ठाउँहरूमा 'साँघुरो ठाउँ' को अर्थ गुदा (मलद्वार) को वरपरको खाल्टो हो भनेको छ। यो प्रतिबन्धको अर्थ मलद्वार वरपरको रौं उखेल्नहुन्न भन्ने हुनसक्छ।

***भिक्खुले अनुहारमा चूर्ण (पाउडर) वा तरल पदार्थले लेप्न हुँदैन, चित्र बनाउन वा रंगाउन हुन्न।निधारमा रंग लगाउन हुन्न। शरीर रंगाउन हुन्न। तर बिमारीको अवस्थामा हरेक मामलामा छुट दिइएको छ।**

'दल्नु' भनेको छालालाई सुन्दर बनाउनको लागी सुक्खा चूर्ण पदार्थ प्रयोग गर्नु हो। "अनुहार लेप्नु" भनेको प्रसाधनका वस्तु चूर्ण पानीमा घोलेर लेप्नु हो। जब यो सुक्छ,यसले अनुहारलाई सेतो बनाउन सक्छ। अभिनेताहरू, अभिनेत्रीहरू र आफ्नो टुप्पी खौरेका बच्चाहरूको अनुहार यस तरिकाले 'लेपिएका' हुन्छन्। हामी यसलाई 'अनुहारमा चूर्ण दल्नु' भनी भन्छौं, तर सामान्यतया हामी यसलाई प्रयोग

गर्दैनौं। अनुहारमा रंग घस्नुलाई (रंगीन प्रसाधनहरू) को चूर्ण प्रयोग गर्नु भन्छौं। तर हामी यस्तो गरी प्रयोग गर्दैनौं।पालिमा यी दुई (पाउडर घस्नु र चूर्ण लेप्नु) लाई फरक हो भन्छन् र अनुहारमा 'लेप्नु' भन्नु सही हो। "अनुहार रङ्गाउनु' भनेको (रङ्गीन प्रसाधन) पाउडर लगाउनु हो।'अनुहारमा रङ लगाउनु' भनेको बेसार लगाउनु हो। "निधारमा रङ लगाउनु' भनेको कुनै शुभ अवसरमा बूढो व्यक्तिले आफ्ना कनिष्ठहरूका निधारमा सुगन्धित चूर्णले टिकाटालो गर्नु हो।मूलपालिमा यसलाई रातो ढुङ्गाको धुलो (अबीर)को रूपमा व्याख्या गरिएको छ,त्यो घोल हुन्छ अथवा चित्र बनाउन प्रयोग गरिने रंग। एउटाअनौठो विषय छ, मैले यो पनि सुनेको छु कि हिन्दूहरूले आफ्नो अनुहारमा गाईको गोबरको टिका लगाउँछन्। अनुहारलाई रङ्गाउने र सजाउने यो विधी बुद्धको समयभन्दा पुरानो भएको देखिन्छ। अनुहारलाई प्रभावशाली वा प्राकृतिक कुराभन्दा डरलाग्दो बनाउन योप्रयोग गरिएको थियो। चिनियाँहरूले पनि आफ्नो थिएटरमा पुरातन कथाहरू सुनाउन (मंचन गर्न) अनुहार चित्रण गर्न यो प्रविधी प्रयोग गर्छन्। "शरीर रङ्गाउनको लागी यसमा बेसार लगाउनु हो। यी सबै कार्यहरू निषेधित छन् किनभने तिनीहरूले (अनुहार वा शरीरलाई) सुन्दर बनाउँछन्। छाला-रोगको मामलामा छूट दिइन्छ, जब जडिबुटी जस्ता उपचारका औषधीहरू प्रयोग गर्न आवश्यक हुन्छ। पालिमा यी कार्यहरू अनुहारको सन्दर्भमा मात्र व्याख्या गरिएको छ, तर यसमा शरीरलाई पनि समावेश गर्नु पर्छ।

**⁎भिक्खुले झुम्का,चूरा,हार,बेल्ट वा कम्मरबन्द,बाजुबंद, कंगन (कलि?) र औंठी जस्ता कुनै पनि गहनाले शरीरलाई सजाउनहुन्न।**

**⁎भिक्खुले ऐनामा वा ऐना जस्तो बिम्ब देखिने अन्य चीजहरूमा आफ्नो अनुहार हेर्न हुन्न।**

घाउ (वा रोग) भएमा भिक्खुले ऐना प्रयोग गरेर घाउ हेर्ने,जाँच्ने,औषधी लगाउने वा लेपले छोप्ने आदि गर्न सक्छ। त्यसबेला काँचका ऐनाहरू थिएनन्, त्यसबेलाका ऐनाहरू आफ्नो प्रतिबिम्ब देख्न सकिने गरी काँसका पाताहरू घोटेर बनाइएका हुन्थे। पालिमा भिक्खुका लागी काँसको ऐना वा पानीमा आफ्नो अनुहार हेर्न निषेध गरिएको छ किनभने यी शरीरको सौन्दर्यमा प्रयोग हुने कार्यहरू हुन्। जसरी शरीरलाई सुन्दर बनाउन प्रतिबन्ध छ,त्यसरी नै यसको प्रतिबिम्ब हेर्नमा पनि छ। तर रोगको अवस्थामा,यो अनुमति छ। केही प्रकारका कामहरू गर्नको लागी ऐना प्रयोगमा कुनै दोष छैन,जस्तो कि आफ्नै अनुहार र टाउकोका केसहरू खौरने,यद्यपि यी कामहरू ऐनामा नहेरीकन पनि गर्न सकिन्छ।

**⁎अनुपयुक्त समयमा अनुपयुक्त ठाउँहरूमा चीवर नलगाइकन (नग्न भएर) जानहुँदैन।**

भिक्खु निगन्थ तपस्वी जस्तो सामान्य चलनको रूपमा नग्न हिंड्छ भने उसलाई थुल्लच्चयआपत्ति हुन्छ। नाङ्गो

बसेर अर्को भिक्खुसँग देहायका कर्महरू गरेमा भिक्खुलाई दुक्कट हुन्छः हातले आदरसूचक नमस्कार गरेमा (अञ्जली),सम्मान ग्रहण गरेमा,सेवा गरेमा (परिकम्म),चीजहरू दिने,चीजहरू लिने,खाने र पिउने। जन्ताघर (अग्निगृह, आगो ताप्ने घर) वा नुहाउने घरमा भए नग्न भएर काम गर्ने अनुमति छ। तसर्थ,जब भिक्खुले जन्ताघरमा सेवा गर्दछ जस्तै बिरामीको मसाज र स्याहार गर्ने र अर्काको शरिरमा रगड्ने (सफाईको लागी) काम गर्ने भिक्खुलाई आपत्ति हुँदैन।भिक्खुले आफूलाई कपडाले ढाकेपछि उसलाई नाङ्गो मानिने छैन।

जन्ताघर भनेको शरीरलाई पसिना निकाल्न तताउन सकिने ठाउँ हो,जुन यस देशमा (सियाम) पुरानो समयमा मानिसहरूले टाउको बाहिर छिराउनको लागी माथिल्लो भागमा प्वाल पारेर कपडाको 'टेन्ट' बनाउँथे।भिक्खुले त्यसमा आफ्नो शरीर न्यानो पारेमा पाचित्तिय हुँदैन, वा अर्कोसँग त्यहाँ नग्न सेवा गर्दा पनि हुन्छ, किनकि जन्ताघरमा यी चीजहरूको अनुमति छ।

पुरातन समयमा लगाउनको लागी धेरै अतिरिक्त लुगा नहुँदा भिक्खुहरू नाङ्गै नुहाउने चलन थियो। जब भिक्खुहरू नुहाउने ठाउँमा जान्थे उनीहरूले एकान्त ठाउँ रोज्थे,वा सुनसान हुने समय पर्खन्थे। उत्तरासंग (माथिको चीवर) फुकालेर फिजाउँथे,कायबन्धन (कमरपेटी) खोलेर त्यसमाथि राख्थे र अनि भिक्खुहरू पानीको छेउमा गएर तल टुक्रुक्क बसेर अन्तरवासक हटाउँथे। यदि चीवरहरू फिजाउने ठाउँ छैन

Dhamma.Digital

भने,तिनीहरूलाई अन्तरवासकमा जम्मा गरेर राम्ररी पोको पारी कुनै सुरक्षित ठाउँमा राख्थे। त्यसपछि भिक्खु आफ्नो नाभिको तहसम्म ध्यानपूर्वक पानीमा जान्थे र अनुहार भने किनारमा रहेका आफ्ना लुगाहरू हेरचाह गर्नको लागी किनारतिर फर्काउन्थे।उनीहरूले होसियारीपूर्वक डुब्की लगाउँथे, फेरि तन्किन्थे, यस्तो गरेर आफूलाई राम्ररी धुन्थे। त्यसपछि पानीबाट बाहिर निस्केर तल टुक्रुक्क बस्थे र अन्तरवासक लगाउँथे, त्यसपछि उठ्ने गर्थे। यो अन्तरवासक ठीकसँग मिलाइसकिएपछि कायबन्धनले कम्मरमा बेर्थे, र उत्तरासंग पनि लगाउँथे। यसरी नुहाईधुवाइ सकेर उनीहरू जान्थे।

पछि,विहारमा नुहाउने स्थान निर्धारित गर्ने अनुमति दिइएपछि नुहाउने ठाउँमा काठ वा ढुङ्गाको पर्खाल लगाउने,काठको बाडलगाउने,चिप्लन नदिन भुइँमा इट्टा,ढुङ्गा वा काठ ओछ्याउने, प्रयोग गरिएको पानीको निकासको लागी नली राख्ने पनि अनुमति दिइयो।

यस सम्बन्धमा नुहाउने भिक्खुहरूलाई केही रोकतोक गरिएका नियमहरू छन्, आफ्नो शरीरलाई काठको हात,मंकर आकारको कन्याउने हात (ड्र्यागन-टूथ स्क्र्याचर) वा डोरीको खस्रो झुट्टा जस्ता अनुपयुक्त वस्तुहरू प्रयोग गर्नु र रुखहरू,खम्बाहरू,पर्खालहरू, घरहरू र काठका फल्याकहरू जस्ता अनुपयुक्त वस्तुहरूमा रगडेर नुहाउन निषेध गरिएको छ। मैला फाल्नको लागी एक अर्काको पीठ रगड्नु पनि निषेध गरिएको छ। कपडाको टुक्रा र हत्केलाहरू प्रयोग गर्न सकिन्छ।

Dhamma.Digital

***भिक्खुले गृहस्थीको जस्तो लुगा लगाउन हुँदैन।**

यसले भिक्खुको शैलीमा नमिल्ने गृहस्थीहरूका पाइन्ट,कमीज र टोपी जस्ता सामान्य लुगा लगाउन निषेध गर्दछ। यद्यपि विभंग,(छैठौं सिक्खापद, चीवरवग्ग,निस्सग्गिय-पाचित्तिय अध्याय)मायो व्याख्या गरिएको छ कि यदि चोर वा डाकुद्वारा सबै चीवरहरू खोसिएका छन् भने,भिक्खुले आफूलाई कुनै पनि प्रकारको चीजले छोप्नसक्छ,चाहे ती उत्तरासंग तथा अन्तरवासकको लागी प्रयोग नगरिने वस्तु नै किन नहोस्, वा रुखका पातहरूले ढाक्न सक्छ।किनकिभिक्खुलाई नाङ्गो हिँड्न निषेध गरिएको छ। यदि भिक्खु नग्न (गाउँ, वस्तीमा) जान्छ भनेउसलाई दुक्कट हुन्छ।

***शौच गरिसकेपछि यदि त्यहाँ पानी उपलब्ध छ भने,यो प्रयोग गरी (चाक) पखाल्नु पर्छ। पानी नहुँदा,वा पानी भए पनि पानी उगाउने भाँडो नहुँदा दाउरा वा अन्य चीजले भएपनि पुछ्नुपर्छ।**
***साँघुरो ठाउँमा वा साँघुरो ठाउँको दुई इन्च भित्र वरपर सत्थकम्म (शल्यक्रिया) गर्न दिनहुँदैन। एकले अर्कोलाईवत्थिकम्म गर्न दिनहुँदैन,भिक्खुले यी कामहरू गर्न दिएमा उसलाई थुल्लच्चयहुन्छ।**

'साँघुरो ठाउँ' को अर्थ गुदा (मलद्वार) हो। साँघुरो ठाउँमा *सत्थकम्म* गर्न निषेध गर्नु भनेको गुदद्वार वा मलद्वारको दुई इन्च वरपरको घेराभित्र धारिलो औजारले

Dhamma.Digital

शल्यक्रिया गर्न निषेध गर्नु हो।अट्ठकथा-आचार्यले साँघुरो ठाउँमा सत्थकम्म गर्न दिनुको अर्थ अल्काइ रोग (पाइल्स) को टुप्पो काट्ने (मस्काउने?) कामलाई अनुमति दिनु हो भनी व्याख्या गरेका छन्।*वत्थिकम्म* निषेध गर्नु भनेको गुदामा मलहमपट्टी गर्न (?) निषेध गर्नु हो।अट्ठकथा-आचार्यले अल्काईको टुप्पोलाई बाँध्न दिएर सुकाउन र (खटिराहरूलाइ?) आफूसमा छुट्ट्याउनको लागी अरूलाई गुदद्वारमा वत्थिकम्म गर्नदिनु हो भनी व्याख्या गरेका छन्। यी दुवै कार्य वर्जित छन्,तर अल्काई भएको ठाउँको टुप्पोमा क्षारीयजल हाल्नु र त्यसको टुप्पोलाई धागोले बाँधेर (यसलाई भित्र डुब्नबाट रोक्नको लागी)राख्ने काम गर्न सकिन्छ। यदि अल्काईको माथिल्लो भाग अलग्गिएर निस्कियो भनेयो राम्रो छ। त्यसमा धुवाँ पारेर उपचार गर्नको लागीऔषधी प्रयोग गर्नु पर्छ वा त्यसमा औषधीलगाउनु पर्छ,वा औषधी वा चिकित्सा उपकरणहरू पनि मलद्वारमा हाल्नु पर्छ,वा क्षारीयजल वा तेल लगाउनको लागी मलद्वारमा पाइप हाल्नु पर्छ।

तरल पदार्थ निकाल्नकोलागी सुन्निएको अण्डकोष छेड्नु वा पिसाब थैलीको ढुङ्गा (पत्थरी) हटाउने काम गर्नु दुवै निषेधित छन्। अन्य ठाउँमा *'वत्थि'* शब्द मूत्रनलीको नाम हो,त्यसैले म बुझ्छु कि वत्थिकम्म निषेध गर्नु भनेको मूत्रनलीमा यन्त्रहरू घुसाउन निषेध गर्नु हो। यसो गर्ने तरिका "डाक्टरहरूलाई धेरै पहिलेदेखि थाहा छ,तर त्यतिबेला राम्रा उपकरणहरू थिएनन्। भनिन्छ कि एक नली हाल्यो, प्याजको

पात जस्ता घाँसका पातलाई पिसाब नलीमा हाल्छन्, काठको नली वा नलीजस्तो घाँस गुददवारमा प्रवेश गराउने तरिकाले नै हो। भगवान बुद्धको पालामा पनि त्यस्ता बैद्यहरू थिए जोसँग घाउमा शल्यक्रिया गर्ने ज्ञान थियो तर सायद त्यति विशेषज्ञ थिएनन्। यस्ता ठाउँमा शल्यक्रिया गर्दा बिरामी निको हुनुभन्दा खतरामा पर्न सक्छ त्यसैले यो कुरा निषेध गरिएको हो। यसमा कडा आपत्ति पनि लगाइएको छ। तथापि,आजकल यस प्रकारका शल्यक्रियाहरूका विशेषज्ञ डाक्टरहरू धेरै छन् र यी निषेधहरू अब खतराबाट सुरक्षाको लागी बाधा बनेका छन्। वर्तमानमा यी निषेधहरू पालन गर्नु पनि अतिवादी हुनु हो।

दाँत सफा गर्न काठका दतिवन प्रयोग गर्ने भिक्खुहरूको चलन छ किनकिपहिलेको युगमा दाँत माझ्ने बुरुशको प्रयोग गरिंदैनथ्यो। सियाम देशमा मानिसहरूले सनोह (सेस्बानिया एसपीपी) बबूल? को हाँगाको टुकडा,वा *लांफू* (सोनेरेटिया एसपीपी) रुखको जरा जस्ता नरम काठका टुक्रालाई त्यान्द्रो हुनेगरी चपाएर प्रयोग गर्थे। दतिवनलाई मोडिएको पानको पातजति (करिब चार इन्च) लामो बनाउनुपर्छ र सुपारी जस्तै चपाउनुपर्छ। यसलाई कसद?हुनेगरी चपाएर सुपारी जस्तै थुक्नु पर्छ। यी प्रजातिका काठ दाँत सफा गर्न धेरै राम्रो छ। पालिमा दतिवनको प्रयोगका फाइदाहरू यसरी व्याख्या गरिएका छन्: दाँत फोहोर हुँदैन,मुखबाट दुर्गन्ध आउँदैन,(जिब्रोका) स्नायुहरूले खानाको स्वाद राम्ररी प्राप्त गर्छ,कफले खाना ढाक्दैन,र खाना खाँदा यो स्वादिष्ट हुन्छ। दतिवन धेरै लामो वा

https://dhamma.digital

धेरै छोटो बनाउनु हुँदैन,यसको आकारको सीमा चार देखि आठ इन्च लामो हुन्छ। दतिवन मुख्य समयमा बाहेक सुपारी र किण्वित चिया पात जस्तो बारम्बार चपाउन र शौचालय जस्ता ठाउँहरूमा चपाउन निषेध गरिएको छ।

खाने पानी पहिले छान्नुपर्छ। तसर्थ,पानी-छान्ने उपकरणको अनुमति दिइएको छ, यो कामसाना प्राणीहरू र कीराहरूको सुरक्षाको लागी मात्र होइन,बरू पानी सफा गर्नको लागी पनि (उपयुक्त छ)।

*****

Dhamma.Digital

# अध्याय१२

## परिष्कार (उपभोग्य वस्तुहरू) प्रयोग गर्ने तरिका

## चीवर

भिक्खुका परिष्कारहरू (परिक्खार) भनेका ती आवश्यक बस्तुहरू हुन् जुन कि उसको दीक्षाकालदेखि नै उसँग हुनु जरूरी छ। तीमध्येको एक हो, जुनलाई *चीवर* भनिन्छ, जो *उपसम्पदा* पाउन चाहन्छ, उसँग त्रिचीवर (तीन वटा चीवर) पूरा हुनुपर्छ।

शुरूमा चीवरहरू जम्मा दुइवटा मात्र हुन्थे होलान्,अन्तरवासक र उत्तरासंग । यो विषय सुत्तहरूका शब्दावलीहरूमा निम्नलिखित रूपले उल्लेख भएको छः 'विहान भगवान बुद्ध (पहिले नै अन्तरवासक लगाई),आफ्नो पात्र तथा चीवर (हातमा) लिइ भिक्षाचरणको लागी सावत्थी शहरमा जानुभयो।' यो चलनसँग परिचित नभएको ब्यक्तिले सोच्लान् कि के त उत्तरासंग (पछ्यौरा) नलगाइकन हिंड्ने हो त? हो, यो यस्तै हो, यस्तो चलन चौबिसशय वर्ष अगाडिको कुरा गर्नु पर्दैन, सियाम देशमा ६२ वर्ष अगाडिसम्म पनि (बुद्धसम्बत २४५६ सालभन्दा पहिले) चाहे उच्चघरानाका होस्, चाहे तल्लो घरानाका,उनीहरू कतै जाँदा चाहे त्यो राजाको दर्शन भेट गर्नको लागी जाँदा नै किन नहोस्,उनीहरूले अन्तरवासक (लुँगी) मात्र लगाएका हुन्थे, शरीरको माथिल्लो भाग नांगै राखेर उत्तरासंग

Dhamma.Digital

कम्मरमा बेरेर राख्थे। त्यसबेलामा यस चलनलाई कसैद्वारा पनि अशोभनीय, लज्जाजनक वा अभद्र मानिंदैनथ्यो।

बुद्धकालको शुरूवाती समयमा भिक्खुहरू राम्रोसँग अन्तरवासक मात्र लगाएर पात्र र उत्तरासंग हातमा लिएर भिक्षाटनको लागी गाउँमा जान्थे।उनीहरूका शरीरको माथिल्लो भाग खुल्लै हुन्थे। गाउँको नजिक पुगेपछि उनीहरू रोकिन्थे, रउत्तरासंग ओढ्दथे, अनि हातमा भिक्षापात्र बोकेर गाउँबस्तिमा पस्थे। यो परम्पराको उल्लेख पालि तथा अट्ठकथामा छ।उनीहरू फर्केर आएपछि कसो गर्थे भनी उल्लेख गरिएको छैन,उनीहरू कतै (उपयुक्त ठाउँमा) भोजन गर्न गएको र त्यसपछि (विहारमा) फर्केको मात्र उल्लेख छ। हुनसक्छ कि उनीहरूले (गाउँबाट निस्केपछि) उत्तरासंग फुकाल्थे, अनि जस्तो गरी जाँदा लिएर गएकाथिए, त्यस्तै नै गरी लिएर आउने पनि गर्थे होलान्। यस्तो भनिएको छ कि मानिसहरूले धेरै लुगाहरू चलाउने गर्दा भगवान बुद्धले श्रमणहरूको कर्तव्य अनुसार अन्तरवासक र उत्तरासंग दुबै लगाउनुहुन्थ्यो।

विनयमा अर्को एउटा पनि विषय छ, जसले भन्छ कि विनयकर्म गर्ने बेलामा, जुन कि गौरवपूर्वकगर्नु पर्छ,भिक्खुहरूलाई बायाँ काँध छोपेर (एकांश गरेर) उत्तरासंग ओढ्ने अनुमति दिनुभयो, जब कि संघाटिको कुनै उल्लेख गरिएको छैन। समयान्तरमा भगवान बुद्धले थप संघाटि एउटा पनि जाडो मौसममा प्रयोग गर्नको लागी स्वीकृति दिनुभयो।यस्तो भनिएको छ कि भगवान बुद्ध आफैले जाडो

Dhamma.Digital

ऋतुमा नै एउटा मात्र चीवर लगाइ खुल्ला ठाउँमा बस्नुभयो, त्यो रातको प्रथम यामसम्मको लागी पर्याप्त भयो। उहाँले तीनतह चीवरहरू खप्ट्याएर लगाउँदा पूरा रात काट्नको लागी पर्याप्त पाउनुभयो। त्यसो हुनाले भगवान बुद्धले थप दुइतहको संघाटि एउटाको पनि अनुमति दिनुभयो। एकसरो उत्तरासंग र दोबरी *संघाटि* समेत गरेर जम्मा तीन तह हुन्छन्। चीवरहरूको संख्या त्यसबेलादेखि नै वर्तमानसम्म स्थीररूपले यतिनै रहि आएको छ, जुनलाई *तिचीवरं* भनिन्छ, यसको शाब्दिक अर्थ हो तीनवटा चीवरहरू।

संघाटि भनेको हेमन्त (जाडो) ऋतुमा ओढ्नकोलागी हो, वा बाहिर ओढ्नकोलागी हो,*उत्तरासंग* भनेको जिउको माथिल्लो भागमा ओढ्नकोलागी हो; र*अन्तरवासक* भनेको शरीरको तल्लो भागमा बेरेर लगाउने हो। संघाटिको स्वीकृति दिइएको भए पनि यो कसरी चलाउने भन्ने स्पष्ट उल्लेख भएको पाइँदैन। सुत्तहरूमा उल्लेख आएका छन् कि भगवान बुद्धका श्रावक (शिष्य) हरूले बुद्ध भगवानलाई बस्न र सुत्नको लागी उपयोग गर्न संघाटिवछ्याए। विनयमा यस्तो व्याख्या गरिएको छ कि गाउँबस्तिमा प्रवेश गर्दा यो अरू चीवरहरू छोपिनेगरी प्रयोग गर्छन्। तर विहारभित्र हुने संघको भेलामा यो कसरी प्रयोग गर्ने भनेर उल्लेख गरिएको पाइँदैन। यसलाई काँधमा लर्काउनुपर्छ भन्ने उल्लेख छैन, मात्र सियाम देशका भिक्खुहरूले यस ढंगले लगाउँछन्। बर्मेली र सिंहली

Dhamma.Digital

भिक्खुहरूले भने गाउँबस्तिमा प्रवेश गर्दा यो अरू चीवरहरूमाथि छोपेर लगाउँछन्।उनीहरूले यसलाई विहारभित्र प्रयोग गर्दैनन्।

यी तीनवटा चीवरहरूको माप यसप्रकार जान्नुपर्दछः उत्तरासंगको नाप सुगतचीवर अनुसार वर्णन गरिएको छ। पाटिमोक्खमा यो नाप सुगतको माप अनुसार लम्बाइ नौ बित्ता,चौडाइ छ बित्ता भनी उल्लेख गरिएको छ। यो कुराको निश्कर्ष तर्कद्वारा तथा भारतका प्राचीन बुद्धमूर्तिहरू हेरेर निकाल्न सकिन्छ कि त्यसबेलामा छोटा र सांघुरा चीवरहरू प्रयोग गरिन्थे र यो वर्तमानमा जस्तो घुमाएर मुट्ठा बनाइ (रोल बनाएर) लगाउने चलन थिएन। यो लगाउने अर्को तरिका तल उल्लेख गरिनेछ।जब यो मानियो कि बुद्ध भगवान श्रावकहरूभन्दा निक्कै अग्लोहुनुहुन्थ्यो,भिक्खुहरूले आफ्ना चीवरको माप पहिलेको त्यो सुगतको चीवरको नाप अनुसार सिमाना राखेर बनाइएको सानो नापको चीवरभन्दा ठूलो बनाउन सकियो। जब चीवरहरू अहिलेको जस्ता ठूला भए, यो गोल बेरेर मुट्ठा पारी लगाउन थालियो। हाम्रो देशमा प्रयोग गरिने चीवरको नाप लम्बाइमा ६ हात र चौडाइमा चार हातभन्दा नाघ्दैन। तर यो नाप ठूलो छ र यसलाई मानिसको कद अनुसार घटाउनु पर्छ यद्यपि त्यसको निश्चित सीमा छैन। मध्यम कदको भिक्खुको लागी यो नापमा एकबित्ता र चौडाइमाआठ इन्च घटाउनु उपयुक्त हुन्छ। शुरूवातीका भन्दा ठूला र फराकिला चीवरहरू लगाउनुको कारण स्पष्ट छैन। विचार गर्न सकिन्छ कि शायद छोटो र सांघुरो ओढ्नेचीवर

सजिलै खस्छ।महाअट्ठकथालेखिएको समयमा चीवरको सम्बन्धमा यस्तो भनिएको छ किभिक्खुले पर्याप्त ठूलो चीवर लगाउनु पर्छ र यसलाई गोलो घुमाएर मुठा बनाएर यसको एक छेउ काँधमा बिसाउनु पर्छ।संघाटिको नाप पनि उत्तरासंगको जति नै बनाउनु पर्छ।

अन्तरवासकको नाप उत्तरासंगको जस्तो स्पष्टरूपले बताइएको छैन। तर पनि यसप्रकार जान्नुपर्दछ, यसको लम्बाइ र चौडाइ यति हुनु पर्दछ कि यसले नाइटोदेखि घुँडाको मुनिसम्म राम्ररी छोपियोस्। यसको लम्बाइ यति धेरै पनि हुनुहुँदैन जस्ले कि बारम्बार बेर्नुपरोस्। माथि उल्लेख गरिएका प्राचीन बुद्धमूर्तिहरूमा अन्तरवासक गोलो घुमाएर लगाइएको पाइँदैनजस्तो कि अहिले कसैकसैले गर्छन्। यो स्पष्ट गर्न सकिन्छ कि जब शरीरको तल्लो भाग छोप्नको लागी छोटा कपडाहरू मात्र प्रयोग गरिन्थे र यसका किनारासम्म पारेरसमातेर घुमाई जम्मा गरेर शरीरतिर मुठा बनाइन्छ, यस्तो अवस्थामा यो घाराघुरू भएको देखिन्छ। विभंगमा यति मात्र बताइएको छ किः "भिक्खुले नाइटोनिरको घेरा र घुँडानिरको घेरा राम्ररी छोपेर, चारैतिर बराबर हुनेगरी अन्तरवासक लगाउनुपर्छ।" यदि अन्तरवासक साँच्चै नै छोटो र सांघुरो छ भने यसको नाप वर्षातको कपडासँग तुलना गर्न सकिन्छ, जसको सुगत माप अनुसार छ बित्ता लामो र अढाइबित्ता चौडा छ। जब उत्तरासंगको नाप ठूलो पारियो, अन्तरवासकको पनि ठूलो पारिएको हुनुपर्छ, र यसमा उत्तरासंगको भन्दा पहिले

अन्तरवासकको नाप बढाइनु उचित छ। हाम्रो देशमा प्रयोग गरिने अन्तरवासको नाप लम्बाई छहात र चौडाई दुईहात हो। म जस्तो मध्यम कदको भिक्खुको लागी यो त साह्रै ठूलो छ। उपरोक्त नापको मोटो कपडा जुन कि निक्कै भुवादारपनि हुन्छ, यसको नाप घटाएर लम्बाई पाँचहातको बनाउनुपर्छ, अथवा अझ यसमा आठ इन्च घटाउन सकिन्छ,चौडाई एकहात, एकबित्ता र चार इन्चमात्र राख्ने,यो नै पर्याप्त हुनेछ। अग्लो मानिसको लागीचौडाइ बढाउनु पर्छ (ताकि उसको अन्तरवासपर्याप्त फराकिलोहोस्) र मोटो मानिसको लागी उसको अन्तरवासमा लम्बाई (उसको जिउलाई बेर्न पुग्नेगरी)बढाउनुपर्छ।

उत्तरासंग तथा अन्तरवासक बनाउनको लागी छ प्रकारका कपडाहरूको स्वीकृति छ।*खोम* कपडा बनस्पतिका रेसाहरूबाट बनेको हो;*कप्पासिक* कपडा कपासबाट बनेका हो;*कोसेय्य* कपडारेशमका धागाबाट बनेको हो;*कम्बल* पशुका रौंबाट बनेको हो यसमा मनुष्यको केश र रौं बाहेक हो;*साण* कपडा सनपाटको धागोले बनेको हो;*भंग* कपडा यी वस्तुहरूमध्ये केहिको मिश्रणबाट बनेको हो।सुति कपडा *खोम*को उदाहरण हो, जब कि *कप्पासिक* कपडाको उदाहरण सजिलै देख्न पाइन्छ, र *कोसेय्य* कपडा देख्न सकिन्छ, उदाहरणको लागी साटिन छ।*कम्बल* कपडा शुद्ध ऊनका धागोले बनेको हो र स्कारलेट (एक किसिमको रातो ऊनका धागोको कपडाको पुरानो नाम) जस्तो कपडा हो।*साण* भनिने कपडा पुराना जमानामा देखिन्थे,

Dhamma.Digital

ती कपडाहरू छुँदा खस्रो अनुभव हुन्थ्यो तर हिजोआज पाइँदैनन्। *भंग* कपडा रेशम मिश्रित कपासको हो।

यी ६ प्रकारका बाहेक अन्यप्रकारका कपडाहरू वर्जित छन् र भिक्खुहरूद्वारा प्रयोग गर्न हुन्न। जैन[2] साधुहरूद्वारा शरीर छोप्नकोलागी जुन वस्तुहरू प्रयोग गरिन्थे, पालिमा उल्लेख भएको अनुसार यसप्रकार छन्- कुस घाँसको बुनिएको, बल्कल वा रुखका बोक्राका रेसाहरूबाट बुनिएको, फलका रेसाहरूबाट बुनिएको (जस्तो कि नरिवलको जटा), मनुष्यको केशबाट बुनिएको, पशुका पुच्छरको रौंबाट बुनिएको, लाटोकोसेरोको प्वाँखबाट बुनिएको, बाघको छालाको, र जूटको कपडा। जो भिक्खुले यीमध्ये कुनै कपडाका बनेका चीवर लगाउँछ, उसलाई *थुल्लच्चय*आपत्ति हुन्छ, तर अन्यत्र जूटको कपडा निषेध गरिएको स्थानमा यो दुक्कट आपत्तिको अधार हो। यसले हामीलाई अनुमान गराउँछ कि यदि भिक्खुले यी कपडाहरू स्थायीरूपले प्रयोग गरेमा *थुल्लच्चय*हुन्छ। यदि उसले पटकेरूपमा लगाएमा उसलाई *दुक्कट* हुन्छ। यो मामला नांगो हुनुमा जस्तो हो, जसमा *थुल्लच्चय* वा *दुक्कट* हुन्छ जुन कि अध्याय ११ मा शरीरको व्यवस्थापन गर्नु सम्बन्धी वर्णन गर्दा उल्लेख गरिएको छ।

तीनवटा चीवरहरू (त्रिचीवर) बनाउँदा काट्नुपर्ने नियम लागू गरिएको छ। यदि पर्याप्त कपडाहरू छन् भने भिक्खुहरूले तीनवटा चीवरहरूको जोर कपडा काटेर नै बनाउनु पर्छ। यदि

[2]शायद यस अन्तर्गत तत्कालीन सबै साधुहरू हुन् । -नेपाली अनुवादक

कपडा पुग्दैन भने एउटा चीवर अथवा बढीसेबढी दुइवटा चीवरहरू नकाटीकन बनाउने स्वीकृति दिइएको छ, यो कुरा कपडाको उपलब्धतामा भर भर्दछ। यदि माथि उल्लिखित ढंगले चीवर बनाउनको लागी कपडा पुग्दैन भने भिक्खुले साना कपडाहरू जोडेर सिउनुपर्छ।

चीवर मगधको धानको खेतको आकारमा काट्नुपर्छ। त्यसको अर्थ यो हो कि यसमा जोड्नीका धर्काहरूद्वारा छुट्याइएका भागहरू हुनुपर्छ। ठूला भागहरूलाई *मण्डल* भनिन्छ र साना भागहरूलाई *अड्ढमण्डल* भनिन्छ। तिनमा खेत छुट्याउने आलीहरू हुने जस्तो गरी छुट्याउने धर्काहरू हुन्छन्, यिनलाई *अड्ढकुसि*भनिन्छ।*मण्डल,अड्ढमण्डल* र *अड्ढकुसि*हरूको एक समूहलाई *खण्ड* भनिन्छ। खेतहरूमा लामालामा आलीहरू हुने जस्तो गरी हरेक *खण्ड*को बीचमा छुट्याउने धर्काहरू हुन्छन्, तिनलाई *कुसी*भनिन्छ। एउटा चीवरमा कमसेकम पाँचवटा खण्डहरू हुनुपर्छ, तर योभन्दा बढी प्रयोग गर्न मिल्छ, लगाइने यी संख्या बेजोड अंकमा हुन्छन्,अर्थात् सात,नौ, वा एघार।भिक्खुले ठूला कपडाहरू नपाएको अवस्थामा खण्डहरू धेरैवटा बनाउन सकिन्छ। चीवरका चारैतिरको किनारलाई *अनुवात* अर्थात् किनार भनिन्छ। यी खण्डहरूमा अझ अरू विशेष नामहरू छन्: बिचको खण्डलाई *विवट्ट* भनिन्छ, यसका दुइछेउमा भएका खण्डहरूलाई *अनुविवट्ट* भनिन्छन्। फेरि जब यो चीवर पाँच खण्डको हुन्छ, त्यो बिचको खण्डलाई *गीवेय्यक* भनिन्छ,किनकिभिक्खुले चीवर

लगाउने बेलामा यस खण्डको अड्ढमण्डल गर्दनमा पर्दछ। यो भागको दुइतिरको सांधमा रहेका खण्डहरूलाई *जंघेय्यक* भनिन्छन्,किनकिभिक्खुले चीवर पहिरने बेलामा यी दुइवटा खण्डका अड्ढमण्डलहरू पिंडौलामा पर्छन्। त्यसपछिका बाहिरी खण्डहरूलाई *बाहन्त*भनिन्छकिनकि चीवर पहिरने बेलामा तिनका अड्ढमण्डलहरू काँधमा पर्दछन्। तर अट्ठकथा आचार्यले भनेका छन् कि गीवेय्यक भनेको त्यो सानो कपडा हो, जुन कि गर्दन छोपिने स्थानमा चीवरमा टाँसेर सिइएको हुन्छ।जंघेय्यकपनि एकटुकडा कपडा हो, जुन कि चीवरले पिडौंला छोपिने स्थानमा टाँसेर सिइएको हुन्छ। अट्ठकथा आचार्यले जंघेय्यक र गीवेय्यकलाई क्रमशः माथि र तलका अनुवातका कपडाहरू भनी बुझेका होलान्, त्यसैले त्यहाँ थप सिलाई गरिएका कपडाहरूलाई मान्न पुगे। यदि यो कुरालाई यस्तै मान्ने हो भने दुबैतिरका बाहन्तलाई अनुवात भन्नुपर्ला। चाहे जुनसुकै तरिका सहि भए पनि म यो विषय विनय विशेषज्ञहरूद्वारा विचार विमर्शको लागी छोड्न चाहन्छु। वर्तमानमा प्रयोग गरिने चीवरको आकार यस्तो छ(आगामी पृष्ठहरूमा रहेका चित्रहरू पनि हेर्नुहोला।)

शुरूवातीका समयमा चीवर सिउने सम्बन्धमा निर्देशन यस्तो रहेको जस्तो छ कि भिक्खुले टुक्राटुक्रागरी चीवर सिउनु पर्छ, एउटै कपडाको चीवरको चलन रहेन,किनकि लामो निस्केको किनारा नकाटिएको, काटेर नसिलाइएको, फूल बुट्टा आदि भएको, वा पाटा जस्तो मोटो भएको कपडाको चीवर

लगाउनमा निषेध गरिएका नियमहरू रहेका छन्। पछिका समयमा भगवान बुद्धले भिक्खुहरूलाई आदेश दिनु भयो कि चीवर मगधका किसानहरूको खेतको आकारमा काटेर सिउनुपर्छ। यसले गर्दा त्यसका नामहरूको आधारमा नै यो अनुमान लगाउन सकिन्छ कि गीवेय्यक र बाहन्तहरूले उत्तरासंग र अन्तरवासकको  मात्र अस्तित्वको संकेत गर्दछ, जुन कि यस ढंगले सिइएका हुन्छन्।संघाटि भने कपडाका टुक्राहरूजोडेर सिइएका हुन्छन् जस्तो कि आजभोली प्रयोग गरिन्छन्। उत्तरासंग र अन्तरवासक बाहेक अरू कपडाहरूको उल्लेख गरिएका छैनन्, जस्तो कि नुहाउने कपडा, *पावार* (कोट, पछ्यौरा?), र *कोजव*

**पाँच खण्डे चीवरको भित्री रेखाचित्र**

Dhamma.Digital

**माथिको रेखाचित्रको अर्थ**

१. अड्ढमण्डल गीवेय्यक, २. मण्डल विवत्त,
३. अड्ढमण्डल जंघेय्यक ४. मण्डल अनुविवट्ट,
५. अड्ढमण्डल बाहन्त ६. मण्डल अनुविवट्ट,
७. अड्ढकुसि, ८. कुसि,
९. अनुवात, १०. फेरो, पुतु,
११. टाँख, ट्याग।

(लामा रौंहरू भएको रग वा कम्बलहरू) भुवादार नभएको कपडालाई पनि चीवर कै ढंगले काट्नुपर्छ।

चीवरलाई छवटा वस्तुहरूद्वारा रंगाउने स्वीकृति छः जराहरू तथा कन्दमूलहरू, बिरूवाहरू,रुखका बोक्राहरू, पातहरू, फूलहरू, र फलहरू। यी बस्तुहरू पानीमा हाल्नुपर्छ र धेरै बेरसम्म उमाल्नुपर्छ। पालि ग्रंथले यी ६ वटा रंगाउने रंगहरूको नाम उल्लेख गरेको छैन, त्यस्तै रंगाउनको लागी चीवरको रंग पनि उल्लेख गरेको छैन। यसले मात्र *कासाय* अथवा *कासाव* भन्छ, जसको अनुवाद साँवलो, धुस्रो, खैरो, क्षारीय पानीले रंगाएको हुन्छ। नीलो, पहेँलो, रातो, गाढा रातो,स्कारलेट, गुलाफी र कालो रंग निषेधित छ, त्यसो हुनाले चीवर यति बाहेकका रंगको हुनु पर्दछ। प्रचलित रंग हो, केहि रातो मिसिएको पहेँलो, अथवा पहेँलो गेरूरंग जुन कि heart-wood,रुखकटहर रुखको काठबाट पाइने हो र जुनलाई धुस्रो खैरो रंग भनिन्छ।

Dhamma.Digital

बुद्ध भगवानले झिलिमिलि अथवा चकाचौंधगर्ने रंगका चीवरहरू प्रयोग गर्ने अनुमति दिनुभएन, त्यसो हुनाले चीवरहरूमा पशुहरूको र फूलबुट्टाहरूकोआकृति बनाउन निषेधित छन्। कुनै आकर्षक नभएको सानो फूलबुत्ता जस्तो कि कागजी फूलहरू अथवा रेशमका कपडामा पाइने रेखाको आकृति स्वीकृत छ।

उत्तरासंग तथा संघाटिमा बाँध्ने फेरो तथा गाँठो बनाउनु स्वीकार्य छ।तर यो भनिएको कतै छैन कि यी फेरो तथा गाँठो हावाद्वारा उडाउनाले चीवर खुल्नबाट बच्न बाँध्नको लागी कहाँनिर राख्ने स्वीकृति दिइएको हो। हामीलाई थाहा छ कि फेरो तथा गाँठो टाँकहरू तल्लो किनारामा हुनुपर्छ तथा यो त साह्रै जरूरी थियो जब चीवरहरू साना तथा साँघुरा लगाइन्थे। हिजो आज यो तल्लो किनाराहरूमातथा मध्य खण्डको अनुवातको माथिल्लो किनारामा फेरो दायाँतिर र गाँठो बायाँतिर हुन्छन्, जस्तो कि रेखाचित्रमा देख्नसक्छौं।टाँकहरूयदि सुन्दर र आकर्षक वस्तुका बनेको भएमा प्रयोग गर्ने स्वीकृति छैन। पालिमा भनिएको छ कि निम्नलिखित वस्तुहरूमध्ये कुनै पनि टाँकहरू बनाउनको लागी प्रयोग गर्न सकिन्छ- हाड, हस्तिदन्त, सिंग, बाँस,dwarf bamboo,कडा काठ,लाहा, बार्निश,heartwood,नरिवलको बोक्रा, धातु, शंख वा गाँठो पारिएका धागाहरू।

अन्तरवासक बाँध्नको लागी दुइकिसिमका कायबन्धनहरूको अनुमति छ। एउटा पातलो कायबन्धन

(कपडाको बनेको, जस्तो कि जुनलाई सीलोन (श्रीलंकाको कायबन्धन भनिन्छ),अर्को हो सुँगुरको आन्द्रा जस्तो कायबन्धन, गोलो पारेर सिलाई गरिएको। सुन्दर हुनेगरी बुनिएका कायबन्धनहरू निषेधित छन्। हाम्रो देशमा हामीहरू कपडाको अथवा रेशमको पेटी कायबन्धन प्रयोग गर्छौं, जुन कि सुँगुरको आन्द्रा कायबन्धन जस्तो हुन्छ। गाँठो पार्नको लागी राखिने डोरीका सुन्दर टुप्पाहरू भएको कायबन्धन प्रयोग गर्न निषेधित छ। यी पनि चीवरको लागीटाँक बनाइने बस्तुहरूद्वारा बनाउन सकिन्छ।

चीवर पहिरने तरिकाका बारेमा पालिमा स्पष्ट वर्णन गरिएको छैन। सेखियमा त यति मात्र भनिएको छ कि भिक्खुले अन्तरवासक तथा उत्तरासंग राम्ररी लगाउन सिक्नुपर्छ, अथवा चारैतिर बराबर हुनेगरी लगाउनु पर्दछ। विभंगमा यस सम्बन्धी विषयको सिक्खापदमा यति मात्र भनिएको छ कि अन्तरवासक नाभि र घुँडा दुबै छोपिनेगरी राम्ररी लगाउनुपर्छ,भिक्खुले चीवरका किनाराहरूलाई बराबर पार्नु पर्छ, तथा उत्तरासंग राम्ररी लगाउनुपर्छ। अभिवादन चढाउने बेलामा अथवा *विनयकम्म* गरिने बेलामा भिक्खुले उत्तरासंग एकांश गर्नु पर्छ।गाउँबस्तिमा प्रवेश गर्ने बेलामा यति मात्र भनिएको छ कि भिक्खुले संघाटि पहिरनु पर्छ, ताकि धैरै तह कपडाहरू हुन्छन् र (गाँठो र फेर) हरूद्वारा सुरक्षित हुन्छ। तर भिक्खुले यसलाई होशियारिपूर्वक समात्नुपर्छ ताकि यसले शरीरलाई राम्ररी छोपियोस्। चीवर खोलेर अथवा तलबाट उचालेर शरीर देखाउनु मनाही गरिएको

छ। यी तरीकाहरूले हामीलाई यो बुझ्न मदत गर्छ कि भिक्खुले (गाउँ बस्तिमा हुँदाखेरि) दुबै काँधहरू छोप्नुपर्छ। एउटा उदाहरण हेरेर तथा प्रमाणहरू हेरेर हामी यो बुझ्छौं कि सानो चीवर प्रयोग गर्ने बेलामा भिक्खुले अन्तरवासक लगाउँदा लुगाको किनारालाई बराबर हुनेगरी समातेर जिउतिर पट्याउनुपर्छ अथवा तिनलाई जम्मा गर्नु पर्छ, र यसको छेउलाई नाभिनिर भित्रतिर घुसार्नुपर्छ, त्यसपछि कायबन्धनले बाँधिन्छ। यो कायबन्धन साँच्चै नै उपयोगी वस्तु हो र त्यसो हुनाले कायबन्धन नबाँधिकन गाउँबस्तिमा जानु निषेध छ। पछिका समयमा भिक्खुहरूले झन लामा डोरीहरू चलाए, त्यसो हुनाले यसका छेउहरू अनेकबार बेर्नुपर्यो।

भिक्खुले दुबै काँध छोप्नेगरी चीवर पहिरने बेलामा चीवरको एकछेउ छातिमा झुण्डिने गरी बायाँ काँधमा लर्काउने हो, साथमै अर्को कुना गर्दनलाई बेरेर तथा दायाँ काँध छोपेर बायाँ काँधमाथि फाल्ने हो तथा त्यो किनारालाई बायाँहातले समाती राख्ने हो। दायाँ हात चीवरको तल्लो किनाराको मुनिबाट निकालिन्छ र दुइवटा किनाराहरू बायाँतिरको फेरो र दायाँतिरको टाँकद्वारा सुरक्षित रहन्छन्। यो ढंगले चीवर पहिरने तरिका भिक्षा ग्रहणको लागी उपयुक्त छ।*पिण्डचारिकवत्त*मा बताइएको छ कि दाताले भिक्षा दान गर्ने बेलामा भिक्खुले बायाँ हातले संघाटि उचाल्नुपर्छ, र दाहिने हातले भिक्षापात्र अगाडि सार्नुपर्छ, र दुबै हातले यसलाई होशियारीपूर्वक समातेर भिक्षा ग्रहण गर्नु पर्छ। तलको फेरो बाध्नु निक्कै उपयोगी कुरो हो। पछिका

भिक्खुहरूले दायाँ हात निकाल्न चीवरको तलबाट भन्दा झन सुविस्ता बनाउन खोजे, र चीवरको छेउबाट निकाल्ने चलन गरे, पहिलेजस्तो मुनिबाट होइन।युद्धविराम (दुबै हात उठाएको) मुद्रामाभगवान उभिएर चीवरका किनाराहरूबाट दुबै हातहरू निकाली सावधान गराइरहनु भएका मूर्तिहरूमा यो (पुरानो) शैलीमा चीवर लगाइएको पाइन्छ।

जब लामा तथा ठूला चीवरहरू चलाउन थालिए,भिक्खुहरूलेचीवरलाई बेरेर मुठा बनाउनुपर्यो तथा यसलाई माथि उचाल्नुपर्यो र महानिकायका भिक्खुहरूले लगाउने जस्तो गरी किनाराहरूलाई काँधमाथि राखियो तथा चीवरको मुठालाई बायाँ हातले समातिन्छ। पछि भिक्खुहरूले चीवरको मुठालाई नच्यापीकन काँधमाथि बिसाए, त्यसो हुनाले मअनभिक्खुहरूले जस्तो गरी दाहिने हात निकाल्नको लागी चीवरको मुठा फुस्काउने र खोल्ने गरे। धम्मयुत्तिक भिक्खुहरूले पनि यसै ढंगले चीवर लगाउँदछन्। यसले साधारण किसिमले चीवर लगाउने तरिका देखाउँछ, जुन कि सुविस्ताको लागी परिवर्तन गरिएको हो। मलाई लाग्छ कि जब भिक्खुहरूले यस्तो सुविस्ता खोजे यो विचार गर्न सकिन्छ कि चीवर लगाउने असली तरिका, हातलाई तलबाट बाहिर निकालेर लगाउनु जसले चीवर माथि उठ्छ, यो त सेखिय अनुसारले बेठिक हो। तर वस्तुतः यो यस्तो होइन, तथा अर्को पनि बुँदा छ जसले स्पष्ट देखाउँछ कि यो नै असली तरिका हो। त्यो यो हो कि चीवरलाई धेरै माथि

Dhamma.Digital

उचाली छेउलाई खोल्दाखेरि कपडा उचालिन पुगिन्छ (जुनकि सेखिय सिक्खापद अनुसार बेठिक हो)।

एकांश गरेर सानो चीवर पहिरने बेलामा चीवरको एक छेउलाई दायाँ काखीमुनिबाट ल्याइन्छ र (दाहिने) दूध छोपेर बायाँ काँधमा बिसाइन्छ। चीवरको अर्को छेउ पिठ्युलाई छोपेर बायाँ काँधमाथि ल्याइन्छ, र यसले अर्को छेउलाई छोपेर बायाँतिरको दूधमाथि झुण्ड्याइन्छ। यस्तो ढंगले चीवर पहिरने कसरी हो भनी छियङसाय्न युगका बुद्धमूर्तिहरूमा देखिन्छन्।भिक्खुहरूले फराकिलो र लामो चीवर लगाएमा त्यसलाई एकछेउबाट जम्मा गर्नु पर्छ र पहिरनुभन्दा अगाडि त्यसलाई गोलो बेर्नुपर्छ, जस्तो कि महानिकायका भिक्खुहरूले गर्दछन्।भिक्खुहरूले ठूलो सुविस्ता चाहेपछि चीवर पहिरने बेलामा loofahgourd जस्तो गरी दुइछेउ जोडेर बेर्छन् र गोलो मुठा बनाउँछन् त्यो मुठालाईमअन्भिक्खुहरूले तथा अहिले धम्मयुत्तिक भिक्खुहरूले जस्तो गरी बायाँ काँधमा बिसाउँछन्।

संघाटि गाउँबस्तिमा जाने बेलामा पहिरनुपर्ने चीवर हो। उत्तरासंगको माथि बिसाउँदा यसलाई पालि पुस्तकहरूमा संघाटिहरू भनी (बहुबचनमा) एउटै शब्दले पुग्ने गरी प्रयोग गरिन्छ। उत्तरासंग र अन्तरवासक मात्र लगाएर गाउँबस्तिमा जानमा निषेध गरिएको छ, यसमा निम्नलिखित अवस्थामा बाहेक होः बिरामी भएको, पानी पर्ने छाँट भएको, नदीकिनारमा जाने बेला, विहार अथवा कुटीमा ताला लगाइएकोले सुरक्षित

Dhamma.Digital

रहेको, तथा कठिन फिजाउने (दान गर्ने) बेला। यीमध्ये हरेकमा

१ दुबै काँधहरू छोपेर सानो
चीवर लगाउने तरिका।

Dhamma.Digital

२ अगाडि बाँडिने गरी दुबै काँधहरू छोपेर सानो चीवर लगाइएको।

Dhamma.Digital

**३**ए दुबै काँध छोपेर मुठा बायाँ काखिमा च्यापेर ठूलो चीवर लगाइएको।

३बीदुबै काँधलाई छोपेर चीवरको मुठालाई बायाँ काँधमाथि राखेर ठूलो चीवर लगाइएको।

Dhamma.Digital

४ दुबै काँधहरू छोपेर अगाडि छुटिने गरी ठूलो चीवर लगाइएको।

५ बायाँ काँध छोपेर एउटा फेर झुण्ड्याएर बायाँ दूध छोपेर सानो चीवर लगाइएको।

Dhamma.Digital

६ बायाँ काँध छोपेर एक छेउ मुजा पारेर जिउको अगाडि लर्कने गरी ठूलो चीवर लगाइएको।

७ बायाँ काँध छोपेर बायाँ काँधमा एकछेउ शरीरको पछाडितिर झुण्ड्याइ सानो चीवर लगाइएको।

https://dhamma.digital

८दुबै छेउलाई गोलो बेरेर
मुठा बनाइ बायाँ काँध
छोपेर त्यसमाथि मुठा राखेर
ठूलो चीवर लगाइएको।

भिक्खुले संघाटिनपहिरिकन पनि अथवा संघाटि मात्र पहिरेर उत्तरासंगलाई छोडेर पनि बाहिर जान मिल्छ।

यस पुस्तकमा साना चीवरहरू तथा ठूला चीवरहरू पहिरने अनेक तरिकाहरू (बताइएका) छन् तथा हामी देख्छौंकि चीवर पहिरने तरिकाहरू कसरी परिवर्तन भएका छन्।

पहिले पहिले चीवर पहिरने सम्बन्धी पूरा नियमहरू बनाइएको देखिंदैन।भिक्खुले गाउँबस्तिमा जाँदा आफ्नो जिउ ढाक्ने गरी लगाए पुग्यो तथा दायाँ काँध मात्र खुल्ला राख्नु पनि पर्याप्त थियो, सुत्ने बेलामा रगले ओढने जस्तो गरी। त्यसका कुनै पक्कापक्की तरिका थिएन। पछि क्रमशः नियमहरू बनाउँदै गइयो र कालान्तरमा यो *निकाय* वा सम्प्रदायको चिन्ह जस्तो हुनगयो। म आफै भने यसमा धैरै कुनै महत्त्व देख्दिनँ। चाहे यस्तो पहिरोस्, चाहे उस्तो, जबसम्म यो चारैतिर बराबर हुनेगरी लगाइन्छ, सहि नै हुनेछ।

Dhamma.Digital

शुरूवातीका समयमा भगवान बुद्धले चाहनुभएको थियो कि भिक्खुहरूले तीनवटा चीवरहरूको एकजोर मात्र राखुन्, त्यसो हुनाले अतिरिक्त चीवरहरूको प्रयोग निषेध गरी भगवानले नियम बनाइदिनुभयो। पछि गएर उहाँले अतिरिक्त चीवरहरू १० दिनसम्म राख्नमिल्ने छुट दिनुभयो। अस्थायीरूपले नुहाउने कपडा तथा घाउखटिरा छोप्ने कपडाको स्वीकृति दिइयो र यी दुबैथरी कपडाका नापका सीमाहरू छन्, नुहाउने कपडाको नाप सुगत मापको ६ बित्ता लामो तथा अढाइबित्ता चौडा हो तथा घाउखटिरा छोप्ने कपडा सुगत मापले लम्बाइमा चारबित्ता तथा चौडाई दुइबित्ता हो।भिक्खुहरूले वर्षाऋतुभरी एक टुकडा मात्र नुहाउने कपडा राख्न मिल्छ तथा त्यसपछि यसलाई विसर्जन गर्नु पर्छ। घाउखटिरा छोप्ने कपडा शरीरमा छाला बिग्रने (फोका उठ्ने) रोग भएको खण्डमा एकटुक्रा मात्र प्रयोग गर्न मिल्छ, जस्तो कि बिफर, ठेउला, खटिरा तथा यो रोग निको भएपछि भिक्खुले यसलाई पनि विसर्जन गर्नु पर्छ।

त्रिचीवरमा प्रयोग नगरिने अरू कपडाहरू भिक्खुले ब्यक्तिगत बनाइ राख्ने स्वीकृति छ, जस्तो कि बस्ने कपडा जुनलाई *निसीदन* (आसन) भनिन्छ। यसको नापको सीमा छ, जुन कि तल दिइन्छ। एकजना भिक्खुले एउटा मात्र निसीदन राख्ने स्वीकृति छ।तन्ना, जुनलाई पच्चत्थरण भनिन्छ, कतिवटा राख्ने भन्ने सीमा छैन, तर एउटा मात्र स्वीकृत भएको हुनसक्छ। मुख पुछ्नकोलागी एउटा रूमाल, जुनलाई *मुखपुञ्छन*भनिन्छ, र परिष्कारहरूको लागी प्रयोग गरिने कपडा जस्तो कि पात्रको

झोला र (भिक्खुको) झोलाको संख्याको सीमा छैन। तल वा माथि पहिरनकोलागी प्रयोग नगरिने यी कपडाहरूको सीमा वा रंग तोकिएको छैन, यद्यपि निसीदन कपडा प्रायःगरी पहेँलो नै हुन्छ र यसलाई पनि त्रिचीवर समूहमा सामेल गर्न सकिन्छ। तल पहिरने अथवा माथि वढ्ने लुगाहरू, अथवा अरू नानाविध खत्र्याकखुत्रुक कपडाहरू त्यस्ता प्रयोजनहरूको लागी अधिट्ठान गरी ब्यक्तिगत वस्तुहरूको रूपमा प्रयोग गर्ने स्वीकृति छ। संख्याले सीमा निर्धारित गरिएको अधिट्ठान गरिएको कपडा भिक्खुले फेर्न चाहेमा उसले पहिले पुराना कपडाहरू विसर्जन गर्नु पर्छ। यस्तो गर्नुलाई *पच्चुत्थरण* अथवा अधिष्ठानलाई खारेज गर्नु भनिन्छ। उदाहरणको लागी त्रिचीवरहरू फेर्नुपर्दा नयाँ अधिष्ठान गर्नुभन्दा पहिले उसले पुरानोलाई विसर्जन गर्नु पर्छ। यति बाहेकका कपडाहरूको नापको सीमा छ,आठ इन्चभन्दा लामो तथा चार इन्चभन्दा चौडा कपडालाई *अतिरेक-चीवर*को समूहमा सामेल गर्नु पर्छ। भगवान बुद्धले चीवरहरू आपसमा द्वैध स्वामित्वको लागी साझा गर्ने *(विकप्प)* स्वीकृति दिनुभएको छ।भिक्खुले तिनलाई साझा स्वामित्व भएको भनी मानेर प्रयोग गर्न मिल्छ।

तल अथवा माथि पहिरनको लागी प्रयोग नगरिने कपडाहरू भिक्खुहरूले अधिष्ठान गर्ने स्वीकृति भएकोले अथवा माथि रंगको कुनै सीमा तोकिएको नभएकोले तथा अतिरिक्त चीवरको सीमा (८x४ इन्चभन्दा ठूलो) भएको बताइन्छ, यी त्रिचीवरमा प्रयोग गर्न सकिने बाहेकका कपडा

भएकोलेवर्तमानमा, यदि यो कपडा हो भने यसलाई अधिष्ठान गर्नु पर्छ अथवा साझा गर्नु पर्छ। यस्तो विचार गर्नु तर्कपूर्ण छ कि  अतिरिक्त चीवर भनेका ती वस्तुहरू हुन् जुन कि त्रिचीवरको लागी प्रयोग गर्न सकिन्छ, तर जब मापको उल्लेख आएको छ, यसले त सबै प्रकारका कपडाका टुक्राहरू समावेश भएको अर्थ लाग्छ, जुन कि आपसमा जोडेर सिलाएर त्रिचीवर बनाउन सकिन्छ। रंगीन कपडाहरू जुन कि त्रिचीवर बनाउने काम लिन सकिन्न, यस्तालाई अतिरेक चीवर भनी मान्न हुन्न।भिक्खुलाई अधिष्ठान गर्न स्वीकृत कपडा सम्बन्धमा जस्तो कि वछ्यौना, जुन कि त्रिचीवर मध्ये एकले बनेको हुनसक्छ, र जुन कि अतिरिक्त चीवरको रूपमा प्रयोग गर्न सकिन्छ, यस मामलामा विनय विशेषज्ञहरूले थप विचारविमर्श गर्नु पर्छ।

निसीदनको सम्बन्धमा थप विस्तृतरूपले बताउनुपर्छ। यद्‌यपि यो जरूरी परिष्कार होइन, तै पनि यस सम्बन्धी थेरहरूको विचार आपसमा बाझिएका छन्। निसीदनको नाप सम्बन्धी सीमा छ: लम्बाइ दुइ बित्ता रचौडाइ डेढबित्ता हो, यसमा एकबित्ता थप किनारा हुन्छ, छलफल गर्नुपर्ने समस्या यो हो कि किनारा आसनको कुनतिर जोड्ने हो? अट्ठकथाले हामीलाई सिकाउँछ कि एकातिरको छेउमा यो दुइ ठाउँमा काट्नुपर्छ, जसले गर्दा तीन टुक्राहरू हुन्छन् जुनलाई 'किनारा भएको' भनिन्छ। यी शब्दहरूका अनुसार किनारा जुनतिर थपे पनि हुन्छ, तर एकातिर मात्र हुनुपर्छ। एक समयमा थेरहरू यो

निश्कर्षमा पुगे कि किनारा छोटो भएको (चौडाइ) तिर अथवा जुनतिर डेढबित्ता छ, त्यता थप्नु पर्छ। तैपनि भिक्खुवर समतेच बर-महा-समण-चाउ क्रम-बरया-पवरेश्वरियालंकरण, मेराउपाध्याय (गुरू)ले मान्नुभयो कि आसनमा किनारा एक बित्ता थप्ने सम्बन्धमा बुद्ध भगवानको स्वीकृति मोटो भिक्खुलाई बस्नको लागी पर्याप्त कपडा बनाउनु थियो। तर यदि यो किनारा थप्ने काम छोटोतिर गरिएमा अनुपयोगी हुनेछ। उहाँ राजकुमारभिक्खुवरले देखुभयो कि बुद्धमूर्तिको आसनबाट अगाडितिर झुण्डिएको कपडाजस्तो आकृतिहुन्छ, जुनलाई 'दिब्यवस्त्र' भनिन्छ अथवा चकटी *(सन्थत)* जुनमा साना टुक्राहरू दुइवटा लाम्चो भागतिर जोडिएका छन्, तथा झन ठूलो टुक्रा एक छोटोतिर जोडिएको छ। उहाँ मेरा उपाध्यायले निसीदन बनाउँदा यो तरिका प्रयोग गर्नुहुन्थ्यो जुन कि राम्रो हो।

पहिलो उदाहरणमा (हेर चित्र न. १) किनारा डेढबित्ता लामो र एकबित्ता चौडा छ, यसलाई साँघुरोतिरबाट ३ वटा बराबर हुनेगरी काटियो, प्रत्येक छ इन्च लामो हुन्छ। यी सबैका किनाराहरू जोडिंदा यो निसीदन तीनबित्ता लम्बा, र डेढबित्ता चौडा हुन्छ। दोश्रो उदाहरण (हेर चित्र नं २) मा दुइबित्ता लामो र एकबित्ता चौडा किनार छ, तीनवटा किनारा टुक्राका रूपमा काटिएका छन्, यिनमा ठूलो छ इन्च चौडा र दुइवटा साना किनाराहरू प्रत्येकका तीनइन्च चौडा र त्यति नै लम्बाइ पनि छन्। यी सबैका किनाराहरू जोडिंदा निसीदन अढाइ बित्ता र छ इन्च (अंगुल) लम्बा बन्छ र चौडाइतिर ठिक दुइबित्ता हुन्छ।

**निसीदनका उदाहरणहरू**

चित्र न. १

१. निसीदनको स्वरूप
२. भागभाग गरी काटिएका किनारा: दुबै साथमा सिउन नमिल्नेअथवा पूरा मात्रामा काट्न नमिल्ने।

चित्र न. २

१.निसीदनको स्वरूप
२. ठूलो किनारा,
३. सानो किनारा

चित्र न. ३

१. निसीदनको स्वरूप
२. ठूलो किनारा
३. सानो किनारा

Dhamma.Digital

एकबित्ताको किनाराले वर्गाकारको बनाउने अर्को पनि तरिका छ (हेर चित्र न. ३), जसले गर्दा बस्नको लागी पर्याप्त कपडा पाइनुको फाइदा हुन्छ। एकबित्ता वर्गाकारको किनारलाई लिउँ, यसलाई आधी गरी काटौंताकि प्रत्येकको लम्बाइमा एकबित्ता चौडाइमा छइन्च (अंगुल) हुन्छ, र यिनमध्ये एकलाई अझ आधा काटौं, जुन कि ६x६ इन्च लम्बाचौडा हुन्छन्, बाँकी रहेका आधालाई प्रत्येक भागलाई आपसमा जुनतिर भएपनि जोडिइसकिएपछि हो। यो निसीदन दुइबित्ता लामो र छ इन्च चौडाइ किनार भएको बन्छ। यो किनारालाई निसीदनको स्वरूपको लाम्बाइतिर जोड्नुपर्छ, ताकि आपसमा जोडिइसकिएपछि त्यो निसीदन दुइबित्ता वर्गाकारको बन्छ, बुद्ध भगवानको स्वीकृति अनुसारले यो ओछ्याएर बस्नको लागी पूरा मात्रामा पर्याप्त छ।अट्ठकथाआचार्यको अनुसार कपडालाई काट्नु जरूरी छ, यसका किनाराहरू पहिले माथि बताइएका दुइवटा उदाहरणहरू अनुसारकोमा भन्दा कम छन्, र जुन कपडा थपियो, यसलाई 'किनारा' भनिन्छ,शायद यसको अर्थ भिक्खु निसीदन (आसन) मा बस्दा यो कपडा जोडिएकोतिर फर्केर बस्ने होला। म यहाँनिर तीनवटा रेखाचित्रहरू प्रस्तुत गर्न चाहन्छु (पृ. ३० मा हेर्नू)। अझ यो विषयमा निष्कर्शमा पुग्न थप विचारविमर्शको लागी म विनय विशेषज्ञहरूमा छोड्न चाहन्छु।

यो निसीदन एक प्रकारको प्रत्यय (आवश्यक) परिष्कारहरूमा रहेको देखिन्छ, जुन कि थप तथा विशेषरूपले स्वीकृति दिइएको छ। बुद्ध भगवानबाट छूट पाउने श्रावकहरूले

यसबाट फाइदा पाएका थिए। यदि कुनै भिक्खुले यो फाइदाको प्रयोग गरेन भने पनि उसलाई दोषी ठहर्याउन मिल्दैन,किनकि शायद आसन बनाउनको लागी प्रयोग गर्न उसँग कपडा नभएको हुनसक्छ तर भिक्खुलाई चारमहिनाभन्दा बढी अवधिसम्म निसीदन बिना बस्न निषेध गरिएको छ। शायद यस मामलामा अर्को तरिकाले बुझ्नुपर्ला कि यो एउटा जरूरी वस्तु हो, जुन कि भिक्खुले आफ्नो बनाइराख्नु पर्छ।भिक्खु यो बिना बस्न सक्छ तर लगातार चार महिना लामो अवधिसम्म होइन। यो अवधारणाले पाचित्तियको पणिधान सिक्खापद (सुरापानवग्गको दसौं) को पक्ष लिएको छ जहाँ पाचित्तियका आधारहरूमध्येमा यो निसीदनको मामला पनि उठाएर यसलाई पात्र, चीवर आदि जस्तै जरूरी परिष्कार बनाइएको छ। निश्चितरूपले यो विषयमा विनय विशेषज्ञहरूद्वारा विचार विमर्श गरिनुपर्छ।

## पात्र

पात्र भिक्खुको शुरूवातीदेखिको त्रिचीवरका साथसाथमा आउने जरूरी परिष्कारहरूमध्ये एक हो।योउपसम्पदा चाहने व्यक्तिसँग पहिले नैहुनु जरूरी छ। पात्र दुइप्रकारका स्वीकृत छन्: मृण्मय (माटोको) पात्र (आगोमा कालो हुनेगरी पोलिएको), र फलामको पात्र।पात्रको सत्तामा माटोको कराही,लौकाकोभाँडो, र मनुष्यको खप्पर प्रयोग गर्न निषेध गरिएको छ। अरू ११ थरिका भाँडाहरू पनि प्रयोग गर्न निषेध गरिएको कुरा पालिमा उल्लेख गरिएको छ। सुनको पात्र, चाँदीको पात्र, हीराको पात्र,

वैदूर्यमणीको पात्र, सेतो स्फटिकको पात्र, सीसाको पात्र (GLASS INITIATION GEM BOWL), तामाको पात्र,पित्तलको पात्र, टिन (राँगो, त्रपु) को पात्र, जस्ताको पात्र, र काठको पात्र। बुद्ध भगवानको जीवनी कथामा यो भनिएको छ कि भगवानको पात्र ढुँगाको बनेको हो। तर यो उपरोक्त निषेधित अथवा स्वीकृत पात्रहरूमा नामांकन भएको छैन। यहाँनिर म आफ्नो सानो विचार राख्न चाहन्छु, किन यी एघार किसिमका पात्रहरू निषेधित गरिएको हो? सुनको पात्र तथा चाँदीको पात्र नसुहाउने (अनुचित,अकप्पिय) हुन्छ। हीराको पात्र तथा वैदूर्यमणीको पात्र सम्बन्धमा यी बस्तुहरूद्वारा सजाइएको हुनु बाहेक म बुझ्दिनँ कि भिक्खुले यस्ता पात्रहरू कसरी प्राप्त गर्दछन्? म मान्छु कि सेतो स्फटिकका टुकडा त पात्र बनाउनलाई पर्याप्त ठूलो हुँदैन। सीसाको पात्र त सजिलै फुटेर छेस्काहरू बन्छन्, जुन कि खानामा मिसिंदा र भिक्खुले निलेको खण्डमा जीवनको लागी खतरा हुन्छ। तामाको पात्र,पित्तलको पात्र, टिनको पात्र र जस्ताको पात्र अमिलो तथा नुनिलो खानासँग सम्पर्क भएपछि खिया लाग्छन् (उग्येल्छ पनि?), खानालाई विषाक्त बनाउँछ, जसले झारा पखाला लाग्छ। यी कुराहरू भिक्खुले समयमा नै थाहा नपाएमा ऊ मर्न पनि सक्छ। कुरून्दी अट्ठकथामा यस्तो भनिएको छ कि तामाका बट्को र रिकापी चलाउन सकिन्छ, तर म त्यस्ता बस्तुहरू समेत नचलाउने सल्लाह दिन्छु। वर्तमान कालमा अर्को वस्तु छ, जुन कि खतरापूर्ण छ र त्यो हो पात्रकोपित्तलको बनेको बिर्को।

प्राचीन कालका आचार्यहरूले यो कुरा थाहा पाइसकेका थिए होलान्, र उनीहरूले भिक्खुहरूलाई पात्रमा तामाका तथा पित्तलका बिर्काहरू प्रयोग गर्ने सल्लाह दिएनन्, बरू मात्र चप्राका (बार्निश लगाइएको) पात्र बिर्काहरू चलाउने सल्लाह दिएका छन्। अन्तमा, काठका पात्रहरू सफा छैनन्,किनकि काठमा खाद्यवस्तुहरू सोसिनसक्छ।

पात्रको नाप शायद लौकाजत्रो, मनुष्यको खोपडीजत्रो, अथवा माटोको कराही जत्रो हुने गर्थ्यो होला, र त्यसो हुनाले भगवान बुद्धले यी वस्तुहरूलाई उदाहरणको रूपमा लिनुभयो र पात्रको रूपमा तिनको प्रयोग निषेध गर्नुभयो। यसबाहेक अरू पनि सूचनाहरू छन्, महासकुलदायी सुत्तमा, मज्झिम निकाय, मज्झिम पण्णासक, मूलपालि, जुन कि बुद्धवचन हो, उहाँले सकुलदायी परिब्बाजकलाई भन्नुभयो:

> उदायी, कहिलेकाहीं म यो पात्रको किनारासम्म भरिएको अथवा त्योभन्दा पनि बढी भोजन गर्छु। यदि मेरा श्रावकहरूले मलाई म थोरै मात्र भोजन ग्रहण गर्ने हो, थोरै भोजन गर्नमा प्रशंसा गर्ने हो भनी सत्कार गर्दछन्,गौरव गर्दछन्, मान गर्दछन् र पूजा गर्दछन्, उनीहरूले मलाई शरण मान्दछन् भने उनीहरूले मलाई कसरी आदर गर्लान्, सत्कार गर्लान्,गौरव गर्लान्, मान र पूजा गर्लान्,उनीहरूले मलाई शरण मान्लान्? जबकि मेरा श्रावकहरू एक *कोस* (निक्कै सानो बटुको)

Dhamma.Digital

जति मात्र अथवा वेणु प्रमाण (बाँसको सानो भाँडो)[3] जति अथवा यसको आधा मात्र भोजन गर्नेहरू पनि छन्?"

अन्यत्र पनि भनिएको छ कि भगवान बुद्ध थोरै मात्र भोजन लिनुहुन्थ्यो। त्यो भोजन जुनले पात्रको किनारासम्म भरिएको हो, र जुनलाई बुद्ध भगवानले पूरै सेवन गर्नुभयो, त्यो शायद धेरै थिएन। भत्तग्गवत्तमा यस्तो भनिएको छ कि भिक्खुहरूले आफ्ना भोजन पूरा खाइनसकुन्जेलसम्म वरिष्ठ थेर भिक्खुहरूले पात्र धुने पानी ग्रहण गर्न हुँदैन। यसको अर्थ हो उनीहरूले पात्रभरी भोजन गर्छन्। यदि हामीले यी पात्रहरूको नाप र फोटोमा देखिने उत्तरी भारतका शिलामय बुद्धमूर्तिहरूद्वारा धारण गरिएका पात्रहरूको नाप तुलना गरेमा ती त्यति ठूला छैनन् जति कि वर्तमान कालमा सियामका भिक्खुहरूले प्रयोग गर्ने पात्रहरू छन्। बरू परम्परागत रूपले प्रयोग गरी आइएका पानी उगाउने (नरिवलका) बटुकाहरू जत्रा मात्र छन्। पात्रका आकार पनि लौकाको बोक्राका जस्ता नै छन्।

[3]यसको विस्तृत कुरा हेर्नू: पृ. ४३७, बुद्धकालीन परिब्राजकहरू, भाग १, आचार्य डा. भिक्खु अमृतानन्द रचित तथा बीर-पूर्ण पुस्तक सङ्ग्रहालयद्वारा प्रकाशित, बि. सं २०७५। यस सम्बन्धी थाइ लेखकको तथा अंग्रेजी अनुवादकको भनाई बुझिएन।

विभंगमा ३ थरीका पात्रहरूको उल्लेख छन्: ठूलो,मझौलोर सानो। त्यसमा भरिने भोजनको परिमाण अनुसार यी पात्रहरूको नाप गरिएका हुन्। ठूलो पात्रमा आधा*आलहक*चामलको भात अट्छ,मझौला पात्रमा एक*नाली* चामलको भात अट्छ, त्यस्तै सानो पात्रमा एक *पत्थ* चामलको भात अट्छ, यसको साथमा थप तरकारीहरू (भोज्य) भातको एकचौथाइ हुन्छ। यी ३ नापका पात्रहरूमा एकपछि अर्कोमा दुइगुना क्षमता हुन्छ। धम्मपद अट्ठकथा, मलवग्गमा रहेको मेण्डक महाजनको कथा अनुसार एक नाली चामल पकाएर पाँचजनालाई भोजन बाँडिन्थ्यो। एक नाली भातले एकजना अघाउँथ्यो, तर दुइजनालाई पुग्दैनथ्यो। यो प्रमाण अनुसार सानो नापको पात्रभरीको भात जुन कि दुइजनाभन्दा बढीलाई अघाउँछ, तर तीनजनालाई पुग्दैन।मझौला नापको पात्रमा पाँचजनालाई पुग्ने भात अट्छ, र ठूलो नापको पात्रको भात दशजनालाई पुग्छ। पात्र सम्बन्धी अध्यायमा बताइएका नापहरू अनुसार (मैले एकजनालाई आदेश दिएर) भात पकाएर नापेर त्यहि नाप अनुसार पात्रहरू बनाइ उदाहरणको रूपमा हेर्न लगाएको छु तथा उपरोक्त क्षमता सहि ठहर भयो। सानो नापको पात्र मानिसको खप्परभन्दा अलिकति ठूलो छ। यदि त्यस पात्रमा अरू खानेकुरा नहालीकन भात मात्र हाल्ने हो भने त यो भात माथि बताइएको क्षमतासँग मेल खान्छ। यदि यस पात्रमा अन्य तर्कारीहरूको लागी अलिकति ठाउँ बचाउने हो भने त्यसको भात एकजनाको लागी निक्कै बढी हुन्छ, अथवा यो दुइजनालाई पुग्नसक्छ। यो

आकार पात्रको लागी उपयुक्त छ।मझौला नापको पात्रको नाप प्रायःगरी अहिले चलाइने पात्रसँग समान छ जुन कि २७१/२" घेराको हुन्छ। तर यसमा चाहिनेभन्दा बढी भात अट्छ। ठूलो पात्रलाई निक्कै ठूलो मान्न सकिन्छ र यसमा अतिव धैरै भात अट्छ। मैले यसको उदाहरण बनाउने कोसिस गरेको छैन। विभंगमा बताइएको पात्रको नाप शायद भिक्खुहरूले ठूलो नापका पात्रहरू चलाउने गरेको बेलाको हुनुपर्छ। विभंगका विशेषज्ञहरूले यसबारेमा विचार गर्नु पर्छ तथा अन्वेषण गर्नु पर्छ। (पात्रको क्षमता सहि ढंगले बताउन म्याट्रिक सिस्टम प्रयोग गर्नुपर्छ।नेपाली अनुवादक)

भिक्षाटन गर्न जाने बेलामा भिक्खुले चीवरभित्र दाहिने हातले पात्रको घेरामा समात्छ, बिर्को चलाइँदैन। भिक्षाभोजन ग्रहण गर्ने बेलामा भिक्खुले बायाँ हातले चीवर उठाउँछ, र भिक्षापात्र समातेको दाहिने हात अगाडि सार्छ। जंगलमा बास गर्ने भिक्खुले टाढासम्म हिंड्नुपर्छ, त्यसो हुनाले उसले आफ्नो पात्र काँधमा झुण्डिएको झोलामा हाल्छ, अनि ऊ गाउँबस्तिमा जान्छ। ऊ गाउँबस्तिमा प्रवेश गर्नलाग्दा उसले पात्र झोलाबाट बाहिर निकाल्छ, उसले आफ्नो चप्पल त्यस पात्रको झोलामा हाल्छ, अनि उसले दुबै काँध छोपेर चीवर (उत्तरासंग) लगाउँछ, पात्रलाई चीवरभित्र राख्छ र भिक्षाको लागी प्रवेश गर्छ। जब ऊ फर्किन्छ, उसले चीवर फुकाल्छ, झोलाबाट चप्पल निकाल्छ,अनि त्यसको ठाउँमा पात्र हाल्छ र (चप्पल लगाएर) फर्किन्छ। चीवर पहिरने ढंग फेरिएपछि यो खोल्ने पनि अगाडिबाट हुनगयो, पात्र

अगाडिबाट बाहिर ल्याउने गरियो र यसो गर्नु माथि उल्लिखित *पिण्डपातिकवत्त* (भिक्षाचारको नियम) अनुसार मिल्ने भएन। अरू भिक्खुहरूले पात्रलाई झोलामा हालेर काँधमा झुण्ड्याउँछन्, र भिक्षाटन गर्न जान्छन्।उनीहरूले जंगलमा बस्ने भिक्खुहरूको चीवर लगाउने ढंगसँग मिसमास गरे, जुन कि पुरानो चलन होइन।

पात्रको किसिम तथा नापहरू माथि उल्लिखित किसिमका हुनाले तथा भिक्खुले आफुसँग एकवटा मात्र पात्र चलाउन मिल्ने भएकोले प्रयोगको लागी उसले त्यो अधिष्ठान गर्नु पर्छ। त्यो बाहेक अरू पात्रहरू *अतिरेक* पात्र हुन्छन् र भिक्खुले आफूसँग १० दिनसम्म मात्र राख्ने अधिकार हुन्छ र उसले यो त्यस अवधिभित्र विकप्प (साझा) गर्नु पर्छ। यदि भिक्खुले आफ्नो पात्र फेर्न चाहेमा पहिले उसको पुरानो पात्र विसर्जन गर्नु पर्छ र अनि नयाँ पात्र अधिष्ठान गर्नु पर्छ। पात्रमा १०" लामो एक वा अनेक चिरा परेको अथवा प्वाल परेको छ भने यो प्रयोग गर्न हुन्न, यसलाई पाँच ठाउँमा चिरा परेको भनिन्छ, अथवा यो फुटेको छ, जसले गर्दा खाना चुहिन सक्छ। (यदि पात्र यी दुइमध्ये कुनै एक अवस्थामा पुगेको छ भने)यस्तो पात्र फेर्नुपर्छ।

यसलाई यस्तो बुझ्नुपर्छ कि भगवान बुद्धको पालामा सामान्यतः माटाका पात्रहरू नै प्रयोग गरिन्थे र फलामका पात्रहरू थोरै मात्र थिए। यसै कारणले हो, पात्रको हेरविचार बडो होशियारीसँग गर्नुपर्ने चलन रहेको छ। पात्रलाई खस्नसक्ने

अथवा यसलाई नोक्सान पुग्नसक्ने ठाउँमा राख्न मनाही गरिएको छ।पालिमा भिक्खुले पात्रलाई खाटमा, स्टूल (त्रिपाइ) मा, सोफामा, मेचमा अथवा टेबलमा बिसाउन मनाही गरिएको छ। यस्तै छाता आदि घाम छेक्ने साधनमा, मेचको अडेसमा, भर्याङको बारमा, र काखमा (जसले बेहोशीमा उठ्दा पात्र खसेर फुट्न सक्छ) बिसाउन मनाही छ। पात्र (चीवर फिजाउने) डोरी आदिमा झुण्ड्याउन हुन्न।भिक्खुले माथि उल्लेख गरिएको जस्तोगरी *अरञ्ञिकवत्त* (जंगलमा बस्नेको नियम) अनुसार पात्रलाई झोलामा हालेर फिता द्वारा काँधमा झुण्ड्याउने स्वीकृति छ।भिक्खुले पात्रलाई खस्रो तथा कडा भुइँमा घोप्ट्याउन मनाही छ, जसले पात्रलाई नोक्सान गर्छ।भिक्खुहरूलाई घाँसका, कपडाका, चटाइका बनेका पात्रका आसनहरू (प्यचा, नेवारी) प्रयोग गर्ने स्वीकृति छ। यसप्रकार पात्रलाई भुँइमा पनि राख्न सकिन्छ, जहाँ पात्रलाई नोक्सानदेह छैन, जस्तो कि काठकोफलकको फर्श। हातमा पात्र बोकेरभिक्खुले ढोका खोल्न र थुन्न मनाही छ।

भिक्खुहरूले पात्र प्रयोग गर्ने र यसलाई संरक्षण गर्ने तरिका जान्नुपर्दछ। पात्रलाई फिकदानीको रूपमा प्रयोग गर्न मनाही छ, अर्थात् त्यसमा माछाका काँढाहरू, हाडखुर, मासु, अथवा अरू जुठा-कचराहरू हाल्न हुन्न।उनीहरूले यसमा हात धुने वा मुख चुठ्ने गर्न हुन्न। फोहर हातले पात्र समात्नु उचित छैन।भिक्खुले भोजन गरी सक्नासाथ पात्रलाई धुन्छ, तर यसलाई भिजेकै अवस्थामा ठाउँमा राख्न मनाही छ। यसलाई

पहिले घाममा सुकाउनु पर्दछ, तर भिजेको अवस्थामा नै होइन। पहिले यसलाई सुक्नेगरी पुछ्नुपर्छ, अनि मात्र घाममा सुकाउने हो, तर यसलाई लामो बेरसम्म घाममा सुकाउनु पनि मनाही छ र एकछिन मात्र सुकाउनु पर्दछ।

पात्रको मुनि राख्ने आसनको स्वीकृति छ तर यो यसको लागी असुहाउँदो बस्तुको बनेको र अनेक रंग र चित्रहरूले सजिएको हुनु हुँदैन। सामान्य वस्तुहरू टिन, जस्ता, अथवा काठका बनेका प्रयोग गर्न सकिन्छ। पात्रको बिर्कोको प्रयोगको चलन पछि आएको हो। शायद यसलाई *पत्तमण्डलं* भनिन्छ, जुन कि शब्दार्थ अनुसार पात्रमा राखिने परिधि (चक्का) भनी अनुवाद गरिन्छ। भगवान बुद्धले पात्रको बिर्कोको प्रयोग पात्रको पींध घोटिनाले खिइनुबाट बचाउनको लागी गर्ने स्वीकृति दिनुभएको छ, तर अर्को पनि वस्तु छ, जुनलाई *पत्तधारको* भनिन्छ, यसको शब्दार्थ 'पात्र धारण गर्ने वस्तु' भनी अनुवाद गरिन्छ। यसलाई पात्रको आसन भनी मान्नसकिन्छ। पात्र बाहिर खुल्ला ठाउँमा राखिएको अवस्थामा जोडसित हावाले धक्का दिनाले गुल्टिनबाट बचाउनको लागी बुद्ध भगवानले पात्रको आसनप्रयोग गर्ने स्वीकृति दिनुभएको हो।अट्ठकथाका रचनाकार आचार्यले भनेका छन् कि यो काठको बनेको हुन्छ तथा यस्तो बलियो आसनले दुइतीनवटा पात्रहरू पनि थाम्न सक्छ। यो कुरा म बिल्कुल बुझ्दिनँ!यी सबैलाई पात्रको आसनको अन्तर्गत मान्न सकिन्छ।

Dhamma.Digital

बुद्ध भगवानले भिक्खुहरूलाई राख्ने स्वीकृति दिनुभएको अर्को पनि एउटा बस्तु छ, त्यो यो हो कि माथि उल्लेख गरेजस्तो गरी यात्राको कालमा काँधमा झुण्ड्याउनको लागी फिता सहित भएको पात्र राख्ने झोला।

**उपभोग्य परिष्कारहरू**

यस्तो लाग्छ कि शुरूमा बुद्ध भगवानको उद्देश्य थियो कि भिक्खुहरूले परिष्कारहरू राखुन्, तर सुविस्तासाथ वहन गर्न सकिने जति थोरै मात्र। यी परिष्कारहरू पाचित्तिय अध्याय, सुरापानवग्गको दसौंसिक्खापद, अपनिधान सिक्खापदमा,संकेत गरिएका छन्: एउटा पात्र, तीनवटा चीवरहरू, एउटा निसीदन, एउटा सियोबट्टा तथा एउटा कायबन्धन। समय बित्दै गएपछि भिक्खुहरूको आवश्यकता निक्कै बढ्दैगयो र तदनुसार बुद्ध भगवानले तिनको स्वीकृति दिनुभयो। ती सबै कुराहरू यहाँ बताउन सकिन्न। यहाँ *परिक्खार* (परिष्कार) भनिने वस्तुहरूको मात्र वर्णन गर्नेछु, जुन कि भिक्खुहरूले राख्ने चलन छ।

सियोबट्टा हाड, हस्तिदन्त वा सिंगको बनेको भएमा निषेध छ,भिक्खुआफैले बनाएमा पाचित्तिय आपत्ति हुन्छ, र ती बट्टाहरूलाई फुटाल्नुपर्छ। यदियस्ता वस्तुहरू भिक्खुले अरूले बनाएको ग्रहण गरेमा तथा प्रयोग गरेमा उसलाई दुक्कट हुन्छ। तत्कालीन मान्यता अनुसार सौखिनता मानिने ढंगले बनेका सियो बट्टाहरू प्रयोग गर्न निषेध गरिएको छ, तर यस्ताले अरू

Dhamma.Digital

वस्तुहरू बनाउन निषेध छैन, जस्तो कि टाँक र कायबन्धनकाडोरीहरू। यी बस्तुहरू बनाउने स्वीकृति छ। अरू बस्तुहरूबाट बनेको सियोबट्टा, जस्तो कि काठ वा धातु, उचित छ र स्वीकृत छ। पुराना सियोबट्टाहरू प्रायःगरी काठका बनेका हुन्थे।

पानी छान्ने छलनि वा झरनी टुक्रे कपडाको बनेको हुनसक्छ, अथवा अरू कुनै खोक्रो भाडो जस्तो कि बाँसको ढुँग्रो, वा धातुको नलीको पींधमा कपडाले मोडिएको हुन्छ, अथवा यो अरू कुनै किसिमको हुनसक्छ, र यसलाई *धमकरक* भनिन्छ। पानी छान्न मिल्ने जुनसुकै वस्तु भए पनि प्रयोग गर्न सकिन्छ। पानी छानेर मात्र खाने भिक्खुहरूको चलन छ।भिक्खुले पानी छलनी बिना आधायोजन (८ किमि जति) भन्दा लामो बाटोको यात्रा गर्न निषेध गरिएको छ, दूरको यात्रा गर्ने भिक्खुहरूसँग पानी छलनी उपलब्ध नभएमा संघाटिको छेउलाई भए पनि छलनीको रूपमा अधिष्ठान गरेर पानी छान्ने बनाई छान्नको लागी प्रयोग गर्नु पर्छ। यदि कुनै भिक्खुसँग पानी छलनी छ, तर अर्को भिक्खुसँग यो छैन भने पैंचो लिन चाहेमा दिनमा कंजुस्याइँ गर्न मनाही छ र उसलाई दिनै पर्छ। जीवित प्राणीहरू भएको पानी खान निषेध गरिएको सिक्खापद रहेकोले यसलाई बुझ्नुपर्छ कि भिक्खुहरूले पानी छानेर खानु भनेको पानीमा भएका जीवित प्राणीहरूलाई अलग्याउनु एउटा उद्देश्य हो र यस्तो गर्नु गलत छैन। यसको उद्देश्य सफा पानी पाउनु पनि हो, जस्तो कि हामीले बिभिन्न पानी

Dhamma.Digital

छलनीहरू स्वीकृत भएको देख्छौं, जस्तो कि बिंड सहित भएको चम्चा आकारको काठको चक्का(पींध नभएको) छलनी, यसमा कपडा सिइएको हुन्छ (कोन आकारमा), यसमा पानी खन्याइन्छ, त्यसपछि कपडाबाट पानी पठाएर छान्नको लागी यसलाई उचालिन्छ। यदि जीवित प्राणीहरू छन् भने ती कपडामा अड्कनेछन् र त्यहीं बाकी रहनेछन्। यो छलनी प्राणीहरूलाई विनाश गरिनबाट रोक्ने उपकरण त बिल्कुल नै होइन। यस्तो छलनी पानी सफा गर्नलाई हो। धेरै जना मानिसहरूको लागी, जस्तो कि ज्यामीहरू, पानी छान्नको लागी ठूला छलनी माथि उल्लेख गरिए जस्तै गरी बनाइन्छन्। यसमा बींड हुन्छ अथवा (दुइतिर) डोरी बाँधिएका हुन्छन्, र यसलाई पानीमा डुबाइन्छ, माथि उचालिन्छ अनि समातेर राख्छन् जसले गर्दा पानी कपडाबाट बगेर जान्छ (थापिएको मुखमा वा भाँडोमापर्छ)।

उस्तरा तथा यसको खोल, यसलाई धार दिनको लागी ढुँगा र पाता (चमोटा) सिर तथा अनुहारका केसहरू मुड्नको लागी स्वीकृत बस्तुहरू हुन्। उस्तरा शस्त्र होइन, तर प्रब्रजित हुनुभन्दा पहिले नाई काम गर्ने ब्यवसायीले आफुसँग उस्तरा राख्न मनाही छ। उस्तरालाई उसको भिक्खु बन्न आउनुभन्दा पहिलेको कमाई खाने ब्यवसाय गर्ने माध्यमको रूपमा मानिएको हुनुपर्छ, र यो नभएपछि उसले आफ्नो विगतका काममा लाग्नेछैन, बरू उसले समणधम्म मात्र आचरण गर्नेछ।

Dhamma.Digital

छाताका प्रकारहरूको उल्लेख पालिमा गरिएका छैनन् तर अट्ठकथामा छाता शानदार किसिमको प्रयोग गर्न निषेधित गरिएको छ, उदाहरणको लागी, रंगीन रेशमका बुट्टा भरिएको र कपडाको चँदुवा भएको।भिक्खुले साधारण किसिमको मात्र प्रयोग गर्नु पर्छ। भगवान बुद्धले भिक्खुहरूलाई विहारमा तथा विहारको वरपर छाता प्रयोग गर्ने स्वीकृति दिनुभएको छ।भिक्खुले गाउँबस्तिमा छाता प्रयोग गर्न निषेध गरिएको छ र गाउँबस्तिको नजिकको बाटोमा छाता खुल्ला गरी लिएर जान मनाही गरिएको छ।भिक्खुले गाउँबस्तिमा खुल्ला छाता लिएर (ओढेर) जान सक्छ, यदि ऊ बिरामी रहेको भएमा, अथवा उसको रोग घाम अथवा वर्षातको सम्पर्कमा आउँदा चर्किन सक्ने भएमा, जस्तो कि टाउको दुख्नु।अट्ठकथामा वर्षातको पानीले चीवर भिज्नुबाट बचाउनको लागी, खतराबाट जोगिनको लागी, र शरीरलाई रक्षा गर्नको लागी (जस्तो कि घामबाट), यस नियमलाईखुकुलो बनाइएको छ। यी अवस्थाहरूमा भिक्खुले छाता ओढ्न मिल्छ।

चप्पल (खडाउ) दुइथरीका छन्,*पादुका* र *उपाहना*। पादुका भनेको शायद सियाममा चलाइने काठका चप्पलहरू जस्ता कुर्कुच्चा भएको चप्पल हो, तर पालिमा यसको अर्थ अरू थरिका जुत्ताहरू पनि हुन्।यी एडी भएका चप्पल हुन् भनी निश्चितरूपले थाहा पाइएको छैन।पालिमा उल्लिखित पादुका धैरै थरिका छन्: काठका पादुका, सुनका पादुका, चाँदीका पादुका; फीरोजा (भिंपु?, एकथरी बहुमूल्य प्रस्तर), सेतो बेलौर जस्ता

जवाहरातहरूले सजिएका पादुकाहरू;पित्तल, तामा, फलाम, टिन, अथवा जस्ताले बनेका पादुका; ताडपत्र, बाँसका पात, बिभिन्न प्रकारका घाँसहरू, खजूरका पातहरूले बुनिएका, खरले बुनिएका; र ऊनको बुनिएकाहरू। यी किसिमका पादुकाहरू भिक्खुले प्रयोग गर्नहुन्न।तर काठका बनेका पादुका हिंड्नको लागीमात्र निषेधित छ, झारा पिसाब गर्ने स्थानहरूमा तथा धोइपखाली गरिने स्थानहरूमा स्थायीरूपले लगाइएका काठका पादुकाहरूमा खुट्टाले टेक्न मिल्छ।*उपाहना* भनेको शायद कुर्कुच्चा नभएको चप्पल हो।

स्वीकृत चप्पल साधारण किसिमले छालाको बनेको हो। (पैतालामा छालाको) एक तह मात्र तलुवा भएको चप्पल सबै नै प्रयोग गर्न मिल्छ, र (छालाको) चार तहसम्म तलुवा भएको पुरानो चप्पल भएमा प्रयोग गर्न मिल्छ। (छालाका) धेरै तह भएका चप्पलहरू नयाँ भए पनि मध्यदेशको बाहिर प्रत्यन्त देशहरूमा प्रयोग गर्न मिल्छ। स्वीकृत उपाहनामा खुट्टाका औंलाहरूका बिचमा प्वाल पारी द्यपु/पत्ति लगाइएका हुन्छन्। यसले पादको माथिल्लो तह अथवा कुर्कुच्चालाई छोप्दैन।भिक्खुले (छालाको) दुइ वा तीन तह तलुवा भएको उपाहना प्रयोग गर्न हुन्न, यदि यसमा धेरै तह छन् र नयाँ छ भने यो मध्यदेशमा प्रयोग गर्न मिल्दैन। यसको कारण के होला, मैले अझै बुझ्न सकेको छैन।

यद्यपि चप्पल स्वीकृत किसिमको वस्तु हो तर यो धेरै रंगका छन्, जस्तो कि कडा नीलो, पहेँलो, रातो, गहिरो

रातो, सुन्तला रंग, गुलाबी अथवा कालो रंगको भएमा यो प्रयोग गर्न निषिद्ध छ। यी रंगहरू नष्ट गरिसकिएपछि अथवा हटाइसकिएपछि प्रयोग गर्न मिल्छ। द्यपुमा धेरै रंगीचंगी भएको चप्पल भिक्खुले प्रयोग गर्न निषेध गरिएको छ, तर यी रंगहरूलाई परिवर्तन गरिएमा प्रयोग गर्न मिल्छ। सिंह, बाघ, चितुवा, कस्तूरी,ऊदबिलाव(otter), बिरालो, लंगूर अथवा लाटोकोसेरोको छालाले सजिएको उपाहना प्रयोग गर्न निषिद्ध छ, तर यदि यी वस्तुहरू हटाइए भने प्रयोग गर्न मिल्छ।कुर्कुच्चा छोपिने उपाहना प्रयोग गर्न निषिद्ध छ, पादको माथिल्लो भाग छोपिने, नली[4] छोपिने; कपास भरिएको तलुवा भएको उपाहना;तित्रा,(चकोर) को प्वाँख, मयूरको प्वाँख, भेडा अथवा बारव्राका सिङ जस्तो चुच्चो परेको, बिच्छीको पुच्छरजस्तो चुस्स परेको उपाहना (जुत्ता) प्रयोग गर्न निषिद्ध छ, तर यी तत्वहरू परिवर्तन गरिसकिएपछि ती उपाहनाहरू लगाउनलाई उपयुक्त हुन्छन्, अनि तिनलाई प्रयोग गर्न सकिन्छ। स्वीकृति दिइराखिएका चप्पलहरू सबै ठाउँमा प्रयोग गर्न मिल्दैन, र भिक्खुको खुट्टा दुखेको अवस्थामा बाहेक त्यो उसले गाउँबस्तिहरूमा लगाउन निषिद्ध छ।आगन्तुकभिक्खुले

[4]यस उल्लेखले त यस उपाहनालाई चप्पल भनी अनुवाद गर्न मिलेन, यसको अनुवाद सामान्य 'जुत्ता' भनी गर्नुपर्छ। पादको माथि, कुर्कुच्चामा र नलीमा छोपिने उल्लेखले जुत्ता अथवा बूटलाई जनाउँदछ। (अंग्रेजी अनुवादकको टिप्पणी)

विहारमा प्रवेश गर्दा उसले आफ्नो चप्पल छोड्नुपर्छ।भिक्खुले विहारमा चप्पल लगाउन निषिद्ध (जस्तो कि चैत्यस्थानमा, मन्दिरमा) नभएको ठाउँमा तथा जंगलमा मात्र लगाउन मिल्छ। यदि भिक्खुका पाइताला नरम (कमजोर, नाजुक) छ र कडा भुइँमा हिंड्न सक्दैन, यदि उसले यस्तो गरेको खण्डमा उसको पाइताला दुख्नेछ, अथवा गर्मी ऋतुमा भूमि अत्यन्त तातिरहेको अवस्थामा जहाँ पाइला टेक्दा फोका उठ्नसक्छ, र यस्तो अवस्थामा भिक्खुले गाउँबस्तिमा पनि तथा विहार प्रवेश गर्ने बेलामा पनि उपाहना लगाउन मिल्छ। पाण्डुरोग (जन्डिस) भएको भिक्खुले वर्षा ऋतुमा ओसिलो ठाउँहरूमा उसले आफ्नो पाइताला चिसिनबाट बचाउन चप्पल लगाउन मिल्छ।

अट्ठकथाआचार्यहरूले अरू परिष्कारहरूका बारेमा बताएका छन्, जस्तो कि पुब्बसिक्खावण्णनाको परिक्खारकथामा बताइएको छ, तर यो सुन्दाखेरि बिल्कुल स्पष्ट छैन र बुझ्नलाई गाह्रो छ। विनयका विद्यार्थीहरूले यसरी बुझ्नुपर्छ:भिक्खुले सादा र साधारण वस्तुहरू प्रयोग गर्न खोज्नुपर्छ, र समसामयिकरूपले लोकप्रिय रहेका उत्तम र विलासी भन्न सकिने वस्तुहरू प्रयोग नभएको हुनु पर्दछ। सादा वस्तु प्रयोग गर्न मन पराउने भिक्खुहरूको चलनले एकथरिका मानिसहरूलाई प्रसन्नता दिन्छ, जसलाई *लूखपमाण* भनिन्छ, यसलाई 'सादा वस्तुलाई आधार मान्नेहरू' अथवा 'श्रद्धा उत्पन्न गराउने कारण भएका वस्तुहरू' भनी अनुवाद गर्न सकिन्छ। मनुष्यजातिको लागी वस्तुहरू बनाउँदा कसरी राम्रो

बनाउने,कसरी शीपयुक्त बनाउने जस्ता कुराहरूको विचार गर्नु त समय अनुसार प्रगति हुनु हो, र एक समयमा जुन कुरो उत्कृष्ट मानिन्छ, त्यही अरू समयमा असभ्य हुनजान्छ।अट्ठकथाआचार्यले जुन कुराहरू त्यस समयमा असल कुराहरू भनी वर्णन गरे, वर्तमान कालमा सामान्य अथवा कमसल हुनजान्छ। यसले अट्ठकथाआचार्यले श्रमणको लागी सुहाउँदो छ भनी जुन बोलेका छन्, त्यसलाई पूरा गर्न गाह्रो छ, त्यसो हुनाले यसलाई उनीहरूले आफ्नो समयको चलन अनुसार वर्णन गरेका हुन् भनी बुझ्नु पर्छ।कट्टरतापूर्वक आचरण गर्ने तर देशर काल विचार नगर्ने, र यी आचार्यहरूको भनाइलाई नक्कल मात्र गर्न चाहने भिक्खु धेरै चिन्तग्रष्ट हुनेछन्,किनकि यी कुराहरू पूरा गर्न गहारो छ। तर, उसले खोज्नगएमा नयाँ वस्तुहरू पाउँछ, ऊ त्यसबाट सन्तोष हुँदैन किनकि उसले पाउनसक्ने वस्तु प्रयोग गर्दैन। यदि उसले आफुले प्रयोग गर्न नहुने भन्ने लागेका वस्तुहरू प्रयोग गरेमा, उसले आपत्ति पाउँछ- उसलाई दुक्कट हुन्छ। सादा र उत्तम परिष्कारहरू समय अनुसारले प्रयोग गर्नु पर्छ, तर ती तयारी वस्तुहरू अथवा उसले आफ्नै लागी भनेर सुन्दर वस्तु खोज्नु हुन्न, उसले उपयोगिता अथवा टिकाउ हेर्नुपर्छ, ताकि ती वस्तुहरू धेरै दिनसम्म प्रयोग गर्न सकियोस्।भिक्खुले यो तथ्य बुझेपछि उसले मध्यम मार्गले चल्नुपर्छ, जुन कि देश र काललाई सुहाउँछ।

**वासस्थानका सामानहरू**

Dhamma.Digital

भगवान बुद्धको समयमा भिक्खुहरू बस्ने कुटीहरू भुइँ लेपिएको अथवा माटो मात्र भएको झुपडी मात्र थिए होलान्। त्यसो हुनाले, सुत्नको लागी भिक्खुहरूलाई ओसिलोपनबाट बच्नको लागी खाट*(मञ्च)*को तथा बस्नको लागी मेच*(पीठ)*को स्वीकृति भयो। खाट र मेचमा खुट्टाहरू सुगत मापले आठ इन्चसम्म अग्ला बनाउन सकिन्छ, यसमा यी खुट्टाहरू जोडिएका चौकोसको नाप सम्मिलित छैन।भिक्खुहरूलाई आठ इन्चभन्दा बढी अग्ला खाट, मेच प्रयोगमा किन निषेध गरिएको हो? बलजफ्ती लागू गरेको हुनु बाहेक यो कुरा म अझ पनि बुझ्दिनँ!जो भिक्खुले निर्धारितभन्दा बढी उँचाई राखी प्रयोग गर्ला, उसलाई पाचित्तिय हुन्छ। ती खुट्टाका बढी भएकाजति लम्बाइ काट्नुपर्छ। यदि भिक्खुले अरूले बनाएको लम्बाइ नाघेको वस्तु प्रयोग गरेमा उसलाई दुक्कट हुन्छ। पछि खाटहरू आठ इन्च अग्ला ब्लकहरूमा बिसाउन स्वीकृति दिइयो। यद्यपि खाटहरूको उँचाई निर्धारित सीमाभित्र नै छ, तर यदि यसमा डरलाग्दा पशुहरूको आकृति वा चित्रहरू छन् भने जस्तो कि शेरको नाक,जसलाई *पल्लंक* भनिन्छ, यो प्रयोग गर्न निषिद्ध छ।

*आसन्दि* त्रिपाइ जस्तो बस्नको लागी उपयोगी वस्तु हो। कुनै आसन्दिआयताकारकोहुन्छ, जसमा २ जना बस्न मिल्छ। वर्गाकार आसन्दिमा एकजना मात्र बस्न मिल्छ। शुरूमा यसमा आठ इन्चभन्दा अग्ला खुट्टा राख्न निषेधित थियो, तर पछि यो स्वीकृत भयो। पीठ्यु अडेस लिने तथा दुई हात

बिसाउने गरी तीन तिर भएको मेच(आर्मचेयर)जसलाई चार खुट्टा र तीन तर्फ गरी 'सात अंग भएको आसन' *सतङ्ग* भनिन्छ। यदि यो अग्लो छ भने (पनि) प्रयोगको लागी अनुमति छ।*पन्चङ्ग* (पाँच अंगले युक्त) भनिने र हात बिसाउने नभएको अडेस लाग्ने मात्र भएको आसनलाई पन्चङ्ग (पाँचवटा अंग भएको) भनिन्छ, र यो हात बिसाउने नभएको मेचजस्तो देखिने आसनको व्याख्या गरिएको छैन तर सतङ्गमा अनुलोम (समावेश) गरिएको छ,र यदि यो अग्लो छ भने पनि प्रयोग गर्न मिल्छ।

ओछ्यानको लागी डस्ना र मेचको लागी बालिस्ट (सिरानी) को अनुमति छ,तर तिनीहरूमा सिमलको कपासले भर्न निषेध गरिएको छ (यसमा कपासपनि समावेश छ)। प्रयोग गर्न मिल्ने सिरानीहरू पाँच प्रकारका छन्: बाख्राका रौं भरिएको, कपडाका टुक्राहरू भरिएको,बिरुवाका रेशाहरू भरिएको,घाँस भरिएको र पातहरू भरिएको। डस्नाको खोल चीवरको लागी अनुमति दिइका छ प्रकारका कपडाहरूबाट बनाइन्छ। अट्ठकथा अनुसार बाख्राकारौं अन्तर्गत बाकी चौपायाहरूका रौंहरू पनि प्रयोग गर्न मिल्छ, यसमा चराहरूको पखेटा र भुत्ला अनि मानिसका केस र रौं बाहेक हो। यी रौंहरू बाहेकका डस्नाहरू प्रयोग गर्न सकिन्छ र अरू सबै प्रकारका रुखका पातहरू प्रयोग गर्न सकिन्छ, यसमा बोर्नियो कपूरको शुद्ध पातहरू (अरू थोक नमिसिएको) बाहेक हो, यदि तिनीहरूलाई अन्य पातहरूसँग मिसाइयो भने,तिनीहरू अनुमति छ। सायद मानिसको कपाल र

रौंलाई प्रतिबन्धित गरिएको बिरामी मानिसहरूबाट संक्रमण फैलिन नदिनको लागी हो कि! बोर्नियो कपूरका पातहरू कडा गन्ध भएकोले निषेध गरिएको हुन सक्छ।

ओछ्यान वा आसनमा उपयुक्त रेशाहरू भरेर (जस्तो कि सोफा) खोलहरू राखिएको भएमा प्रयोग गर्न मिल्छ। ठूला खाट र ओछ्यानहरू प्रयोग गर्न निषेध गरिएका छन् तर सीमाहरू बताइएको छैन। म यो निष्कर्षमा पुगेको छु कि यो दुईजना सुत्न पर्याप्त ठूलो भएको हो। ब्रह्मचारी भिक्खुले दम्पतिहरूले प्रयोग गर्ने वस्तुहरू प्रयोग गर्नु उपयुक्त हुँदैन,त्यसैले यो निषेधित हुनुमा कुनै शंका छैन। टाउकोको लागीसिरानी सिमलले भर्ने अनुमति दिइएको छ तर यो टाउकोको लागी सही मापको हुनुपर्छ। अर्को शब्दमा,यो सिरानी एउटा मात्र टाउकोको लागी हो,दुईवटाको लागी होइन! शरीरको लागी ठूलो बालिस्ट प्रयोग गर्न निषेध गरिएको छ र शरीरको छेउमा बालिस्ट लगाउन पनि निषेध गरिएको छ। त्यसबेलामा रातो कपडालाई सिरानीको खोलको रूपमा प्रयोग गरिन्थ्यो। पालिमा यसलाई *'उभतो-लोहितकुपधानं'*भनिन्छ। जसलाई दुई छेउमा आड दिने रातो रङको सिरानीहरूको रूपमा अनुवाद गरिएको छ' तर अट्ठकथामा यो (गलत)व्याख्या गरिएको छ कि टाउको र खुट्टाका लागी सिरानीहरू रातो रङको बाहेक स्वीकृत छ। ब्रह्मचारी भिक्खुको लागी किन बालिस्ट प्रयोग उपयुक्त छैन, अलिकति सोच्दा नै बुझिन्छ।

Dhamma.Digital

भुइँमा वछ्याउन उत्कृष्ट कपडाहरू प्रयोग गर्न निषेधित छन्। पालिमा उल्लेख गरिए अनुसार झूल अनुमति दिइएको समयदेखि निम्न कुराहरूमाथि निषेध फुक्का गरिएका थिए: *गोणक* भनिने चार इन्चभन्दा लामो कपाल भएको भुइँमा वछ्याइने कपडा; बाख्राको रौंबाट बनेका भुइँमा वछ्याइने विभिन्न नामले बोलाइने कपडाहरू: *चितका* भनिने अनेक ढाँचाले बुनिएका वा बुट्टा बनाइएका कपडा,वा *पटलिक* भनिने फूलको मालाको स्वरूप भएका कपडा, वा सिंह र बाघ आदि डरलाग्दा जनावरहरूका चित्रहरू भएको कपडाजसलाई *विकतिका* भनिन्छ,वा शुद्ध सेतो कपडा जुनलाई *पटिका*भनिन्छ;*उद्धलोमि* भनिने कपालको थुप्रो भएको कपडा,*एकान्तलोमि* भनिने ठाडा रौंहरूको थुप्रो भएको कपडा; सोह्रजना नर्तकहरू नाच्नमिल्ने ठूलो गलैंचा[जस्तो कि रुम कार्पेट] जुनलाई *कुटक* भनिन्छ; एउटा सजावटी कपडा जुन प्रायः सुनको धागोले युक्त, केही रेशम वा फिरोजा (हलुका नीलो) रंग मिसिएको हुन्छ; भुइँमा वछ्याइने शुद्ध रेशमको कपडा, भुइँमा वछ्याइने छालाको वछ्यौना जुनलाई *अजिन* भनिन्छ; नरम र कोमल कपाल भएको छाला; [जस्तै 'पानी-बिरालो, जुनलाई अंग्रेजीमा 'सिल' भनिन्छ],कस्तूरी बिरालोको छालाले बनेको भुइँमा वछ्याइने राम्रो बिछौना; माथि छत भएको सुत्ने ठाउँ,जसलाई झूलमुनि सुत्नु भनी बुझिन्छवा,छत भएको ओछ्यान,हात्ती ढाक्ने कपडा,घोडा ढाक्ने कपडा,वा,सवारी साधन छोप्ने कपडा,तर कुन प्रकारको हो भन्ने कुरा भने भनिएको छैन। यी

Dhamma.Digital

उल्लिखितहरूमध्ये बाख्राको रौं वा रेशमको भुइँमा वछ्याइने कपडा जस्ता वस्तुहरू अहिले सामान्य भइसकेका छन्। अट्ठकथा-आचरियहरूले आफ्नो समयमा बाख्राको रौंबाट बनाइएका ढाँचायुक्त कपडाहरू उत्कृष्ट चीजहरू थिए भनी व्याख्या गरेका छन्। सुनले सजाइएका रेशम कपडाहरू जसलाई हामी कढाई (धागाका फूलबुट्टा) ले सजाइएको भन्छौं,आजकल बाख्राको कपालबाट बनेका वछ्याइने कपडा एकदमै चलनचल्तीको र सामान्य भइसकेको छ,यसको प्रयोगलाई अति भएको मान्नहुँदैन।

बासस्थानका नसुहाउने सामानहरू जुन कि गृहस्थीहरूको लागी हो,यस्तामा भिक्खुलाई बस्ने अनुमति छ तर उसलाई सुत्ने अनुमति छैन। सुरुमा तीन प्रकारका वस्तुहरू भिक्खुलाई प्रयोग गर्न निषेध गरिएका थिए: आसन्दि,पल्लंक,र सिमलले भरिएका चीजहरू। त्यसपछि आसन्दि अनुमति दिइयो र भिक्खुहरूलाई सिमलले भरिएको सिरानी सहितको ओछ्यान र स्टूलमा बस्न अनुमति दिइयो,जस्तै सिमलले भरिएको कपडाले मोडिएको (अपहोल्स्टर्ड) कुर्सी, जुन किगृहस्थीहरूको हो।भिक्खुले सिमलले भरिएको चकटीमा बस्न मिल्छ तर *पल्लंक*मा बस्न निषेध छ।

दुईजना भिक्खुहरू एउटै ओछ्यानमा वा एउटै भुइँको ओछ्यानमा सुत्नु वा एउटै कम्बलले ओढ्नु उपयुक्त हुँदैन,यी कुराहरू निषेध गरिएका छन्। दुईजना भिक्खुहरू एउटै ओछ्यानमा वा अडेस लिने नभएको बेन्चमा बस्न मिल्छ तर

पालिमा भनिएको छ कि एकजना भिक्खु अर्को भिक्खुसँग बस्न अनुमति छ जसमा वर्षावासको संख्या झन्डै उस्तै छ। तीनवटा वर्षावासभन्दा घटि वा बढी भएकाहरूमा जेष्ठ वा कनिष्ठ भन्ने हुँदैन,यस अवस्थामा उनीहरूलाई *समानासनिक* भनिन्छ। त्योभन्दा बढी वा घटी भएका भिक्खुसँग बस्न निषेध गरिएको छ,जसलाई *असमानासनिक* भनिन्छ। आचरियहरूको व्याख्या अनुसार *उपज्झाय* र *सद्धिविहारिक* एउटै ओछ्यानमा बसेमा त्यो उचित होइन,तर म कुरालाई फरक ढंगले हेर्छु। यसको व्याख्या चरियावत्त (आचारसँग सम्बन्धित कर्तव्यहरू) को खण्ड अन्तर्गत वत्तखण्डमा गरिनेछ।भिक्खुका लागी फूल छरिएको ओछ्यानमा सुत्नु उपयुक्त हुँदैन,यो निषेध गरिएको छ। जब भिक्खुलाई फूल लाभ हुन्छ,उसलाई आफ्नो निवासमा एक छेउमा राख्न अनुमति दिइन्छ। हाल यसलाई भगवान बुद्धको पूजा गर्नका लागी राखिने गरिन्छ, जुन वास्तवमै उपयुक्त छ।

*****

Dhamma.Digital

# अध्याय १३

## निस्सय (आश्रय)

पठमबोधिकाल भनिने बुद्धत्व प्राप्तिपछिका शुरूवाति दिनहरूमा भिक्खुहरू त्यतिसाह्रो धेरै थिएनन्, र उनीहरूलाई सजिलैसँग नियन्त्रण गर्न सकिन्थ्यो।भिक्खुहरूको संख्या बढेपछि उनीहरूलाई नियन्त्रण गर्नमा कठिनाइ पनि बढ्यो। त्यसो हुनाले भगवान बुद्धले बुद्ध-आदेश(*आणा)* को रूपमा सिक्खापदहरू र अभिसमाचार (उच्च समुचित आचरण) को रूपमा आचरणका उचित चलनहरू स्थापना गर्नुभयो। यी दुबै समूहका नियमहरू कालक्रममा बृद्धि भयो। अनि नयाँ भिक्खुहरू आफैले सबै नियमहरू र चलनहरू सहि ढंगले थाहापाउन नसकिने भएपछि उनीहरूले अर्काको ब्यवहारलाई हेरे तथा एकअर्काको अनुकरण गरे, तर उनीहरूलाई नियमहरू सहि ढंगले जान्नको लागी अध्ययन गर्नु जरूरी हुनगयो। त्यसो हुनाले भगवान बुद्धले प्रशिक्षकको रूपमा काम गर्न *उपज्झाय* लाई स्वीकृति दिनुभयो ।

Dhamma.Digital

उपसम्पदा (भिक्खु दीक्षा) लिएको पाँच वर्षावासभन्दा कम अवधि पूरा गरेका भिक्खुहरूलाई *नवक* (नौला) भनिन्छन् र उनीहरूका आ-आफ्ना उपज्झाय हुनैपर्छ र उनीहरू उसँग बस्नैपर्छ।उनीहरूले सो उपज्झाय भिक्खुबाट आदेश तथा शिक्षा ग्रहण गर्नु पर्छ। जब भगवान बुद्धले उपज्झायको स्वीकृति दिनुभयो, उपसम्पदा भएको पाँच वर्षावासभन्दा कम अवधि भएका हरेक भिक्खुले एक न एक जनालाई आफ्नो उपज्झाय बनाउनुपर्ने भयो। यसको विधी यस्तो हो भनी पालिमा दिइएको छ:भिक्खुले उत्तरासंगलाई एकातिरको (बायाँ) काँधमा लगाएर (एकांश गरेर) उपज्झायको पाउमा ढोगेरटुक्रुक्क बसेर, शिर निहुराएर, हात जोडेर तीनपटक यस्तो भन्नुपर्छ-*उपज्झायो मे भन्ते होहि,* यसलाई यस्तो भनी अनुवाद गर्न सकिन्छ,'भो भन्ते, हजुर मेरा उपज्झाय हुनुहोस्।' नवकले यसरी आश्रय दिनको लागी प्रार्थना गरिसकिएपछि वरिष्ठ भिक्खुले त्यो प्रार्थना ग्रहण गर्दछ, उसले निम्नलिखितहरू मध्ये एक न एक वा सबै वचन बोलेर जवाफ दिन्छ-*साधु!* (राम्रो भयो),*लहु!* (सुविस्ता छ),*ओपायिकं!* (सहि ढंगले गर),*पतिरूपं!* (उचित ढंगले गर),*पासादिकेन सम्पादेहि!*(तिमीले राम्रो ढंगले आचरण गर्नमा प्रयासगर्नु पर्छ। यो हो नवकले उपज्झाय ग्रहण गर्ने तरिका।

अरूलाई आफ्नो आश्रयमा बस्नदिने भिक्खुलाई उपज्झाय भनिन्छ, जुनलाई गुरू भनी अनुवाद गरिन्छ, अथवा 'हेरविचार गर्ने ब्यक्ति'। अरूको आश्रयमा बस्ने भिक्खुलाई *सद्धिविहारिक* भनिन्छ, जुनलाई 'सँगै बस्ने' भनी अनुवाद

गरिन्छ।आश्रयमा बस्ने ढंगलाई *निस्सय* भनिन्छ। नयाँ उपसम्पदा प्रार्थना गर्न आउने व्यक्तिले शुरूदेखि नै उपज्झाय बनाउने स्वीकृति छ, उसलाई संघको माझमा लिएर जाने व्यक्तिको रूपमा उपज्झाय बनाउने हो र ऊ नै उसको जिम्मावाल हो।*कम्मवाचा* (विधीकर्मका वाक्य) पाठ गरिने बेलामा उपज्झायको नाम पनि किटेर बोल्नुपर्छ। निस्सय प्रार्थना गर्ने र यो ग्रहण गर्ने विधीवाक्य माथिको जस्तो नै हो तर अहिले निस्सय प्रार्थना गर्ने वाक्य पहिले उच्चारण गरिन्छ, अनि पछि मात्र एक अर्काप्रति कर्तब्यका कुराहरू आउँछन्, जुन कि प्रब्रज्या विधीमा वर्णन गरिनेछ।

बुद्ध भगवानले नियम बनाइदिनुभयो कि उपज्झाय र सद्धिविहारिक एक आपसमा दयालु र उपकारी हुनुपर्दछ। उपज्झायले सद्धिविहारिकलाई आफ्नो पुत्र झैं मान्नुपर्छ भने सद्धिविहारिकले उपज्झायप्रति उसको पिताप्रति जस्तो नै श्रद्धा हुनुपर्दछ। यस्तो भएपछि उनीहरूले उचितरूपले एकआपसमा सम्मान तथा गौरब गर्नेछन् र धम्मविनयमा उनीहरूको समृद्धि र प्रगति हुनेछ। बुद्ध भगवानले नियमहरू बनाइदिनुभयो कि उपज्झाय र सद्धिविहारिकले आपसमा होसियारीका साथ आआफ्ना कर्तव्य पूरा गर्नु पर्छ। सद्धिविहारिकले उपज्झायप्रति गर्नुपर्ने कर्तव्यहरूलाई *उपज्झायवत्त* भनिन्छ। उपज्झायले सद्धिविहारिकप्रति पालन गर्नुपर्ने कर्तव्यलाई *सद्धिविहारिकवत्त* भनिन्छ, दुबैको व्याख्या तल दिइनेछ।

Dhamma.Digital

सद्धिविहारिक र उसको उपज्झायको बीचको निस्सय (आश्रयभाव) उनीहरू एकसाथ बसुन्जेलसम्म रहन्छ। नियम अनुसार, एकदिनको लागी मात्र भए पनि, यदि उनीहरू एक अर्कासँग छुटिए भने, निस्सय समाप्त हुन्छ र यो टुट्छ। पालिमा निस्सय समाप्त हुनुका कारणहरू निम्नलिखित किसिमले देखाइएको छ : उपज्झाय अन्तै जान्छ, उसले प्रब्रज्या विसर्जन गर्छ, ऊ मर्छ, ऊ *तित्थिय* (अन्य सम्प्रदाय) मा प्रवेश गर्छ, अथवा उसले सद्धिविहारिकलाई निस्सय ग्रहण नगर्न आदेश दिन्छ। निस्सय समाप्त हुनलाई अन्तिम एउटा बाहेक यी तथ्यहरू सद्धिविहारिकको लागी पनि लागू हुन्छ, सद्धिविहारिक अन्तै जान्छ, ऊ मर्छ, उसले प्रब्रज्या विसर्जन गर्छ, अथवा तित्थियमा प्रवेश गर्छ ।

अन्तै जानु सम्बन्धमा गइसकेपछि फेरि फर्केर आउँछ, अथवा जुन बासस्थानमा बसेको छ, ऊ पनि गएर त्यहिं साथमा बस्छ भने निस्सय फर्केर आउँछ, (अथवा स्वतः निरन्तर हुन्छ। (उनीहरूको निस्सय पुनरुज्जीवित हुन्छ)। उपज्झायसँग बस्नजाने सद्धिविहारिकको मामलामा अट्ठकथाचार्यले व्याख्या गरेका छन् कि सद्धिविहारिकले उपज्झायलाई स्पष्टरूपमा देखेपछि जसले उसलाई चिन्दछ, अथवा उसले उपज्झायले निकालेको आवाज केहि सुन्छ, जुन कि उसले चिन्दछ, (उनीहरूको निस्सय पुनरुज्जीवित हुन्छ रे)। तर यस्तो ढंगले व्याख्या गर्नु त साह्रै नै सतही कुरा भयो। यो विषयलाई योभन्दा असल तरिकाले व्याख्या गरिनु पर्दछ।मूलपालि पाठमा

https://dhamma.digital

यस्तो भनी बताइएको छ-*उपज्झायेन समोधानागतो,* जुनलाई म यस्तो भनि अनुवाद गर्छु,'उपज्झायसँग बस्नु', र यसको अर्थ हो 'उपज्झायको नियन्त्रणमा पुनः बस्न आउनु'। तात्पर्य यो हो कि भिक्खुले बाटोमा एकछिनको लागी भेट भएको आदिलाई पुनर्मिलन भएको भनी मान्न हुन्न, अथवा (निस्सय पक्का गर्नको लागी कारक बन्ने किसिमले होइन), उपज्झायले सद्धिविहारिकलाई देखेको छैन,यस्तो भएमा निस्सय बिल्कुल बन्दैन। नत्र निस्सय दिने र लिनेलाई कति मुश्किल हुँदो होला! यो कुरो तल आचरियसँग निस्सय लिनु अन्तर्गत उल्लेख हुनेछ।

अट्ठकथा-आचार्यहरूले आदेशका कारक तत्वहरू यसरी व्याख्या गरेका छन्: उपज्झायले सद्धिविहारिकलाई यसरी निकालिसकिएपछि जब उपज्झायले उसलाई क्षमा दिन्छ र फेरि आफ्नो नियन्त्रणमा रहन अनुमति दिन्छ, तब निस्सयसुरुमा जस्तै पुन: स्थापित हुन्छ। तर मलाई लाग्छ कि यसको मतलब हो, बरु उपज्झायलाई थाहा छ कि उसको सद्धिविहारिक पाँच भन्दा बढी वर्षावासहरू पूरा भइसकेको छ र उसलाई आफ्नो सुरक्षा गर्न धम्म-विनयको पर्याप्त ज्ञान भइसकेको छ।र यसैले उसलाई निस्सयबाट मुक्त गराउँछ र उसलाई आश्रित हुनुबाट मुक्त भएको *निस्सयमुत्तक* गरिदिन्छ। यो विषयलाई पनि 'हटाउनु' को अन्तर्गत समेट्नुपर्छ।

भगवान बुद्धले उपज्झायलाई उचित आचरण नगर्ने सध्दिविहारिकलाई निष्कासन गर्ने अधिकार प्रदान गर्नुभएको

छ। पालिमाउपज्झायले सद्धिविहारिकलाई निष्कासन गर्न सकिने पाँचवटा कारणहरू यसरी व्याख्या गरिएका छन्: १) सद्धिविहारिकसँग आफ्नो उपज्झायप्रति प्रेम छैन,२) उसँग आफ्नो उपज्झायमा श्रद्धा (विश्वास) छैन,३) ऊ उपज्झायको अगाडि निर्लज्ज हुन्छ (संकोच मान्दैन),४) उसले आफ्नो उपज्झायप्रति आदर गर्दैन, वा ५) उसले आफ्नो उपज्झायको भलो चिताउँदैन।

यिनको व्याख्या निम्न रूपले बुझ्नुपर्छ: सद्धिविहारिक जसले आफ्नो उपज्झायप्रति पिताप्रति छोराले जस्तै दयालु र सहयोगी मन राख्ने हुन्छ, यस्तो सद्धिविहारिकलाई 'उपज्झायप्रति माया गर्ने' भनिन्छ। यदि ऊआफ्नो उपज्झायबाट अलग भएको छ र उसलाई अन्य मानिसहरूभन्दा फरक मान्दैन भने,उसलाई 'उपज्झायलाई माया नगर्ने' भनिन्छ। आफ्नो उपज्झायको सद्गुण र शैलीको प्रशंसा गर्ने सद्धिविहारिक 'आफ्नो उपज्झायमा राम्रो भरोसा राख्ने व्यक्ति' हो। यदि कुनै सद्धिविहारिकले आफ्नो उपज्झायको बारेमा नराम्रो सोच्दछ र उसलाई आफ्नो उदाहरणको रूपमा लिंदैन भने,उसलाई आफ्नो उपज्झायमा आस्था नभएको भनिन्छ। धम्म-विनयभन्दा बाहिरको व्यवहार नगर्ने र आफ्नो उपज्झायको अगाडि लाज (भय) महसुस गर्ने सद्धिविहारिकलाई 'उपज्झायदेखि संकोच मान्ने' भनिन्छ। लाज नभएको सद्धिविहारिकनिर्लज्ज हो, आफ्नो उपज्झायको उपस्थितिमा दुराचरण गर्ने हिम्मत गर्नेलाई पनि 'निर्लज्ज' भनिन्छ। आफ्नो उपज्झायप्रति सम्मान

गर्ने,उसको कुरालाई सुन्नयोग्य ठान्ने र दिएको आदेश पूरा गर्नु पर्छ भनी बुझेको सद्धिविहारिकलाई 'सम्मान गर्ने'भनिन्छ। यदि उसले आफ्नो उपज्झायमा विशेष केहि महत्त्व देख्दैन भने, उपज्झायले आदेस दिने बेलामा उसलाई सुन्ने आस्था छैन भने,उसलाई 'सम्मान नगर्ने' भनिन्छ। जो सद्धिविहारिक आफ्नो उपज्झायलाई सुखी र निर्दुखी होस् भन्ने कामना गर्दछ,र उपयुक्त अवसरमा आफ्नो सुख-दुःख ब्यक्त गर्नेलाई 'उपज्झायको भलो चिताउने' भनिन्छ,यदि ऊ आफ्नो उपज्झायप्रति उदासीन छ भनेउसलाई 'उपज्झायप्रति असल नचिताउने' भनिन्छ।

सद्धिविहारिकउपज्झायका गुणहरूद्वारा प्रभावित हुनुपर्दछ जसको अनुकरण अहिले ऊ गर्दैछ । तसर्थ,उपज्झायले सद्धिविहारिकलाई विभिन्न प्रकारका लाभद्वारा,धम्मको शिक्षाद्वारा,र दया र करुणा देखाएर सहयोग गर्नु पर्छ ताकि सद्धिविहारिकलाई आफूप्रति प्रेम होस्। उपज्झायले आफूलाई असल आचरण र सद्गुणको उदाहरण बनाउनुपर्छ जसले गर्दा सद्धिविहारिकले आफूमाथि भरोसा राख्नेछ र बेढंगले आचरण गर्नेछैन र लाज मानेर उचित अभ्यास गर्न खोज्नेछ। आफ्नो तर्फबाट उपज्झायले भगवान बुद्ध,धम्म र संघ,आफ्नै उपज्झाय,आचार्य र आफ्ना ज्येष्ठ थेरहरूप्रति आदर गर्नु पर्छ। सद्धिविहारिकले उसलाई उदाहरणको रूपमा लिनेछ र उसको चलनको तरिकालाई पछ्याउनेछ (दिट्ठानुगति)। उपज्झायले सद्धिविहारिकलाई बाधा पर्ने कुनै काम गर्नहुँदैन र आफूसँग

बसेर उसले लाभहरू पाएको अनुभव गराउन सक्नुपर्छ। जसले गर्दासद्धिविहारिकले त्यसको बदलामा आफूप्रति असल चिताउनेछ। जब उपज्झायले यसरी राम्रो व्यवहार गर्छ तर सद्धिविहारिकले नराम्रो व्यवहार गर्छ भने उपज्झायले उसलाई निष्कासन गर्नु पर्छ। यदि उपज्झायलाई सद्धिविहारिक मनपर्ने कारणले गर्दा,वा आफूलाई अपमान गर्ने डरले वा अन्य कारणले कमजोर छ भनेयो उपज्झायको दोष हो।

निष्कासन यसरी गर्नु पर्छ: उपज्झायले यसरी बोल्नु पर्छ कि सद्धिविहारिकलाई थाहा होस् कि उसलाई निष्कासन गरिएको छ। यसका उदाहरणहरू पालिमा दिइएका छन्: म तिमीलाई धपाउँछु!','यहाँ नआऊ!','तिम्रो चीवर र पात्र लिएर जाऊ!',वा,'तिमीले मेरो वास्ता गर्नु पर्दैन!'भन्नुपर्छ। अथवा उपज्झायले उसलाई आफ्नो शरीरको चालढालले यो कुरा बुझाउँछ। निष्कासन गरिएको सद्धिविहारिकले सुधार गर्ने प्रयास गर्नु पर्छ र उपज्झायसँग क्षमा प्रार्थना गर्नु पर्छ। यदि सद्धिविहारिकले यसो गर्न खोज्दैन भने यो उसको दोष हो। जब सद्धिविहारिकले आफुलाई सुधारीसक्छ,र क्षमा प्रार्थना गर्छ,तर उपज्झाय मान्दैन र निष्काशनलाई अन्त्य गर्दैन भने यो पनि उपज्झायको तर्फबाट गल्ति हो। सद्धिविहारिकले आफ्नो निष्कासनको कारणलाई अझै सुधार गरेको छैन,वा उपज्झायले सोच्छ कि यदि उसले सजिलैसँग सद्धिविहारिकलाई फिर्ता स्वीकार गरेमा सम्हाल्न सकिनेछैन। यदि उपज्झायले क्षमायाचना स्वीकार गर्ने मनमा दृढ संकल्प गरेको छ भने

यसमा उसको कुनै दोष हुनेछैन। यदि सद्धिविहारिक सद्गुणहरूले युक्त छ, तर उपज्झाय क्रोधित हुन्छ वा के गर्नु पर्छ, उसलाई थाहा छैन, जसले गर्दा उसले आफ्नो शिष्यलाई गलत तरिकाले निकाल्छ भने,यो उपज्झायको दोष हो।

जो (नवक) भिक्खु माथि उल्लेखित पाँच कारणहरू मध्ये कुनै कारणले आफ्नो उपज्झायको नियन्त्रणमा रहँदैन,उसले अर्को भिक्खुलाई आफ्नो आचार्य ग्रहण गर्नु पर्छ र उपज्झायको सट्टामा उसको आश्रयमा बस्नुपर्छ। आचार्य ग्रहण गर्ने तरिका उपज्झाय ग्रहण गर्नुको जस्तै हो,तर अनुरोध गर्ने बिधीबाक्यहरू फरक छन्। निम्न लिखित बाक्य तीन पटक दोहोर्याउनु पर्छ: *"आचरियो मे भन्ते होहि*,आ*यस्मतो निस्साय वच्छामि"*,यसरी अनुवाद गरिएको छ, 'आदरणीय भन्ते,कृपया हजुर मेरो आचार्य बन्नुहोस्, म हजुरको आश्रयमा बस्नेछु।' यो निश्रयमा राख्न स्वीकार गर्ने भिक्खुलाई आचरिय (आचार्य) भनिन्छ,जसको अर्थ हो, अरूलाई सही तरिकाले तालिम दिने। जो भिक्खु उसमा आश्रित रहन्छ उसलाई अन्तेवासिक वा अन्तेवासी भनिन्छ,जसलाई एउटै 'निवास (विहारमा) मा बस्ने' भनेर अनुवाद गरिएको छ।

पालिमा आचरिय भनेको उपज्झायको सट्टामा निस्सय दिनेलाई मात्र बुझिन्छ,तर अट्ठकथामा चार प्रकारका आचरियहरूको सूची दिइएको छ: पब्बज्जाको समयमा (श्रामणेर बन्दा) 'शरणागमन शील' दिने भिक्खु;उपसम्पदा गरिने बेलामा कम्मवाचा पाठ गर्ने भिक्खु; निस्सय दिने भिक्खु; र धम्म

सिकाउने भिक्खु।कुन प्रकारको आचरिय हो भनी कसरी थाहा पाउन सकिन्छ? यी आचरियहरू उनीहरूको कामबाट चिनिन्छन्।*पब्बज्जाचरिय*,प्रव्रज्या हुँदा (श्रामणेर बन्दा) को आचरिय;*उपसम्पदाचरिय*, उपसम्पदा (पूर्ण भिक्खुको रूपमा स्वीकृति दिने) बिधीमा नियुक्त अधिकृत भिक्खु;*निस्सयाचरिय*,निस्सय (आश्रय) दिने भिक्खु;*उद्देसाचरिय*, धम्म सिकाउने आचरिय।यहाँ चर्चा गरिएको निस्सयाचरियलाई यो सूचिमा तेस्रो स्थानमा राखिएको छ। उही तरिकाले (शिष्यको) पनि नामाकरण गरिएको: *पब्बज्जन्तेवासिक*,पब्बज्जा ग्रहण गर्ने (श्रामणेर बनेको) अन्तेवासिक; *उपसम्पदान्तेवासिक*,उपसम्पदा ग्रहण गरेको अन्तेवासिक;*निस्सयान्तेवासिक*, निश्रय ग्रहण गर्ने अन्तेवासिक;*धम्मन्तेवासिक*, धम्म सिक्ने अन्तेवासिक।[5]

आचरिय र अन्तेवासिकले एकअर्कालाई दयामाया राख्नुपर्छ र पारस्परिक सहयोग दिनुपर्छ जसरी उपज्झाय र सद्धिविहारिकका बीचमा हुन्छ,किनकि एकअर्कामा

---

[5]मलाई लाग्छ कि चीवर प्रदान गर्ने भिक्खु पनि आचरिय नै हुनुपर्छ किनभने उपसम्पदा हुँदा उसैलाई उपज्झाय ग्रहण गर्नुपर्छ, अथवा अरूलाई ग्रहण गरेपनि हुन्छ।
(लेखक भिक्खुवर समतेच बर-महा-समण-चाउको थाइ पाण्डुलिपिमा भएको पादटिप्पणी।

Dhamma.Digital

आस्थावानहुनुपर्छ। यदि आचरिय अथवा अन्तेवासिकले उनीहरूसँग समान (अनुकूल) तरिका र आचरण छ भनी सुनिश्चित नभएसम्म पर्खन्छ,त्यसपछि निस्सयको लागी अनुरोध गर्दछ र आचरियले त्यो अनुरोध स्वीकार गर्दछ भने,यस्तो गर्नु उपयुक्त छ र त्यसलाई भगवान बुद्धद्वारा अनुमति छ। आचरियसँगको निस्सय समाप्तिका कारणहरू पनि उपज्झायसँग जस्तो नै हो,तर यहाँ अतिरिक्त छैठौं बुँदा छ: अन्तेवासिक आफ्नो उपाज्झायसँग पुन: सम्मिलित हुनजान्छ।

यो छैटौं बुँदालाई अट्ठकथा-आचरियहरूले यसरी व्याख्या गरेका छन्: अन्तेवासिकले आफ्नो उपज्झायलाई देख्छ र उसलाई चिन्न सक्छ,वा उसले उसको आवाज वा उसले निकालेको आवाज सुन्छ, जसले गर्दा आचरियसँगको निस्सय समाप्त हुन्छ। यस्तो भएको बेलामा भिक्खुले आचरियबाट फेरि निस्सय माग्नुपर्ने चलन छ। यो परम्पराले आचरिय र अन्तेवासिक दुवैलाई कम्ति समस्या पर्दैन। उदाहरणको रूपमा मेरो आफ्नै अनुभव सुनाउँछु। जब म निस्सय आचार्य थिएँ र मेरा अन्तेवासिकहरूले अरूलाई उपसम्पदा दिन आएको बेलामाउनीहरूका उपज्झायलाई भेटेका थिए,उनी उपज्झाय फर्केपछि उनीहरूले नयाँ निस्सय ग्रहण गर्नको लागी मकहाँ आउनुपर्यो- (लगभग विहारका आधा भिक्खुहरू!) यो नयाँ ग्रहण गर्न धेरै समय लाग्यो र धेरै समय नबित्दै अर्को उपसम्पदा कार्य आइपुग्यो, अनि निस्सय फेरि समाप्त भयो र उनीहरूले फेरि त्यसको लागी याचना गर्नुपर्यो! अन्तेवासिकहरूले देखे कि

Dhamma.Digital

आचार्य (म) समस्यामा परेका थिए र उनीहरूले मलाई बारम्बार दुःख दिन चाहेनन्। यसैले उपज्झाय देखिने भएमा सकभर त्यसलाई टाल्ने गर्थे-उपज्झायको अगाडि जाँदैनथे, तर यो असल चलन होइन। वास्तवमा निस्सय सकिए पनि उनीहरू मेरै नियन्त्रणमा रहेका छन्, तर निस्सय याचना फेरि गर्नुपर्‍यो, फगत विधीको रूपमा। त्यसको नतिजा कम्ति अप्ठ्यारो थिएन। यो त खेलान्ची मात्र भएको जस्तो लाग्यो! अन्तेवासिकहरूले यसमा सार्थकता देखेनन् र त्यसले (भिक्खुहरूको) नियन्त्रणमा गडबड पार्‍यो।'उपज्झायसँग पुन: मिलन हुनु' भनेको यस्तो भनी बुझ्नुपर्छ कि उपज्झायको नियन्त्रणमा बस्नु भनेको हो,उसँग एकछिनको लागी भेटघाट मात्र भएकोलाई भनिएको होइन,जस्तो कि ऊ उपसम्पदा दिन आउने बेलामा,तब उसलाई बाटोमा भेट्ने बेलाको बारेमा त कुरै गर्नु परेन। यदि उपज्झाय एक रातको लागी विहारमा बस्न आए भने,यो स्थितिमा, (भिक्खुहरू जो नवक र जो उसका सद्धिविहारिक थिए,उनीहरू फेरि आफ्नो उपज्झायको नियन्त्रणमा रहेको मान्नुपर्छ। उसले त्यो ठाउँ छोडेपछि निस्सय फेरि आचरियमा फर्कन्छ र भिक्खुआचरियको नियन्त्रणमा रहेसम्म फेरि माग्नुपर्छ भन्ने सोच्नुपर्ने अवस्था छैन। यदि,पछि,(पहिले उल्लेखित) पाँच कारणहरू मध्ये कुनै एक कारणले भिक्खु आफ्नो आचरियको नियन्त्रणबाट बाहिर गयो भने,निस्सय समाप्त हुन्छ,उदाहरणको लागी,जब अन्तेवासिकले अर्को ठाउँमा बस्नजान आफ्नोआचार्यबाट बिदा लिन्छ। त्यसो भएमा उसले त्यो विहारमा अर्को भिक्खुलाई

आचार्यको रूपमा लिनुपर्छ। पछि पहिलो विहारमा फर्किएपछि फेरि निस्सय माग्नु उपयुक्त हुन्छ। यसरी बुझेमा आचरिय र अन्तेवासिकलाई कठिनाइबाट छुटकारा दिनेछ। अन्तेवासिकहरूलाई पनि उपज्झायसँग भेट्न पाउँदा खुसी लाग्छ। यो तरिका (भिक्खुहरूको) नियन्त्रणको लागी पनि राम्रो हुनेछ।

पाँच वटाभन्दा कम वर्षावास भएको भिक्खु नवक नै हो र धम्म र विनयको ज्ञान भए पनि निस्सय नलिईकन र आफ्नो उपज्झाय वा आचार्यको अधीनमा नबस्नु उचित हुँदैन। उसलाई यसरी नबस्नुमा भगवान बुद्धले निषेध गर्नुभएको छ। त्यसैले केही नजान्ने भिक्खुको प्रसंग उल्लेख गर्नु जरुरी छैन! बासस्थान निश्चित नभएको भिक्खुको हकमा अपवाद मानिन्छ।पालिमा व्याख्या गरिएको यस्तो छ कि यात्रामा रहेको भिक्खु,(बिरामी भिक्खु)[6], बिरामी भिक्खुलाई स्याहार गरिरहेको भिक्खु र त्यसै कारणले उसँगै बस्न अनुरोध गरेकोलाई स्वीकार गरेको भिक्खु, र अस्थायी रूपमा *समणधम्म* (भिक्खुका गुण र कर्तव्यहरू) को विकास गर्नको लागी अरञ्ञवास गर्न गएको भिक्खु; यी सबैलाई छूट दिइएको छ। यदि कुनै ठाउँमा भिक्खुले निस्सय प्रदान गर्ने वरिष्ठ भिक्खु भेट्टाउन नसकेमा र अन्यत्र जानमा बाधित हुने कुनै कारण भएमा निस्सय दिनसक्ने

[6]अंग्रेजी अनुवादकहरूद्वारा विनयपिटकबाट थपिएको । शायद मूल पुस्तकमा यो भूलले छुटेको होला ।

भिक्खु त्यहाँ बस्न आउँदा उसँग निस्सय ग्रहण गर्ने मनमा दृढ संकल्प लिएर बस्न सक्छ। यो गर्न सकिन्छ।

दशभन्दा कम तर पाँचभन्दा बढी वर्षावास हुने भिक्खुलाई *मज्झिम* भनिन्छ,जसलाई बीचको स्तरको भनी अनुवाद गरिन्छ। जो मज्झिम भिक्खु एक्लै बस्दा आफूलाई जोगाउन पर्याप्त सद्गुणहरूले युक्त हुन्छ, उसलाई निस्सयबाट मुक्त हुने अनुमति दिइन्छ र आफैं एक्लै बस्न सक्छ, उसलाई *निस्सयमुत्तक* भनिन्छ। तर,धम्म विनयको पर्याप्त ज्ञान नभएका पाँचभन्दा बढी वर्षावास भएका भिक्खुहरूले पनि आफ्नो सुरक्षाकोलागी अझै निस्सय ग्रहण गर्नु पर्छ। पालिमा उल्लेख गरिएका उच्चतम भनिएका गुणहरू अरहन्तका हुन्,तर यी गुणहरू चरणबद्ध रूपले कमतर हुन्छन्। अन्ततः *कल्याणपुथुज्जन*भिक्खु (उच्च साधारण मानिस) का सद्गुणहरू दिइएका छन्। वर्तमान कालमा भिक्खुहरूका लागी उपयुक्त केही गुणहरू तल संक्षिप्तमा सूचीबद्ध गरिएका छन्:

१. ऊ आस्थावान् *(सद्धा)* हुन्छ,लज्जा *(हिरी)* युक्त हुन्छ, खराब गर्नमा डर मान्ने हुन्छ *(ओत्तप्प)*, प्रयास *(विरिय)* युक्त हुन्छ,र स्मृतियुक्त *(सति)* हुन्छ।

२. ऊ नैतिक नियमहरूले पूर्ण, राम्रो आचरणयुक्त, सम्यक दृष्टिको हुन्छ, गहिरो शिक्षा र बुद्धिले सम्पन्न हुन्छ।

Dhamma.Digital

३. उसलाई थाहा छ आपत्ति के हो,के होईन,हलुका आपत्ति के हो,भारी आपत्ति के हो,र उसले कुनै गल्ती नहुने गरी पाटिमोक्ख कण्ठस्थ गरेको हुन्छ।

४. ऊ पाँच वा पाँचभन्दा बढी वर्षावास भइसकेको हुन्छ।

यी सद्गुणहरूमध्ये कुनै अंश कमी हुन सक्छ तर वर्षावासको संख्या निर्धारितभन्दा कमको हुन मिल्दैन। जो भिक्खु मज्झिम हो र यी गुणहरूले सम्पन्न छ,यद्यपि ऊ एक्लै रहन सक्छ,तर (भिक्खुहरूको) परिषदको जिम्मावाल हुन सक्दैन।

दश वर्षावास पूरा भएको भिक्खुलाई *थेर* भनिन्छ,जसलाई आदरणीय वरिष्ठ भनी अनुवाद गरिन्छ। उसमा यस्ता गुणहरू छन् जसले गर्दा ऊ अरूलाई नियन्त्रण गर्न सक्षम हुन्छ। उसलाई उपज्झाय बन्न र उपसम्पदा दिन,आचार्य बन्न र निस्सय दिन,उसको रेखदेख गर्न सामणेरहरू राख्न अनुमति छ। अर्थात् उसले अरूलाई सामणेर प्रव्रज्या दीक्षा दिन सक्छ र त्यसैले उसलाई *परिसुपत्थापक* भनिन्छ,जुनलाई उसको हेरचाह गर्ने परिषदले सम्पन्न भएको भनी अनुवाद गरिएको छ',वा,परिषदलाई काम लगाउने',जसको अर्थ हो कि ऊ सद्गुणहरूले सम्पन्न छ,(भिक्खुहरूको) परिषदलाई नियन्त्रण गर्दछ। यद्यपि,यदि भिक्खुमा यी गुणहरू छैनन् भने,उसको वर्षावास पूरा भए तापनि,उसलाई परिषद

नियन्त्रण गर्ने अनुमति छैन।निस्सयबाट मुक्ति पाएको मज्झिम स्तरकोमा थपिएका गुणहरूपालिमा उल्लेख गरिएका निम्न हुन्:

५. उसले आफैले बिरामि सद्धिविहारिक वा अन्तेवासिकलाई स्याहार गर्न सक्छ,वा अर्कोलाई स्याहार गर्न आदेश दिन सक्छ, उसले ब्रह्मचर्यमा असन्तुष्ट भएको सद्धिविहारिक वा अन्तेवासिकमा उत्पन्न भएको जोशलाई अन्त्य गर्नसक्छ वा अन्त्य गर्नसक्ने अर्को खोज्नसक्छ। उसले सद्धिविहारिक वा अन्तेवासिकको लागी उत्पन्न भएको धम्म-मार्गप्रतिको विरक्तिपनलाई हटाउन सक्छ,वा अर्कोलाई त्यसो गर्न लगाउन सक्छ। उसले आपत्तिलाई चिन्छ र आपत्तिबाट मुक्त हुने उपायहरूलाई पनि चिन्छ।

६. उसले सद्धिविहारिक वा अन्तेवासिकलाई उचित आचरण (अभिसमाचार)को उच्च तालिम दिन सक्छ र ब्रह्मचर्यकोलागी आवश्यक बुद्ध-विनयका प्रमुख तालिमहरू सम्बन्धी सल्लाह दिनसक्छ। उसले धम्म र विनयमा प्रगति हुनेगरी सल्लाह दिन सक्छ। उसले सद्धिविहारिक वा अन्तेवासिकलाई धर्मको मार्गमा गलत दृष्टिकोणबाट मुक्त गर्न सक्छ।

७. ऊ दस वर्षावास वा त्यो भन्दा बढी भएको हुन्छ।

Dhamma.Digital

यी गुणहरूमा कुनै अंश केही हदसम्म कमी हुन सक्छ,तर वर्षावासको संख्या योभन्दा कम गर्न मिल्दैन।

यस्तो लाग्छ कि यी सिद्धान्तहरू भिक्खु आफैले विचार गर्ने होइन। यो उसको उपज्झायको वा आचार्यको वा उसको आफ्नो वरिष्ठ (थेर)को जिम्माहो कि आफूसँग बस्ने भिक्खुलाई निस्सयबाट मुक्ति दिनु र एक्लै बस्नदिनु उचित हो वा होइन,र उनीहरूबाट निस्सयमुक्त भएको भिक्खु *परिसुपत्थापाक* बन्न योग्य छ वा छैन? परिषदको नियन्त्रक बन्न सक्षम छ, वा छैन? जब उनीहरूले उपयुक्त देख्छन्,उसलाई निस्सयबाट मुक्त गर्न सकिन्छ र परिषदमा सहयोग गर्न आदेश दिन सकिन्छ। यसको लागीभगवान शास्ताले शिष्यहरूलाई धर्म प्रचार गर्न पठाउँदा तिसरण गमन विधीद्वारा आफैंले उपसम्पदा दिने अनुमति दिनुभएकोलाई उदाहरण मान्न सकिन्छ।

*****

Dhamma.Digital

# अध्याय १४

## कर्तव्यहरू

भिक्खुहरूले पालन गर्नुपर्ने (व्यवहारका) स्वरूप समय,स्थान,काम र व्यक्ति अनुसार मूलपालिमा समूहहरूमा व्यवस्थित गरिएको छ र यी समूहहरूलाई वत्त वा कर्तव्य भनिन्छ। यी वत्तहरूको पूर्ण पालन गर्ने भिक्खुलाई *आचारसम्पन्नो* भनिन्छ- राम्रो आचरणले पूर्ण व्यक्ति',वा *वत्तसम्पन्नो*-कर्तव्य पूरा गर्ने व्यक्ति',जुन कि *सीलसम्पन्नो*'नैतिक आचरणले पूर्ण' सँगको जोडी मध्ये एक हो। यस्तो भिक्खुलाई धम्म र विनयमा प्रशंसा गरिएको छ। वर्तमान समयमा आचरण गर्नुपर्ने कर्तव्यहरूको सार मात्र यहाँ वर्णन गरिनेछ। उपयोग र सुविधा अनुसार पालनको लागी छनोट गर्न वत्तलाई तीन वर्गमा वर्गीकृत गरिएको छ: *किच्चवत्त*-कामकाजका कर्तव्यहरू,*चरियावत्त*-अभ्यास गर्नुपर्नेराम्रो आचरण,र *विधीवत्त*-जुन विधी अनुसार व्यवहारहरू गर्नु पर्छ।

**किच्चवत्त-पूरा गर्नुपर्ने कर्तव्यहरू**

१. सद्धिविहारिकले सँगसाथ रहुन्जेल यथासम्भव आफ्नो उपज्झायको हेरचाह गर्नु पर्छ। मूलपालिमा यी कामकाजहरूका विभिन्न विभाजनहरू दिइएका छन् तर यहाँ तिनीहरूलाई संक्षिप्त रूपमा निम्नानुसार व्याख्या गरिनेछ:

क) उसले आफ्ना उपज्झायको ख्याल राख्नुपर्छ,हरेक कर्तव्यहरू गर्नु पर्छ।पालिमा दिइएका उदाहरणहरू

उसलाई मुख कुल्ला गर्ने पानी,मुख धुने पानी,र दतिवन चढाउनु पर्छ। यी कर्तव्यहरू हुन् जुन पहिलोको रूपमा व्याख्या गरिएको छ।

ख) उसले आफ्नो उपज्झायबाट शिक्षा प्राप्त गर्ने इच्छा गर्नु पर्छ।

ग) उसले उपज्झायलाई सम्भावितकुनै पनि हानि नोक्सानी हुनबाट रोकथाम गर्नु पर्छ, जुन पहिले नै भएको छ, त्यसलाई उपचार गर्ने कोसिस गर्नु पर्छ।पालिमा देखाइएको छ कि कसरी उसले वासना वा दिकदारीभावको अन्त्य गर्ने प्रयास गर्नु पर्छ र कसरी उसलाई मिथ्यादृष्टी (गलत विचार) बाट मुक्त गर्ने प्रयास गर्नु पर्छ। उसको उपज्झायलाई भारी आपत्तिबाट मुक्त गर्नमा सहयोग गर्नु र उपज्झायलाई परेको दण्डको अवधि समाप्त गर्नवा यसलाई हलुका गर्न भिक्खुसंघलाई मनाउने प्रयास गर्नु उसको कर्तव्य हो।

घ) उसले आफ्ना उपज्झायलाई खुशी प्रसन्न राख्ने प्रयास गर्नु पर्छ। उसलेत्यस्ता व्यक्तिहरूसँग संगतगर्नहुँदैन जसले गर्दा ऊ उसको उपज्झायलाई मन नपर्ने हुन्छ।पालिमा व्याख्या गरिएको छ कित्यस्ता व्यक्तिहरूसँग चीजहरू

Dhamma.Digital

लेनदेन गर्दा उपज्झायलाई पहिले सूचना दिनुपर्छ र यी कामहरू एक्लैले आफूखुसी गर्न हुँदैन।

ङ) उसले आफ्नो उपज्झायको सम्मान गर्नु पर्छ। पालिमा व्याख्या गरिएको छ कि यदि ऊ उपज्झायको साथमा हिंड्छ भने, उसको पछाडि मात्र, र न धेरै नजिक, न धेरै टाढा गरी हिंड्नुपर्छ।उपज्झायले कुरा गरिरहेको बेलामा, उसले कुनै अवरोध गर्नहुँदैन। यदि उसको उपज्झायले गलतबोल्छ भने,उसले प्रत्यक्ष रूपमा विरोध गर्दैन तर अप्रत्यक्ष रूपमा भन्छ,ताकि गल्ति भएको उसले आफैंले थाहा पाउनेछ।

च) ऊ आफूखुशी अन्य ठाउँमा जाँदैन,तर जानुअघि उसले आफ्नो उपज्झायबाट बिदा लिन्छ।

छ) उसको उपज्झाय बिरामी हुँदा उसले उसलाई स्याहार गर्नमा मन लगाउनुपर्छ र निको नभएसम्म वा नमरुन्जेलसम्म कतै जानहुन्न।

२. आफूमा निर्भर रहेसम्म उपज्झाय आफ्नो सद्धिविहारिकप्रति उपकारी हुनुपर्छ। संक्षिप्तमा,यो निम्न रूपमा व्याख्या गरिएको छ:

क) उसले आफ्ना सद्धिविहारिकहरूलाई शिक्षा दिने कर्तव्य पूरा गर्छ।

Dhamma.Digital

ख) उसले उनीहरूलाई पात्र,चीवर र अन्य आवश्यक चीजहरू प्रदान गर्दछ। यदि आफूसँग छैन भनेउसले यी आवश्यक वस्तुहरू तिनीहरूका लागी खोज्ने प्रयास गर्छ।

ग) उसले उनीहरूलाई भइसकेको वा सम्भावित नोक्सानीबाट जोगाउने प्रयास गर्छ। यो बुँदा सद्धिविहारिकको कर्तव्यमा पहिले नै उल्लेख गरिएको छ।

घ) सद्धिविहारिक बिरामी हुँदा उसलाई उपज्झायले स्याहार गर्नु पर्छ। आचरिय र अन्तेवासिकले एकअर्काप्रति गर्नुपर्ने कर्तव्यहरू पनि माथिका दुई खण्डहरूबाट थाहा पाउन सकिन्छ।

३. अर्को विहारमा आगन्तुक (पाहुना) हुने भिक्खुले आगन्तुकको उचित आचरण निम्नानुसार गर्नु पर्छ:

क) भिक्खुले त्यहाँ बस्ने भिक्खुहरूलाई सम्मान गर्नु पर्छ।यो विषय पालिमा यस्तो व्याख्या गरिएको छ कि जब आगन्तुक विहारको सिमानामा प्रवेश गर्दछ उसले आफ्नो चप्पल फुकाल्नु पर्छ,आफ्नो छाता बन्द गर्नु पर्छ,आफ्नो टाउको छोपेको कपडा फुकाल्नु पर्छ (र वर्तमान समयमा आफ्नो चीवर एकांश गरेर) भित्र पस्नु पर्छ। अनि त्यो विहारमा भिक्खुहरूको बासस्थानमा

Dhamma.Digital

प्रवेश गर्नु पर्छ र त्यसपछि आफूभन्दा वरिष्ठ भिक्खुहरूलाई अभिवादन चढाउनु पर्छ।

ख) उसले ती भिक्खुहरूप्रति गौरव राख्नुपर्छ।पालिमा, यसलाई यसरी व्याख्या गरिएको छः आगन्तुकले त्यहाँका बासिन्दा भिक्खुहरूलाई चेतिय (चैत्य)को वरिपरि बढारकुँदार गर्ने वा बिरामी भिक्खुहरूको लागीऔषधी बनाउने जस्ता काम गरिरहेको देख्छ,र त्यहाँका बासिन्दाहरूले उसलाई देखेमा आफ्नो काम छोडेर उसलाई लिन आउँछन्,तर आगन्तुकले भन्नु पर्छ, 'कृपया पहिले आफ्नो काम पूरा गर्नुहोस्। यसको मतलब जब आगन्तुक भित्र पस्छ र त्यहाँका बासिन्दाहरूलाई त्यस्तो काम गरिरहेको देख्छ,उसले त्यहाँका बासिन्दाहरूका कामधाम समाप्त नभएसम्म पर्खन्छ र त्यसपछि नजिक जान्छ। बासिन्दाले काम छाडेर आउनु परेमा (बाधित भएमा) पाहुना लामो समयसम्म त्यहाँ बस्नु हुँदैन।

ग) उसले शिष्टता देखाउनुपर्छ। यदि उसको खुट्टा फोहोर छ भनेउसले सफा गर्नु पर्छ। फोहोर खुट्टाले टेक्नु उचित नभएको ठाउँमा प्रवेश गर्नुअघि सरसफाई गर्ने र भित्र पसेपछि आफू बासिन्दाकोभन्दा वर्षावासमा कनिष्ठ वाज्येष्ठ वा बराबर जे हो, त्यस स्तर अनुसार आसन

Dhamma.Digital

लिनुपर्छ। उसले आफूलाई बासिन्दाहरूसँग सहज देखाउनुपर्छ। यसलाई पालिमा यसरी व्याख्या गरिएको छ: यदि उसलाई खाने पानी चाहियो भने, उसले खान्छ,वा यदि उसलाई अन्य प्रयोगको लागी पानी चाहियो भने,उसले प्रयोग गर्दछ। यसरी त्यहाँका बासिन्दाहरूले उसलाई अभिवादन गर्दा उसले (उनीहरूको आतिथ्य) ग्रहण गर्दछ, र अनिच्छुक आकार देखाउँदैन।यदि आगन्तुक त्यो विहारमा बस्न चाहन्छ भनेउसले त्यहाँका बासिन्दाहरूको चलन अनुसार व्यवहार गर्नु पर्छ, भनिएको छ।पालिमा भनिएको छ कि उसले आफुलाई बास बस्ने ठाउँ (सेनासन) सोध्नुपर्छ,र भिक्षाटन गर्ने ठाउँको बारेमा सोध्नु पर्छ-त्यो नजिक छ, वा टाढा छ, र चाँडो जान्छ वा ढिलो। उसले घरहरूको बारेमा सोध्नु पर्छ कि कुनमा भोजनको सीमितता छ, वा भिक्खुहरूको संख्या (निम्तो) सीमित छ। उसले भिक्षाटनका लागी राम्रो नहुने ठाउँहरू जस्तै मिथ्यादृष्टिक मानिसहरूको घर वा खतरनाक हुने ठाउँहरूको बारेमा सोध्नु पर्छ। उसले शौचालयादिको सुविधाहरूकोअवस्थितिको बारेमा सोध्नु पर्छ, पानीको पोखरीको बारेमा र अन्त्यमा संघको विशेष नियम वा चलनबारेमा सोध्नुपर्छ।

Dhamma.Digital

च) आगन्तुकले सेनासन पाइसकेपछि उसले आफ्नो ब्रत (कर्तव्य) नगरिकन बस्न हुँदैन, बरू त्यहाँ पोछपाछ, बढारकुँदार गरी सफा राख्ने गर्नु पर्छ र ठाउँलाई राम्रो अवस्थामा राख्नुपर्छ।

४. कुनै आगन्तुक भिक्खु आउँदा त्यहाँका बासिन्दा भिक्खुहरूले उसलाई निम्न तरिकाले उचित स्वागत गर्नु पर्छ:

क) आगन्तुक भिक्खुहरूलाई स्वागत गर्नु त्यहाँका बासिन्दा भिक्खुहरूको दायित्व हो।पालिमा यस कुरालाई यसरी व्याख्या गरिएको छ: यदि उनीहरू सिकिस्त बिरामीलाई औषधी बनाइरहेका छन् र यो काम चाँडै नै सकिने अवस्थामा बाहेक यदि उनीहरूले चीवर बनाउँदै,वा आवास निर्माण वा मर्मत गर्दै,वा चेतियकाचोकहरू बढारकुँढार गर्दै, वा साधारण बिरामी भिक्खुहरूका लागीऔषधी बनाउँदै गरेको अवस्थामा भएती कामहरूलाई छोडेर आगन्तुक भिक्खुलाई स्वागत सम्मान गर्नु पर्छ।पालिमायस्तो व्याख्या गरिएको छ कि उनीहरूले उसलाई खुट्टा धुने पानी र तिनलाई पुछ्ने केहीब्यवस्था तयार गरेर स्वागत गर्नु पर्छ, आसनहरूओछ्याउनुपर्छ,र उसलाई खान वा अन्य उद्देश्यका लागी पानी चाहनुहुन्छ कि भनेर सोध्नु पर्छ। उनीहरूले आगन्तुकलाई उसको स्तर अनुसार उपयुक्त रूपमा अभिवादन गर्नु पर्छ।

Dhamma.Digital

पालिमा व्याख्या गरिएको छ कि यदि आगन्तुक उनीहरूभन्दा ज्येष्ठ छ भने,उनीहरू उठेर उसको पात्र र चीवर लिन जानुपर्छ,उसलाई उचित सम्मान दिन्छन्,र निवासीहरूले चाहेमाउनीहरूले पाहुना भिक्खुको चप्पल पुछीदिन्छन्,उसको खुट्टामा तेलले मालिस गर्नसकिन्छ, र उसलाई पंखा पनि हम्काइदिन्छन्। यदि आगन्तुक उनीहरूभन्दा कनिष्ठ छ भनेउनीहरूले उसलाई बस्नको लागीआसन कहाँ छ र खाने वा अन्य प्रयोजनको लागी पानी कहाँ छ,भनेर बताउँछन र उसलाई आफैले पिउन र प्रयोग गर्न दिनुपर्छ। वर्तमान समयमा,आगन्तुकलाई सहयोग गर्न अर्कोलाई आदेश दिनु उचित छ।त्यो विहारमा कुनै भिक्खु बस्न आएमा त्यहाँका बासिन्दाहरूले उसलाई सहयोग गर्नु पर्छ र बस्ने ठाउँ देखाउनु पर्छ।यदि त्यहाँका बासिन्दाहरू इच्छुक छन् भने उनीहरूले सेनासनलाई बढार कुँढार गर्छन् र उसलाई बाटो र ठाउँहरू कहाँ छन्भनी देखाउँछन्। साथै आगन्तुकले थाहा पाउनुपर्ने संघका नियमहरू बताउँछन्,जस्तो कि *आगन्तुक-वत्त* (पाहुना भिक्खुको कर्तव्य) मा उल्लेख गरिएको छ।

Dhamma.Digital

५. अर्को ठाउँमा बस्न जाने भिक्खुले निम्नानुसार आचरण गर्नु पर्छ:

क) उसले आफ्नो बास व्यवस्थित गर्नु पर्छ। यदि छतमा प्वालहरू छन् वा यो व्यवस्थित छैन भनी देखेमाउसले तिनलाई पहिले छोप्नु पर्छ वा मर्मत गर्नु पर्छ। यदि बासस्थान अव्यवस्थित वा फोहोर रहेको भएमा उसले त्यसलाई सफा गर्नु पर्छ। यस्तोगर्दा ओछ्यान,तिपाइ,चटाइ, चकटी, तकिया जस्ता चीजहरू हटाएर सफा गरिसकेपछि व्यवस्थितरूपले फिर्ता राख्नुपर्छ। उसले ती सबैलाई अव्यवस्थित छोड्नहुँदैन,बरू तिनीहरूलाई खतराबाट सुरक्षित राख्नुपर्छ। झ्याल र ढोका थुन्नुपर्छ र चुकुललगाउनुपर्छ अथवा ताला लगाईएको हुनुपर्छ।

ख) उसले *सेनासन-गाहापक* (बासको बितरक) लाई बासस्थान फिर्ता गर्नु पर्छवा त्यहाँ त्यस्तो कोही नियुक्त नभएको खण्डमा उसले आफ्नो साथमा बस्ने भिक्खु-मित्रलाई भन्नुपर्छ। यदि ऊ एक्लै बस्छ भने,उसले प्रमुख दातालाई वागाउँको मुखियालाई जानकारी दिनुपर्छ ।

ग) आफूले निस्सय लिएको वा सँग बस्ने भिक्खु, उपज्झाय वा आचरियबाट, हाल विहारप्रमुख

Dhamma.Digital

थेरबाट पनि, बिदा लिनुपर्छ। (यदि ऊ माथि उल्लेखितहरू बाहेक अन्य भिक्खु भएमा)।

६. भिक्षाटन गर्नको लागी गाउँबस्तिमा प्रवेश गर्ने भिक्खुले चलन अनुसार निम्नानुसार व्यवहार गर्नु पर्छ:

क) उसले आफ्नो अन्तरवासक र उत्तरासंग राम्रोसँग लगाउनु पर्छ,अन्तरावासकले नाभि र घुँडाहरू ढाकेर कायबन्धनले बाँधेर सङ्घाटिलाई उत्तरासंग-माथि खप्ट्याएर दुइ तह बनाईतिनीहरूद्वारा दुवै काँधहरू छोपेर लगाउनु पर्छ,अनि टाँख र फेरले अल्झाएर पक्का गर्नु पर्छ।

ख) उसले पात्रलाई आफ्नो चीवरको भित्र राख्नुपर्छ र भिक्षा ग्रहण गर्दा मात्र बाहिर निकाल्नु पर्छ।

ग) उसमा सेखियवत्तमा बताइएका अनुसारको समणहरूको लागी उचित संयम हुनुपर्छ (विनयमुख, भाग १,सेखियवत्त,अध्याय ८)

घ) उसले मनमनै गाउँबस्तिमा पस्ने र निस्कने बाटो निर्णय गर्नु पर्छ। गृहस्थी दाताहरूको व्यवहारलाई ध्यान दिएर भिक्षा दिने वा नदिने भनी मनले अनुमान गर्नु पर्छ।

ङ) यदि उसलाई थाहा छ कि घरधनीले भिक्षा दिन चाहन्छ,उसले यसलाई सेखियवत्तमा भिक्षा भोजन ग्रहणको खण्डमा उल्लेख गरिएको अनुसारले राम्रोसँग संयम राखेर ग्रहण गर्नु पर्छ।

Dhamma.Digital

च) भिक्षाटनबाट पहिले फर्कने भिक्खुले विहारमा बस्ने ठाउँ,खाने पानी,खानाका लागी भाँडाकुँडाहरू, खुट्टा धुने पानी र खुट्टा पुछ्ने सामग्रीहरू उसको पछि आउने अन्य भिक्खुहरूको हितको लागी तयार गर्नु पर्छ। अन्तिममा खाना खाएका भिक्खुहरूलेमाथि उल्लिखित चीजहरू फ्याँकी-दिनुपर्छ र भोजन कक्षमा झारबुहार गर्नु पर्छ। यो प्रथा ती विहारहरूको लागी हो जहाँ भिक्खुहरूले भोजन एकै ठाउँमा गर्छन्, तर एकै समयमा होइन।[7]

७. भोजन गर्ने भिक्खुले चलन अनुसार निम्नलिखित रूपले उचित व्यवहार गर्नु पर्छ:

क)चाहे विहारमा भोजन गर्दा होस् वा घरमा उसले उत्तरासंगर अन्तरवासक राम्रोसँग लगाउनु पर्छ,जे उचित छ विचार गरेर तदनुसार गर्ने।अट्ठकथामा भनिएको छ कि भिक्खु दाताले भोजन दिइरहेको ठाउँमा जाँदा विहारमा भए पनि दुवै

---

[7]अहिले शहरका विहारहरूमा चलेको चलनमा विहारका विभिन्न ठाउँहरूमा एकै समयमा सबै भिक्खुहरूले भोजन गर्छन्। तर जंगलका विहारहरूमा जहाँ सबैले एकै ठाउँमा र एकै समयमा भोजन गर्छन्, यसमा परिस्थति अनुसार अलिकति फरक हुनसक्छ।

काँध छोप्नु पर्छ तर वर्तमानमाविहार भित्र,सबै भिक्खुहरूले एकांश गर्छन् (एउटा काँध खुल्ला राख्छन्।

ख) उसलाई कुन आसनमा बस्नु उपयुक्त छ भन्ने थाहा पाउनुपर्छ।यदि,दिने ठाउँमा ऊआसनको पङ्क्तिमा बस्छ भने,उसले थेरहरूलाई च्याप्नु हुँदैन। यदि त्यहाँ बस्ने ठाउँ धेरै छन् भने,उसले (आफू र तिनीहरूका बीचमा) एक वा दुई वटा आसन छोड्नुपर्छ। निश्चित संख्यामा भिक्खुहरूका लागी आसनहरू बिछाइएको बेलामा उसले यस्तो गर्न नमिल्न सक्छ,तर उसले थेरहरूसँग बस्न अनुमति माग्नुपर्छ,र आफू पुछारमा बसेर कम वर्षावास हुने भिक्खुहरूलाई यी पङ्क्तिका आसनहरू प्रयोग गर्नबाट रोक्नु हुँदैन।यस्तो गरेमा पछिकालाई बस्ने ठाउँ पाइनेछैन।

ग) घरमा संघाटिमा बस्न निषेध छ। यो कुरा अहिले सहज छैन,तर यसको अर्थ पहिले भिक्खुहरूले सानो चीवर लगाउने चलन थियो,तब भिक्खु सङ्घाटिसँगै बस्थे,त्यसमा बस्दा हात निकाल्न गाह्रो हुन्थ्यो र यस्तो हुँदा खान र बस्न त्यति सहज हुँदैनथ्यो, उत्तरासंग समेत चिप्लिन्थ्यो। वर्तमानमा यस विषयमा ध्यान दिनु आवश्यक रहेन।

Dhamma.Digital

घ) दाताले भोजन र पेय दान गर्ने बेलामाभिक्खुले प्रशंसापूर्वक ग्रहण गर्नु पर्छ। यदि उसले प्रत्येक भिक्खुको लागी भाग लगाएर खुवाउँदैन बरू भिक्खुहरू आफैले सघाउने गरी एउटा भाँडोमा चढाउँछ,वा सबै भिक्खुहरूलाई भेटिने गरी भाग लगाई दान गर्न खोज्दा थोरै भएमा र अपर्याप्त देखिएमा भिक्खुहरूले आलोपालो गरी कसैले लिने, कसैले नलिने गर्नु पर्छ ।

ङ) एउटा सानो भोजन शालामा जहाँ सबै भिक्खुहरू आपसमा देख्न सकिन्छ, *सङ्घथेर* (त्यस सङ्घमा ज्येष्ठ भिक्खु)ले सबै भिक्खुहरूले खाना नपाएसम्म खाना खान सुरु गर्नहुँदैन। यदि यो ठाउँमा धेरै भिक्खुहरू छन् भने र सङ्घथेरले ती सबैलाई देख्न सक्दैनन्,वा तिनीहरू सबैको लागी पर्खन सम्भव छैन भने, (उसले उचित देखेपछि सुरु गर्नु पर्छ)।

च) भिक्खुहरूले भोजन सम्बन्धी सेखियवत्त खण्डमा उल्लेखित नियम अनुसार असल आचरणका साथ भोजन गर्नु पर्छ।

छ) भिक्खुहरूले एकै समयमा खाना खाइसक्नुपर्छ। पालिमा यस्तो भनिएको छ कि भिक्खुहरूले भोजन खाइ नसकुन्जेलसम्म सङ्घथेरले पात्र धुने पानी

Dhamma.Digital

लिनु हुँदैन। अहिले पात्र धुने पानी लिंदैनन्, मुख कुल्ला गर्दैनन्,हात धुँदैनन्।

ज) मुख कुल्ला गर्ने र हात धुने पानी प्रयोग गर्दा यसको छिटा नजिकै बस्ने भिक्खुहरूमाथि वा आफ्नै लुगामा नलागोस् भनी होसियार हुनुपर्छ।

झ) दाताहरूले भोजन दान दिएको ठाउँमा भोजन गरिसकेपछि भिक्खुहरूले *अनुमोदन* (आशिर्वाद, शाब्दिक अर्थ हो,प्रशंसा गर्नु') गर्नु पर्छ। प्राचीन परम्परामा अनुमोदन गर्नु एकजना भिक्खुको, सङ्घथेरको कर्तव्य थियो,अहिले जसरी "यथा..." [8] पाठ गरेर दिइन्छ,त्यसरी नै दिइँदै आइएको छ। संघथेरको छेउमा रहेका चार-पाँचजना भिक्खुहरू उसँगै बस्थे र बाँकी भिक्खुहरू ऊभन्दा पहिले फर्किन्थे। ऊ वा गृहस्थी दाताहरूले अनुमोदन गराउन चाहेको बेलामा थेरले अर्को भिक्खुलाई पनि नियुक्त गर्न सक्थे। वर्तमान कालमा,भिक्खुहरू प्राय: सँगै एकैसाथमा पाठ गर्छन्। अनुमोदना गर्नु अगाडि कहिलेकाहीँ एकजना भिक्खुले छोटो उपदेश दिन सक्छ।

---

[8] यसको पूर्णपाठ र अनुवादको लागी, 'Ordination Procedure'परिशिष्ट III हेर्नुहोस्।

ञ) त्यस ठाउँबाट फर्किने बेलामा एक अर्कामा ठोकिने गरी भिक्खुहरूले भिडभाड गर्नहुँदैन। भोजन गर्ने ठाउँ साँघुरो भएमा पङ्क्तिको छेउमा रहेका भिक्खुहरूले सामान्य (वर्षावास) क्रम विपरीत भए पनि पहिले बाहिर निस्कनुपर्छ। र संघथेर बाहिर नआउन्जेल बाहिर पर्खिनुपर्छ। यदि खाने ठाउँ फराकिलो छ भने,उनीहरूमा पहिले संघथेर जान्छ र बाकी भिक्खुहरूले क्रमबद्ध रूपमा हिंड्नुपर्छ। भिक्खुहरू (जाँदा) प्रत्येकको बीचमा पर्याप्त ठाउँ छोड्नुपर्छ ताकि कोही मानिसले भिक्खुहरूको लहरलाई पार गर्न सकोस्।

ट) गृहस्थीको घरमा पात्र धोएको सिता भएको पानी बाहिर फाल्न निषेध गरिएको छ। बचेको जुठो खाना पनि त्यस्तै हो। (भाँडोमा भेला गर्नु पर्छ।)

८. रुखको फेद भिक्खुहरूकोलागी मौलिक सेनासन थियो,तर वर्षाको मौसममा भिक्खुहरूले आफूलाई वर्षाबाट जोगाउन आश्रय खोज्नुपर्छ,त्यो मानवनिर्मित आश्रयहरू पनि हुनसक्छ अथवा प्राकृतिक। वासस्थानहरू सामान्यतया मानव निर्मित थिए र विभिन्न ढाँचाका घरहरू प्रयोग गर्न सकिन्छ,यसमा अपवाद एउटा छ, पूरै माटोको (कुटी) चाहे त्यो पोलेको होस् वा नपोलेको (काँचो) माटोको। माटोको घ्याम्पोमा भिक्खु बास बस्नुलाई निषेध गरिएको छ र यो पकाइएको माटोको कुटीको अर्थ हुन सक्छ। प्राकृतिक वस्तुहरूमध्येपहाडको गुफा भनिने

आश्रयलाई मात्र बासस्थानको रूपमा प्रयोग गर्न सकिन्छ।रुखको खोक्रोनिषेधित छ र बसोबासको उद्‌देश्यको लागी प्रयोग गर्नहुँदैन।

भिक्खुहरूले धम्म-विनयको विरुद्धमा दुर्व्यवहार नगर्दासम्म उनीहरू सबैजनालाई संघ-निवासमाबस्ने अधिकार छ। दुराचरण गरेमा मात्र उनीहरूलाई विहारबाट निष्कासन गर्न सकिन्छ। संघले सेनासन-गाहापक नामक एक आवास-वितरक नियुक्त गर्दछ।भिक्खुहरूलाई आफ्नो लागी सेनासन रोज्ने अनुमति छैन।भिक्खुहरूलाई बासको वितरण दुई पटक हुन्छ,एक पटक वर्षावासको लागी र अर्को पटक वर्षावास बाहेकको समयको लागी। वर्षावास बस्ने भिक्खुलाई वर्षा (वर्षावास)का तीन महिनासम्म त्यहाँ बस्ने अधिकार हुन्छ। वर्षावास सकेपछि आवास-वितरकले भिक्खुहरूलाई एक बासस्थानबाट अर्कोमा सार्न सक्नेछ ताकि भिक्खुहरूले उनीहरूका लागी उपयुक्त बास पाउन सकुन्। यस्तो समयमा उनीहरूलाई हस्तान्तरण गर्न हठपूर्वक अस्वीकार गर्न निषेध गरिएको छ।पालिमा यो व्याख्या गरिएको छ कि सदाको लागी उसको हो भनेर गणना गरिनेगरी भिक्खुलाई संघको बासस्थान कब्जा गरी राख्न निषेध गरिएको छ।भिक्खुले संघको सेनासन कब्जा गरी राख्न हुँदैन, चाहे त्यो वर्षावासको वरिष्ठताले पाएको नै किन नहोस्। यदि भिक्खु थोरै बिरामी छ भने पनि,उसले स्थायी बासको दावी गर्नु उचित छैन।

Dhamma.Digital

कुन भिक्खुलाई सार्ने र कुनलाई नसार्ने भनेर आवास-वितरकलाई थाहा हुनुपर्छ। उसले कनिष्ठ भिक्खुलाई बास दिनको लागी वरिष्ठ भिक्खुलाई सार्नहुँदैन। बिरामी भिक्खुलाई कुष्ठरोगजस्ता संक्रामक रोग वा बासस्थानलाई फोहोर गर्ने रोग, जस्तै झाडापखाला, नभएसम्म उसले बिरामी भिक्खुलाई (उसको इच्छाविरुद्ध) सार्न हुँदैन। बासस्थान-वितरकले उनीहरूका लागी छुट्टै बसोबासको व्यवस्था गर्नु पर्छ। संघका सामग्रीहरू राखिएको ठाउँको हेरचाह गर्नु कर्तव्य भएकोले भण्डारी भिक्खुलाई उसले सार्नहुँदैन। धेरै विद्वान र सबै भिक्खुहरूको कल्याण गर्ने,उनीहरूलाई सल्लाह दिने र अर्थ र धर्ममा अगुवाइ गर्ने भिक्खुलाई उसले सार्नहुँदैन। मर्मत हुन नपाएको वासस्थानलाईभिक्खुले मर्मत गर्दछ (ऊ बसेर)धेरै काम गरेपछि सामान्य अवस्थामा फर्काउँछ, ऊ लगनशील र मेहनती भएकोले उसलाई अन्यत्र सार्नहुँदैन।त्यहीं बस्ने अनुमति दिइएको छ। यसको मतलब यो हो कि उसलाई राम्रो बासस्थानबाट कमसलमा सार्नहुँदैन। बास वितरकले एकजना भिक्खुलाई दुई ठाउँमा बासस्थान दिनहुँदैन।

संघको बासस्थानमा बस्ने भिक्खुले निम्न तरिकाले ध्यान दिनु पर्छ:

क) उसले वासस्थान फोहोर गर्नहुँदैन।पालिमा व्याख्या गरिएको छ कि भिक्खुले प्रयोगयोग्य हुनेगरी तयार पारिएको भुइँमा थुक्न निषेध छ (जस्तै चूनाले लेपिएको भुइँ,वा पालिस गरिएको

Dhamma.Digital

वा सम्म चिल्लो पारिएको काठको भुइँमा)। उसलाई यस्तो भुइँमा चप्पल लगाएर हिँड्न निषेध गरिएको छ। यदि उसको खुट्टा फोहोर छ भने,वा यदि उसले त्यसलाई धोए पनि भिजेको अवस्थामा छ भने उसलाई यस्तो भुइँमा हिंड्न निषेध गरिएको छ (किनकि भुइँमा हिंड्दा,खुट्टाको छाप देखा पर्दछ)।उसले आफ्नो खुट्टा धुनुपर्छ र (पुछेर) सुकाउनुपर्छ,जसले गर्दा पाइतालाको छाप बन्दैन,र त्यसपछि ऊ भित्र पस्न मिल्छ। ढाँचाहरूबनाइएका, (प्लास्टर गरिएको,रंगाइएको, आकृतिहरू बनाई रंगाएको,वा कुनै अन्य विधी द्वारा बनाइएको)गारोमा अडेस लिन निषिद्ध छ। त्यसैगरी,उसले खम्बा,ढोका,झ्याल, ढोकाको खापा वा झ्यालको खापामा वा (मेचको) बारमा अडेस लिनु हुँदैन।भिक्खुले संघको राम्ररी सजाइएको तिपाइ अथवा खाटमा नाङ्गो भएर बस्न वा सुत्न हुन्न,किनकि यसलाई उसको शरीरले मैला बनाउँछ। उसले बस्नु वा सुत्नु अघि यी चीजहरूमा केही कपडा वा तन्ना ओछ्याउनुपर्छ, छोप्नुपर्छ।

भगवान बुद्धले शरीरको फोहोर थाप्नको लागी सुत्ने ओछ्यान र बस्ने आसनको लागी आवश्यक परिष्कारको रूपमा व्यक्तिगत कपडा राख्ने अनुमति दिनुभएको छ। चटाइ (डसना)

वा सिरानीको मामलामा पनि यस्तै नै हो।भिक्खुले यसमाथि सुत्ने उद्देश्यले सिधै प्रयोग गर्नु हुँदैन। त्यसमा तन्ना र सिरानीखोल हुनुपर्छ।भिक्खुले यी चीजहरू ढाक्ने कपडा बिना सुत्नु उचित छैन। बस्नको लागी प्रयोग हुने कपडामा सुत्नु हुँदैन,तर शरीरको फोहोर थाप्ने तन्ना र सिरानीखोलमा बस्न सकिन्छ।अट्ठकथा आचार्यहरू यसबारे आफ्नो स्पष्टीकरणमा एकदमै कडा छन्,भन्दछन् कि यदि भिक्खु (तन्नाले नढाकेको) ओछ्यान वा खाटमा सुतेको छ भनेउसले आफ्नो कपाल (र रौं) को संख्या जति नै आपत्ति लगाउनु पर्छ, जसले ओछ्याउना छोयो। बरु हामी भाग्यमानी छौं कि भगवान्बुद्धले भिक्खुहरूलाई *'सम्बहुला*भनेर एकभन्दा बढी आपत्तिहरू एकसाथ देसना गर्ने अनुमति दिनुभएको छ,नत्र त्यसको लागी यो वा त्यो भनी संख्या गन्नुपर्‍यो भने भिक्खुले के गर्न सक्ला र?

यस कुरालाई छोटकरीमा भन्दाखेरी संघका सामानलाई छुनै सकिंदैन! यदि यस्तो हो भने संघका सामानहरू प्रयोग गर्नका लागी राखिएको भए पनि त्यसबाट के प्रयोजन हुन्छ र? संघका सामानहरूले के फाइदा हुन्छ र? यो तल छलफल गरिनेछ। यहाँ म तिनीहरूलाई प्रयोग गर्न सकिन्छ भनेर मात्र भन्न चाहन्छु। कालान्तरमा यी सामानहरू पुरानो भइसकेका भएमा त्यसको प्रयोगकर्ताले आपत्ति पाउने छैनन्।भिक्खुलाई सुत्नुअघि (डसना र सिरानी) माथि कपडाले ढाक्नलगाएको ती बस्तुहरू लामो समयसम्म प्रयोग गर्न सकियोस् भनेर हो। त्यसैगरी गृहस्थीहरूले आफ्नो सम्पत्ति जोगाउन ओछ्यानमा

तन्ना बिछ्याउँछन् र सिरानीमा खोल राख्छन्। धनी मानिसले हरेक महिना यी चीजहरू फेर्न सक्ने भए पनि आफ्नो सम्पत्तिको सुरक्षा पनि गर्छ। यदि उसले आफ्नो सम्पत्तिको रक्षा गर्दैन भने,यो फिजूलखर्ची हुनु हो र यो उचित छैन।

ख) भिक्खुले बासस्थान सफा गर्नु पर्छ,फोहोर, माकुराकोजालो र धुलोले भरिन दिनहुन्न।

ग) भिक्खुले यसको नोक्सान नहोस् भन्ने कुरामा ध्यान दिनुपर्छ, उदाहरणको लागी उसले कोठा भित्रर बाहिर ओछ्यान वा बेन्च आदि उचाल्दा ढोकाका खापा वा बेडाबारहरूमा ठक्कर लाग्न दिनहुँदैन। उसले खाट वा बेन्च बिछ्याउँदा यसको खुट्टामुनि कुनै (नरम) चीज राख्नुपर्छ जसले गर्दा (कोरिएर) चिल्लो भुइँलाई क्षति नहोस्।

घ) भिक्खुले आफ्नो बासस्थानमा भएका अरू पनि ठूला साना हरेक वस्तुहरू ओछ्यान र बेन्चदेखि लिएरथुक्दानीसम्म पनि सफा र व्यवस्थित राख्नुपर्छ।

ङ) उसले खाने पानी र अन्य उद्देश्यका लागी प्रयोग गरिने पानीको व्यवस्था गर्नु पर्छ।

च) एउटै बासस्थानमा रहेका सामानहरू अर्को बासस्थानमा प्रयोगको लागी लिनु हुँदैन,किन कि तिनीहरू छरिनेछन्। तिनीहरू एक ठाउँका लागी हुन् र त्यहाँ मात्र प्रयोग गर्न सकिन्छ।

Dhamma.Digital

तैपनि,भिक्खुहरूले अस्थायी रूपमा चीजहरू पैंचो लिन सक्छन्,तर पछि फिर्ता गर्नु पर्छ,वा त्यहाँ कुनै भिक्खुहरू बसोबास नभएको अवस्थामा र त्यो बासस्थानमा राखिएका सामानहरू हराउन वा जनावर वा कीराहरूद्वारा टोकिनाले क्षति हुन सक्छन्। त्यस्तो अवस्थामा सेनासन-गाहापकले तिनीहरूलाई अर्को ठाउँमा सार्नु उपयुक्तछ।

९. धेरै मानिसहरू सँगसाथ बस्ने ठाउँमाउनीहरूमध्ये प्रत्येकले आफ्नो शरीरको फोहोरको एक अंश प्रत्येक दिन बाहिर निकाल्छ (मलमूत्र त्याग गर्छ) र यसका जिम्मेवार अगुवा जो कोहीलाई पनि यो ठूलो बोझ (जिम्मा) हो, त्यसो हुनाले उसले मलमूत्र त्यागको लागीनिश्चित ठाउँहरू प्रबन्ध गर्नुपर्दछ, मानिसहरूलाई जतातत‍ै मलमूत्र त्याग गर्न दिनहुँदैन। किनकि यदि यस्तो हुन दिइएमा त्यो ठाउँ फोहोर हुनेछ। त्यसैले संघका बासस्थानहरूमा पनि यो विषय मिलाउनुपर्छ। दिसा र पिसाब गर्ने ठाउँहरू पालिमा उल्लेख गरिएका छन्। सबै भिक्खुहरूको साझा प्रयोगका लागी रहेका यस्ता ठाउँहरू भिक्खुहरू आफैंले सफा राख्नुपर्छ। भगवान बुद्धले *वच्चकुटी* (शौचालय) को बारेमा आचरण गर्नको लागीकर्तव्यहरू तोक्नुभएको छ :

क) दिसा गर्ने,पिसाब गर्ने,र नुहाउने काम (ती ठाउँहरूमा भिक्खुहरू) आइपुगेको क्रममा गर्ने अनुमति छ। यो अन्य कर्तव्यहरू भन्दा फरक छ जुन कि *वस्सा*को वरीयता अनुसार गर्नु पर्छ।

ख) भिक्खुले वच्चकुटीमा संयम पूर्वकव्यवहार गर्नु पर्छ।उदाहरणको लागी, हतारमा भए पनि भिक्खुलाई झ्वाट्टै ढोका खोल्न निषेध गरिएको छ। उसले पहिले खोक्नु पर्छ वा घाँटी सफा गर्नु पर्छ,र यदि भित्र भिक्खु छ भनेउसले पनि त्यस्तै गरी जवाफ दिनु पर्छ। जवाफ नआएमा उसले बिस्तारै ढोका खोल्नुपर्छ। उसले झ्वाट्टै भित्र पस्ने वा निस्कने गर्न हुँदैन,बरू बिस्तारै गर्नु पर्छ। उसले पस्दा वा निस्कँदा (पहिले नै) आफ्नो अन्तरावासक खोल्नु हुँदैन। उसले मलमूत्र त्यागगर्दा वासफा गर्दा आवाजहरू (घुर्नुआदि) गर्नहुँदैन।

ग) उसले आफ्ना परिष्कारहरूको सुरक्षा गर्ने तरिका जान्नुपर्छ। उसलेआफ्नो चीवर फुकालेर बाहिर राखेर शौचालयमा प्रवेश गर्नु पर्छ।

घ) उसले आफ्नो शरीरको रक्षा गर्ने तरिका थाहा पाउनुपर्छ। उसलाई सामान्य भन्दा बढी कब्जियत नभएको अवस्थामा मलमूत्र त्याग गर्दा आफूलाई दबाव दिन हुँदैन,त्यसले आफुलाई हानि मात्र पुऱ्याउँछ। सफा गर्नको लागी शरीरलाई हानि पुर्याउने माध्यम प्रयोग गर्नुहुँदैन जस्तो कि चिरपट, गाँठो भएको,काँडा भएको वा सडेको

Dhamma.Digital

दाउरा। उसले चिल्लो काठ प्रयोग गर्नु पर्छ र त्यसपछि पानीलेधुनुपर्छ।

ङ) उसले त्यो समयमा अन्य काम गर्नहुँदैन। दतिवन चपाउनहुँदैन भनेर पालिमा भनिएको छ।

च) उसले शौचालय फोहर नहोस्,वा (शौचालयको) नाली फोहर नहोस् वा पिसाब नालीको बाहिर नपरोस् भनी होसियार हुनुपर्छ। उसले पिसाब गर्ने नालीमा वा भुइँमा थुक्नहुँदैन। सफा गर्ने काठ शौचालयको नालीमा फाल्नहुँदैन,बरू यसका लागी राखिएको टोकरीमा फाल्नुपर्छ। उसले पानीले धोइसकेपछि बाँकी रहेको धुने पानी धुने भाँडोमा छोड्नु हुँदैन। यो बुँदा यस उद्देश्यको लागी शौचालयमा साझा भाँडो प्रयोगको मामलामा मात्र लागू हुन्छ। यदि उसले आफ्नै भाँडो प्रयोग गर्छ भने,यो निषेधित छैन।

छ) उसले शौचालय सफा राख्नु पर्छ। अरूले फोहर बनाएको फेला परेमाउसले यसलाई सफा गरिदिनुपर्छ। यदि यहाँ फोहर भरिएको छ भने यसलाई बढारेर बाहिर फालिदिनुपर्छ। यदि टोकरी कूडाले भरिएको छ भने,उसले यसलाई बाहिर (उपयुक्त ढंगले) खन्याइदिनुपर्छ। यदि धुने पानी सकिएको छ भनेउसले थप पानी ल्याएर पानीका भाँडाहरू भरिदिनुपर्छ।

Dhamma.Digital

पिसाब गर्ने ठाउँलाई पालिमा यसरी व्याख्या गरिएको छ: यसलाई इँटा वा ढुङ्गाको पर्खाल वा यसको वरिपरि काठको भाजक भएको ठाउँमा व्यवस्थित गर्नु पर्छ। त्यहाँ टुक्रुक्क बस्ने क्रममा टेक्न काठका पाइला टेक्ने ठाउँहरू छन्। त्यहाँ पिसाब सङ्कलनको लागी तल भाँडोहुन्छ। तर यो कामकसरी व्यवस्थित गरिनुपर्छ भन्ने विधी व्याख्या गरिएको छैन। धेरै विहारहरूमा पिसाबको लागी यस्तो व्यवस्था फेला पर्दैन,तर यसको अभावबाट भएको दोष भने पाइन्छ,अर्थात् त्यहाँ पिसाबको दुर्गन्ध आउँछ। मलाई लाग्छ कि पिसाब गर्नको लागी बारले छेक्ने व्यवस्था उपोसथ हल,धम्म हल वा अनुयायीहरूका लागी हल नजिकैको भेटघाट स्थलमा मात्रै गर्नु आवश्यक हुन्छ। यस बाहेक स्थानहरूमा,अन्यत्र पिसाब फेर्न निषेध गरिएको छैन।

पिसाब संकलन गर्ने तल भाँडो राख्ने काम पटके प्रयोगको लागी मात्र भएको देखिन्छ,*वच्चकुटी*जस्तो स्थायी प्रयोगको लागी होइन,तर पिसाब फाल्नु, र त्यो ठाउँ सफा राख्नु भारी काम हुनेछैन। भेला हुने स्थानको सफाइ काम गर्ने पालो पर्ने भिक्खुले नै गर्थे होला। त्यसैले पिसाबघर सम्बन्धी व्रत छुट्टै वर्णन गरिएको पाइँदैन।

१०. कुनै भिक्खु बिरामी पर्दा उसका धम्म मित्रहरूले ध्यान राख्नुपर्छ। साथीहरूले उसको स्याहारमा ध्यान दिनुपर्छ; उनीहरूले यो कर्तव्यलाई बेवास्ता गर्नहुँदैन। भगवान बुद्धले एकजना बिरामी भिक्खुको उपर चिन्ता व्यक्त गर्दै भन्नुभयो:

"हे भिक्खुहरू,तिमीहरूका न आमा छ, न बाबु, त्यसैले तिमीहरूले एकअर्काको स्याहार नगरे अरू कसले गर्ला? यदि कुनै भिक्खुले मेरो सेवा गर्न चाहन्छ भने,उसले बिरामी भिक्खुलाई स्याहार गर। यदि कुनै बिरामी भिक्खुका उपज्झाय, आचरिय, सद्धिविहारिक वा अन्तेवासिक छ भने उनीहरूले उसलाई निको नहुन्जेलसम्म वा नमरून्जेलसम्म स्याहार गरून्। यदि यस्ता कोही पनि नभएको भएमा एउटै उपज्झाय वा आचार्य भएका अन्य भिक्खु (गुरूभाई) हरूले उसलाईस्याहार गर्नु पर्छ।यदि बिरामी भिक्खु एक्लै आइपुग्छ भने संघले उसलाई स्याहारगरोस्।"

यो अन्तिम बुँदालाई यसरी व्याख्या गरिएको छः सङ्घले त्यो कर्तव्यलाई सङ्घको कर्तव्यको रूपमा लेओस् र तत्कालकोलागी केही भिक्खुहरूलाई उसलाई स्याहार गर्नको लागी नियुक्त गरोस् वा उसलाई पालैपालो हेरचाह गर्ने व्यवस्था गरोस्, जे सुबिधा छ,त्यही अनुसार गरोस्। तर,भिक्खुहरूमा स्याहारमा निपूर्णहरू पनि छन् र त्यस्तो नहुनेहरू पनि छन्। यदि रोग गम्भीर छ भनेदक्ष भिक्खुहरू छनोट गर्नु उचित हुन्छ। जब त्यो कर्तव्य प्रस्ताव गरिन्छ,त्यस्ता भिक्खुहरूले स्वीकार गर्नु पर्छ र बिरामीलाई नजिकबाट हेरचाह गर्ने परिचारक नर्स बन्नुपर्छ। यी बाहेकका अन्य भिक्खुहरूले अरू तरिकाले सहयोग गर्नु पर्छ,जस्तै पानी उमालिदिनु र लुगा

Dhamma.Digital

धोइदिनु। नर्सको रूपमा छनोट हुने भिक्खुमा निम्न गुणहरू पूर्ण हुनुपर्छः औषधीको मात्रा मिलाउन जान्नुपर्छ, केले रोगलाई बढाउँछ र केले बढाउँदैन भनेर जानेको हुनुपर्दछ। उसले बिरामी भिक्खुकहाँ ती चीजहरू मात्र ल्याउँछ, जसले रोगलाई बढाउँदैन,उसले रोग बढाउने चीजहरू हटाउँछ, ऊ रोगबाट उत्पन्न हुने फोहरलाई घृणा नगर्ने हुनुपर्दछ, ऊ लोभी होइन, र उसमा मैत्रीभाव छ।[9]

बिरामी भिक्खुले जान्नुपर्दछ कि आफू आफ्ना सहधम्मिक साथीहरूका लागी बोझ हो,त्यसैले उसले आफूलाई स्याहार गर्न सजिलो बनाउनुपर्छ,र यस्तो गरेर उसले आफैलाई खुशी तुल्याउँछ (उसले रोग बढाउने वस्तु सेवन गर्दैन, अथवा

---

[9]पालिमा ५ वटा तथ्यहरू दिइएका छन्, र यस्तो लाग्छ कि शुरूमा यी ५ वटा तथ्यहरू थिए जुन माथि दिइएका छन्। पछि धर्मका अट्ठकथा आचरियहरूले देखे कि रोग बढाउने र नबढाउने तथ्यहरूमा अर्थ एउटै रहेको छ, त्यसो हुनाले तिनलाई एउटै तथ्यमा समावेश गरिदिए। उनीहरूले लोभी नभएको र मैत्रीयुक्त भएको र रोगबाट उत्पन्न हुने फोहरदेखि घृणा नमान्ने हुनु तथ्य यसको बीचमा थपिदिए। दोश्रो तथ्यका ३ वटा भागहरू छन् जो कि अरू तथ्यहरूबाट फरक छन्, र फोहरदेखि घृणा गर्ने नहुनु भन्ने तथ्यलाई अन्तिममा सारियो र यो स्याहार कामको प्रसंगसँग मिल्दैन। (थाइ संस्करणबाट अनुवादित)।

Dhamma.Digital

उसको शरीरको स्वस्थ्यलाभको लागी बाधक अरू कुनै काम गर्दैन, ऊ रोग नचर्काउने वस्तुमा पनि संयम गर्न जान्दछ (उदाहरणको लागी, उसले ती वस्तुहरू धैरै खाँदैन),उसले सजिलैसँग औषधी सेवन गर्दछ,उसले परिचारकलाई आफ्नो रोगको अवस्था बताउँछ र ऊ पीडादायी अनुभूतिहरू सहनमा धैर्य राख्छ। सामणेरहरूलाई पनि भिक्खुहरूलाई जस्तै नै स्याहारसुसार गरिनुपर्दछ।

सहधम्मिकहरू, चाहे भिक्खुहरू होउन् वा सामणेरहरू,बिरामीलाई, अन्यत्रबस्नेलाई भएपनि,टाढा भए पनि र वर्षावासको समयमा भए पनि भगवान बुद्धको स्वीकृति अनुसार *सत्ताह* (सात रातसम्म विहारबाट बाहिर बस्ने काम) गरेर भए पनि गएरस्याहार गर्नु पर्छ। यस्तो गर्न जाने भिक्खुलाई निस्सय र अन्य कर्तव्यहरूबाट छूट दिइएको छ।

**चरियावत्त-आचरणसम्बन्धी कर्तव्यहरू**

***निमन्त्रणा गरिएको ठाउँमा बिछाइएको सेतो कपडामा कुल्चन भिक्खुहरूलाई निषेध छ।**

यस्तो बताइएको छ कि बोधि[10] (राजकुमार) बाँझ थिए,उनका कुनै छोरा-छोरीहरू थिएनन्। उनले भगवान बुद्ध र

[10] यसको विस्तृत कुरा हेर्नुस्, पृ. ८६-१५१, बुद्धकालीन राजपरिवार, भाग ३, आचार्य डा. भिक्खु अमृतानन्द विरचित तथा वीर-पूर्ण पुस्तक सङ्ग्रहालयद्रवारा प्रकाशित, सन् २०१९।

https://dhamma.digital

भिक्खु संघलाई भोजन गर्ने निमन्त्रणा दिए र बाटोमा सेतो वस्त्र (बसाः) ओछ्याए, उनले (मनमनै?) भने: 'यदि मैले छोराछोरी पाउने भए भगवान शास्ता कपडामाथिबाट जानुहुनेछ,नत्रभगवान शास्ता कपडामाथिबाट जानुहुने छैन।' भगवान बुद्ध त्यसमा हिँड्नुभएन र भिक्खुहरूलाई पनि त्यस्तो गर्न निषेध गर्नुभयो। फोहर नहोस् भनी भगवान बुद्धले कपडामा यसरी हिँड्नुभएन हो कि? अहिले भिक्खुहरूलाई बस्नकोलागी सेतो कपडा बिछ्याइएको हुन्छ। लापरवाह भिक्खुहरू त्यस कपडामा आफ्नो फोहोर देखिने गरी छाप छोडेर हिँड्छन्। उनीहरूलाई थाहा छैन कि भिक्खुहरूले आफ्नो शिष्टाचार कसरी पालन गर्नु पर्छ र यो बानी अशोभनीय छ।आफ्नै समूहका भिक्खुहरूलाई पनि त्यहाँ बस्नबाट भगाएको जस्तो महसुस हुन सक्छ। शिष्टाचार पालन नगरिनाले सिर्जना हुने यस्तो अवस्थाले यो निषेधको कारणलाई स्पष्ट देख्न मद्दत गर्दछ। त्यसो भएकोले भिक्खुहरूले बस्नको लागीओछ्याइएको सेतो कपडामा खुट्टाले नटेकोस् भनी होश गर्नु पर्छ। पवित्र समारोहहरूमा उभिनको लागी वछ्याइराखिने कपडाहरू र धोएको खुट्टा पोछ्नको लागी ओछ्याइराखिने कपडाहरूमा अस्वीकार नगरी कुल्चन सकिन्छ।

Dhamma.Digital

**⁕पहिले नै राम्रोसँग विचार नपुर्याइकन भिक्खुले आसनमा बस्नहुँदैन।**

यसलाई यसरी व्याख्या गरिएको छ: आसनमा बस्दाभिक्खुले अचानक बस्नु हुँदैन, किनभने यदि त्यहाँ चीजहरू राखिएका छन् भने, ऊ तिनीहरूमाथि (खप्ट्याएर) बसिनेछ वा तिनीहरूमा धक्का लाग्नेछ। यदि यो चीज भाँडो हो भने,त्यसको पानी पोखिन सक्छ र ऊ खराब आचरणको देखिन्छ। उसले पहिले हेर्नु पर्छ वा आफ्नो हातले छोएर हेर्नुपर्छ जसले गर्दा अवस्था थाहापाइनेछ र त्यसपछि बिस्तारै बस्नुपर्छ।

**⁕भिक्खुले महिलासँग वा विकृत लिंग भएको व्यक्तिसँग एउटै लामो आसनमा बस्न निषेध गरिएको छ।ऊ आफ्नो बराबर नभएको व्यक्तिसँग (लामो आसनमा) बस्न सक्छ।**

लामो वस्तु जुन कि बस्नकोलागी बनाइएका र सार्न सकिने कुराहरू,जस्तै रुखको छायामा राखिएका लामा बेन्चहरू,वा एकै ठाउँमा स्थीर हुनेगरी राखिएका,जस्तै भुइँमा खुट्टा गाडिएका बेन्च वा इट्टाका बस्ने आसन वा सुत्ने ठाउँ र जसमा तीन जना वा त्योभन्दा बढी मानिसहरू बस्न सकिन्छ,त्यस्तालाई यहाँ लामो आसन भनिएको हो।भिक्खुको लागीयस्तो आसनमा महिला वा दुईलिंगी (हर्माफ्रोडाइट) जस्ता यौन-विकृत भएकासँग बस्नु उचित हुँदैन।'आफ्नो बराबर नभएको व्यक्ति' भन्नाले तीनभन्दा बढी वर्षावासले कनिष्ठ वा ज्येष्ठ भैसकेका भिक्खुहरूलाई भनिन्छ,तर *अनुपसम्पन्न*

(उपसम्पदा नभएकाहरू) को यहाँ उल्लेख गरिएको छैन। म बुझ्छु कि यसले अनुपसम्पन्नलाई जनाउँछ जसलाई भिक्खुहरूले आफ्नो समूहमा प्रवेश गर्न अनुमति दिँदैनन्। तर,भिक्खुहरूले अनुपसम्पन्नको साथ लामो आसनहरूमा बस्न सक्छन्। सबै भिक्खुहरू *समानासनिक* हुन्,जसको आसनको स्तर एउटै हुन्छ,र उनीहरूका लागी सँगै बस्नु एकदम सही छ।(यस विषयमा) यो व्याख्या सबैका लागी उपयुक्त छ तर पालिमा यसले समानासनिकलाई भिक्खुहरू भनेर व्याख्या गर्छ जसमा झण्डै उही संख्यामा वर्षावास भएको हुन्छ,कनिष्ठ वा जेष्ठ तीन भन्दा बढी वर्षावासले फरक हुँदैन। विनय-विज्ञहरूले यस विषयमा छानबिन गर्नु पर्छ।

***यदि कनिष्ठ भिक्खुहरूले खाना खाइरहेका छन् भने,वरिष्ठ भिक्खुले तिनीहरूलाई सार्न हुँदैन।**

यसलाई यसरी व्याख्या गरिएको छ: भिक्खुहरू दानशाला(भोजनकक्ष)मा भोजन गरिरहेका छन् र एकजना वरिष्ठ भिक्खु ढिलो आउँछ। जब ऊ दानशालामा प्रवेश गर्छ, ऊभन्दा कनिष्ठ भिक्खुहरूले वर्षावासको वरीयता अनुसार उसलाई आसन दिनको लागी तल झर्नुपर्छ। यस्तो अवस्थामा जेष्ठ भिक्खुले कनिष्ठ भिक्खुहरूलाई आफ्नो ठाउँ छाड्न लगाउन हुँदैन, उनीहरूलाई भोजन गर्न जारी राख्न दिनुपर्छ र अरूलाई बाधा नपर्ने गरी कुनै पनि खाली ठाउँमा बस्नुपर्छ। यदि कुनै वरिष्ठ भिक्खुले उचित स्थानमा बस्न जिद्दी गर्छ

भने,कनिष्ठ भिक्खुहरूले उसलाई आसन दिनको लागी तल सर्नुपर्छ। आफूभन्दा ज्येष्ठ भिक्खुलाई उनीहरूले अवरोध गर्नु हुँदैन।

***भिक्खुले दिनमा आराम लिंदा उसले कोठाको ढोका थुन्नुपर्छ।**

यस सन्दर्भमा अट्ठकथा-आचार्यहरूले कुन प्रकारको ढोका थुन्नु पर्छ र कुन प्रकारको ढोका थुन्नु पर्दैन भन्ने बारेमा चाहिनेभन्दा बढी व्याख्या गरेका छन्। उनीहरूको विचार छोटकरीमा भन्नुपर्दा,थुन्नुपर्ने ढोका जस्तो कि कोठाको ढोका हो, भने थुन्नु नपर्ने ढोका जस्तो कि ग्वाली (किलो, कब्जा) बिग्रेको ढोका हो, किनकि यो कडा छ र बन्द गर्न सकिंदैन,वा धेरै मानिसहरूद्वारा प्रयोग गरिने ढोका। ढोका बन्द गर्नुको उद्देश्य एकान्त ठाउँमा आराम गर्नु हो भन्ने बुझ्नुपर्छ,ताकि अपरिचित व्यक्ति आएमा सुतिरहेको बेलामा उसलाई देख्न नपाओस्।भिक्खुले यो बुझेपछि उसले उद्देश्य मुताबिक निम्नानुसार चलन गर्नु पर्छ-उसले एकान्त ठाउँ खोज्नु पर्छ,र त्यहाँ कुनै ढोका भए पनि खापा छैन भने,वा त्यसका ग्वालीहरू भाँचिएका छन्, त्यसैले त्यो थुन्न सकिन्न, तैपनि यसलाई केहि वस्तु प्रयोग गरेर बन्द गर्नु पर्छ। भनिएको छ कि अरू मानिसहरूले पनि प्रयोग गरिने स्थानको ढोका थुन्नु जरूरी छैन र यो देख्न सकिन्छ कि,उदाहरणको लागीभिक्खु बिरामी हुँदा साथी भिक्खुले सुश्रुषा गरिरहेको बेलामा उसले ढोका नथुने पनि हुन्छ।

Dhamma.Digital

***दिसा,पिसाब, शेष,वा कचरा बारको बाहिर (वा कुटीको बाहिर) वा पर्खाल वा गारोको बाहिर फाल्न मनाही छ।**

यदि कुटीमा बसिरहेको भिक्खुले झ्यालबाट फोहोर मात्र फाले पनि कसैमाथि पर्यो भने त्यो धेरै खराब आचरण हुनेछ। कुटी मानिसहरू आवतजावत गर्ने बाटो नजिकको ठाउँमा नपरेको भए पनिभिक्खुहरूले झ्यालबाट यस्ता चीजहरू फाल्दा कुटी वरपरको क्षेत्र फोहर हुनेछ। भिक्खुहरूले यस विषयको नियमलाई कडाईका साथ पालनगर्नु पर्छ। त्यस्ता चीजहरू (माथि उल्लेख गरिएजस्ता) ताजा हरियो बोट-बिरुवाहरूमा,अर्थात्अन्न उब्जाउने ठाउँहरूमा, चाहे खेतबारीहरू होस् वा बागवानीहरू मापनि फाल्न निषेध गरिएको छ। वर्तमान कालमा,तिनीहरूलाई घाँसे मैदान (लाँन) मा फ्याँक्न पनि निषेध गरिएको छ।

***काम परेको बेलामा बाहेक भिक्खुले रुख चढ्न निषेध छ।**[11]

जस्तो कि बाटो बिराएको छ, बाटो पहिल्याउनको लागी अग्लाईबाट हेर्नुपर्यो, यस्तो अवस्थामा उसले मानिसको

[11]*The Entrance to the Vinaya, Part-2,*का अंग्रेजी अनुवादकले यो अनुच्छेद छोडेको देखिन्छ, अर्थात् उनको अनुवादमा यो पाइँदैन। यहाँ मैले थाइ मूल पुस्तकबाट अनुवाद गरिदिएको हूँ। -नेपाली अनुवादक।

कदजति चढ्न मिल्छ, त्यसको तात्पर्य यो हो कि चारहातसम्म मात्र। हिंसक पशुहरूबाट बच्न चाहेको अवस्थामा त्योभन्दा उँचाईमा चाहिने जति चढे पनि हुन्छ।

***भिक्खुलाई नाच,गीत,संगीत हेर्न र सुन्न जान निषेध छ।**

नाच भनेको नृत्य-नाटक जस्तै हो। गायन भनेको,उदाहरणकोलागीगीतिकथा-गाउनु र सद्यःस्फूर्त गीतहरू (दोहरी) पदहरू गाउनु आदि हो। संगीत बजाउनु भनेको उदाहरणकोलागीसिलाफन (हार्मोनियम आदि जस्ता बाजा)बजाउनु हो,उदाहरणको लागीगायकहरूसँग बैंडबाजा (अर्केस्ट्रा) बजाउनु हो। संगीत बजाउने कार्यमा दुइवटा कारकहरू हुनसक्छन्, जस्तै गायन र वाद्यवादन आलोपालो गरी गरिन्छन्,वा तीनवटा कारकहरू हुन सक्छन्,जस्तै नृत्य-नाटक जसमा गायन,नृत्य र संगीत समावेश हुन्छ। यदि कुनै भिक्खु त्यस्तो ठाउँमा अरू काम परेर गएको भएमा ऊ त्यहाँ गए पनिहेर्ने मनसायले गएकोमानिंदैन। यदि उसले त्यहाँ रहँदा देख्यो भने,उसलाईआपत्तिहुँदैन। यदि भिक्खुविहारमा बसेको छ र उसको अगाडि नृत्य नाटक चलिरहेको छ,उसले देख्यो र सुन्योभनेपनि उसलाई अपत्तिहुँदैन। नाच,गान र संगीत हेर्न जानु मात्रै गलत हो भनिएको छ, तर आफैले नाच,गान गर्नु र संगीत

Dhamma.Digital

बजाउनुको उल्लेख गरिएको छैन,(तैपनि) यो त पक्कै पनि निषेधित हो![12]

**⁎भिक्खुले लामो स्वर तानेर धम्म देसना गर्न निषेध छ।**

गलत उच्चारण हुने गरी कृत्रिम ढंगले लामो स्वर तानेर धम्मको उच्चारण गर्नु,धम्म देसना गर्नु वा धम्म पाठ गर्नु हुँदैन।*सरभञ्ञ*भनेर चिनिने (अर्थात् सुत्त गाउने होइन) विधीद्वारा उपदेश दिनु वा श्लोक उच्चारणगर्न सकिन्छ। ठट्टा गर्ने वा प्रहर्षण गर्ने तरिकामा उपदेश गर्नु वा पाठ गर्नु,जुन कि समणको आचरणमा गलत छ,यी सबै कुराहरू यस शीर्षकमा समावेश छन् (र त्यसकारण निषेध गरिएको छ)।

**⁎भिक्खुलाई अनामास अर्थात् छुन नमिल्ने कुराहरू चलाउन निषेध छ।**

---

[12] यदि भिक्खुलाई गायन, नृत्य, र संगीतहरू हेर्नु र सुन्नु निषेधित गरिएको छ भने उसलाई यस्ता उपकरणहरू चलाउनु र बजाउनु पनि पक्कै निषेधित छ जसबाट उसलाई यस्ता मनोरंजन गराउँदछ, जस्तो कि रेडियो र टेलिविजन।
-अंग्रेजी अनुवादकको टिप्पणी।
यस्तै यसमा इन्टरनेटबाट मनोरंजक श्रव्यदृष्यहरू हेर्नु र सुन्नु पनि समावेश हुन्छ होला।
-नेपाली अनुवादकको टिप्पणी।

Dhamma.Digital

त्यसमा निम्न प्रकारका वस्तुहरू छन्:

क) महिलाहरू,उनीहरूको पोशाकका अंशहरू,र महिलाहरूकाआकृतिहरू।पोथी जनावरहरू पनि यस खण्डमा समावेश छन् र छुनहुँदैन। फ्याँकिएका महिलाका माथिल्ला र तल्ला वस्त्रहरू जुन कि आसनका लागी भए पनि प्रयोग हुन सक्छ, ती चीजहरू अनामासमा पर्दैनन्।

ख) सुन,चाँदी र बहुमूल्य चीजहरू।अट्ठकथामा आठ प्रकारका सूचीबद्ध छन्: मोती,स्फटिक(क्रिस्टल), वैदूर्यमणी (नीलोपल, ल्यापिस लाजुली),मूगा (कोरल),माणिक,पुखराज (मसारगल्ल),शंख,र (अर्ध-बहुमूल्य) पत्थरहरू। यस सूचीमा सुन र चाँदी समावेश गर्दा यी बहुमूल्य वस्तुहरू दस प्रकारकाबन्दछन्। मलाई थाहा छैन कि किन हिरालाई यहाँ उल्लेख गरिएन जब कि त्यतिबेला यो परिचित थियो। शंखलाई सुन वा रत्नहरूले सजाइएको शंखको रूपमा बुझ्नुपर्छ, जुन कि ब्राह्मण परम्परामा जस्तो कि जलले अभिषेक गर्न प्रयोग गरिन्छ वा (पवित्र) शंख बजाउन प्रयोग गरिन्छ। यो केवल एक सामान्य शंख होइन। माथि उल्लेख गरिएका पत्थरहरू जस्ता नै ती शंखहरू प्राकृतिकउत्पन्न वस्तुहरू हुन् भनी बुझ्नुपर्छ (कृत्रिमहोइन) तर जेड (कडा पत्थर,

Dhamma.Digital

रत्न) वा गोमेद जस्ता नै धेरै मूल्यवान छन्। यी वस्तुहरू धेरै प्राचीन कालदेखि नै गहनाको रूपमा प्रयोगभइआएको देखिन्छ, जस्तो किचिनियाँ-हरूको नाडीमा पहिरने जेड चूडीहरू (ब्रासलेटहरू) वा रातोपत्थरका बनेका मालाहरू, जुन कि सुनका वस्तुहरूसँग आलोपालो गरी उनेर बनाइएका हुन्छन्, जुन सम्भवतः जेड जस्तो नै गरेर प्रयोग गरिन्थ्यो।अनि त यसलाई साधारण पत्थर भनी भनिंदैन।

ग) विभिन्न प्रकारका शस्त्र-अस्त्रहरू जुन कि शरीर तथा प्राणको लागी घातक हुन्छ। उपयोगी ज्यावलहरू,जस्तो कि बंचरोआदि, यहाँ समावेश छैन।

घ) जलचर तथा स्थलचर प्राणीहरूलाई समात्ने फंदा (पासो) का उपकरणहरू।

ङ) सबै प्रकारका संगीतका उपकरणहरू।

च) (खेतका बिरूवाहरूमा रहेका) अन्न र फलहरू, जहाँ ती उत्पादन हुन्छन्।

अनामास रहेका यी वस्तुहरूलाई चलाउन निषेध गरिएको कुरा प्रत्यक्ष रूपमा पालिमा आउँदैन। अट्ठकथा-आचार्यहरूले विनीतवत्थुमा वा अन्य ठाउँहरूमा आपत्तिको निर्णय गर्ने विषयहरूलाई तुलना गरेर हेर्दाउनीहरूले यो चलन चलाएका हुन्,तर जे भए पनि यो उचित छ। उदाहरणको लागी,जीवित

प्राणीहरूलाई मार्नबाट टाढै बस्ने तर मार्ने हतियार वा पासो राख्ने उपकरणहरू चलाउने भिक्खु हेर्नमा नराम्रो देखिन्छ। वा भिक्खु जसले वाद्य बजाउनबाट टाढै रहन्छ,तर त्यसलाई चलाईरहन्छ,त्यो पनि नराम्रो देखिन्छ। त्यसैले,यी वस्तुहरूलाई अनामास भनिन्छ र सुरुदेखि नै यी वस्तुहरू कदापिभिक्खुहरूका लागी उपयुक्त छैनन्।

**विधीवत्त-विधीपूर्वक गर्नुपर्ने कर्तव्यहरू**

हाल धम्मयुत्तिक निकायका भिक्खुहरूको शैली अनुसार भिक्खुको चीवर लगाउने विधी यस प्रकार छ: अन्तरवासक लगाउँदा यसको माथिल्लो छेउलाई बाँया तर्फ (घडीको विपरीत दिशामा) भित्री तर्फ मोडिन्छ र किनाराहरू मुट्ठा नपारीकन र गाँठो नपारिकन नै नाभि तिर घुसारिन्छ।*अन्तरवासकको तल्लो किनाराले घुँडालाई ढाक्नु पर्छ,*यो कम्तिमा नलीलाई आधा छोपिने गरी तल झुण्डिएको हुनुपर्छ। यसलाई धेरै तलसम्म आउनेगरी लामो पारेर लगाउनु हुँदैन जसले गर्दा हिंड्दा पिंडौलामा बाधा हुन्छ।भिक्खुले सभामा प्रवेश गर्दा,विहारबाट बाहिर निस्कँदा वा आफ्नो निवासबाट बाहिर निस्कँदा कायबन्धन लगाउनुपर्छ। उत्तरासङ्गलाई त्यसैगरी (अन्तरावासक जस्तै) भित्र बायाँतिर घुमाएर लगाइन्छ। विहारको भित्र वा बसोबास क्षेत्रमा यसलाई बायाँ काँध छोपेर,दाहिने काँधलाई खुला राखेर लगाउनु पर्छ।आफू बस्ने विहारको बाहिर,उसले दुबै काँधहरू ढाकेर यो लगाउनु पर्छ,चीवरको 'लुफाह-रोल' खोलेर दुइ

साँधको बीचबाट दाहिने हात बाहिर ल्याएर टाँख र फेरो (चिखी, नेवारी) बाँध्नुपर्छ। मानिसहरूको बसोबास क्षेत्रमा जाँदा सङ्घाटिको सन्दर्भमा पालिमा भनिएको छ कि यो उत्तरासंगमा खप्ट्याएर लगाउनु पर्छ,तर विहारमा,उपोसथमा सङ्घकर्म गर्दा पनि त्यसको प्रयोगको उल्लेख गरिएको छैन। थाइ देशमा यसलाई उत्तरासंगमाथि देब्रे काँधमा लर्काइन्छ।

*भिक्षाचार गर्न जाने बेला*मा,पात्रलाई पात्रको खण्ड, अध्याय १२,परिक्खारहरू प्रयोग गर्ने तरिकामा बताइएको अनुसार धारण गरिन्छ।

चीवरहरू पट्याउने (दोबार्ने) विधीलाई पालिमा यस्तो बताइएको छ कि बीचमा नखुम्चिनेगरी पट्याउने। एक तह वा अर्को छेउहरू लगभग चार इन्च (अन्तरवासकको किनाराको अनुमानित चौडाइ जति) एकआपसमा खप्टिनेगरी पट्याउने र यस्तै पट्याइएको अन्तरवासकको चाङमाथि कायबन्धन राखिनुपर्छ। चीवरहरूको बीचमा क्षति हुनबाट रोक्नको लागी यो विधी राम्रो छ)। तर,अहिलेको जमानामा कपडा पाउन सजिलो भएकोले त्यसको महत्त्व हामीलाई अनुभव हुँदैन।

पुरातन समयमा, (अहिले पनि प्रायःगरी) चीवरहरू लहरमा झुण्ड्याइ राखिन्थे। तिनीहरूलाई झुण्ड्याउने विधी एक हातले चीवर समात्ने,अर्को हातले डोरी वा झुण्ड्याउने लहर सफा गर्ने र त्यसपछि चीवरलाई उचालेर लहर नघाएर त्यसको एक किनारा आफूतिर र अर्को किनारा त्यसको पछाडितिर आफूबाट टाढा लर्किनेगरी बिसाउने हो।

पात्र खाट वा बेन्चको मुनि राखिन्छ। पात्रलाई बिसाउने विधी यस्तो हो कि एक हातले पात्र समातेर अर्को हातले खाटमुनि वा बेन्च मुनि छामछुम गर्ने अनि पछि त्यसलाई त्यहाँ बिसाउने हो।

चप्पल पुछ्ने विधी भनेको पहिले त्यसलाई सुख्खा कपडाले पुछ्ने र त्यसपछि भिजेको कपडाले पुछ्ने हो।

थेर (वरिष्ठ भिक्खु)लाई पंखा हम्काउने विधी यस प्रकार छ: पालिमा भनिएको छ कि खुट्टामा एक पटक,शरीरमा एक पटक र सिरमा एक पटक गरी पंखा हम्काउनुपर्छ,तर जसले उच्च र नीचलाई मान्दछ,उसले सिरमा हम्काउनु हुन्न।

झ्यालहरू ऋतु अनुसार खोल्ने र थुन्ने विधी यस प्रकार छ:भिक्खुलाई सल्लाह दिइन्छ कि चिसो ऋतुमा दिनको समयमा झ्यालहरू खोल्नु र रातमा थुन्नुपर्छ। गर्मी ऋतुमाझ्यालहरू दिनमा थुन्नुपर्छ र रातमा खोल्नुपर्छ। मैले गर्मी ऋतुमा झ्याल थोरै खोलेर प्रयोग गरेको छु र यो चौडा खोल्नुभन्दा धेरै राम्रो छ किनकि बाहिरको मौसम भित्रकोभन्दा धेरै तातो हुन्छ।(तापक्रम समुचित बनाउन उपयुक्त हुने गरी गर्नुपर्छ। -नेपाली अनुवादक)

हिंड्ने ढंगको सन्दर्भमा भिक्खुहरूलाई सल्लाह दिइएको छ कि उनीहरू वर्षावासको वरियता क्रमले सिंगो लहरमा दुइजनाको बीचबाट मानिस वारपार गर्नको लागी पर्याप्त ठाउँ छोडेर हिंड्नुपर्छ। यदि भिक्खुहरू धेरै छन् र लहर धेरै लामो छ र भिक्खुहरूलेआपसमा योभन्दा नजिक भई सँगै हिंड्नचाहेमा

उनीहरू खण्ड-खण्डमा विभाजित भई बीच-बीचमा मानिसहरू वारपार गर्ने ठाउँ बनाएर हिंड्नुपर्छ। यदि यस्तो गरिएन भने,अरू मानिसहरूलाई समस्या हुन सक्छ।

भिक्खुले विनयकम्म गर्दा,उसले देब्रे काँध ढाकेर (एकांश गरी) उत्तरासङ्ग लगाउनुपर्छ र त्यसपछि आपत्तिदेसनाविधीकर्म गर्दा जस्तो गरी हात बिन्ती गरी टुक्रुक्क बस्नुपर्छ, तीनचोटी नमस्कार गर्ने वाक्य "नमो तस्स..." वाचन गर्नुपर्छ।यी बाहेक यस्तै गरेर वाचन गर्नुपर्ने अरु पनि विधीवाक्यहरू छन्,जस्तै पवारणा वा आपत्तिदेसना गर्दाको प्रतिबद्ध हुने ("यो साँच्चै राम्रो छ,भन्ते,म संयमित हुनेछु।")आदि वाचन गर्दा।

विधीवत्त (विधीपूर्वक गर्नुपर्ने) कर्तव्यहरूको कुनै निश्चित ढाँचा छैन र यो समय र स्थान अनुसार परिवर्तन हुन्छ।भिक्खुहरूको समूहलाई जानकारी दिनको लागी तिनलाई यहाँ समूहबद्ध गरी समावेश गरिएको छ किनकि उनीहरू सबैजनाद्वारा एकनासले ब्यवहार गराउनको लागी एक निश्चित विधीमा आधारित भएर एउटै ढंगले व्यवहार गरिनु जरूरी छ, जस्तो कि एउटै आकारले चीवर लगाउने काम। यो पुरातन समयमा गरिएको थियो,र यदि गर्ने ढाँचा समयबाह्य भइसकेको छ र अब चलन गर्न सकिँदैन भनेत्यसपछि अर्को तरिकाले यसको स्थान लिनुपर्छ। यदि यस्तो गरिएन भने यी विधीहरू एक-एक गरेर हराउनेछन् केही पनि बाँकी रहने छैनन्।

*****

Dhamma.Digital

## अध्याय १५

## सम्मान

त्रिरत्न बौद्ध धर्मावलम्बीहरूको सर्वोच्च शरण हो।पालिमा,भिक्खुहरूलाई भगवान बुद्ध,धम्म र संघको बारेमा हँसीठट्टा गरी बोल्न निषेध गरिएको छ। यसलाई यसरी व्याख्या गरिएको छः यहाँ 'हँसीठट्टा' भनेको मनोरञ्जनका लागी खेल्ने कलाकारहरूले जस्तै रमाइलो गर्न अभिनय गर्नु वा भगवान बुद्ध र संघको विषयमा घटिया किसिमले बोल्नु हो, यस्तो गर्नहुदैन। बुद्ध,धम्म र संघको कथा प्रयोग गरेर कथाको मुख्य भागमा बुद्ध र (आर्यपुद्गल) संघका पवित्र नामहरू लिएर मन गढन्ते कथा सुनाउनु हो। यो पनि उपयुक्त छैन।जस्तै,उदाहरणकोलागी, भनिएको छ कि जब हात्तीको बथान *पच्चेकबुद्ध* (मौन बुद्ध) को अगाडिबाट आवतजावत गर्दा तिनीहरूले उहाँलाई आफ्नो सुँडले सम्मान गर्थे। भगवान बुद्ध वा संघका कथाहरू जुन सत्य मानिन्छन् तर ठट्टा वा हाँसोको रूपमा सुनाइन्छन् भने,त्यस्तो गरी पनि बोल्नहुँदैन। यस विषयमा ध्यान नदिइएकोले बुद्ध र उहाँका सावकहरूको बारेमा धेरै अविश्वासनीय कथाहरू छन्। श्रोताहरूमा राम्रो विश्वास (श्रद्धा) उत्पन्न गर्नको लागी कसैले भगवान बुद्धका कृत्यहरू

सुनाउने प्रयास गर्दा सम्मानजनक तरिकाले गर्नु पर्छ। उदाहरणको रूपमाधम्म-विनयको *संगायन* (परिषद, सभा) का (विश्वासयोग्य कथाहरू)प्रयोग गर्न सकिन्छ र यसमा देखुपर्ने कुनै दोष छैन।

एकअर्काप्रति विनम्रता (आदरभाव) देखाउने तरिका (भिक्खुहरू र गृहस्थीहरू दुवैको लागी) समुदायको राम्रो र असल कुरा हो। भगवान बुद्धले *वन्दन* (निधार,दुई हात र दुई घुँडाले टेकेर गरिने प्रणाम) कार्यलाई अनुमति दिनुभयो।*उत्थान* (स्वागत गर्न उभिनु),*अञ्जली* (आदरको रूपमा हत्केला जोड्नु),र *सामीचिकम्म*[विनम्रता देखाउने अन्य तरिकाहरू जुन सुन्दर र राम्रा छन्।] यी कार्यहरू वर्षावासको वरियता अनुसार गर्न भगवान बुद्धले अनुमति दिनुभएको छ। साथै, उच्च प्रकारका आसन, भोजन र पेयहरू वर्षावासको वरियताक्रमले ग्रहण गर्ने अनुमति दिइएका छन्।

भिक्खुहरूले आफ्नो समूहको बाहिरका अरूलाई अञ्जली (बिन्ती, अभिवादन) नगर्ने चलन छ,जसलाई पालिमा सामूहिक रूपमा अनुपसम्पन्न भनिन्छ।भिक्खुनीहरूलाई समेत यसमा (उपसम्पदा रहित) मा गनिन्छ (उपसम्पदा पाएका भए पनि)। भिक्खुहरूको समूहमा कनिष्ठ भिक्खुलाई अञ्जली नगर्ने र जेष्ठ भिक्खुद्वारा अञ्जली गराउनु हुँदैन भन्ने मान्यता छ। यसबाहेक,*नानासंवास* भनिने अर्को *निकाय* (समूह) का भिक्खुहरूलाई अञ्जली गर्नहुँदैन,जसलाई 'पृथक जीवनको कारण बन्ने धम्म (सिद्धान्त) भएकाहरू' भनी अनुवाद गरिएको

Dhamma.Digital

छ।भिक्खु जेष्ठ भए पनि धम्म नभएको (अधर्मको) कुरा बोल्यो भने उसलाई अञ्जली गर्नहुँदैन,यसरी नै धम्म अनुसारको कुरा बोल्ने भिक्खुलाई सम्मान गर्नु पर्छ। एउटै *निकाय*का जसलाई *समानसंवास*-'जसमा सँगसाथ बस्ने कारणको रूपमा धम्म छ',भनिने ज्येष्ठ भिक्खुहरूलाई पनि निम्नलिखित अवसरहरूमा अञ्जली गर्न हुँदैन:

क) *वुत्थानविधी* (सुधारको प्रक्रिया)गरिरहेको समयमा, अर्थात् सङ्घादिसेस आपत्ति गरेकोमा दण्ड (सजाँय) भोगीरहेको अवस्थामा।

ख) संघले *उक्खेपनीयकम्म* (निलम्बन) गरेको अवस्थामा।त्यसपछि भिक्खुलाई*समभोग* (सँगै खानु) र संवास गर्नु (सँगै संघकम्म गर्नु) निषेध गरिएको छ।

ग) नग्न भएको बेलामा (वा अर्धनग्न अवस्थामा)।

घ) सडकमा वा बसोबास क्षेत्रमा हिंड्ने अवस्थामा।

ङ) अँध्यारो ठाउँमा बसेको बेलामा जहाँ एकले अर्कोलाई देख्न सकिंदैन।

च) जेष्ठ भिक्खुलाई थाहा नहुने अवस्थामा, जस्तो कि सुतेको बेलामा,धेरै काममा डुबेको वा आफ्नो मन अन्यत्र पठाएको बेलामा,भिक्खुले अञ्जली गर्छ भने उसलाई,उसले प्रतिक्रिया नगर्न सक्छ।

छ) भोजन गर्ने बेलामा।

ज) दिसा वा पिसाब गर्दा।

Dhamma.Digital

यदि कुनै भिक्खुले माथिका पहिला तीनवटा (क,ख रग) मा जेष्ठ भिक्खुलाई अञ्जली गर्छ भने उसलाई दुक्कट हुन्छ, तर अन्य पाँचको हकमा यो राम्रो र उचित होइन भनी मात्रै भनिन्छ।

अब, के कारणले भिक्खुहरूले अरूलाई अञ्जली गर्न हुँदैन भनी ठान्छन्? यो कुरा थाहा पाउन सकिन्छ, किनकि म निष्कर्षमा पुगेको छु कि यो जन्मको सन्दर्भमा भएको हो,जसको शुरूवातकर्ता ब्राह्मणहरू (शाब्दिक अर्थ: स्वामी)थिए । जन्मप्रतिको पक्षपात त्यागेका मानिसहरूले आफ्नो धम्म (सिद्धान्त) अरूको धम्मभन्दा राम्रो छ भनी ठानेर आफ्नै समूहलाई उच्च सम्मान गर्दै आएका थिए। नतिजा यो भयो कि उनीहरूमा घमण्ड चढ्यो। सुत्तमा ब्राह्मण र घुमन्ते सन्न्यासीहरू भगवान बुद्धको दर्शन गर्न वा सावकहरूलाई भेट्न आएका थिए र उनीहरूले आदर (अभिवादन) नगरी मात्र कुरा गरे भनी उल्लेख गरिएको छ। यस प्रकारका व्यक्तिहरूले आफ्नो समूह बाहिर अरूलाई अञ्जली गर्न खोज्दैनन्। सायद भिक्खुहरूको समूहले पनि यही परम्परालाई कायम राखेको हुनसक्छ। यदि भिक्खुहरूले यो परम्परालाई धारण गरेनन् भने,उनीहरूले आफूलाई कमतर बनाउन सक्छन् र यसरी उनीहरू (ब्राह्मण आदि) भन्दा निम्नस्तरको हुन सक्छन्। (उनीहरूले त्यसो गर्नु) असम्भव छ। अर्काको धम्म मान्ने र अर्को सील मान्नेलाई सम्मान गर्नु भनेको आफ्नो धम्म र सीलभन्दा पनि उच्च छ भन्ने देखाउनु हो। भगवान बुद्धको

धम्म र सीललाई मान्नेहरूले यसैलाई सर्वोच्च ठान्ने भएकाले उनीहरूलाई अर्को समूहप्रति आदर देखाउन असम्भव छ,जसले आफूलाई तल्लो बनाउँछ। सायद,यसै कारणले अन्य समूहकालाई अञ्जली गर्न निषेध गरिएको हो।

*उत्थान* (स्वागत गर्न उभिनु) कनिष्ठ भिक्खुको कर्तव्य हो जुन कि वरिष्ठप्रति गर्नु पर्छ,तर यसलाई अञ्जली सम्बन्धमा जस्तो गरी विस्तृत रूपमा व्याख्या गरिएको छैन।यति मात्र अनुमान हुन्छ कि जेष्ठ भिक्खुको आवासमा बस्ने (कनिष्ठ) ले सो ज्येष्ठ भिक्खुभन्दा कनिष्ठ भिक्खुलाई स्वागत गर्न खडा हुँदैन। अञ्जलीको कार्य पनि उस्तै (स्वागत गर्न उभिनु जस्तै) हुन सक्छ, तर यो निषेधित छैन। अहिलेको प्रचलनअनुसार घरमा पङ्क्तिमा बस्दा र विहारमा सङ्घ-बैठक हुँदा भिक्खुहरू कसैलाई स्वागत गर्न उभिंदैनन्।

*अञ्जली* प्रायःगरी टुक्रुक्क बस्दा प्रयोग गरिन्छ र यो वरिष्ठ भिक्खुले पनि अरूप्रति प्रयोग गर्न मिल्छ,जस्तो कि कनिष्ठसँग क्षमा याचना गर्दा, अथवा विनयकम्म गर्दा। यो उभिएको अवस्थामा पनि प्रयोग गरिन्छ,तर वरिष्ठ भिक्खुलाई मात्र।

*सामीचिकम्म* (सम्मान देखाउने अन्य उचित विधीहरू) कहिलेकाहीँ यो कनिष्ठप्रति पनि गर्न सकिन्छ,जस्तै सद्धिविहारिक बिरामी हुँदा,जब उसको हेरचाह गर्नु उपज्झायको कर्तव्य हुन्छ।

Dhamma.Digital

यी अन्तिम तीनवटा विषयहरू (उत्थान,अञ्जली,र सामीचिकम्म)को सन्दर्भमा,भिक्खुहरूलाईवन्दना गर्ने मामिलामा जस्तो (उनीहरूले माथिको रूपमा गलत अवसरहरूमा गरे पनि)आपत्ति पर्दैनन्।

जब भगवान बुद्ध जीवित हुनुहुन्थ्यो,भिक्खुहरूले एक अर्कालाई *आवुसो* भनेर सम्बोधन गर्थे,शाब्दिक रूपमा 'लामो आयु भएको व्यक्ति' भनेर अनुवाद गरिएको छ र हाम्रो सम्बोधन गर्ने तरिकामा 'तपाँइ' जस्तो हो, जसले आफूलाई अरूसँग बराबरको बनाउँछ। उदाहरणको लागी,उनीहरू धेरै वरिष्ठ वा धेरै कनिष्ठ थिए भने,जुन अवस्थामा कनिष्ठले वरिष्ठलाई *भन्ते*को रूपमा सम्बोधन गरिन्थ्यो,शाब्दिक अनुवाद 'विकसित भएको, आदरणीय' हो र जुन हाम्रो सम्बोधन गर्ने तरिका अनुसार 'आदरणीयज्यू' वा 'आदरणीय महाशय' हो। वरिष्ठले कनिष्ठलाई *आवुसो* भनेर सम्बोधन गर्दथे। परिनिब्बाण हुनुभन्दा पहिले भगवान बुद्धले भिक्खुहरूलाई ज्येष्ठता र कनिष्ठता अनुसार एकअर्कालाई सम्बोधन गर्न आदेश दिनुभयो,कनिष्ठले वरिष्ठलाई 'भन्ते' र वरिष्ठले कनिष्ठलाई 'आवुसो' भनेर सम्बोधन गर्ने अनुमति दिनुभयो। यसै कारणले गर्दा हालसम्म यसो गर्ने भिक्खु परम्परा बन्यो। यो कुरा महापरिनिब्बाण सुत्तमा उल्लेख भएको छर विनयमा उल्लेख गरिएको छैन र त्यसैले यो तरिका नमान्ने भिक्खुहरूलाई आपत्ति पर्दैन।

Dhamma.Digital

भिक्खुहरूले एक अर्कालाई नामको अगाडि आदरवाचक शब्द *आयस्मा* राखेर सम्बोधन गर्थे,उदाहरणको लागी,आयस्मा उपालि। यो शब्दलाई शाब्दिक रूपमा अनुवाद गर्दा 'आयु लामो भएको व्यक्ति' हुन्छ र हाम्रो सम्बोधन गर्ने तरिकामा "हजुर फलानो भन्ते" हुन्छ। यो वरिष्ठ र लगभग बराबर वरिष्ठता भएका भिक्खुहरूलाई सम्बोधन गर्न प्रयोग गरिन्थ्यो,र अहिले पनि प्रयोग गरिन्छ।

कनिष्ठले वरिष्ठ भिक्खुसँग (पालिमा) बोल्दाक्रियाको वचन परिवर्तन गर्नु पर्छ र उसले धेरै व्यक्तिहरूसँग बोलेको जस्तो गरी बहुवचन रूप प्रयोग गर्नु पर्छ। तर जब वरिष्ठले कनिष्ठसँग कुरा गर्छ,उसले केवल एक व्यक्तिसँग कुरा गरिरहेको जस्तो गरी एकवचन रूप प्रयोग गर्छ। यी शब्दहरू विनयकम्ममा प्रयोग गरिन्छन्,जस्तै कि मगध भाषा (पालि) मा आपत्तिदेसना गर्नेविधीवाक्य वाचन गर्दा।

वर्षावासको वरियताक्रममा वरिष्ठ भिक्खुहरूलाई उत्तम आसनहरूको लागी भगवान बुद्धले दिनुभएको छूटको विषयमा,धम्म देसना गर्ने कनिष्ठ भिक्खुहरू (पनि) कहिलेकाहीँ थेरहरूको आसनभन्दा माथि बस्न सक्छन् भने थेरहरू तल वा समान स्तरमा बस्छन्,यस्तो गरेको धम्मप्रति सम्मान देखाउनु हो,जुन कि उचित छ। जब कनिष्ठले धम्मदेसना गर्छ,उसले पहिले वरिष्ठ भिक्खुसँग अनुमति माग्नुपर्छ,त्यसपछि उसले देसना गर्न मिल्छ। यदि उसले यसो नगरेमा ज्येष्ठ भिक्खुहरूलाई सम्मान नगरेको हुन्छ, किनकि धम्म देसना गर्नु

उनीहरूको कर्तव्य हो। यदिकुनै परिस्थितिलेथेरहरूले धम्म देसना गर्न सक्दैनन् भनेत्यो कर्तव्यकनिष्ठ भिक्खुहरूको हुनजान्छ।

**⁎कनिष्ठ भिक्खु वरिष्ठ भिक्खुसँग एउटै कुटीमा बस्ने बेलामायदि कनिष्ठ व्यक्तिले धम्म सिकाउन,यसको अर्थ बुझाउन,धम्म वाचन गर्न,धम्मदेसना गर्न,आगो बाल्न वा निभाउन, झ्याल थुन्न वा खोल्न चाहन्छ भने,उसले पहिले अनुमति माग्नुपर्छ।**

उसलाई यी कामहरू आफूखुसी एक्लैले गर्न निषेध गरिएको छ। यदि वरिष्ठ भिक्खुले उसलाई यी कामहरू कुनै पनि समयमा एक्लैले आफुखुसी गर्ने अनुमति दिइएको छ भने,उसले प्रत्येक पटक अनुमति माग्न आवश्यक छैन।

**⁎उपज्झाय वा आचरिय वा उपज्झायमत्त वा आचरियमत्त (उपज्झाय वा आचरिय जति वरिष्ठ) भएका अन्य भिक्खुहरू चप्पल नलगाइकन हिंड्दा आफू चप्पल लगाएर हिड्न निषेध गरिएको छ।**

निस्सय दिनको लागी उपयुक्त, उपज्झायवा आचरिय बन्न उपयुक्त हुने भिक्खुहरू अर्थात् दश वर्षावासभन्दा बढी भएकालाई *उपज्झायमत्त* र *आचरियमत्त*'उपज्झाय सरहका' र 'आचरिय-सरहका' भनिन्छन्। तर अट्ठकथा आचरियहरूले वर्णन गरेका छन् कि छ वर्षावासले जेष्ठ भिक्खुहरूलाई आचरियमत्त

भनिन्छ किनभने उनीहरूले युवा भिक्खुहरूलाई चार बर्षावास बितेपछि निस्सय दिन सक्छन्। म बुझ्छु कि आचरियको कर्तव्य प्राप्त गर्ने,अन्य भिक्खुहरूलाई निस्सय दिने भिक्खुहरू (निस्सय दिइने भिक्खुहरूको भन्दा) दस वर्षावासभन्दा बढी हुनुपर्छ। उदाहरणको लागी,यदि उसले चार वर्षावासकाहरूलाई निस्सय दिन्छ भने,ऊआफू पहिले नै चौध वर्षावास भएको हुनुपर्दछ। म यसरी तुलना गर्न चाहन्छु: बाह्र वर्ष उमेरको केटा दूधे बच्चाको बुबा हुन पर्याप्त छ। अब यो कस्तो हुन्छ होला?तर त्यो बाह्र वर्षको अर्को चार वर्षमा सोह्र वर्षको हुनेछ त्यसैले सायद उसको यस्तो सन्तान होला। चार वर्षको सानो बच्चालाई आफ्नो हेरचाह गर्न कोही चाहिन्छ र सायद सोह्र वर्षको व्यक्तिले त्यसो गर्न सक्छ,तर के उसलाई पनि बुबा भन्न सकिन्छ? मलाई लाग्छ यो असम्भव छ! भाइको हेरचाह गर्ने दाजु सम्म मात्रै हुनसक्ला! जसरी बुवा बन्न सक्ने उमेर व्यक्तिको जन्ममितिबाट निर्धारण गर्न सकिन्छ,त्यसरी नै भिक्खु आचरिय बन्न सक्ने उमेरको छ, कि छैन भन्ने कुरा उसको उपसम्पदाको समयबाट नै निर्धारण गर्नु पर्छ।

भगवान शास्ताको स्मारकस्थल भएको चेतिय (चैत्य) वरपरको क्षेत्रमा प्रवेश गर्ने व्यक्तिले छाता नओढिकन (बन्द गरेर),चप्पल नलगाइकन (खोलेर) र दुवै काँध चीवरले नछोपीकन (दाहिने काँध खुल्ला राखेर, एकांश गरेर) सम्मानपूर्वक व्यवहार गर्नु पर्छ भन्ने भिक्खुहरूको चलन छ। त्यहाँ चर्को स्वरमा बोल्नु हुँदैन वा चैत्यतिर खुट्टा पसारेर

बसेमा चैत्यस्थानलाई आदर प्रदर्शन नगरेको हुन्छ। उनीहरूले त्यहाँ दिसा गर्न वा पिसाब फेर्न हुँदैन,चैत्यको पेटीमा (वा) भगवान बुद्धको मूर्तिको अगाडि थुक्नु हुँदैन,उनीहरूका यस्ता राम्रा व्यवहारले भगवान शास्ताप्रति आदर देखाएको हुन्छ।

भिक्खुहरूको परम्परा एउटा यस्तो छ कि एकअर्कासँग विनयकम्म गर्ने,जस्तै आफू शुद्ध (पारिसुध्दि) रहेको बताउने,पवारणा गर्ने,वा आपत्तिदेसना गर्ने बेलामाउसले दाहिने काँध खुल्ला छोडेर चीवर लगाउने,टुक्रुक्क बस्ने र अञ्जली गर्ने हो। जब भिक्खुले विनयको (विनयकथा) को व्याख्या,वा धम्म (धम्मदेसना) को प्रवचन सुन्छ, ऊ चुपचाप बस्छ र सुन्दछ र अरूसँग कुरा गर्दैन,र उसले नखोक्ने प्रयास गर्छ ताकि देसना गर्नेको आवाजलाई नदबाओस्। यदि कुनै आवश्यक कारण नभएको खण्डमा भिक्खुले उपदेश दिइरहेको समयमा भिक्खुले त्यो ठाउँ छोडेर उठेर जान हुँदैन,बरू त्यो देसना समाप्त नभएसम्म पर्खनुपर्छ। यदि यो लामो देसना हो भने,जस्तै रातभर गरिने धम्म देसना,भिक्खुले यसको एक भाग पूरा नभएसम्म पर्खनुपर्छ। धम्मको सन्देश दिने वचनहरू,चाहे लिखित,मुद्रित,वा उत्कीर्णित होस्,यसलाई नाघेर हिँड्नु वा कुल्चिनु हुँदैन। यो धम्मको सम्मान गर्ने तरिकाहरू मध्ये गनिन्छ।

बसोबास भएको इलाकामा बाहेक संघको बैठकमा प्रवेश गर्ने भिक्खुहरूले दाहिने काँध खुल्ला राखेर चीवर लगाउने र चाहे वरिष्ठ वा चाहे कनिष्ठ दुवै थरीका भिक्खुहरूलाई

Dhamma.Digital

(आपसमा) संयम र उचित तरिका देखाउने चलन छ। यो संघलाई सम्मान गर्ने तरिकाहरू मध्ये गनिन्छ।

विनयकम्म गर्दा पालिमा केवल तीन प्रकारका सम्मानहरू उल्लेख गरिएका छन्: दाहिने काँध खुल्ला राखेर चीवर लगाउनु,टुक्रुक्क बस्नु र अञ्जली गर्नु। यी बाहेक बाँकी रहेका परम्पराहरू त पछि गएर स्थापित भएका हुन्।तर ती कर्तब्य राम्रा छन् र भिक्खुले तदनुसार व्यवहार गर्नु पर्छ,त्यसैले यिनलाई यस अध्यायमा उल्लेख गरिएका छन्।

*****

Dhamma.Digital

## अध्याय १६

## वर्षावास बस्नु

पुराना युगका मानिसहरूको चलन थियो कि वर्षायाम आइपुग्दा मानिसहरू विभिन्न ठाउँमा आवतजावतगर्ने काम रोक्थे,उदाहरणकोलागी,गाईवस्तु,भारवाहक जनावरहरू बेच्ने व्यवसायीहरू जुन ठाउँमा पुगेपनि बाटो हिलाम्मे हुने भएकोले यात्रा गर्न सहज नहुने भएकोले वर्षायाममा त्यहीँ बस्ने चलन थियो। यसबाहेक अविरल वर्षाका कारण जमिन डुबानमा परेको हुन्छ।भगवानको ज्ञानलाभको प्रारम्भिक समय (पठमबोधिकाल) मा भिक्खुहरू थोरै थिए र वर्षाको ऋतु आएपछि उनीहरू स्वेच्छाले घुमफिर गर्न छोडेर निश्चित ठाउँमा वास बस्ने गर्थे। तब त्यो (वर्षावासभरी एकठाउँमा बस्ने) परम्परा भगवान बुद्धद्वारा स्थापित भएको थिएन। पछि भिक्खुहरूको सङ्ख्या निकै बढेपछि वर्षा ऋतु आउँदाभिक्खुहरू (चारिका गर्दै जाँदा जबजहाँ वर्षा ऋतु पुग्थ्यो) त्यही ठाउँमा बस्ने र तीन महिनाभर एक रात पनि अन्यत्र नजाने प्रचलन चलाउनुभयो । हामी यसलाई 'वर्षावास बस्ने' भन्छौं।

Dhamma.Digital

वर्षावास प्रवेश गर्ने तिथीलाई *वस्सूपनायिका* भनिन्छ। पालिमा,यसको लागी दुई पटक राखिएको छ: पुरिमिका वस्सूपनायिका, प्रथम वर्षावास प्रवेश गर्ने दिन; र पच्छिमिका वस्सूपनायिका, दोश्रो वर्षावास प्रवेश गर्ने दिन। प्रथमवर्षावास प्रवेश गर्ने दिन असार पूर्णिमा वा नक्षत्रको भोलिपल्ट हुन्छ, अर्थात्,आठौं महिनाकोकृष्णपक्षको प्रतिपदा। दोश्रो वर्षावास प्रवेश गर्ने दिन त्यसको एक महिना पछि (नवौं महिनाको कृष्णपक्षको प्रतिपदाको दिन) अर्थात् असार पूर्णिमा (नक्षत्र) देखिएक महिना बितेपछि हो।

वर्षावास प्रवेश गर्ने दिनहरूपहिलो र दोश्रो गरी दुईवटा किन निश्चित गरिएका हुन् भन्ने कारण स्पष्ट छैन। समतेचबर-महा-समण-चाउ क्रम-बरया पवरेश्वरीयालंकरण,मेरा उपज्झाय,वर्षावास प्रवेश गर्ने दिन एउटा मात्र छ भन्ने निष्कर्षमा पुग्नुभयो,तर पालिमा भनिएको छ कि दुईवटा छन्: तिनमध्ये पुरिमिका-वस्सूपनायिका पहिलो वर्षावास प्रवेश गर्ने दिन त्यो हो, जुन वर्षमा (चान्द्र) मासको संख्या सामान्य (बाह्र) हुन्छ,पच्छिमिका-वस्सूपनायिकादोश्रो वर्षावास प्रवेश गर्ने दिन त्यो हो जुन वर्षमा अधिकमास वा थप महिना हुन्छ। दोश्रो वर्षावास प्रवेश दिनको मामलामा,वर्षावास प्रवेश गर्ने दिनको निर्धारण पहिलो मितिबाट एक महिना ढीलो हुन्छ। उहाँको दृष्टिकोणको अर्थ यही हो।यो तर्कसंगत छ, तर ज्योतिषशास्त्र अनुसार वर्षावास प्रवेश दिनलाई एक महिना पछि सार्नु अर्थात् अधिकमास थप्नुको अर्थ पहिलो पूर्णिमाको दिन आफ्नो

Dhamma.Digital

परिक्रमामा रहेको चन्द्रमा आसाह्रनक्षत्रमा अझै नपुगेको भन्ने हुन्छ । यो अर्को पूर्णिमाको दिनमा त्यो नक्षत्रमा पुग्छ। यदि यस्तो हो भने,वर्षावास-प्रवेशएक दिन मात्र छ,त्यो हो,जुन पूर्णिमामा चन्द्रमा आषाढ नक्षत्रमा पुग्छ, त्यसको भोलिपल्ट हो वर्षावास प्रवेश दिन, त्यो दिन जुलाईको पूर्णिमा पछिको दिनको सौर्य गणनासँग तुलना गर्न सकिन्छ। यदि त्यस महिनामा दुईवटा पूर्णिमाहरू छन् भने,यो दोश्रो पूर्णिमा पछिको दिन हुन्छ।

मलाई लाग्छ कि पालि रचना गर्दा भिक्खुहरूले ज्योतिषशास्त्रलाई त्यति राम्ररी नबुझेको हुनसक्छ ।उनीहरूलाई लाग्यो होला कि दोश्रो वर्षावास प्रवेश गर्ने दिन आसाह्र नक्षत्रमा चन्द्रमा पुगेको पूर्णिमा पछिको एक महिनापछि पर्ने पूर्णिमाको भोली पल्ट प्रतिपदा तिथीमा पर्दछ, जुनलाई अगस्टको पूर्णिमासँग दाँज्न सकिन्छ । उनीहरूले मात्र सरेको महिनालाई याद गरेर यसमा थपेको हुन सक्छ। सौर गणनासँग मिलान गरिराख्नको लागीसौर गणनामा भन्दा कम्ति दिनहरू हुने चान्द्रगणनामा अधिकमास कसरी थप्ने हो भन्ने कुरा उनीहरूलाई थाहा थिएन । (वर्षहरू एकअर्कासँग मिल्दोजुल्दो बनाईराख्नको लागीअधिकमास थप्नु पर्छ),जस्तो कि आसाह्र नक्षत्रमा चन्द्रमा परेको पूर्णिमाको भोलिपल्ट वर्षावास प्रवेश गर्ने दिन प्रत्येक महिनाबाट क्रमशः सर्दै सर्दै गएर एक महिना पुगेपछि सामान्य रूपमा यो समायोजित हुन्छ। त्यसैले मेरा

Dhamma.Digital

उपज्झायको धारणा सहि हुन सक्छ। मैले अहिलेसम्म उहाँको भन्दा राम्रो कुनै अन्य निष्कर्ष देखेको छैन।

भिक्खुहरूलाई (वर्षा ऋतुका) पूरा चार महिनावर्षावास बस्न नलगाउनुको कारण के हो, एक सजिलो प्रश्न हो,भिक्खुहरूलाई चीवर-कालको लागी,चीवर भेटाउनुको लागी, वा चीवर बनाउन वा पुराना चीवर बदल्नको लागी वर्षाको अन्तिम महिना आवश्यक भएकोले हो। त्यस समयसम्ममा,उत्तरी भारतमा हाम्रो देश (थाईलैंड) मा जस्तै,पानीको वर्षा कम भइसकेको हुन सक्छ।

वर्षावासप्रवेश गर्ने भिक्खुहरूलाई खोल्न र थुन्नमिल्ने ढोकासहित भएको सुरक्षित बासस्थान हुनुपर्छ। वर्षावासको लागीलाशहरू राख्नको लागी प्रयोग हुने गवाक्षहरूमा वा छातामुनि [धुतङ्गधारीभिक्खुहरूको छाता-आश्रय (क्रोट मुनि,वा पाल जस्ता कपडाको कुटी मुनि],घ्याम्पोमा [सायद यसको अर्थ पकाएको माटोको भाँडोको कुटी हो], वा रुखको खोक्रोमा,वा रुखको हाँगामा बास बस्न निषेध गरिएको छ।

संघाराममा,सबै भिक्खुहरूका लागी पर्याप्त हुनेगरी बासस्थान वितरण गर्नु सेनासन गाहापकभिक्खुहरूको कर्तव्य हो। बास बस्ने भिक्खुहरूले त्यसलाई झाडू लगाएर, मिलाएर, खानेपानी र अन्य प्रयोगका लागी पानीको व्यवस्था गर्नु पर्छ। यो प्रारम्भिक कर्तव्य हो जुन वर्षावासबस्नुअघि गर्नु पर्छ। बासस्थानहरू वर्षावास अघि वितरण गरिनुपर्छ ताकि ती प्राप्त

Dhamma.Digital

गर्ने भिक्खुहरूलाई वर्षावास-प्रवेश दिन अघि तिनीहरूलाई व्यवस्थित गर्ने समय मिलोस्।

कसरी गरिन्छ वर्षावास प्रवेश समारोह?पालिमा भनिएको छ कि भिक्खुले निर्णय गर्नु पर्छ,अर्थात् उसले आफ्नो मनलाई दृढ बनाउनुपर्छ कि ऊ त्यहाँ तीन महिना बस्छ र उसलाई 'यहाँ बस्ने निर्णय गर्ने' भनिन्छ। यद्यपि भिक्खुले त्यहाँ बस्ने निर्णय गर्दैन,तर वर्षावास-प्रवेश दिनको समय आएपछि रात बिताउन कतै जाँदैनन् भने 'वर्षावासमा प्रवेश गर्ने' भनिन्छ। तर,अहिले सँगै भेला हुने र यस्तो *अधिट्ठान* (संकल्प)का विधीवाक्य सँगै वाचन गर्ने चलन छ:

*इमस्मिं आवासे इमं तेमासं वस्सं उपेम*

जसलाई अनुवाद गरिएको छ: 'हामी यी तीन महिनासम्म यस आवासमा वर्षावास गर्छौं।'

भिक्खु एउटै ठाउँमा वर्षावास बस्नको लागीजुन ठाउँमा बस्ने हो, त्यसको सिमाना हुनुपर्छ। यस सन्दर्भमा विहार अर्थात् बस्नकोलागी कुटीको वरिपरि सिमाना तय गर्ने कि पूरै विहारको वरिपरिको सीमा निर्धारण गर्ने भन्ने निश्चित गरी बताइएको छैन। तसर्थ,प्रत्येक व्यक्तिले वर्षावास प्रवेश विधीमा दोहरो आफ्नो कुटीमा संकल्प गर्ने परम्परा छ,त्यसको विधीवाक्य यस्तो छ:

*इमस्मिं विहारे इमं तेमासं वस्सं उपेमि*

यसलाई उस्तै तरिकाले अनुवाद गरिएको छ, मात्र आवासको ठाउँमा विहारप्रयोग गरिन्छ।

Dhamma.Digital

म बुझ्छु कि यो पनि संघकम्मको लागी जस्तो नै *सम्मतिसीमा*को सीमामा निर्भर गर्दछ। यदि भिक्खुले जङ्गलमा एक्लै वर्षावासबस्नको लागीकुटी बनाउँछ भने,त्यस अवस्थामा उसले कुटी र त्यसको वरपरको मात्र सिमाना तोक्न सक्छ। पालिमा यो यसरी उल्लेख छ: *पातिपदे विहारं उपेति सेनासनं पञ्ञापेति,*जसको अनुवाद यस्तो गरिएको छ: कृष्णपक्षको प्रतिपदामा भिक्खुले विहारमा गएर सेनासनको व्यवस्था गर्दछ।' यदि भिक्खुहरू समूहमा वर्षावास बस्छन् भने,यस अवस्थामा उनीहरूले सबै भिक्खुहरूको बासस्थानको वरिपरिको सिमाना तय गर्न सक्छन्,जसलाई आवास भनिन्छ। पालिमा यो यस प्रकार छ:*द्वीसु आवासेसु वस्सं वसति,*जसलाई यस्तो अनुवाद गरिएको छ: 'दुईवटाआवासहरूमा वर्षावास बस्छ', [तर दुईवटा विहारहरूमावर्षावासबस्न निषेध गरिएको छ]। विहारको सीमालाई सिमाना मान्नुपर्छ भन्ने धारणा पछि आयो र यसैले सबै भिक्खुलाई वर्षावास अधिष्ठानको दिनमा आवासकोसिमानाको जानकारी गराउने चलन छ,ताकि वर्षावास बस्ने सबै भिक्खुहरू प्रभातको समयमा सीमा भित्र बसीरहुन्।

वर्षावास-प्रवेश दिन आईपुग्दाभिक्खुहरूवर्षावासको निवासमा नबसीकन यताउता यताउता हिडीरहन्छन् भने यो उचित होइन। पुरातन समयमा,भिक्खुहरूले यसलाई कडाईका साथ पालन गर्थे। उदाहरणकोलागी,पाठाका भिक्खुहरू भगवान् बुद्धलाई दर्शनभेट गर्न यात्रा गरिरहेका थिए र वर्षावास बस्ने दिन आइपुग्दा भगवान् बुद्ध विहार गरिरहनुभएको

राजधानीसावत्थीबाट छ-सात योजन टाढा साकेत सहरमा पुगेका थिए। उनीहरूको इच्छाको विपरीत नै साकेतमा वर्षावास प्रवेश गर्नुपरेको थियो, उनीहरूले त्यहाँ समय समयमा भगवानलाई स्मरण गरिरहे कि 'हामी सावत्थीको नजिकै आईपुगेका हौं तर उहाँलाई भेट्नपाएका छैनौं'। जब भिक्खुहरू व्यापारीदल (कारवां) वा गाडाहरूमा वा मालवाहक डुङ्गामा यात्रा गर्थे,तब वर्षावासको दिन आइपुग्दा,भिक्खुहरू त्यो ठाउँमा वर्षावास प्रवेश गर्थे। त्यस्को लागीभिक्खुहरूले आफ्नो मन दृढ बनाउने,सोच्ने (वा बोलेर) सकल्प गर्ने विधीवाक्य यस्तो छः

*इध वस्सं उपेमि*

जसलाई यस्तो अनुवाद गरिएको छः 'म यहाँ वर्षावास प्रवेश गर्छु।' त्यो व्यापारीदल वा गाडाहरू कतै जाँदा भिक्खुहरू पनि साथमा जानुपर्छ। वर्षावासको समयमा भिक्खुहरूले बस्ने निर्णय गरेको ठाउँमा पुगेमा अन्य भिक्खुहरूसँग बस्नु पर्छ। यदि तिनीहरू (व्यापारीदल वा गाडाहरू) आफ्नो जन्मस्थानमा पुग्छन् र एक अर्काबाट अलग हुन्छन्,पहिले जस्तो समूहमा बसोबास गर्दैनन् भने,उनीहरूसँगआएको भिक्खुलाई अन्य भिक्खुहरूसँग त्यही ठाउँमा बस्ने सल्लाह दिइन्छ। मालवाहक डुङ्गामा यात्रा गर्दा पनि त्यस्तै हो। यी तीन अवस्थाहरूमा भिक्खुहरूको वर्षावास भङ्ग हुँदैन र तिनीहरूले पवारणा विधी गर्न सक्छन् भनी व्याख्या गरिएको छ।

वर्षावासको समय भिक्खुहरूले *समणधम्म*(आफूलाई शान्त बनाउने धम्म-अर्थात् समथ र विपस्सना ध्यान

Dhamma.Digital

अभ्यास)अभ्यास गर्ने समय हो र उनीहरूले आफ्नो लागी निश्चित नियमहरू बनाउन सक्छन्। तर,भिक्खुहरूलाई धार्मिक (धम्म अनुसार) नभएका नियमहरू बनाउन निषेध गरिएको छ: उदाहरणकोलागी,धम्म विनय बोल्न र सिक्न,धम्म वाचन गर्न,देसना (प्रवचन) दिन,पब्बज्जा,उपसम्पदा र निस्सय दिन,बोल्नमा निषेधर समणधम्म विकास गर्नको लागी जबरजस्ती *धुतङ्ग*को पालन गराउनु (निषिद्ध छन्)।उनीहरूले धर्म मुताविकको र त्यससँगसम्बन्धित मामिलाहरूसँग सरोकार राख्ने नियमहरू बनाउनु पर्छ।धम्म विनय बोल्न र सिक्नमा लगनशील हुन, धार्मिक कर्तव्य गर्न,बोलीको सीमा जान्न,स्वेच्छाले धुतङ्गव्रतहरू पालन गर्नर आफ्नो क्षमताको बल अनुसार समणधम्मको विकास गर्नएक अर्कालाई सल्लाह दिनुपर्छ। उनीहरूले विभिन्न कर्तव्यहरूमा एक अर्कालाई दयापूर्वक सल्लाह दिनुपर्छ,विवाद वा झगडा नगरी आपसमा मिलनसार बन्ने,सम्मान गर्ने र अरूको भावनाको ख्याल गर्न जान्ने हुनु,जस्तो कि उदाहरणकोलागी,भिक्खुले धम्म वाचन गर्दा,ध्यान-*भावना*गरिरहँदाभिक्खुहरूलाई उसले कुनै पनि हालतमा बाधा पुऱ्याउनु हुँदैन। उसले कुनै काम परेमा अर्को ठाउँमा गर्न जानुपर्छ। सम्यक नभएका (अनुचित) नियमहरू बनाउनमा गरिएको यो निषेध अन्य समयमा (वर्षावासको बाहिर) पनि लागू गर्नु पर्छ।

वर्षावास बस्नेभिक्खुहरूले माथि उल्लेख गरिएझैं तीन महिनासम्म पवारणा दिन पार नभएसम्म एकै ठाउँमा

बस्नुपर्दछ, त्यसपछि उनीहरू फेरि भ्रमणमा जान सक्छन्| यदि कुनै भिक्खु त्यस अवधिमा सात दिनभन्दा बढी अनुपस्थित रहेमा,उसले तल उल्लेख गरिएको वर्षावासकाआनिसंसहरू प्राप्त गर्न सक्दैनन्| यदि जरूरी काममा भाग लिनजाने हो भने,भगवान बुद्धले उसलाई जाने अनुमति दिनुभएको छ तर उसले सात दिन भित्र फर्किनु पर्छ,जसलाई *सत्ताह-करणीय*(जरूरी कामको लागी सात दिन) भनिन्छ,वा छोटकरीमा *सत्ताह* भनिन्छ। यो सीमा भित्र अन्य ठाउँमा गएर रात बिताउने भिक्खुहरूले आफ्नो वर्षावास भङ्ग गर्दैनन् र यसको आनिसंस लिन सक्छन्| यदि यो सीमाभन्दा बाहिर भयो भने,उसको वर्षावास बिग्रेको हुन्छ। जब भिक्खुलेसत्ताह-करणीय गरेर जान्छ,उसले आफ्नो मनमा संकल्प गर्नु पर्छ कि ऊ सात दिन भित्र फर्कनेछ। यदि उसले सुरुमा यसो गरेन भने,उसले सोही दिन फर्कन्छु भन्ने सोच्दछ तर संयोगले केही खतरा उत्पन्न हुन्छ र फर्कन नसक्ने अवस्थाआएमायो बुझिन्छ कि भगवान बुद्धको स्वीकृतिभित्र छ,किनकिउसले मनमा फर्कने विचार गरेको थियो, त्यसैले उसको वर्षावासबिग्रेको छैन। सत्ताह-करणीय गरेर जानको लागी कुनै बिधी गर्नु पर्दैन,किनकिपालिमा भगवान बुद्धको स्वीकृति छ कि पवारणा दिन पुग्न सात दिन बाँकी रहँदा भिक्खुले विहार छोड्न सक्छ र उसको वर्षावास भङ्ग हुँदैन। पालिले बताउँछ कि भिक्खुले फर्केर आउने संकल्पनगरीकनपनि विहार छोड्न सक्छ। यस विषयमा भनिएको छ कि वर्षावासको अन्तिम दिन त्यसको सातौं दिनमा

Dhamma.Digital

पर्ने भएकोले भिक्खुले विहार छोड्छ। अन्य ठाउँमा भने वर्षावासको अन्तिम सीमा पूरा भई नसकिएकोले सात दिनभित्र फर्किनुपर्ने उल्लेख छ।

त्यो तीन महिनाको अवधिमा भगवान बुद्धले भिक्खुहरूलाई सत्ताह गरेर एक पटक वा धेरै पटक जाने स्वीकृति दिनुभएको हो, पालिमा यो कुरा स्पष्ट देखिँदैन। वर्तमानमा यो बुझिन्छ कि भिक्खुलेसत्ताह गरेर धेरै पटक जान मिल्छ,तरजानु धेरै आवश्यक तथा कुनै धेरै दबाबपूर्ण कामको लागी हुनुपर्छ। जब त्यो काम समाप्त हुन्छ,उसले फर्कन हतार गर्नु पर्छ। धेरै पटक जाँदालगभग सात दिनको समय लाग्ने हो, त्यो भन्दा बढि होइन भनेयसमा जानु उपयुक्त हुनेछ,तर यस विषयमा अट्ठकथा-आचार्यले बताउनुभएको छ कि जब भिक्खुहरूले वर्षावास प्रवेश गरिसक्छन्,तर एक रात पनि बित्न पाएको छैन,तब पनि भिक्खुले सत्ताह गरेर जान मिल्छ। यो भनाइ विचित्र र अनियमित देखिन्छ! उनीहरूलाई कसरी 'वर्षावास बस्नेहरू' भन्न सकिन्छ? यदि सात रातको लागी त्यो ठाउँ छोडेरउनीहरू एक रात बास बस्छन् भने तिनीहरूलाई के भन्ने नि, र अझै पनि यो अनुमति छ! (यदि त्यसो हो भने) भिक्खुहरू तीन महिनामाएघार वा बाह्र दिन मात्रै वर्षावास बसेकोठाउँमा बसेका हुन्छन् र यसबाहेक उनीहरू यता-उता घुम्न सक्छन्। यो कसरी सही हुन सक्छ?

सत्ताह-करणीयको कारण बन्नसक्ने कामहरूलाई पालिमा यसरी उल्लेख गरिएको छ:

Dhamma.Digital

क) सहधम्मिकहरू(धम्मका साथीहरू, अर्थात् भिक्खु रसामणेरहरू),वाआमा र बुबा बिरामी छन् र भिक्खुलाई यो थाहा भएपछि ऊउनीहरूलाई स्याहारगर्न जान मिल्छ।

ख)सहधम्मिकहरू प्रव्रज्या विसर्जनको लागी लालायित छन् र भिक्खुले यो थाहा पाएपछि ऊउनीहरूलाई रोक्नको लागी जान सक्छ।

ग) संघका केही कर्तव्यहरू छन्,जस्तो कि विहार क्षतिग्रस्त भएको छ, त्यस्तो समयमा त्यसको मर्मतको लागी सामग्री खोज्न भिक्खु जान सक्छ।

घ) दाताहरू पुण्यकार्य गर्नचाहन्छन् र भिक्खुलाई आमन्त्रित गर्छन्,तसर्थभिक्खुउनीहरूको श्रद्धा वृद्धि गर्नको लागीजान सक्छ।

यी बाहेक अन्य कर्तव्यहरूको हकमा पनि,माथिको अनुसारयदि ती उपयुक्त वा आवश्यक छन् भने भिक्खु तिनीहरूको लागी पनि जान सक्छ।

यदि वर्षावासको समयमा भिक्खुहरू त्यहाँ बस्न नसक्ने गरी केही खतरा उत्पन्न भएर उनीहरूले त्यो स्थान छोडेर गएमा यद्यपि उनीहरूको वर्षावास भङ्ग हुन्छ, तापनि उनीहरूलाई कुनै आपत्तिपर्दैनन्। पालिमा यी खतराहरू निम्नानुसार देखाइएको छ:

Dhamma.Digital

क) भिक्खुहरू खतरनाक जनावरहरू,डाँकाहरू वा भूतहरूबाट व्याकुल हुन्छन्।

ख) बासस्थान जलेको वा बाढीले बगाएको छ।

ग) माथिका जस्ता खतराहरू गोचरगाम (भिक्षाटन गर्ने गाउँबस्तिहरू) मा हुन्छन् र भिक्खुहरूलाई भिक्षाटन गर्न जान गाह्रो हुन्छ। यस सम्बन्धमा घरधनीहरू टाढा गएमा भिक्खुहरूले पछ्याउन सक्छन्।

घ) भिक्खुलाई थोरै मात्र खानेकुरा प्राप्त हुन्छ,वा उसले आफूलाई उपयुक्त खानेकुरा र औषधी पाउँदैन,वा उसको उचित सहयोगी कोही छैन। यस मामिलामा भिक्खुहरूले सहन सक्ने भए त्यसो गर्नु पर्छ। वेरञ्जा सहरमा वर्षावास गर्दा भगवान बुद्धले आफैंलाई यसको उदाहरण बनाउनुभएको छ।[13] त्यतिबेला चामल निकै महँगो (दुर्भिक्ष) हुँदा भिक्खुहरू भोकै बस्नुपरेको थियो। तबपनि उहाँहरू वर्षावासभर त्यहीँ बस्नुभयो। यदि कुनै भिक्खुले साँच्चै सहन सक्दैन भने ऊ जान मिल्छ।

---

[13]विस्तृत कुराको लागी हेर्नू पृ. २५६-३१८, बुद्धकालीन ब्राह्मण, भाग ३, आचार्य डा. भिक्खु अमृतानन्द विरचित तथा वीर-पूर्ण पुस्तक सङ्ग्रहालयद्वारा प्रकाशित, सन् २०१८ ।

ङ) भिक्खुलाई प्रलोभनमा पार्न कोही महिला (विहारमा) आउनु वा सम्पत्तिको प्रलोभनमा पार्नको लागी आफन्तजन आउनु आदि हुन्छ । स्वभावतः मन तीव्ररूपले परिवर्तनशील छ र यस्ता कुरा छिट्टै नै ब्रह्मचर्य(शुद्ध जीवन,पवित्र जीवन) कोलागी खतरनाक हुन सक्छन्,तसर्थ ऊ त्यहाँबाट जान सक्छ। यदि भिक्खुहरूले मालिक बिनाको सम्पत्ति देख्छ(जसले तिनीहरूलाई प्रलोभनमा पार्नसक्छ),तिनीहरू पनि जान सक्छन्।

च) (मतभेद भएर)अन्य विहारहरूमा रहेका भिक्खुहरूमाभेद उत्पन्न हुन लागेकोछ,वा उत्पन्न भइसकेको छ। अनि भिक्खु (त्यस विवादकोउत्पत्तिलाई) रोक्नको लागी,वा तिनीहरूलाई मेलमिलाप गर्नको लागीजान सक्छ।

यी कुराहरूमा,यदि भिक्खुहरू (सातदिनको सीमा भित्र) फर्केर आउनसकिन्छ भने सत्ताह करणीय गरेर जानुपर्छ।

भिक्खुहरूले गृहपतिहरूको निमन्त्रणा स्वीकार गरेर वा आफुसमा नै सहमति गरेर जुनसुकै ठाउँमा वर्षावासबस्छन्, तर उनीहरू त्यो ठाउँमा बसेनन् भने उनीहरूलाई *पतिस्सव दुक्कट*आपत्ति पर्छ, जसको अर्थ हो, निमन्त्रणा स्वीकार गरेर त्यसको पालना नगर्ने गल्ति गरेको।अन्य प्रतिबद्धताहरू स्वीकार गरेर पनि,यदि भिक्खुले टाल्छ भने,उसलाई पटिस्सव-

दुक्कट हुन्छ। भनिएको छ कि आफ्नो मूल चेतना शुद्ध भएकोले उसलाई दुक्कटहुन्छ, तर यदि सुरुदेखि नै ढाँट्ने मनसाय भएमाव्याख्या गरिएको छ कि ती प्रतिबद्धताहरू स्वीकार गरेकोमा पाचित्तियहुन्छ र टालेकोमा उसलाई दुक्कटहुन्छ। म बुझ्छु कि पूर्णतया मिथ्या नभएका आधारहरूको मामलामा,उदाहरणकोलागी,भिक्खुले देख्छ तर उसले देखेको छैन भन्ने उसको इच्छा हुन्छ,नतिजा गर्नु वा नगर्नुमा निर्भर गर्दछ। यदि हामीले यसलाई*मुसावाद* (झूटो बोल्नु) को कारकहरूसँग तुलना गर्छौं भने,केवल इच्छा भएमा आधार देखा पर्दैन र उसले शरीर वा बोलीले कुनै चाल गर्दैन,र त्यसैले,ती कारकहरू मुसावादको लागी पूर्ण छैनन्। पालि अनुसार उसलाई पटिस्सव-दुक्कट मात्र हुनुपर्छ। यी जस्ता कुराहरूकोसहमतिगरेरछलेकोमा दुक्कट हुन्छ,तथापि,तिनीहरूलाई हल्का रूपमा सोच्नु हुँदैन जसले गर्दा सजिलै तोडियोस् । यसले केहि (प्रकारका) *मुसावाद*हरूले-भन्दा पनि बढी खतरा ल्याउन सक्छ।

पवारणा सम्म नै गरेर पूरावर्षावास बस्ने भिक्खुले सो दिनदेखि एक महिनासम्म वर्षावासको आनिसंस (लाभ) प्राप्त गर्न सक्छ: (१) यदि उसले घुम्न/यात्रा गर्न जान चाहन्छ भने,बिदा लिनु आवश्यक छैन, जस्तो किपाचित्तिय-अध्यायको अचेलक वग्गको छैटौं सिक्खापदमा राखिएको छ; (२) जब ऊ घुम्न/यात्रा गर्न जान्छ,उसले त्रिचीवर पूरालिएर जानु पर्दैन; (३)

Dhamma.Digital

उसले *गणभोजन* र *परम्परभोजन*[14] को तरिकामा खान सक्छ; (४) उसले चाहे जति धेरै *अतिरेक-चीवर*हरू[15] राख्न सक्छ; (५) उसको लागी त्यो ठाउँमा (जहाँ उसले वर्षा बिताएको छ) उत्पन्न हुने चीवरउसको आफ्नै हुन्छ, जुन कि उसले आफै राख्न सक्छ । यदि उसले कठिन फिजाउने मौका पाएको छ भने (प्राचीन कालमा भिक्खुहरूले काठका फ्रेम प्रयोग गरेर चीवर सिउँथे यस कार्यलाई फिजाउने भनिन्छ),यी पाँचवटा आनिसंसहरू जाडो मौसमकाथप चार महिनासम्म विस्तार हुन्छ।

*****

[14]हेर्नुस् विनयमुख भाग १, पृ. १४.....
[15]हेर्नुस् विनयमुख भाग १, पृ.८३.....

https://dhamma.digital

## अध्याय १७
## उपोसथ र पवारणा

### उपोसथ

यो उपवाससँग सम्बन्धित पालन गरिने एक प्रकारको धार्मिक व्रत्तको नाम हो। उपोसथ शब्दलाई 'बस्नजानु'भनेर अनुवाद गरिएको छ,हाम्रा शीलहरू पालन गर्नुको बराबर हो। यो बुद्ध-काल अघिदेखिको परम्परा थियो,जुन कि पूर्णिमाको दिनमा र औंसीको दिनमा,साथै चान्द्रमासका चौथाई दिनहरूमा,जुन कि चान्द्रमासको शुक्लपक्षको पन्ध्रौं तिथी (पूर्णिमा)मा अनि कृष्णपक्षको पन्ध्रौं वा चौधौंतिथी(औंसी) र शुक्लपक्ष र कृष्णपक्षको अष्टमीको बराबर हुन्छ। बुद्ध-काल आउँदा,भगवान बुद्धले त्यो परम्परालाई ग्रहण गर्नुभयो,यसलाई धम्मदेसना गर्न वा सुन्नको लागी भेला हुने दिनको रूपमा

Dhamma.Digital

प्रयोग गर्ने अनुमति दिनुभयो[16] र यो गृहस्थहरूले उपोसथ पालन गर्ने अवसर थियो। तथापि भिक्खुहरूको भेलाको सन्दर्भमा,भगवान बुद्धले उनीहरूलाई पूर्णिमा र औंसीमा मात्र चौध वा पन्ध्र दिनमा एक पटक उपोसथ गर्न अनुमति दिनुभयो।

बुद्धत्व प्राप्तिपछिका प्रारम्भिक कालमाभगवान बुद्ध स्वयंले संघको सभामा महान उपदेशहरू दिनुभयो र सासनको मुटुरहेका सद्गुणहरूकोउल्लेख गर्नुभयो र तिनीहरूको व्याख्या गर्नुभयो जस्तो कि ओवाद-पातिमोक्क्खमा दिइएको छ।[17] पछि,भगवान बुद्धले संघलाई आफैंले उपोसथ आयोजन गर्न अनुमति दिनुभयो। प्रत्येक भेलामा एकजना भिक्खुले सङ्घको बीचमा पाटिमोक्ख भनिने सिक्खापदहरूको संग्रह वाचन गर्नु पर्छ।पालिमा,भगवान बुद्धले पाटिमोक्ख पाठ गर्न छोड्नुको कारण दिइएको छ: त्यो संघमा एकजना अपवित्र भिक्खु थियो। यसलाई अवस्था अनुसार विचार गर्दा,बरु यो बुझ्नु पर्छ कि उहाँले संघलाई सत्ता हस्तान्तरण गर्नुभएको हो ताकि उनीहरूले

---

[16] विस्तृत कुराको लागी हेर्नू पृ. ४७, बुद्धकालीन राजपरिवार भाग १, आचार्य डा. भिक्खु अमृतानन्द विरचित तथा वीर-पूर्ण पुस्तक सङ्ग्रहालयद्वारा प्रकाशित, सन् २०१८ ।

[17]हेर्नुहोस् 'पाटिमोक्ख' (पाली र अंग्रेजी अनुवाद), महामकुट प्रेस, बु. स. २५१२

Dhamma.Digital

संघकम्मको अध्यक्षता गर्न सकून्,उहाँले उनीहरूलाई पाटिमोक्ख पाठ गर्न लगाउनुभयो ताकि भिक्खुहरूले यसलाई बारम्बार सुनेर याद गर्न सकून्,किनकि धम्म सिक्ने र कायम राख्नेकाम सुन्नु र याद गर्नुमा निर्भर रहन्छ। यी दुई दिन बाहेक,भगवान बुद्धले भिक्खुहरूलाई केही अवस्थामा अतिरिक्त उपोसथ आयोजना गर्न अनुमति दिनुभयो,जस्तै जब भिक्खुहरू (विभाजनद्वारा) भेद भएर पछि मेलमिलाप गरिन्छ,उदाहरणको लागी,कोसम्बीका भिक्खुहरूको मामलामा,यस्तो भएको थियो। यस्तोलाई सामग्गी-उपोसथभनिन्छ। यी सीमाहरू भन्दा बाहिर,भिक्खुहरूलाई प्रायः उपोसथ गर्न निषेध गरिएको छ। यसरी उपोसथका लागी तीन दिनहरू छन्- चतुद्दसी,पण्णरसी र सामग्गी दिन।

भिक्खुहरू चार वा चारजनाभन्दा बढी संख्यामा एकसाथ भेला भएमा,भगवान बुद्धले उनीहरूलाई पाटिमोक्खको पाठ गर्न आदेश दिनुभएको छ। यदि दुई वा तीनजना भिक्खुहरू मात्र छन् भने,उनीहरूलाई गण वा समूह भनिन्छ। उनीहरूले एकअर्कालाई उनीहरूको शुद्धताको बारेमा जानकारी दिन अनुमति दिइएको छ। यदि एकजना मात्र भिक्खु छ भने,उसलाई पुग्गल भनिन्छ र उसले आफैंले अधिष्ठान वा संकल्प गर्नु पर्छ। यसरी उपोसथका तीन कारणहरू छन्,अर्थात् संघ,गण र पुग्गल,र यिनकै मुताबिक गर्नुपर्ने तीनवटा विधीहरू छन्-पाटिमोक्ख पाठ गर्नु,शुद्धि बताउनु, र अधिष्ठान गर्नु।

प्रत्येक विहारमा उपोसथको लागी सङ्घको भेला हुनको लागी कम्तीमा २१ जना भिक्खुहरू बस्नको लागी पर्याप्त

Dhamma.Digital

आकारको एउटा भवन (सीमाघर)हुनुपर्छ। निश्चित दिन आएपछि त्यही भवनमा *उपोसथ* गर्न भेला हुनुपर्छ।त्यो ठाउँलाई उपोसथघर वा *उपोसथागार* भनिन्छ। जसलाई हामी (थाइ भाषामा)उपोसथ वा बोत् भन्छौं। जुन वर्तमानमा विहारको प्रमुख भवन हो,यो एकमात्र उपोसथ-भवन हो। एउटा विहारमा एकभन्दा बढी उपोसथागार निर्माण गर्न निषेध गरिएको छ। यदि भिक्खुहरूले पहिले उपोसथको लागी एउटा भवन प्रयोग गरेका छन् र पछि अर्को प्रयोग गर्न चाहन्छन् भने,उनीहरूले पहिले त्यो पहिलेको भवन त्याग्नुपर्छ। उपोसथको वरपर अर्को उपोसथ भवन बनाउन पनि निषेध गरिएको छ। [यसले यस सीमा भित्र कुटीहरू सहितको ठूलो सीमा (महासीमा) भएको ठूलो विहारलाई जनाउँछ),कोही भिक्खुहरू गम्भीर रूपमा बिरामी भएको अवस्थामा बाहेक र तल उल्लेख गरिए अनुसार आफ्नो *पारिसुद्धि* (पूर्ण शुद्धता) दिन सक्दैनन्,र अन्य भिक्खुहरूद्वारा उसलाई त्यस संघ-सभामा लैजान पनि सकिंदैन। यस्तो अवस्थामा अन्य ठाउँमा उपोसथ गर्नु आवश्यक परेमा यसबारेमा सबै भिक्खुहरूलाई जानकारी दिनुपर्छ।

जब उपोसथ-दिन आउँछ,थेरहरू पहिले उपोसथ-भवनमा जानुपर्छ र भिक्खुहरूलाई त्यो ठाउँ झाडबुहार गर्न आदेश दिनुपर्छ। अँध्यारो छ भने बत्ति प्रबन्ध गर्नु पर्छ। खाने पानी र धुने पानीको व्यवस्था गरिसक्नुपर्छ र आसन ओछ्याउनु पर्छ,संघको बैठक अघि यी सबै कुरा पूरा गर्नु पर्छ,वा भिक्खुहरू बीच पालैपालो व्यवस्था गराउन सकिन्छ। यी चार

Dhamma.Digital

कर्तव्यहरूलाई *पुब्बकरण* भनिन्छ,जसलाई 'पहिले गर्नु पर्ने कर्तव्यहरू' भनेर अनुवाद गरिएको छ।

पाटिमोक्ख पाठ गर्नु अघि गर्नुपर्नेअझै पाँचवटा कर्तव्यहरू छन् जुन निम्नानुसार छन्:

**क) बिरामी भिक्खुहरूको पारिसुद्धिल्याउनु**

यसलाई यसरी व्याख्या गरिएको छ: सीमा भित्र वा धेरै बासस्थान कुटीहरूले घेरिएको सिमाना भित्र यदि कोही एक जना बिरामी भिक्खु छ,जो उपोसथ-भवनमा संघको बैठकमा जान सक्दैन। अनि एकजना भिक्खुले बिरामी भिक्खुको शुद्धता ग्रहण गरी उपोसथ भवनमा संघलाई जानकारी गराउन ल्याउनुपर्छ,यसैलाई 'पारिसुद्धि सन्देश ल्याउनु' भनिन्छ। त्यो पारिसुद्धि दिने तरिका यस प्रकार छ: भिक्खुले पहिले आफुलाई आपत्ति मुक्त बनाउनुपर्छ र त्यसपछि आफ्नो शुद्धताको घोषणा गर्नु पर्छ। यद्यपि,पालिमायो कुरोको उल्लेख गरिएको छैन।यति मात्र भनिएको छ कि (बिरामी)भिक्खुले देब्रे काँध छोपेर चीवर लगाउनुपर्छ,टुक्रुक्क बसेर हात अञ्जलीबद्ध गर्नु पर्छ,अनि अर्को भिक्खुलाई यसो भन्नुपर्छः

> *पारिसुद्धिं दम्मि,पारिसुद्धिं मे हर,पारिसुद्धिं मे आरोचेहि*

जसको अनुवाद यस्तो गरिएको छ: 'म मेरो पारिसुद्धि (शुद्धता) दिन्छु। कृपया मेरो पारिसुद्धि (संघलाई) बताउनुहोस्। तपाँइले मेरो पारिसुद्धि (उहाँहरूलाई) घोषणा गर्नुहोला।' यी

वचन ग्रहण गर्ने भिक्खुभन्दा वरिष्ठ बिरामी भिक्खुको हो। यदि बिरामी भिक्खु कनिष्ठ हो भने,उसले *हर*को सट्टामा *हरथ* र *आरोचेहि* को सट्टामा *आरोचेथ* प्रयोग गरिन्छ,तर यसलाई माथिको जस्तो नै अनुवाद गरिनेछ। बिरामी भिक्खुबाट त्यो पारिसुद्धि प्राप्त गर्ने भिक्खुले संघलाई जानकारी दिनुपर्छ,तर पालिमा न त यो गर्ने ढाँचा,न त कुन वाक्य प्रयोग गर्नु पर्छ भन्ने नै तोकिएको छ। यसबाहेक,यदि भिक्खुहरूले संघलाई जानकारी दिएनन् भने पनित्यो शुद्धता उनीहरूलाई अवगत गराइएको नै मानिनेछ।*छन्द* (वा त्यो संघ कर्मको लागी सहमति) को साथसाथै पारिसुद्धिको जानकारीको लागी प्रयोग गरिने ढाँचा तल उल्लेख गरिएको छ। म मान्छु कि त्यो पारिसुद्धि प्रदान गर्नु भनेको अर्को भिक्खुलाई उनको प्रतिनिधित्व गर्न अनुरोध गर्नु हो। यदि यो दृष्टिकोण सही हो भनेत्यो पारिसुद्धिलाई पाटिमोक्ख पाठ समाप्त भएपछि व्यक्त गरिनु पर्छ,यो काम सक्ने भिक्खुहरू आफैं (आफ्नो पारिसुद्धि व्यक्त गर्न) जानु जस्तै हो। यस बारेमा जानकारी गराउने वाक्यहरू सायद निम्नानुसार हुनेछन्। मानौं कि बिरामी भिक्खुको नाम उत्तर हो र ऊ आफ्नो पारिसुद्धि व्यक्त गर्ने भिक्खुभन्दा वरिष्ठ हो। यो प्राप्त गरेकोभिक्खु यसो भन्छ:

*आयस्मा भन्ते उत्तरो गिलानो परिसुद्धोति पटिजानि*
*परिसुद्धोति तं सङ्घो धारेतु*

जसको अनुवाद गरिएको छ: "आदरणीय भन्ते सङ्घ,पूज्य भिक्खु उत्तर बिरामी हुनुहुन्छ। उहाँ शुद्ध हुनुहुन्छ भनी प्रतिज्ञा

गर्नुहुन्छ। संघले उहाँलाई परिसुद्ध भनी स्वीकार गर्नुहोस्।" यदि पारिसुद्धिको सन्देश दिने भिक्खु बिरामी भिक्खुभन्दा वरिष्ठ हो भने *आयस्मा उत्तरो*को सट्टामा *उत्तरो भिक्खु* भन्नुपर्छ,यसरी सम्बोधनको ढंग परिवर्तन हुन्छ। रोगी भिक्खुहरूको पारिसुद्धि पाएका भिक्खुहरूले बताइसकेपछि रोगीहरूले उपोसथ गरेको हुन्छ।

**ख) भिक्खुहरूले पनि बिरामी भिक्खुहरूको छन्द वा सहमति ग्रहण गरी लगेर (संघको माझमा) व्यक्त गर्नु पर्छ।**

यसलाई यसरी व्याख्या गरिएको छ: सीमा भित्र बस्ने भिक्खुहरू वाविहारको सिमानाभित्र रहेकाहरूलाई संघ-बैठकमा प्रवेश गर्ने अधिकार छ। संघको संघकम्म ऊ बिना सम्पन्न गरियो भने त्यस्तो संघकम्म उचित हुँदैन। संघले अनुपस्थित भिक्खुहरूको स्वीकृति प्राप्त नगरेसम्म यसरी गर्न सकिंदैन। यो स्वीकृति वा सहमति दिनुलाई 'छन्द दिनु' भनिन्छ। जानकारी प्राप्त गरेका सबै भिक्खुहरूले संघ-कम्महरू पूरा गर्न संघको बैठकमा प्रवेश गर्न इच्छुक रहनुपर्छ। यदि भिक्खु कुनै कारण वा अन्य कारणले जान सक्दैन भने,जस्तै कि ऊ बिरामी हुँदा,उसले त्यो कर्तव्य गर्नको लागी संघलाई स्वीकृति दिनुपर्छ। यो सम्भव छ कि पुरातन समयमा यस्ता बैठकहरू अहिले जस्तै बारम्बार हुने गर्दैनथे। संघमा पदाधिकारी नियुक्ति जस्ता कार्य गर्नुपर्ने भए उपोसथ दिनसम्म नै कुरेर गरिने हुन सक्छ। यदि त्यसो हो भने,भिक्खुहरूलाई बिरामी भिक्खुहरूको सहमति

ल्याउन सल्लाह दिइन्थ्यो। सही ढंगले गर्ने हो भने संघले गर्नुपर्ने काम-कर्तव्यको बारेमा पनि जानकारी गराउनु पर्ने देखिन्छ। उनीहरूको उपस्थितिको सट्टामा उनीहरूको पारिसुद्धि व्यक्त गर्न आग्रह गर्नु भनेको उनीहरूको घोषणा हो भन्ने बुझिएमा सहमति दिएर संघले उपोसथ गर्न सक्छ।

पालिमा,छन्द दिने वा स्वीकृति दिने विधीनिम्नलिखितछ: छन्द दिने भिक्खुले देब्रे काँध ढाकेर (दायाँ काँध खुल्ला राखेर) आफ्नो उत्तरासङ्ग लगाउनुपर्छ,टुक्रुक्क बसेर अञ्जली बनाउनुपर्छ,अनि अर्को भिक्खुलाई यस्तो भन्नुपर्छ:

*छन्दं दम्मि,छन्दं मे हर,छन्दं मे आरोचेहि*

जसलाई अनुवाद गरिएको छ: 'म मेरो छन्द (सहमति) दिन्छु। मेरो सहमति (संघलाई) बताइदिनुस्। तपाईंले मेरो सहमति (उहाँहरूलाई) घोषणा गर्नुहोस्।' सायद यो बुझ्नु पर्छ कि ढाँचाहरू माथिको छोटा वाक्यहरू मध्ये एउटा मात्र बोल्नको लागी राखिएको थियो। पारिसुद्धि दिनु पनि त्यस्तै हो। सहमति दिने ज्येष्ठ भिक्खुको वाक्य माथिको जस्तै छ,तर अर्काभन्दा कनिष्ठ भएमा उसले *हर*को सट्टामा *हरथ* र *आरोचेहि* को सट्टामा *आरोचेथ* शब्दहरू प्रयोग गर्दछ। यो पारिसुद्धि प्रदान गर्दा पहिले नै उल्लेख गरिए अनुसार अर्थको उपयुक्तता अनुसार बुझ्नुपर्छ। सहमति व्यक्त गर्ने भिक्खुहरूले प्रयोग गर्ने शब्दहरूको ढाँचा पालिमा राखिएको छैन र यो प्रयोगको लागी पछि बनाइएको हो।मानौं कि उत्तर नामक

Dhamma.Digital

भिक्खुले आफ्नो स्वीकृति दिन्छ र त्यो स्वीकृति लिने व्यक्तिभन्दा ऊ वरिष्ठ छ,त अर्को भिक्खु भन्छ:

*आयस्मा भन्ते उत्तरो मय्हं छन्दं अदासि,*
*तस्सछन्दो मया आहतो साधु भन्ते संघो धारेतु*

जसको अनुवाद यस्तो गरिन्छ: 'भन्ते संघ,पूज्य उत्तरले मलाई आफ्नो सहमति दिनुभएको छ। मैले उहाँको सहमति बुझाएँ। भन्ते,संघले त्यसलाई स्वीकार गरेमा राम्रो हुनेथियो।' यदि छन्द दिने व्यक्ति कनिष्ठ (प्रापकको लागी) हो भने,पछिल्लाले *आयस्मा भन्ते उत्तरो*को सट्टामा *उत्तरो भन्ते भिक्खु* शब्दहरू प्रयोग गर्नु पर्छ। र भिक्खुको नाम जे हो,त्यो नाम उत्तरोको सट्टामा प्रयोग गर्नु पर्छ।

पारिसुद्धिसंग सहमतिको जानकारी दिने काम निम्नानुसार गर्न सकिन्छ:

*उत्तरो भन्ते भिक्खु गिलानो मय्हं छन्दं च पारिसुद्धिं च अदासि तस्स छन्दो च पारिसुद्धिं चमया आहता, साधु भन्ते संघो धारेतु*

जसको अनुवाद छ: 'भन्ते संघ,उत्तरो भिक्खु बिरामी हुनुहुन्छ। उहाँले मलाई आफ्नो सहमति र पारिसुद्धि दिनुभएको छ। मैले उहाँको सहमति र पारिसुद्धि व्यक्त गर्दछु। भन्ते,संघले सहमति दिएमा राम्रो हुन्छ।' सभामा प्रवेश नगरेका भिक्खुहरूको छन्द सङ्घले प्राप्त गरेपछि सङ्घले उपोसथ वा अन्य सङ्घकम्म पनि गर्न सक्नेछ। यो व्याख्या गरिएको छ कि

Dhamma.Digital

शुद्धता केवल उपोसथको लागी हो,तर छन्द (सहमति) उपोसथ र अन्य संघकम्म दुवैको लागी हो।

**ग) ऋतु बताउनुको बारेमा**

भगवान बुद्धको समयमा हेमन्त-ऋतु वा शीत ऋतु,गिम्ह-ऋतु वा गर्मी ऋतु र वस्सान-ऋतु वा वर्षा ऋतु भनी तीन ऋतुहरू गनिन्थ्यो। यी ऋतुहरूको सुरुवातलाई चान्द्रमासकोपूर्णिमा र पक्ष र दिनहरूमा विभाजन गरेर निश्चित गरिएको छ, जस्तो कि समयको मापन अध्याय (अध्याय १०) मा उल्लेख गरिएको छ। ऋतु बताउँदा समयको सहि गणना गर्ने तरिका भिक्खु संघलाई जानकारी गराउनु फाइदाजनक हुन्छ भन्ने बुझिन्छ। यसको कारण होसमय गणनाका तरिकाहरूमा विसंगति रहनु,जुन कि कहिलेकाहीं *अधिकमास* वा अतिरिक्त मास र *अधिकवार* अथवा अधिक दिन जोड्दा देख्न सकिन्छ जुन कुरा समय मापन अन्तर्गत अध्यायदसमा उल्लेख गरिएका जस्ता कारणहरूले हो। यो कुरा त्यस बेलामा (बुद्धकालमा) धेरै फाइदाजनक थियो।वर्तमान समयमा तिनीहरूलाई कसरी प्रयोग गर्ने भनेर अझै पनि देशभर सरकारी तवरले प्रचार गरिन्छन्। यदि त्यस्ता प्रचारहरू नगरिएको खण्डमा अधिकमास र अधिकवारहरू नथप्नाले चान्द्रमासका दिनहरूको गणनामा भिन्नता हुन्थ्यो। त्यसबेला (बुद्धकालमा) भिक्खुहरूले उपोसथ-दिनको गलत गणना गर्न पुगेको थियो ।

Dhamma.Digital

उपोसथक्खन्धकमा आवासीय र पाहुना आएका भिक्खुहरूको उपोसथ दिनको बारेमा उल्लेख गरिएको छ,जुनलाई फरक-फरक रूपमा गनिएको थियो,एउटा समूहले चौध दिन र अर्को समूहले पन्ध्र दिनको गणना गरेको थियो। भगवान बुद्धले भिक्खुहरूलाई समयको सही गणना कसरी गर्ने भनेर बताउनुको फाइदा हुने भएकोले ऋतुको जानकारी दिन भिक्खुहरूलाई आदेश दिनुभयो। यो कसरी बताउनु पर्छ?यो विषयलाई राम्ररी सोच्नुपर्छ। म बुझ्छु कि त्यो समयको चान्द्रगतिको ऋतु,महिना,पक्ष, र दिनको बारेमा जानकारी दिनु पर्छ, वा त्यो वर्षको बितेको समय र आउने समय बताउनुपर्छ,यो जानकारी दिने तरिका (थाइलैंडमा) धर्मोपदेश दिनुभन्दा अघि मिति बताउने बिधीमा देख्न सकिन्छ। वर्तमानमा केवल ऋतुको नाम बताउने गरिएको छ,र त्यो ऋतुमा आठ उपोसथ,वा सात उपोसथ र एक पवारणा,वा दस उपोसथ (यस प्रकार) छन्: एउटा उपोसथ आयो,यति उपोसथहरू बितिसकेका छन्,र यति उपोसथहरू आउन बाँकी छन्। यस प्रकार भिक्खुहरूले त्यो ऋतुको प्रारम्भमा दस उपोसथहरू सुन्दा त्यस ऋतुमा अधिकमास हुन्छ भन्ने थाहा हुन्छ।

**घ) भिक्खुहरूको गणना**

यसबाट भिक्खुहरूलाई त्यो विहारमा वा त्यो क्षेत्रमा कतिजना भिक्खुहरू छन् भन्ने जानकारी गराउनउपयोगी हुन्छ,अर्थात् प्रत्येक आधा महिनाको अवधिमा नाम दर्ता भएका

भिक्खुहरूको संख्या पत्ता लगाउन बाँकी रहेका भिक्खुहरू,बढेका वा घटेका के छन्, एक पटक जाँच गर्नु पर्छ। उनीहरूको नाम बोलाएर वा टिकट गनेर गणना गर्न सकिने बताइएको छ। म बुझ्छु कि भिक्खुहरू एउटै विहारमा बस्दा उनीहरूको नाम पुकारेर गणना गर्नु पर्छ। उक्त सभामा भिक्खुहरू फरक-फरक विहारहरूका तर एउटै क्षेत्रबाट आएका भएमा टिकटले गणना गर्नु पर्छ। अहिलेको अवस्थामा सहज रूपमा प्रयोग गर्न सकिने जुनसुकै तरिकालाई पनि प्रयोग गर्न सकिन्छ। यद्यपि नाम बोलाएर गन्दा,अनुपस्थित हुनेहरू सजिलै थाहा पाउन सकिन्छ। यसबाट प्राप्त जानकारीअनुसार सभामा प्रवेश गर्ने भिक्खुको सङ्ख्या मात्रै बताउँछ तर कति जना बासिन्दा छन् र कतिजना आगन्तुक छन् भनी बताउँदैन।

**ङ) भिक्खुनीहरूलाई ओवाद दिनु**

यो कुरा पाचित्तियको अध्यायमा ओवादवग्गको पहिलो सिक्खापद अन्तर्गत उल्लेख गरिएको छ। अहिले कोहीभिक्खुणीहरू छैनन् त्यसैले यो कर्तव्य गर्नु आवश्यक छैन।

माथिका यी पाँच कर्तव्यहरूलाई (पाटिमोक्ख पाठमा) *पुब्बकिच्च* भनिन्छ,अर्थात् 'पहिले गर्नु पर्ने कर्तव्यहरू'।

उपोसथ गर्ने भिक्खुहरूले आफूलाई *देसनागामिनी* अर्थात् आपत्तिदेसनाद्वारा सच्याउन सकिने आपत्तिबाट मुक्त हुनुपर्छ। यदि भिक्खुले आफू आपत्ति भएको हो भनी थाहा पाएर पाटिमोक्ख सुन्न जान्छ भने उसलाई दुक्कट हुन्छ।पाटिमोक्ख

सुन्ने बेलामा कुनै भिक्खुले अचानक (उनी आपत्ति हो भन्ने) सोच्यो भने,उसले आफ्नो नजिकै बस्ने भिक्खुलाई भन्नुपर्छ, ‘मलाई यस्तो आपत्ति छ। जब म यहाँबाट जान्छु,म यो आपत्ति देसना गर्नेछु।'

एउटै सिक्खापदको उल्लङ्घन गर्ने भिक्खुहरूको एउटै आपत्ति हुन्छ र यो आपत्तिलाई *सभागापति* भनिन्छ। उनीहरूलाई एकअर्कालाई देसना गर्न निषेध गरिएको छ। यदि उनीहरू एकअर्कालाई देसना गरिरहन्छन् भनेउनीहरू दुवैजनालाई दुक्कट आपत्ति हुन्छ। त्यो आपत्ति,तथापि, देसना गरिसकिएको रूपमा मानिन्छ। एउटै नाम भए पनि विभिन्न आधारहरू भएका आपत्तिहरू सभागापत्ति होइनन्। उदाहरणकोलागी,भिक्खुहरू म्यादभन्दा बढी अनुपसम्पन्नसँग सुत्नेलाई पाचित्तिय हुन्छ र अनुपसम्पन्नलाई एक एक शब्द गरी धम्म सिकाउनेलाई पाचित्तिय हुन्छ। प्रत्येक भिक्खुले एकआपसमा सँगै (यी)आपत्तिहरू देसना गर्न सक्छन्। यदि संघ,अर्थात् भिक्खुहरूको समूह सबै सभागापत्ति भएका छन् भने,उनीहरूले सभामा घोषणा गर्नु पर्छ,त्यसपछि उनीहरूपाटिमोक्ख सुन्न योग्य हुन्छन्। यो विषय तल उल्लेख गरिनेछ।*वुत्थानगामिनी* (एकान्तवास गर्नुपर्ने) आपत्ति भएको खण्डमा,जसको अर्थ संघादिसेस हो,यो व्याख्या गरिएको छ कि उसले भिक्खुलाई बताउनुपर्छ, 'म यस्तो र यस्तो आधारको सम्बन्धमा संघादिसेस भएको हुँ',त्यसपछि उसले पाटिमोक्ख सुन्नमिल्छ।यस विधीले भिक्खुहरूलाई संघादिसेस लुकाउनबाट रोक्छ,जुन पन्ध्र

दिनभन्दा बढी समयसम्म परिवासमा बस्नुको कारण हो। यो सही तरीका हो,किनकि यदि भिक्खुले यसलाई पालना गरेमा उसको परिवासमा बस्ने अवधि पन्ध्र दिनभन्दा बढी हुँदैन।

यदि बैठक निम्नलिखित चार कारकहरूद्वारा पूर्ण छ भनेभिक्खुहरूले सङ्घ-उपोसथ अर्थात् पाटिमोक्खको पाठ गर्नु पर्छ:

१) त्यो दिन या त चातुद्दसी,पण्णरसी वा सामग्गी (सहमति) दिन हो। चातुद्दसीवा पण्णरसी अन्तिम उपोसथ-दिनबाट गणना गरिन्छ। यो चुल्लवग्ग पालिको पाटिमोक्ख-ठपनखन्धकका शब्दहरूसँग मेल खान्छ: *तदहुपोसथे पण्णरसे*-'पन्ध्रौं दिनको उपोसथ-दिनमा'। यसरी संघले आफ्नो सन्तुष्टि अनुसार जुनसुकै दिन पनि बनाउन सक्छ जस्तो लाग्छ, तर सुत्तको पालिमा त्यो दिन चन्द्रमाको पक्षमा निश्चित दिन हो भनी प्रष्ट शब्दहरूले बोलेका छन्: *तदहुपोसथे पण्णरसे पुण्णाय पुण्णमाय रत्तिया*-'चन्द्रमा पूर्ण भएको रातमा,पन्ध्रौं दिनको उपोसथमा' [चूलपुण्णमसुत्त, उपरिपण्णासक,मज्झिमनिकाय)। र *महावग्ग*को उपोसथक्खन्धकमा बसोबासी र आगन्तुकभिक्खुहरूका उपोसथहरू एकअर्काबाट भिन्न भएको उल्लेख छ,एउटा समूह पन्ध्रौं र चौधौं दिनमा,वा एउटा समूह पन्ध्रौंमा र अर्को समूह कृष्णपक्षको पहिलो दिन (प्रतिपदाको दिन) मा। सोह्रौं दिन उल्लेख गरिएको छैन। यसरी हामी यो निष्कर्षमा पुग्छौं कि चौध वा पन्ध्र दिनलाई बितेको अन्तिम उपोसथ-दिनबाट गनिएको थियो र त्यो पन्ध्र दिनको पनि

त्यत्तिकै चान्द्रदिन हो। पहिले नै उल्लेख गरिए झैँ उपोसथलाई फरक-फरक हिसाबले गणना गरिएको हो भने अल्पमतको संघले बहुमतको संघसँग उपोसथ गर्नेतर्फ कोसिस गर्नु पर्छ। यदि बसोवासी र आगन्तुक भिक्खुहरू संख्यामा बराबर छन् भने,आगन्तुकले बसोवासीको साथमा उपोसथ गर्नु पर्छ। यदि कुनै समूहले प्रतिपदासम्म गणना गरिसकेको छ भने,उनीहरू (अरूसँग उपोसथ गर्ने) तिर लाग्न सक्दैनन्। उनीहरूले सीमा छोड्नुपर्छ वा उनीहरू सभामा बसेर *कायसामग्गी* (व्यक्तिगत सहमति) दिन सक्छन्। दिनहरू गन्ने काम समूहरूबीच पहिले नै सहमति गर्ने गरेको देखिन्छ।

२) बैठकमा उपस्थित भिक्खुहरूको संख्या कम्तिमा चारजना हुनुपर्छ,तर त्योभन्दा बढी छ भने झन उपयुक्त छ। उनीहरू वास्तविक भिक्खु,*पकतत* (शुद्ध) हुन्,र पाराजिक वा *उक्खेपनीय-कम्म* (बहिष्कारको कार्वाही) मा परेका हुनहुँदैन। यी दुई प्रकारका भिक्खुहरू चौथो (व्यक्ति) हुन मिल्दैन,अर्थात् त्यो भिक्खुले चार पूरा गरेमा संघकर्म भङ्ग हुन्छ। उनीहरूले *हत्थपास*मा बस्नको लागी नजिक बस्नुपर्छ,अर्थात,एक अर्काको बीचमा एक हातभन्दा बढी दूरी छोड्नहुन्न। यो बैठकमा बस्ने तरिका हो।

३) उनीहरू सभागापत्ति भएका होइनन्। यदि उनीहरू सभागापत्ति भएका हुन् भनेएक जनाभिक्खुले निम्नानुसार घोषणा गर्नु पर्छ:

Dhamma.Digital

*सुणातु मे भन्ते संघो,अयं सब्बो संघो सभागं आपत्तिं आपन्नो,यदि अञ्ञं भिक्खुं सुद्धं अनापत्तिकं पस्सिस्सति,तदा तस्स सन्तिके तं आपत्तिं पटिक्करिस्सति*

जसको अनुवाद गरिएको छ: "भन्ते,संघले मेरो कुरा सुन्नुहोस्। यी सबै संघहरू सभागापत्ति परेकाहरू हुनुहुन्छ। जब अर्को कुनै शुद्ध भिक्खु भेटिनेछ,आपत्तिरहित पाइने छ,तब त्यही स्थानमा त्यो आपत्तिको निवारण गर्नुहुनेछ।' यो घोषणा भइसकेपछि उनीहरूले उपोसथ गर्न मिल्छ। तदनुसार,(उपोसथ पूरा गर्ने) यो तेस्रो कारक वास्तविक कारक होइन। यदि यो कारकलाई गणना गरिएन र यसको सट्टामा अगाडिको तेश्रो अंग दूरीभित्र बस्ने तरिकालाई लिइयो भने,यो नै कारक हो जसलाई छोड्न सकिंदैन र यो दोस्रो र चौथो कारकसँग नजिकबाट सम्बन्ध जोडिएको देखिन्छ।

४) हत्थपासभित्र अयोग्य (वर्जनीय) व्यक्तिहरू बसेका छैनन्,अर्थात् बैठकमा छैनन्। अयोग्य व्यक्तिहरूलाई एक्काइस समूहमा वर्गीकृत गरिएको छ,जुन धेरै हो,र त्यसपछि पनि यो पूर्ण रूपमा पूरा भएको देखिँदैन! यी समूहहरूका सीमानाहरू सजिलै बुझ्नको लागी,तिनीहरूलाई निम्न रूपमा चिनाउन सकिन्छ:

क) भिक्खु नभएका व्यक्तिहरू,सजिलो सम्झनाको लागी जसलाई*अनुपसम्पन्न* भनिन्छ। भिक्खुनीहरू पनि यही समूहमा गनिन्छन्।

Dhamma.Digital

ख) भिक्खु भएका तर पछि भिक्खुत्व भ्रष्ट भएका,उदाहरणकोलागीपाराजिक भएका व्यक्तिहरूवा जसले चीवर नछोडीकन नै अर्को धर्ममा प्रवेश गरेका थिए,वाउनीहरूले सिक्खापदबाट बिदा लिएका छन् (अर्थात् चीवर छोडेका छन्)।

ग) उनीहरू भिक्खु हुन् तर संघले लगाएको बहिष्कारको कार्वाहीमा परेका छन्।

अन्तिम श्रेणी (ग) मा रहेकाहरूले चौथोको रूपमा संघ पूरा नगरेमा संघकर्म भङ्ग हुँदैन। अनुपसम्पन्न त्यस्तो व्यक्ति हो जसलाई भिक्खुसँग बस्ने समान अधिकार छैन (संवास) र त्यसैले उनीहरू (बैठकमा प्रवेश गर्न) अयोग्य छन्,जसरी क्लबको सदस्य नभएको व्यक्तिले बैठकमा भाग लिन पाउँदैन। यदि त्यस्तो व्यक्ति कुनै कारणले बैठकमा छ भने,उदाहरणकोलागी,उसले भेष धारण गरेको छ जसलाई *थेय्यसंवास* 'चोरी द्वारा मिसिनु' भनिन्छ,यदि ऊ चारको समूहमा चौथो होइन भने,संघकर्म स्थीर रहनेछ (बिग्रंदैन)। रीति-रिवाज नजान्ने र सभामा प्रवेश गर्ने व्यक्तिहरू (माथिको समूहबाहेक) उल्लेख गर्नु आवश्यक छैन। भिक्खु भएको तर भिक्खुत्व भंग भएको (प्रवेश गर्ने अधिकार रहित भएको) व्यक्ति निष्कासित क्लबको सदस्य जस्तै हो,त्यसैगरी चीवर छोडेको व्यक्ति राजिनामा दिएको क्लबको सदस्य जस्तै हो। संघले उक्खेपनीय-कम्म लगाइएको भिक्खुलाई क्लबको बैठकबाट अस्थायी रूपमा प्रतिबन्धित सदस्यसँग तुलना गर्न सकिन्छ।

Dhamma.Digital

उपोसथ गर्न भेला हुने बेलामा भिक्खुहरूले संघको बीचमा विनय सम्बन्धी कुराकानी गर्ने अवसर पनि लिन सक्छन्।उपोसथ गर्ने सम्बन्धमा भए पनि यो प्रत्यक्ष रूपमा भगवान बुद्धको आदेस भने होइन। संघको बीचमा विनय विषयमा वार्तालाप गर्ने प्रचलन छ,प्रश्नकर्ता र व्याख्याकर्ता दुवैले संघबाट नियुक्ति लिनुपर्छ। उनीहरूले यो कुरा आफैं घोषणा गर्न सक्छन्,वा अन्य भिक्खुहरूले उपयुक्त *ञतिकम्म* (प्रस्तावना) द्वारा उनीहरूलाई नियुक्त गर्ने घोषणा गर्न सक्छन्। यदि भिक्खु आफैं प्रश्नकर्ता हुनेछ भने,यसको लागी प्रस्ताव हो:

*सुणातु मे भन्ते संघो यदि संघस्स पत्तकल्लं अहं इत्थन्नामं विनयं पुच्छाम*

जसको अनुवाद गरिएको छ: 'भन्ते,संघले मेरो कुरा सुन्नुहोस्। यदि संघको पूर्ण तयारी छ भने,म यो भिक्खुलाई विनय सम्बन्धी प्रश्न गर्न चाहन्छु।' यहाँ *इत्थन्नामं* शब्दको सट्टामा भिक्खुको नाम राख्नुपर्छ। उदाहरणको लागी,यदिव्याख्याकर्ता (प्रवक्ता) को नाम उत्तर राखिएको छ र ऊ वरिष्ठ हो भनेप्रश्नकर्ताले *अयस्मन्तं उत्तरं* भन्छ भने कनिष्ठ भएमा प्रश्नकर्ताले *उत्तरं भिक्खुं* भन्छ। प्रश्नकर्ता सङ्घथेर भए भन्तेको सट्टामा *आवुसो* भन्छ।

आफू व्याख्याकर्ता भएकोघोषणा गर्ने विधीवाक्य यस प्रकार छन्:

Dhamma.Digital

*सुणातु मे भन्ते संघो यदि संघस्स पत्तकल्लंअहं इत्थान्नामेन विनयं पुट्ठो विसज्जेय्यं*

जसको अनुवाद गरिएको छः "भन्ते संघ,मेरो कुरा सुन्नुहोस्। यदि संघको पूर्ण तयारी छ भनेमयस भिक्खुद्वारा विनयको बारेमा सोधिने प्रश्नको उत्तर दिनेछु।' यदि प्रश्नकर्ताको नाम रेवत हो र ऊ (अर्को भन्दा) वरिष्ठ छ भने,व्याख्याकर्ताले *अयस्मा रेवतेन* भन्छ,तर व्याख्याकर्ता वरिष्ठ भएमा,उसले *इत्थन्नामेन*कोसट्टामा *रेवतेन भिक्खुना* भन्छ।

यदि अर्को भिक्खुले एउटा भिक्खुलाई प्रश्नकर्ता नियुक्त गर्न चाहन्छ भने,उसले त्यसमा यसरी नाम घुसाउँछः

*सुणातु मे भन्ते संघो, यदि संघस्स पत्तकल्लं आयस्मा रेवतायस्मन्तं उत्तरं विनयं पुच्छेय्य*

अनुवाद गरिएको छः 'भन्ते संघ,पूज्य रेवतले पूज्य उत्तरसँगविनयको बारेमा प्रश्न गर्न चाहनुहुन्छ।'

यदि अर्को भिक्खुले एक भिक्खुलाई व्याख्याकर्ता नियुक्त गर्न चाहन्छ भने,उसले यसरी नाम सम्मिलित गर्दछः

*सुणातु मे भन्ते संघो यदि संघस्स पत्तकल्लं आयस्मा उत्तरो आयस्मता रेवतेन विनयं पुट्ठो विसज्जेय*

जसको अनुवाद छः 'भन्ते संघ, पूज्य रेवतले विनय सम्बन्धी सोधेकोमा पूज्य उत्तरलेउत्तर दिउन्।'

मातृभाषा पालि नभएका भिक्खुहरूमा यसरी पठन-पाठन गर्ने क्षमता नभएको वा उनीहरूलाई यस परम्पराको बारेमा थाहा नभएकोले यो परम्परा लामो समयदेखि पालना

Dhamma.Digital

नगरिएको देखिन्छ। तसर्थ,*पुब्बकरण-पुब्बकिच्च* (श्रीलंकामा जस्तै) मा प्रश्न र उत्तरहरूको ढाँचा उपोसथकर्ममा संघको पूर्ण तयारीकोलागी कारकहरूको रूपमा रह्यो। यी कुनै परिवर्तन बिना नै रह्यो र त्यसैले यो समारोह बन्नगयो। धम्मयुत्तिक-निकायमा यस्तो चलन छोडिएको धेरै समय भइसक्यो।यो विषयलाई ऋतु बताउनु,भिक्खुहरूको सङ्ख्या र उपोसथको दिन बताउनु जस्तो नै गरी परिचयको रूपमा मात्र पाठ गरिन्छ।

पाटिमोक्ख पाठ थेर (उपसम्पदा भएको मितिको आधारमा सबभन्दा जेष्ठ भिक्खु) को कर्तव्यको रूपमा राखिएको छ। यदि कुनै कारणवश उसले यो गर्न सक्दैन भने,उसले अन्य कुनै भिक्खुलाई यो पाठ गर्न आमन्त्रित गर्न सक्छ। त्यसैले यो जोसुकै भिक्खुले पाठ गर्न मिल्छ।पाटिमोक्ख कण्ठस्थ पाठ गर्नसक्ने चतुर भिक्खुहरूमध्येबाट वाचक छान्नुपर्छ। यस्तो भिक्खु पाठ गर्नमा चतुर हुन्छ र वाक्यांशको बीचमा कहाँ विराम गर्ने हो, जान्दछ। उसलाई अक्षरका मूल्यहरू र तिनीहरूलाई जोड दिने तरिका स्पष्ट रूपमा थाहा छ,र उसँग वाचन गर्ने क्षमता छ र ऊ मोटो,अस्पष्ट आवाज भएको भिक्खु होइन,न त उसलाई रुघा लागेको छ। वाचकले सबैजना सदस्यहरूले सुन्ने गरी पर्याप्त स्पष्ट र ठूलो स्वरमा पाठ गर्ने प्रयास गर्नु पर्छ। यदि उसले उच्चारण गर्ने नाटक गरेर शब्दहरू अस्पष्ट रूपमा गनगन मात्र गर्छ भने उसलाई दुक्कट आपत्ति हुन्छ।

Dhamma.Digital

पाठमा परिवर्तन गर्नुपर्ने एक ठाउँ छ। पन्ध्रौं दिन भएमा भिक्खुले अ*ज्जुपोसथो पण्णरसो*, 'पन्ध्रौं दिन (पूर्णिमा) को उपोसथ' भन्नुपर्छ। यदि चौधौं दिन हो भने,उसले *अज्जुपोसथो चातुद्दसो*, 'चौधौं (चतुर्दसी) दिनको उपोसथ' भन्नुपर्छ। यदि भिक्खुहरूको सहमतिको दिन हो भने,उसले *अज्जुपोसथो सामग्गी*, 'सहमति भएको दिनको उपोसथ' भन्नुपर्छ।

पाटिमोक्खका प्रत्येक खण्डलाई *उद्देस* भनिन्छ र संक्षेपमा यी पाँचवटा छन्: निदानुद्देस,पाराजिकुद्देस,संघादिसेसुद्देस,अनियतुद्देस र वित्थारुद्देस। यो अन्तिम उद्देसलाई निसग्गियुद्देस,पाचित्तियुद्देस,पाटिदेसनियुद्देस,सेखियुद्देस र समथुद्देस गरी कुल नौ वटामा विभाजन गरिएको छ। यी खण्डहरू यसकारण बनाइएका हुन् कि भिक्खुहरूले यसलाई कसरी विभाजन गर्ने र कुनै विशेष वा आवश्यक पर्दा पाटिमोक्खका केही खण्डहरू मात्र वाचन गर्ने हो भनी जान्नेछन्। सामान्यतया भिक्खुले यो सबै पाठ गर्नु पर्छ,पूर्ण रूपमा याद गर्न सक्ने भिक्खु नभएको अवस्थामा उसले याद गर्नसक्ने उद्देसहरू मात्र पाठ गर्नु पर्छ।*अन्तरायो* भनिने खतराहरू छन् र यस्तोमा यसलाई संक्षिप्त रूपमा पाठ गर्नु पर्छ। पहिला चार उद्देसहरूमा पाटिमोक्ख वाचन (को लम्बाई) घटाउने विधी यस्तो छ: भिक्खुले जुन उद्देस पाठ गर्दैन,उसले

Dhamma.Digital

त्यसलाई *सुतपद* गरेर (पहिले सुनिएको भनी बताएर) सभामा उद्देसलाई छोडिएको घोषणा गर्छ।

संक्षिप्त पाठहरू यस ढाँचामा दिइएको छ: मानौं कि वाचकले पाराजिकुद्देस पाठ गरिसकेको छ र सङ्घादिसेसुद्देसदेखि संक्षिप्त गर्न चाहन्छ भने,उसले यसरी पाठ गर्नु पर्छ: *सुता खो आयस्मन्तेहि तेरसा संघादिसेसा धम्मा सुता खो आयस्मन्तेहि द्वे अनियता धम्मा...*र अन्तमा,*एतकन्तस्स भगवतो...सिक्खितब्बं।* यो ढाँचालाई उद्देसको अन्तिम पाठ*'उद्दिट्ठाखो अयस्मन्तो तेरसा संघादिसेसा धम्मा'* सँग तुलना गर्न सकिन्छ।यस प्रकारले प्रत्येक वाक्यमा *खो* शब्द छ। तसर्थ अघिल्ला वाक्यहरूलाई यसरी बनाएर पढिनुपर्छ: *'सुता खो आयस्मन्तेहि तेरसा संघादिसेसा धम्मा तत्थायस्मन्ते पुच्छामि... एवमेतं धारयामि।* अनियतुद्देस र अरू उद्देसहरू यस्तै प्रकारले बनाउनु पर्छ। यदिभिक्खुले घटेको उद्देस एकपछि अर्को पाठ गर्न चाहन्छ भने,उसले पहिलो पछिको उद्देसबाट *खो* र *आयसमन्तेहि* शब्दहरू छोड्नुपर्छ,तिनीहरूलाई पहिलोमा निम्नानुसार मात्र छोड्नु पर्छ: *सुता खो आयस्मन्तेहि तेरस सङ्घादिसेसा धम्माधारयामि...तत्थायस्मन्ते पुच्छामि... एवमेतं धारयामि।* यस अवस्थामा,अन्त्यमा पाठ:*उद्दिट्ठं खो आयस्मतोनिदानंउद्दिट्ठा चत्तारो पाराजिक धम्मा सुता तेरस संघादिसेसा धम्मा...*, सकेपछि वाक्यको अन्त्यमा *एतकन्तस्स... सिक्खितब्बं*राख्नुपर्छ। यस्तो भएमा वाक्य-विन्यासविधी

अनुसारसही हुनेछ। तथापि,यो ढाँचा सम्पूर्ण रूपमा पाटिमोक्ख पाठ गर्ने क्षमता भएको भिक्खु नभएको अवस्थामा मात्र प्रयोग गर्न सकिन्छ। आपतकालीन अवस्थामा यो प्रयोग गर्न सकिंदैन।

मेरो विचार यो छ: भिक्खुले पाराजिकुद्देस पाठ गरिसकेपछि उसले अन्तिम खण्ड वाचन गर्नु पर्छ:

*उद्दित्थं खो अयस्मन्तो निदानं, उद्दित्था चत्तारो पाराजिका धम्मा,सुता तेरस संघादिसेसा धम्मा... सुता सत्ताधिकरण समथा धम्मा एत्तकन्तस्स ...सिक्खितब्बं*

यस तरिकामा शब्दहरू उचित क्रममा छन् र असंगत छैन,र यो ढाँचा आपतकालीन समयमा प्रयोग गर्न सकिन्छ। जब भिक्खुले कुनै उद्देस पाठ गरिरहेको हुन्छ र आपत्काल आइपर्दा उसले त्यो उद्देसलाई अधुरो छोडेर बन्द गर्न सक्छ । त्यो अधुरो उद्देस पनि त्यसपछिका उद्देसहरूका साथमा नै सुतपदद्वारासंक्षिप्त बनाउनु पर्छ । यस्तो ब्यवहार निदान-उद्देसको मामलामा बाहेक हो,जसलाई भिक्खुले पूरै पाठ गर्नु पर्छ।

पाटिमोक्खको पाठ संक्षेपमा गर्नको लागी कारण हुने आपतकाललाई *अन्तराय* (खतरा, बिघ्नबाधा) भनिन्छ। यो निम्नानुसार दस प्रकारका दिइएका छन्:

१) राजा त्यहाँ राजकीय भ्रमणमा सवारी हुन्छ, त्यसैले भिक्खुहरूले उनलाई स्वागत गर्न पाटिमोक्ख पाठ गर्न रोक्न मिल्छ।

Dhamma.Digital

२) लुटेरा (डाकू) हरूले लुटिरहेका छन्,त्यसैले तिनीहरूबाट बच्नको लागी उनीहरूले पाठ गर्न रोक्न मिल्छ।

३) त्यहाँ आगलागी भएको छ,त्यसैले यसलाई निबाउन वा थप फैलिनबाट रोक्नको लागी उनीहरूले पाठ गर्न रोक्न मिल्छ।

४) बाढीको पानी बढ्छ,त्यसैले त्यसबाट बच्नको लागी उनीहरूले पाठ रोक्न मिल्छ। यदि भिक्खुहरूले पाटिमोक्खको पाठ खुल्ला ठाउँमा गर्छन् भने पानी परेमा पनि पाठ रोक्न मिल्छ।

५) धेरै मानिसहरू आउँछन् त्यसको कारण पत्ता लगाउन वा उनीहरूलाई स्वागत गर्नको लागी उनीहरूले पाठ रोक्न मिल्छ।

६) भिक्खुमा भूतप्रेत चढ्छ,त्यसैले उनीहरूले त्यो भूतप्रेतलाई शमन गर्न पाठ रोक्न मिल्छ।

७) बाघ जस्तो खतरनाक जनावर विहारको भित्र पस्छ,त्यसैले तिनीहरूले यसलाई हटाउन पाठ गर्न रोक्न मिल्छ।

८) खतरनाक सर्प बैठकमा पस्छ,त्यसैले त्यहि कारणले उनीहरूले पाठ रोक्न मिल्छ।

९) भिक्खु त्यस बैठकमा गम्भीर किसिमको बिरामी हुन्छ जो रोग उसको जीवनको विनाशको कारण हुन सक्छ,त्यसैले उनीहरूले उसको उपचार गर्न

पाठ रोक्न मिल्छ। (कुनै अन्य कारणबाट) यदि भिक्खु मर्ने खतरामा पर्योवा मर्योभने पनि पाठ रोक्न मिल्छ।

१०) ब्रह्मचर्यलाई खतरा हुन्छ, जस्तो कि कोही कुनै भिक्खु वा अरूलाई समात्न आउँछ,त्यसैले सो कोलाहलको कारणले पाठ रोक्न मिल्छ।

यदि पाटिमोक्ख पाठ गरिंदै गरेको बेलामा अन्य भिक्खुहरू पहिलेदेखि भेलामा भएकाहरू भन्दा बढी संख्यामा आइपुग्छन् भने पाठ फेरि सुरुदेखि गर्नु पर्छ। यदि उनीहरूको संख्या बैठकमा भएकाहरूसँग बराबर वा त्योभन्दा कम छ भने,पहिले नै पाठ गरिसकिएकोपाटिमोक्खको त्यो भाग राम्रोसँग पढिएको (मान्य) हुनेछ र नयाँ आउनेहरूले बाँकी भाग मात्र सुन्नु पर्छ। त्यहाँका बासिन्दा भिक्खुहरूलाई अरू भिक्खुहरू आउनेछन् भनेर सुरुदेखि नै थाहा भए तापनि यदि उनीहरू सोच्छन, 'होस्,वास्ता गर्दैनौं!र पाठ गर्ने कामलाई अगाडि बढाऔं। यस्तोमात्यहाँका बासिन्दा भिक्खुहरूलाई थुल्लच्चयआपत्ति हुन्छ।'आइ पुगेपछि बाँकी भाग सुन्न सकिन्छ' भनेर लापरवाही गर्छन् भने बासिन्दाहरूलाई दुक्कट आपत्ति पर्छ। यस सम्बन्धी (यस अवस्थामा) अभ्यासको विधी,माथि (यस अनुच्छेदको सुरुमा) उल्लिखित जस्तै हुनेछ। पाठ सकिसकेपछि अन्य भिक्खुहरू आए पनि सङ्ख्या बढी भए पनि पुनः पाठ गर्नु हुँदैन। र नयाँ आउनेहरूले पाटिमोक्ख पाठ

Dhamma.Digital

सुनेकाहरूको बासस्थानमा आफ्नो पारिसुद्धिको जानकारी दिनुपर्छ।

चारजनाभन्दा कमभिक्खु भएको विहारमा पाटिमोक्खको पाठ गर्न पाइँदैन। यदि त्यहाँ तीनजना भिक्खुहरू छन् भने,उनीहरूले निम्नानुसार *पारिसुद्धि-उपोसथ*गर्नु पर्छ: उनीहरू उपोसथ-आगारमाभेला हुनुपर्छ र त्यसपछि एक भिक्खुले प्रस्ताव वाचन गर्नु पर्छ:

*सुणन्तु मे भन्ते आयस्मन्ता अज्जुपोसथो पण्णरसो यदायस्मन्तानं पत्तकल्लं मयं अञ्ञमञ्ञं पारिसुद्धि उपोसथं करेय्याम।*

जसको अनुवाद छ, 'भन्तेहरू,आज पूर्णिमाको उपोसथ हो। यदि हजुरहरूको पूर्ण तयारी छ भने,हामीले सँगै पारिसुद्धि-उपोसथ गरौं।' यदि वाचक अरूभन्दा वरिष्ठ छ भने,उसले *भन्ते*को सट्टामा *आवुसो* भन्नुपर्छ। चतुर्दशीको दिन हो भने *पण्णरसो*को सट्टामा *चातुद्दसो* भन्नुपर्छ। वर्षावासको क्रम अनुसार ज्येष्ठ भिक्खुले आफ्नो बायाँ काँध ढाकेर (दायाँ खुल्ला राखेर) चीवर लगाउनुपर्छ,त्यसपछि टुक्रुक्क बसेर अञ्जली बनाएर आफ्नो शुद्धताको जानकारी यसरी दिनुपर्छ:

*परिसुद्धो अहं आवुसो,परिसुद्धोति मं धारेथ।*

यसरी तीन पटक भनिन्छ। अनुवाद गरिएको छ, 'आवुसो (मित्र),म पूर्णरूपले शुद्ध छु। मलाई शुद्ध छ भनी धारण गर्नुहोस्।' अन्य भिक्खुहरूले पनि वर्षावासको वरिष्ठता क्रमलाई पालन गर्नु पर्छ:

Dhamma.Digital

*परिसुद्धो अहं भन्ते,परिसुद्धोति मं धारेथ।*

जसको अनुवाद हुन्छ, 'पूज्य भन्ते,म पूर्णरूपले शुद्ध छु,मलाई शुद्ध छ भनी धारण गर्नुहोस्।'

यदि दुईजना भिक्खुहरू छन् भने,उनीहरूले घोषणा गर्दैनन्,तर उनीहरूको शुद्धताको बारेमा आपसमा जानकारी दिनुपर्छ। वरिष्ठ भन्छ:

*परिसुद्धो अहं आवुसो,परिसुद्धोति मं धारेहि।*

कनिष्ठ भन्छ:

*परिसुद्धो अहं भन्ते,परिसुद्धोति मंधारेथ।*

प्रत्येकले यो तीन पटक भन्नुपर्छ।

यदि एकजना मात्र भिक्खु छ भने,उसले अरू भिक्खुहरू आउनेछैनन् भन्ने पक्का नभएसम्म पर्खनुपर्छ,र त्यसपछि उसले यसरी *अधिट्ठान-उपोसथ*गर्नु पर्छ:

*अज्ज मे उपोसथो।*

अनुवाद हो, आज मेरो उपोसथ हो।

सामान्य परम्परा अनुसार भिक्खुहरूले उपोसथ गर्नको लागी कठिनभन्दा सजिलो बाटो रोज्नु उचित हुँदैन। त्यसैले उपोसथको दिन आएपछि भिक्खुहरूलाई अन्यत्र लुक्नजान निषेध गरिएको छ। यसलाई यसरी व्याख्या गरिएको छ: यदि,एउटा विहारमा,भिक्खुहरूमापाटिमोक्ख पाठ गर्न सक्ने भिक्षु छ भने,बाकी भिक्खुहरू यो सुन्न नपाइने अन्य ठाउँहरूमा जान हुँदैन। विहारमा पाटिमोक्ख पाठ गर्ने क्षमता भएको भिक्खु नभएको खण्डमा ज्येष्ठ भिक्खुले आफ्नो क्षमता अनुसार कुनै

युवा भिक्खुलाई अन्यत्र,विस्तृत वा संक्षिप्तमा सिक्न पठाउनुपर्छ। यदि यो प्रयास असफल साबित भयो भने,त्यो विहारमा वर्षावास बस्न निषेध गरिएको छ। यस कुराको स्पष्टिकरण यो हो कि यदि भिक्खुहरू अर्को विहारमा भिक्खुहरूसँग सङ्घ उपोसथ गर्न जान सक्छन् भने उनीहरू आफ्नै विहारमा वर्षावास बस्न सक्छन्।

प्राचीन कालमा महाश्रावकहरूले संघ-उपोसथलाई उच्च सम्मान राख्नुहुन्थ्यो। उदाहरणको लागी,भिक्खु महाकस्सप थेरले संघ-उपोसथ गर्न धैरै टाढा यात्रा गर्नुभएको थियो। यसो गर्नका लागी उहाँले एउटा खोला तर्नुपरेको थियो जसले गर्दा उहाँका सबै चीवरहरू भिजेका थिए। सासनमा सबै कर्तव्य सकिएपछि (अर्थात् अरहन्त भइसकेपछि) उपोसथ गर्न सभामा जानु पर्दैन भनी भिक्खु महाकप्पिन थेरले सोच्नुभयो। तथापि भगवान बुद्धले उहाँसँग कुरा गर्नुभयो,र उहाँलाई चेतावनी दिनुभयो कि परम्परा पालन गर्नु पर्छ र काय-सामग्गी राख्नुपर्छ,त्यसैले उहाँले त्यो निर्देशन स्वीकार गर्नुभयो र तदनुसार पालना गर्नुभयो।

**पवारणा**

वर्षावासका तीन महिना पूरा गरेका भिक्खुहरूका लागी भगवान बुद्धले पहिलो कार्तिक महिनाको पूर्णिमामा उपोसथको सट्टामा पवारणा गर्ने स्वीकृति दिनुभएको छ।

पवारणाका प्रारम्भिक कर्तव्यहरू उपोसथको जस्तै हुन्छन् तर पुब्बकिच्चंमा पारिसुद्धि ल्याइँदैन। बरु बिरामी

भिक्खुको पवारणा ल्याइन्छ। बिरामी भिक्खुले आफ्नो पवारणा दिने वाक्यहरू यस प्रकार छन्:

*पवारणं दम्मि,पवारणं मे हर,ममत्थाय पवारेहि।*

जसको अनुवाद हुन्छ, 'म मेरो पवारणा दिन्छु। तपाइले मेरो पवारणा सुनाउन लैजानुस्। मेरो सट्टामा तपाँइले पवारणा गर्नुस्। योहो, बिरामी भिक्खुकावाक्यहरू जो (अर्कोभन्दा) वरिष्ठ छ,तर कनिष्ठ भएमा *हर*को सट्टामा *हरथ* र *पवारेहि*को सट्टामा *पवारेथ* शब्द प्रयोग गर्नु पर्छ। तिनको अनुवाद अर्थको उपयुक्तता अनुसार बुझ्नुपर्छ। अर्काको पवारणा सुम्पिएको भिक्खुले बिरामी भिक्खुको वर्षावासको क्रममा उसको स्थानमा पवारणा गर्न सक्छ। बिरामी भिक्खुको पवारणालाई संघमा कसरी पुर्याउने?यो तल देखाइनेछ।

पवारणा दिन सामान्यतया पन्ध्रौं दिन (पूर्णिमा) मा हो। त्यस दिन संघले पवारणा नगरेमा एक पक्ष पछि सारिन सक्छ। यो चतुर्दशीमा पर्नुपर्छ। अथवा,सामग्गी दिन संघको मेलमिलाप भएको (सहमति भएको) जुनसुकै दिनमा गर्न सकिन्छ। त्यसैले,उपोसथको लागी जस्तो नै पवारणाको लागी पनि तीन दिनहरू छन्। प्रस्तावमा यसलाई *अज्ज पवारणा* भनिन्छ,जसको अर्थ सामान्य दिन (पन्ध्रौं दिन) हो। सभामा प्रवेश गर्ने भिक्खुहरूको संख्या कम्तिमा पाँचजना हुनुपर्दछ अनि मात्र उनीहरूले पवारणालाई संघकर्मको रूपमा लिन सक्छन्। संख्यामा अवश्य पनि,यो भन्दा बढी पनि गर्न सक्छ। यसका लागी आवश्यक पर्ने भिक्खुहरूको संख्या उपोसथको तुलनामा

एकजना बढी छ। एउटा भिक्खुले पवारणा गर्दा अरु चारजना भिक्खुहरूलेसंघको गणपूरक बनाउनु पर्छ। यदि चार,तीन वा दुईजना भिक्खुहरू छन् भने,उनीहरूले पवारणालाई गणकम्म बनाउनु पर्छ। यदि एकजना मात्र भिक्खु छ भनेउसले अधिट्ठानद्वारा पवारणा गर्नु पर्छ, यो पुग्गलकम्म (व्यक्तिगत कर्म) हुन्छ।

भिक्खुहरूले संघकम्मको रूपमा पवारणा गर्दा संघलाई प्रस्ताव दिनुपर्छ र त्यसपछि पवारणा गर्नु पर्छ। पवारणा भनेको सबै भिक्खुहरूमा एकअर्कालाई चेतावनी दिने मौका दिनु हो।

प्रत्येक भिक्खुले सामान्यतया तीन पटक पवारणा गर्ने चलन छ। यदि कुनै बाधा छ र भिक्खुहरूले यस्तो गर्न सक्दैनन् भनेउनीहरूले (घटाएर) दुई पटक वा एक पटक पाठ गर्नु पर्छ,वायदि उनीहरू वर्षावासमा बराबर छन् भनेउनीहरू सबैजनाले एकैचोटि पाठ गर्नु पर्छ।भिक्खुले पवारणा कसरी गर्ने? भिक्खुले यसबारे सङ्घलाई ञत्ति (प्रस्ताव) मार्फत घोषणा गर्नु पर्छ।ञत्तिवाचन गर्ने विधी निम्न रूपमा थाहा हुनुपर्छ:

१) यदि उनीहरूले तीन पटक पवारणा गर्नेछन् भने,ञत्ति निम्नानुसार हुनुपर्छ:

*सुणातु मे भन्ते संघो अज्ज पवारणा पण्णरसी*
*यदि संघस्स पत्तकल्लं संघो तेवाचिकं पवारेय्य*

जसको अनुवाद यस्तो गरिएको छ,आदरणीय भन्तेहरू,संघले मेरो कुरा सुन्नुहोस्। आज पण्णरसी (पूर्णिमा) को दिन पवारणा

https://dhamma.digital

छ र संघको पूर्ण तयारी छ भने संघले तीन पटक पवारणा गरोस्।' यसलाई *तेवाचिका-ञत्ति* भनिन्छ। यस्तो भनी प्रस्ताव गरिएको छ भने,प्रत्येक भिक्खुले तीन पटक पवारणा गर्नु पर्छ र (यस अवस्थामा) यसलाई घटाउनु उपयुक्त छैन।

२) यदि भिक्खुहरूले दुई पटक पवारणा गर्न चाहन्छन् भने,उनीहरूले माथिको जस्तै ञत्ति वाचन गर्नु पर्छ तर उनीहरूले प्रस्तावको वाक्यलाई *'सङ्घो द्वेवाचिकं पवारेय्य*भन्ने शब्दमा अन्त्य गर्नु पर्छ,जसलाई 'सङ्घले दुई पटक पवारणा गरोस्' भनेर अनुवाद गरिएको छ। यसलाई *द्वेवाचिका-ञत्ति*भनिन्छ। यस अवस्थामा,भिक्खुहरूले त्यो भन्दा दुई पटक वा बढी पटक पवारणा वाचन गर्न सक्छन्,तर योभन्दा घटाउन सकिंदैन।

३) यदि भिक्खुहरूले एक पटक पवारणा गर्न चाहन्छन् भने,ञत्तिलाई*संघो एकवाचिकं पवारेय्य* ले समाप्त गर्नु पर्छ,यसको अनुवाद'संघले एकपटक पवारणा गरोस्' भनेको हो। यसलाई *एकवाचिका-ञत्ति* भनिन्छ। यस अवस्थामा,भिक्खुहरूले एक पटक वा त्यो भन्दा बढी पवारणा वाचन गर्न सक्छन्,तरवर्षावास बराबर हुने भिक्खुहरूले सँगै र एकसाथमा पवारणा वाचन गर्नु उचित होइन।

४) समान वर्षावास भएका भिक्खुहरूका लागी एकसाथ पवारणाको व्यवस्था मिलाइएको हो भने,*सङ्घो समान वस्सिकं पवारेय्य* ले अन्त्य गर्नु पर्छ,'समान वर्षावास हुने संघले सँगै पवारणा गरोस्' भनी अनुवाद गरिन्छ। यसलाई *समानवस्सिका-*

*ञत्ति* भनिन्छ र यस अवस्थामा,वर्षावासमा समान भिक्खुहरूले एकसाथएक पटक,दुई पटक,वा तीन पटक पवारणा गर्न सक्छन्।

माथिका चार ढाँचाहरूले विशेष परिस्थितिहरू उल्लेख गर्दछ। यदि भिक्खुहरूले यी परिस्थितिहरू उल्लेख गर्दैनन् भने,उनीहरूले सबै परिस्थितिहरू समेट्नको लागी एक ञत्ति वाचन गर्नु पर्छ,जसको अन्त्यमा *सङ्घो पवारेय्य* हुन्छ,यसको अनुवाद हुन्छ,'संघले पवारणा गरोस्'। यसलाई भनिन्छ *सब्बसंगनिका-ञत्ति*। यस्तो अवस्थामा भिक्खुले जति पटक चाहन्छ पवारणा गर्न मिल्छ।तर समान वर्षावास भएका भिक्खुहरूलाई सँगै पवारणा गर्न निषेध गरिएको छ। तथापि, म बुझ्छु कियो गर्न सकिन्छ।

दस अंतरायहरू वा आपतकालीन अवस्था (उपोसथमा हेर्नुहोस) को सन्दर्भमा,यदि दाताहरू पनि धर्मकर्म गर्न आए वा बिहानसम्म रातभर 'धम्म-श्रवण' भइरहेको छ भने,उनीहरूलाई यहाँ समावेश गर्न सकिन्छ र यी पवारणा गर्नको लागी अवरोधको कारण पनि हुन सक्छ।

ञत्ति वाचन गरि सकिएपछि थेर भएका भिक्खुले देब्रे काँधमा चीवर लगाएर (एकांश गरेर) टुक्रुक्क बसेर अञ्जली गर्नु पर्छ र सङ्घलाई आफ्नो पवारणा बताउनुपर्छ :

*संघं आवुसो पवारेमि दिट्ठेन वा सुतेन वा परिसंकाय वा वदन्तु मं आयस्मन्तो अनुकम्पं उपादाय पस्सन्तो*

Dhamma.Digital

*पटिकरिस्सामि,दुतियम्पि आवुसो...,ततियम्पि आवुसो सङ्घं पवारेमि...पस्सन्तो पटिकरिस्सामि*

जसलाई अनुवाद गरिएको छ,आवुसोहरू,म संघमा पवारणा गर्दछु। तपाईंहरूले जे देख्नुभएको छ,तपाईंले जे सुन्नु भएको छ,तपाईंले जे शङ्का गर्नुभएको छ,तपाईंहरू सबैजनाले दया गरी मलाई निर्देशन दिनुहोस्। मैले देखेँ भने म सुधार गर्नेछु। म दोस्रो पल्ट पनि संघलाई...तेस्रो पल्ट पनि...म सुधार गर्नेछु।' ऊ बाहेक बाँकी भिक्खुहरूले वर्षावास बराबर हुने भिक्खुहरूले सँगै पावरणा गर्नु पर्छ भन्ने व्यवस्था नभएको अवस्थामा वर्षावासको क्रम अनुसार एक एकजना गरी पवारणा गर्नु पर्छ,जे होस्,उनीहरूले *आवुसो*को सट्टामा *भन्ते* शब्द प्रयोग गर्नु पर्छ।

विरामी भिक्खुको पवारणाप्रस्तुत गर्ने अवसर आउँदा सन्देश दिने भिक्खुले वर्षावासको क्रमअनुसार आफ्नो ठाउँमा पवारणा गर्न सक्छन्। बोल्नुपर्ने वाक्यहरूको उदाहरण निम्नानुसार छन्:

*आयस्मा भन्ते उत्तरो गिलानो संघं पवारेति दिट्ठेन वा सुतेन वा परिसंकाय वा वदन्तु तं आयस्मन्तो अनुकम्पं उपादाय पस्सन्तो पटिक्करिस्सति। दुतियम्पि भन्ते... ततियम्पि भन्ते आयस्मा उत्तरो गिलानो सङ्घं पवारेति...पटिक्करिस्सति*

जसको अनुवाद हुन्छ, 'भन्ते,पूज्य उत्तर बिरामी हुनुहुन्छ। उहाँले संघलाई पवारणा गर्नुहुन्छ। तपाईंहरूले जे देख्नुभएको छ,तपाईंहरूले जे सुन्नु भएको छ,तपाईंहरूले जे शङ्का

गर्नुभएको छ,तपाईंहरू सबैजनाले दया गरेर उहाँलाई निर्देशन दिनुहोस्। उहाँले देखेमा सुधार्नुहुनेछ। पूज्य उत्तर बिरामी हुनुहुन्छ। उहाँले दोस्रो पटक पनि संघलाई पवारणा गर्नुहुन्छ ... तेश्रो पटक ... देखेमाउहाँले सुधार गर्नुहुनेछ। यदि सन्देशवाहक भिक्खु बिरामी भिक्खु भन्दा वरिष्ठ हो भने उसले *आयस्मा भन्ते उत्तरो*को सट्टामा *उत्तरो भन्ते भिक्खु* भन्छ। जब नाम अन्यथा छ भनेतदनुसार यसलाई परिवर्तन गर्नु पर्छ। यहाँको ढाँचालाई हेरेर कुन उपयुक्त छ त्यस अनुसार बुझ्नुपर्छ।

मौलिक परम्परा अनुसार भिक्खुहरू सबैजनाले आ-आफ्नो पवारणा समाप्त नहुञ्जेलसम्म टुक्रुक्क बसीरहनु पर्छ। जब बुढापाका थेरहरूले यो सहन सक्दैनन्,उनीहरू बेहोस हुन सक्छन् र लड्न सक्छन्।त्यसैले उनीहरूले आफ्नोपवारण गरिसकेपछि भगवान बुद्धले उनीहरूलाई (सजिलो किसिमले) बस्ने अनुमति दिनुभयो। सबैले आफ्नो पवारणा पूरा नगरेसम्म भिक्खुहरूलाई यस्तो टुक्रुक्क बस्नलगाउने यस तरिकाले हामीलाई थाहा दिन्छ कि पुरातन समयमा पवारणा गर्ने संघमा धेरै भिक्खुहरू थिएनन् र त्यसैले उनीहरूले त्यस आसनमा पवारणा गर्न सक्थे। यदि विहारमा धेरैजना भिक्खुहरू छन् भने,यो निश्चित छ कि अन्ततिरका भिक्खुहरूले यसलाई सहन सक्ने छैनन्। मलाई थाहा छ कि केहिभिक्खुहरूको समूह आफैं अन्य ठाउँमा पवरणा गर्न जान्छन् भने केही समूहहरू अन्य विहारबाट त्यहाँको संघमा सामेल हुन जान्छन्। पहिलेको अभ्यास राम्रो होइन किनभने संघलाई दुई समूहमा विभाजन

Dhamma.Digital

गरिएको जस्तो भयो,जबकि पछिल्लो ब्यवहार तर्कसँग मेल खाँदैन। पवारणा भनेकोप्रत्येक भिक्खुले आफूलाई निर्देशन दिन अरूलाई अनुरोध गर्नुहो, जुन कि एउटै समूहमा बस्ने र एक अर्कालाई चिन्नेहरूका लागी हो। मेरो विचारमा,यदि यसरी बस्न नसक्ने गरी टुक्रुक्क बस्ने काम बाधक बनेको खण्डमा प्रत्येक भिक्खुले एकचोटि मात्र पवारणागर्नु पर्छ,वा समान वर्षावास भएका भिक्खुहरू सबैजनाले एकसाथ पवारणा गर्ने व्यवस्था गरिनुपर्छ,जुन कि माथि उल्लेखित दुई तरिकाहरू भन्दा राम्रो हुनेछ। जब संघले यो गर्छ,उनीहरूले पहिले संघलाई यो बाधा हुनुको कारण बताउनको लागी घोषणा गर्नु पर्छर त्यसपछि उनीहरूलाई कसरी पवारणागर्नु पर्छ भनेर सूचित गर्ने ञत्ति वाचन गर्नु पर्छ।

यदि त्यस बैठकमा वर्षावासभंग भएको कारणले वा वर्षावास-प्रवेश दिनभन्दा पछि उपसम्पदा प्राप्त गरेको कारणले पवारणा गर्न नमिल्ने भिक्खुहरू छन् भने,र उनीहरूको संख्या चारजना भए तापनि पवारणा गर्न मिल्ने भिक्खुहरू भन्दा बढी छैनन्।उनीहरूले पवारणाको अधिकार भएका भिक्खुहरूले आफ्नो पवारणा समाप्त गरेपछि उनीहरूलाई आफ्नो पारिसुद्धिको जानकारी दिनुपर्छ। यदि उनीहरूको (पवारणाको अधिकार रहितको) संख्या ठूलो छ भने,पाटिमोक्ख पाठ गर्नु पर्छ। जब उनीहरूको पाटिमोक्ख समाप्त हुन्छ,अन्य भिक्खुहरू (जससँग पवारणाको अधिकार छ) ले पाटिमोक्खको पाठ सुनेको संघको समक्षमा पवारणागर्नु पर्छ। दुई समूहलाई एकै दिन संघको कर्म

र गणको कर्मका रूपमा दुईवटा ञत्ति वाचन गर्न निषेध गरिएको छ।

पवारणाको तिथिलाई वर्षावासका तीन महिना भित्र ल्याउन सकिंदैन तर यसलाई पन्ध्र दिन वा एक महिनाको लागीविलम्ब गर्न सकिन्छ। यदि तिथि पवारणाको लागी स्थगित गरियो भनेयो कुरो संघलाई घोषणा गर्नु पर्छ ताकि कारण थाहा होस् र पवारणाको सत्ता उपोसथ गर्न सकियोस्।तोकिएको दिनमा पारेर संघले पवारणा गर्न मिल्छ। पवारणा विलम्ब हुनुका कारणहरू पालिमा यस्तो भनी उल्लेख गरिएका छन्: पहिलो,यो वा त्यो भिक्खुको लागी समस्या सिर्जना गर्ने उद्देश्यले पवारणामा सामेल हुन आउने भिक्खुहरू हुन्छन्,जुन कि विवादको कारण बन्न सक्छ: दोस्रो,खुशीसाथ बस्ने भिक्खुहरू पवारणा पछि अन्य ठाउँहरूमा चारिका गर्न जानको लागी छुट्टिनेछन्। तर वर्तमान समयमासंघको कुनै समूह छैन जो यसरी अन्यत्र सर्छ (यस अन्तिम अवस्थामा जस्तै)। तसर्थ,स्थगनको यो कारण यहाँ छोटकरीमा उल्लेख गरिएको छ ताकि पवारणाको विषय थाहा पाउन सकियोस्।

जुन विहारमा पाँचजनाभन्दा कम भिक्खुहरू छन्,उनीहरूलाई संघ-पवारणा गर्न निषेध गरिएको छ। चार वा तीन जना मात्र भएमा भेला हुनुपर्छ र एक भिक्खुले निम्नानुसार प्रस्ताव राख्नुपर्छ।

*सुणन्तु मे आयस्मन्तो अज्ज पवारणा पण्णरसी यदायस्मन्तानं पत्तकल्लं मयं अञ्ञमञ्ञं पवारेय्याम*

Dhamma.Digital

जसको अनुवाद गरिएको छ: "आयस्मानहरू,मेरो कुरा सुन्नुहोस्। आज पण्णरसी (पूर्णिमा) को पवारणा  दिन हो। यदि यहाँहरूको पूर्ण तयारी छ भने,हामीले एकअर्कासँग पवारणा गरौं।यदि तीनजना भिक्खुहरू छन् भने,*आयस्मन्तो*को सट्टामा *आयस्मन्ता* प्रयोग गर्नु पर्छ। अनि वर्षावासको क्रम अनुसार पवारणा  गर्नु पर्छ।भिक्खुहरू थोरै भएकोले उनीहरूले पूरा तीन पटक पवारणा गर्नु पर्छ भन्ने कुरा स्पष्टै बुझिन्छ।

*अहं आवुसोआयस्मन्ते पवारेमि...पटिकरिस्सामि। दुतियम्पि आवुसो... ततियम्पि आवुसो... आयस्मन्ते पवारेमि... पटिक्करिस्सामि*

यो वरिष्ठ भिक्खुले भन्नेतरिका हो।भिक्खु कनिष्ठ भएमा *आवुसो*को सट्टा *भन्ते* प्रयोग गर्नु पर्छ। यदि भिक्खुहरू दुईजना छन् भने,उनीहरूले निम्नानुसारञत्तिवाचन नगरीकन निम्नलिखित रूपले केवल पवारणा गर्नु पर्छ:

*अहं आवुसोआयस्मन्तं पवारेमि...वदतु मंआयस्मा अनुकम्पं उपादाय,पस्सन्तो पटिकरिस्सामि*

यसलाई गण-पवारणा भनिन्छ। यदि भिक्खु एक्लै बस्छ भने,उसले त्यहाँ ठाउँ तयार गर्नु पर्छ र अर्को भिक्खु कोही नआउने पक्का नभएसम्म पर्खनुपर्छ। त्यसपछि उसले निम्नानुसार अधिट्ठान गर्नु पर्छ:

*अज्ज मे पवारणा*

यसको अनुवाद हो, 'आज मेरो पवारणा हो।' यसलाई पुग्गल पवारणा भनिन्छ।

Dhamma.Digital

पहिल्यै उल्लेख गरिएझैं पवारणाका तीन दिनहरू छन्,चतुद्दसी,पण्णरसी (पूर्णिमा) र सामग्गी (सहमति)-पवारणा। तीन कारणहरू (शब्दार्थ: कर्ताहरू) छन्-संघ,गण र पुग्गल। उपोसथमा जस्तो नै तीनवटा तरिकाहरू छन्- सभामा पवारणा,एकअर्कामा पवारणा,र मनमा आफैले अधिष्ठान गर्नु।

यी बाहेकका व्याख्याहरूलाई उपोसथको सन्दर्भमा जस्तै भनी बुझ्नुपर्छ।

*****

Dhamma.Digital

https://dhamma.digital

# अध्याय १८

# उपपथ किरिया

# अनुपयुक्तआचरण

।

यस अध्यायमाउपपथकिरिया भनिने समणहरूको चलनको बाहिरको (अनुपयुक्त) आचरणको व्याख्या गरिनेछ। यसलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ: *अनाचार,पापसमाचार* र *अनेसना*।विभिन्न प्रकारका खेलहरू सहित नराम्रो र अनुचित आचरणलाई अनाचार अन्तर्गत समूहबद्ध गरिएका छन्। हीन र नीच आचरण पापसमाचार अन्तर्गत समूहबद्ध गरिएका छन्। अनेसना अन्तर्गत जीविकोपार्जनका अनुचित तरिकाहरू वर्णन गरिएका छन्।

**अनाचार (चंचल र अनुचित आचरण)**

१) बालखको जस्तो चंचलतालाई पालिमा सानो खेलौना वस्तुहरू (घर, पुतली,कठपुतली,आदि) साना सवारीसाधनहरू,साना कंकडहरू,साना धनुषहरूसँग खेल्नुको

Dhamma.Digital

रूपमा व्याख्या गरिएको छ; वा त्यस्तो तरिकाले खेल्नु,जस्तै बालुवा नाप्नु,सिट्टी बजाउनु,अन्धो र लङ्गडोको नक्कल गर्नुआदि।

२) जंगली किसिमको चंचलतालाई पालिमा लडिबुडि गर्नु,कुस्ती खेल्नु,बक्सिङ खेल्नु,हात्ती वा घोडाहरू जस्तै दौड लगाउनु,र खेलखेलमा केहि फ्याँक्नु (फ्याँकेर खेल्नु) रूपमा व्याख्या गरिएको छ।

३) जुवा,अर्थात्,लाभ र हानि,जीत र हार,सही र गलत देखिने खेलहरू खेल्नु।पालिमा यसलाई चेस,ड्राफ्टखेल,कौडीआदि खेल्नु, बालबालिकाको खेल,ब्याकग्यामन (पासा,चौसर जस्ता खेल),पोलो जस्ता खेलहरू र अनुमान लगाउने खेलहरू भनेर व्याख्या गरिएको छ।

४) त्यस्ता खेलहरू जसले अरूलाई हानि गर्छ अर्थात् हानि पुर्याउने खेलहरू।यसको उदाहरण पालिमा मनोरञ्जनको लागी जङ्गल डढाउनु आदि भनी उदाहरण दिइएको छ।

५) चर्को आवाज निकालेर खेलिने खेलहरू।पालिमा दिइएको एउटा उदाहरण भनेको तान लिनु जस्तो लामो तानिएको आवाजमा धम्मको देसना गर्नु हो। ठट्टा गर्ने तरिकामा धम्मदेसना गर्नु र उपदेश दिनु पनि यस शीर्षकमा समावेश गरिएको छ।

माथि उल्लिखित सबै खेलहरू उच्च आपत्तिको कारण नभएर दुक्कटका कारण हुन्।

Dhamma.Digital

॥

भिक्खुहरूले फूलको माला बनाउन निषेध छ। यसो हुनुको कारण थियो महिलालाई दिनको लागी माला बनाएको।पछि यो (यस्तो काम नगर्ने) परम्परा भयो। यी फूलमालाहरू कसरी बनाउने भनेर थाहा पाउनको लागीपालिमा छ प्रकारका पुप्फविकति [मालाहरू र अन्य सजावटका वस्तुहरू बनाउने विभिन्न विधीहरू] वर्णन गरिएका छन्। व्याख्या तल दिइएको छ।

**१) गन्थिमं**-फूलहरूको माला गाँस्नु (थ्रेडिङ) वा गमला, फूलदानी आदिमा फूल व्यवस्थितरूपले सजाउनु। उदाहरणको लागी कसैले चमेलीका फूलहरू लिन्छ र फूलको आकारमा काटिएका केराको पातका टुक्राहरू बीचबीचमा राखेर तिनीहरूलाई अरू बस्तुहरूका साथमा छेडेर धागोमामाला उन्छ, त्यसका टुप्पाहरू गाँस्छ। यस्ता धेरैवटा एकसाथ,एउटै लर्को बनाउनको लागी लगाइन्छ,जस्तै झलर सहितको माला जसको अन्तमा फूलहरूको झुप्पा हुन्छन्। केराको पातमा विभिन्न किसिमका रंगका फूलहरू टाँसिएका हुन्छन् र धेरै ढाँचामा बनाइएका हुन्छन् जसलाई झलर बनाउनकोलागी रंग बनाउनु भनिन्छ।'सुगन्धित रंगहरू' (धेरै रङका झलरहरूको समूहसँग जोडिएको धेरै साना सपाट टुक्राहरू मिलेर बनेको मालाको नाम) पनि यस शीर्षकमा गणना गरिएको छ।

**२) गोप्फिमं**-फूलहरूलाई धेरै पङ्क्तिहरूमा माला गाँस्ने र त्यसपछि तिनीहरूलाई समूहमा जोड्ने। उदाहरणको

लागी,तिनीहरूलाई धेरै पङ्क्तिहरूमा गाँस्ने र त्यसपछि तिनीहरूलाई बिचबिचका फूलहरू देखिने गरेर झुण्ड्याउने वा फरक फूलहरू बिना नै झुण्ड्याउनको लागी जम्मा गर्ने,र एउटै धागोमा धेरै फूलहरू गाँस्ने।

३) **वेधिमं**-फूलहरूको माला (जस्तै कि बिकुन (मिमुसोप्सेलेन्गी) फूलहरू) वा फूलहरू (जस्तै चमेली) काठको सिउरोमा छेडिएको। पहिलो फूलमालाहरूको घेराभित्र रहेको ठाउँमा बनाइने केहि फूलहरूको सजावटसँग सम्बन्धित केही मालाहरू, जस्तो कि नलि आकारकामालाहरू,जस्तै इन्डियन कर्कको रुख(Cork tree) (मिलिंगटोनिया होर्टेन्सिस) का फूलहरू वा कन्निकार फूलहरू (निक्टान्थेस एसपीपी); र दोस्रोमा फूलहरूका नलीहरू काठको टुक्रामा टाँसिएका हुन्छन्,जस्तै गार्डनियाहरूले अर्धगोलाकार गहना बनाउनको लागी लट्ठीमा बाँध्ने गर्छन्, अथवा राती फुल्ने फूलहरूको त्यस्तो बनाउँदा गर्छन्।

४) **वेथिमं**-फूलका डाँठहरूलाई स्किभर (सिन्का?) ले छेड्ने र त्यसपछि ठाउँठाउँमा बाँध्ने।

५) **पुरिमं**-माला बनाउनु जस्तै फूलका घेराहरू बनाउनु,अर्थात्,फूलहरूलाई बीचमा वा तिनीहरूको डाँठबाट छेडिन्छन् र मालालाई एकसाथ बाँधिन्छ।

६) **वायिमं**-बिचमा धेरै खाली ठाउँ भएका फूलहरूको जाली।

Dhamma.Digital

यी छवटा पुप्फविकतिहरूले फूलहरू कसरी धागोमा उन्ने भन्ने तरिकाहरू बताउँछन्,तिनीहरूमध्ये केही केवल एउटै प्रक्रियामा पूरा हुन्छन्,जस्तै रातमा फुल्ने फूलहरूको अर्धगोलाकारका गहना,जबकि अरूलाई मालाको रूपमा सिद्ध हुन एक भन्दा बढी प्रक्रियाहरू पूरा गर्नु पर्छ। फूलहरू पहिले छेडिन्छन् र त्यसपछि वृत्ताकारमा जोडिन्छन्।

भिक्खुहरूलाई फूलहरू कसरी धागोमा उन्ने हो थाहा थिएन र त्यसैले उनीहरूले अट्ठकथामा दिएका व्याख्याहरू बुझ्न गाह्रो छ।अट्ठकथादेखि *"पुब्बसिक्खावण्णना"* सम्मले फूलहरू उन्ने भिक्खुहरूलाई अनगिन्ती आपत्तिहरू राखेका छन्,एक मुठीभर कमलफूलहरू बाँध्नु वा धम्म-आसन वरिपरि फूलहरूको जाल झुण्ड्याउनुको पनि आपत्ति हुन्छ। म (विनयका विद्यार्थीहरूलाई) सहि समझ दिन चाहन्छु, त्यसैले मैले यहाँ पालिमा पाइने फूलहरू बनाउने छवटा विधीहरू वर्णन गरेको हुँ।

### III

अर्को विषय पनि छ: भिक्खुहरूलाई *तिरच्छान-विज्जा* (पशुजस्तो ज्ञान, तेर्सो ज्ञान) मा अध्ययन गर्न वा बोल्न निषेध गरिएको छ। यो तिरच्छान-विज्जा के हो?यो व्याख्या गर्नुपर्ने विषय हो। सम्प्रदायका गुरूहरूले आफ्नो सम्प्रदायलाई मात्रै सम्मान गर्ने र अरूको सम्प्रदायलाई हीन र नीचको रूपमा हेर्ने चलन थियो।भन्छन् कि उनीहरूको अनुकरण गर्नु (त्यसको अनुयायीहरूका लागी) ठूलो हानि हो। साथसाथै ती (उनीहरूका

विपक्षीहरूका) ज्ञानलाई 'तिरच्छान-विज्जा' भनी भन्छन्। उनीहरूले तिनको अध्ययन गर्न र (अरूको विश्वासको) बारेमा बोल्न निषेध गरे। यसले गर्दा ती साम्प्रदायिक विश्वासहरू ग्रहण गर्ने मानिसहरूलाई एउटा मात्र बाटो थाहा हुन्थ्यो। उनीहरूले आफ्नो बुद्धिलाई व्यापक रूपमा प्रयोग गरेनन् जसले गर्दा उनीहरूको ज्ञान सीमित हुनगयो। बुद्धसासनमा पनि यस प्रकारको अध्ययन निषेध गरिएको छ र यो बुद्धकालमा वा त्यसपछि भएको हुनसक्छ तर म यसबारे आफ्नो विचार दिने छैन। बुद्धसासनले ब्राह्मण धर्मलाई सुधार्छ। पछिल्ला समयमा भिक्खुहरूलाई ब्राह्मण धर्मको अध्ययन गर्न निषेध गरिएको थियो र त्यसैले उनीहरूसँग तुलनात्मक ज्ञान नभएका कारण बौद्ध धर्ममा समेत संकीर्ण ज्ञान थियो। तिरच्छान-विज्जाको व्याख्याले भिक्खुहरूको धम्मसँग सम्बन्धित नभएका सबै बाहिरी विषयहरूलाई समेटेको देखिन्छ। म यसलाई वर्तमान समयमा पर्याप्त र उचित आचरणको तरिकाले मात्र व्याख्या गर्नेछु।

१) पुरुष र महिलाका बीचमा एक अर्कामा मोहनी लगाउने (मायाप्रीति जगाउने) जादूको ज्ञान।

२) यो वा त्यो व्यक्तिलाई प्रकोप (बिपत्ति) मा पार्ने ज्ञान।

३) मृतात्माहरू प्रयोग गर्ने वा विभिन्न प्रकारका जादू टोना (बोक्सीविद्या) देखाउने ज्ञान।

Dhamma.Digital

४) भविष्यवाणीको ज्ञान,जस्तै चिट्ठाहरूको परिणाम पहिल्यै जान्ने ज्ञान।

५) आत्म-भ्रान्ति उत्पन्न गर्ने ज्ञान, जस्तै पारालाई रूपान्तरण गरी अलौकिक शक्ति प्राप्त गर्नु, जस्तै चाँदी र तामालाई सुनमा रूपान्तरण गर्नु (रसायनशास्त्र) को ज्ञान।

यी ज्ञानहरू तिरच्छान-विज्जा हुन् किनभने यिनीहरू संदिग्ध चीजहरूका ज्ञान हुन् जुन भ्रामक वा भ्रमपूर्ण छन्,सत्य ज्ञान होइनन्। यसका गुरूहरू ठग हुन् र त्यसका विद्यार्थीहरू त्यस्तो ज्ञानबाट धोका दिने अभ्यास गर्ने हुन् वा ऊ मुर्ख मात्र हो, भ्रमित व्यक्ति मात्र हो।

**पापसमाचार (नीच र कमसल आचरण)।**

यो कुरो गृहस्थीहरूसँगको संगतले आउँछ जो कि उपयुक्त साथीहरू होइनन् र जसले यस्तो गर्छ उसलाई कुलदूषक भनिन्छ, जुन किपहिले नै तेह्रौं संघादिसेसमा व्याख्या गरिसकिएको छ। यसका धैरै वर्गीकरणहरू छन्,त्यो निम्नानुसार छ:

१) पालिमा व्याख्या गरिएको छ- गृहस्थीले जस्तै फूल र फलफूल आदि घरगृहस्थीहरूलाई उपहारको रूपमा दिनु।

२) फूलको बगैंचा खेती गर्नु र गृहस्थीहरूलाई दिएर खुसी पार्न फूलका मालाहरू उन्नु।

Dhamma.Digital

३) उनीहरूको परिवारमा प्रवेश गर्दा उनीहरूलाई चापलुसी गर्ने तरिका देखाउनु,जस्तै कुनै भिक्खुले उनीहरूलाई धेरै तरिकाले चापलूसी शब्दहरू बोलेर,बच्चाहरूलाई काखमा लिनु आदि गरेर।

४) भिक्खुले धार्मिक क्रियाकलापहरू बाहेक यता उता गएर थरी थरी सेवा गर्नमा आफूलाई लगाउँछ। तर निस्सन्देह,ती कामहरू धार्मिक कर्तव्यहरूसँग सरोकार भएको हो भने उसले उनीहरूको काम स्वीकार गर्न मिल्छ। उदाहरणको लागी,यदि उनीहरूले (दान) समारोहमा दान गर्न चाहन्छन् भने भिक्खुले उनीहरूका लागी अन्य भिक्खुहरूलाई निमन्त्रणा गरिदिन मिल्छवाउनीहरूले धम्मदेसना सुन्न चाहन्छन् भने एक भिक्खुले अर्को भिक्खुलाई देसना गर्न आमन्त्रित गरेर उनीहरूलाई मद्दत गर्न सक्छ। यस्तो अवस्थामा भिक्खुलाई कुनै दोष छैन। गृहस्थीहरूलाई धेरै ठाउँमा पछ्याएर सेवा गर्नु पनि भिक्खुकोलागी कमसल आचरण हो। कसैका आमा वा बुबाका कामकाजहरू,वा प्रव्रजित हुन तयार व्यक्तिहरूजसलाई पण्डुपलास (शाब्दिक अर्थ,रुखबाट खस्न तयार रहेका पहेंला पातहरू)भनिन्छ,उनीहरूको कामधामहरू वा आफ्नै वेय्यावचकर (भण्डारे,समर्थक,शिष्यको काम), यद्यपि यी धार्मिक कर्तव्यहरूबाट भिन्न भएको भएपनिउसले गर्न मिल्छ। र,भिक्खुले त्यस्ता कामहरू गर्न मिल्ने भए तापनि उसले सहयोग गर्न उपयुक्त कर्तव्यहरू छान्नुपर्छ।

Dhamma.Digital

५) परिवारमा रोग निको पार्नको लागीबैद्यको रूपमा निमन्त्रणा स्वीकार गर्नु, ऊ त्यस परिवारको बैद्य बन्छ। यो विषय तल छलफल गरिनेछ। यहाँ उनीहरूको सेवा गर्नु आफूलाई नीच पार्नु हो भन्ने कुरा बुझ्नुपर्छ।

६) (अस्थायी) भण्डारणको लागी उपयुक्त नभएका चीजहरू स्वीकार गर्नु (नासो लिनु),चोरीका वस्तुहरू वा निषेधित वस्तुहरू स्वीकार गर्नु। यी वस्तुहरू भण्डारणको लागी स्वीकार गर्नु प्रत्येक अवस्थामा निषेध गरिएको छ ताकि भिक्खुहरूले ती चीजहरूको जिम्मेवारीमा आफूलाई बाँध्न नपरोस्। जब हामी यसलाई पापसमाचारको रूपमा देख्छौं,सायद यो माथि उल्लेख गरिएका चीजहरू हुनुपर्छ।

पहिले नै उल्लेख गरिएका पापसमाचारहरूमा कुनै उच्च आपत्तिछैनन् र ती सबैको लागी दुक्कट छ। यस बाहेक,यिनीहरूलाई संघले यी विषयहरू निम्नलिखित तीन तरिकाहरूमध्ये कुनै पनि दण्ड दिने कारण हुन्: *तज्जनीय कम्म* भनिने 'दोष लगाउने' दण्डकम्म,*नियस कम्म* भनिने अख्तियारबाट अपमानित गर्ने दण्डकम्म,र *पब्बाजनीय* भनिने विहारबाट निष्कासन गर्ने दण्ड-कम्म ।

II

गृहस्थीहरूप्रति आक्रामक हुनु र उनीहरूलाई नोक्सानी गर्नुसँग सम्बन्धित धेरै कार्यहरू छन्,ती निम्नानुसार छ:

१) उनीहरूको लाभ नष्ट गर्न कोशिस गर्नु।

२) उनीहरूलाई पतन गर्न प्रयास गर्नु।

Dhamma.Digital

३) उनीहरूलाई त्यहाँ बस्न असम्भव बनाउन प्रयास गर्नु ताकि उनीहरूले त्यो ठाउँ छोड्नपरोस्।

४) गाली गर्नु र आक्षेप गरेर अपमान गर्नु।

५) झगडा भड्काउनु जसले गर्दा उनीहरूका बीचमा बेमेल उत्पन्न होस्।

६) घरपरिवारलाई दबाएर नीचा देखाउने गरी कठोर शब्दहरू बोल्नु मानौंकि उनीहरू नीच मानिसहरू हुन्।

७) आफूलाई उपयुक्त निमन्त्रणाहरू स्वीकार गर्ने तर त्यसलाई पूरा नगर्ने।

यस प्रकारका हीन र नीचआचरण, जसमाआधार अनुसार आपत्ति हुनुकोसाथै,संघद्वारा दण्डको कारण पनि हो,जसलाई *पटिसारणीय-कम्म* भनिन्छ,अर्थात्,भिक्खुलाई उसले अन्याय गरेको गृहस्थीप्रति आफ्ना विगतका गल्तीहरू चिन्तन गराएर क्षमा याचना गर्न बाध्य तुल्याउँछ।

असल आचरणले युक्त भिक्खुले आफूलाई परिवारको आत्मीय बन्नलाई नीच व्यक्तिले जस्तो काम गर्दैन। ऊ आक्रामक वा विनाशक होइन बरू मैत्रीपूर्ण हृदय देखाउने हुन्छ र उसले मध्यम तरिकाले व्यवहार गर्छ,जसले गर्दा उनीहरूमा आफूप्रति राम्रो आस्था र आदर उत्पन्न हुन्छ। त्यसपछि उसलाई कुलपसादको (जसमा परिवारको श्रद्धा छ) भनिन्छ। ऊ सासनको शोभा हो। यस सन्दर्भमा भगवान बुद्धले भिक्खु कालुदायीलाई प्रमुख (एतदग्ग) को रूपमा सम्मान

गर्नुभयो।पछिल्लो समयका भिक्खुहरूले उहाँलाई आफ्नो उदाहरणको रूपमा लिनु उपयुक्त हुन्छ।

नियमनिष्ठ नभएका भिक्खुहरू हीन बन्नको लागी आफूलाई तल राख्छन् तर जो भिक्खुहरू बढी कट्टर छन्, उनीहरू गृहस्थीहरूप्रति विभिन्न तरिकाले सहयोग गर्नुमा मैत्रीभाव देखाउनु समेत चासो देखाउँदैन, जस्तो कि तेह्रौं संघादिसेस सिक्खापदको मूल कथामा आफ्नो असन्तुष्टि देखाउँदै गृहस्थीले भनेका छन्, 'मुस्कानयुक्त अनुहार भएकाहरू'। तसर्थ,विनयको अध्ययन र अभ्यास गर्ने भिक्खुहरूले माथि वर्णन गरिए अनुसार असल आचरण चयन गर्नु पर्छ।

**अनेसना (अनुचित जीविकोपार्जन)**

यो भनेको अनुचित तरिकाले जीवन यापन गर्न खोज्नु हो र यसलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ:

१. लोकवज्ज अर्थात् संसारमा दोषको रूपमा सोचिने माध्यमले जीवन यापन गर्नु।

२. पञ्ञत्तिवज्ज अर्थात्,सिक्खापद अनुसार दोषपूर्ण भएको तरिकाले जीवन यापन गर्न खोज्नु।

लुटपाट गर्नु वा अरूलाई विश्वास दिलाएर धोका दिनु जस्ता दुष्ट मार्गद्वारा जीवनयापन गर्नु र लौकिक ढंगले दोष लाग्ने अन्य कर्मलाई *लोकवज्ज* भनिन्छ। यसलाई पालिमा

Dhamma.Digital

उदाहरणको माध्यमबाट देखाइएको छ: भिक्खुले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानव-उत्तर अवस्थाहरू (उत्तरिमनुस्सधम्म) को दावी गर्दछ; वा जीविकोपार्जनको लागीभिक्खुले पुरुषको लागीस्त्री वा यसको विपरीत उनीहरूको बीचमा लमी काम गर्नु; वा भिक्खु परम्परामा निषेध गरिएको तरिकाले जीविकोपार्जन गर्न खोज्नु। यसलाई पालिमा *विञ्ञत्ति*को रूपमा चित्रण गरिएको छ,अर्थात्,माग्न उपयुक्त नभएको व्यक्तिबाट माग्नु वा अनुपयुक्त समयमा माग्नु। जीविका गर्ने अर्को पनि एउटा निषेधित तरिका छ र *विञ्ञत्ति*मासमावेश गरिएको छ,जुनलाई यहाँ धेरै शीर्षकहरू अन्तर्गत सङ्कलन गरिएको छ:

१) विञ्ञत्ति गर्नु,जस्तो कि गएको अनुच्छेदमा व्याख्या गरिएको छ। आफन्त नभएका र पवारणा नगरेका गृहस्थीहरूसँग सामान्य अवस्थामा भिक्खुले माग्नहुँदैन।भिक्खुको चीवर हराएको (नासिएको) वा खोसिएको अवस्थामा,भिक्खुले उत्तरासंग र अन्तरवासक मात्र माग्न मिल्छ। रोगको समयमा भिक्खुले खाना र औषधी माग्न सक्छ। बासस्थानमा चाहिने आवश्यकताहरूको सन्दर्भमा,संघादिसेसको छैटौं सिक्खापद अनुसार,भिक्खुलाई माग्ने अनुमति दिइएको देखिन्छ तर उसले मध्यममार्ग जान्नुपर्दछ। यी कुराहरूको सन्दर्भमा,भगवान बुद्धले भिक्खुहरूलाई सामान्य अवस्थामा माग्न अनुमति दिनुभएको छैन,तर तब मात्र माग्न मिल्छ

Dhamma.Digital

(भर्खरै उद्धृत गरिएको अवस्थामा) र त्यसपछि माथि उल्लेखित गृहस्थीहरूसँग माग्नु अनुपयुक्त छैन। धम्ममित्रहरू,अर्थात् भिक्खु र सामणेरहरू,माता-पिता जस्ता गृहस्थीहरू,र पवारणा दिनेहरू,यी माग्नमिल्ने व्यक्तिहरू हुन्। त्यसो गर्नु विञ्ञत्ति हुनेछैन।

२) लाभद्वारा अरू लाभ खोज्नु,अर्थात्,थोरै दिएर त्यसको बदलामा धेरै लाभको आशा गर्नु।

३) पैसा प्रयोग गरेर ब्याज प्राप्त गर्न खोज्नु। उदाहरणको लागी विभिन्न प्रकारका व्यापारमा लगाउनु।

४) औषधी उपचार गरेर जीविकोपार्जन गर्न खोज्नु। यो विषय ज्ञानको माध्यमबाट जीविकोपार्जन गर्ने उदाहरण हो,वा जसमा पैसाको कुनै लगानी छैन,तर अट्ठकथाआचार्यहरूद्वारा यसलाई यसरी हेरिएको छैन। यसलाई धेरै संकीर्ण अर्थमा बुझिएको छ र धेरै दोष लगाइएको छ। तथापि औषधी उपचार,यसमा रुचि राख्ने व्यक्तिद्वारा यसको मध्यमस्तरको व्यवहारमा विचार गर्नु पर्छ। त्यसैले म यहाँ व्याख्या गर्नेछु।

औषधी उपचार विरुद्धको निषेध तेस्रो पाराजिकको विनीतवत्थुमा यस प्रकार छः पहिले एक बाँझी महिलाले परिवारमा आउने अर्थात्,उसको परिवारद्वारा सहयोग गरिएका भिक्खुलाई भनी,'कृपया मलाई मद्दत गर्नुहोस् र मलाई औषधी दिनुहोस्, जसले गर्दा म बच्चा जन्माउन सक्नेछु।' वा फेरि,अर्की महिला जसले प्रायः बच्चाहरू गर्भधारण गर्दछे र भिक्खुलाई गर्भधारण रोक्न औषधी बनाउन आग्रह गरि। यी दुई

अवस्थामा भिक्खुहरूले आग्रह स्वीकार गरे तथा आ-आफ्नो विचार अनुसार औषधी गरे र त्यो औषधी खाँदा ती महिलाको मृत्यु भयो। यसो गर्ने भिक्ख़ुहरू पाराजिक होइनन्,दुक्कट भए भनी भगवान बुद्धले निसाफ गर्नुभयो। यी विवरणहरू अनुसार,भिक्खुहरूले बच्चा जन्माउने वा नजन्माउने महिलाको भार आफैंमा लियो,र यो धेरै टाढा गएको भयो, र असलको सीमाभन्दा बाहिर गएको भयो। जहाँसम्म रोगको उपचारको सवाल छ,सिपालु नभएका तर अरूलाई निको पार्ने काममा लापरवाही भएका भिक्खुहरूले बिरामीको लागी औषधी बनाउन सक्छन् जुन उपयुक्त वा अनुपयुक्त जे पनि हुनसक्छ-जुन कि बिरामीहरूका लागी ठूलो खतरा हो।यो पछिल्लो अवस्थालाई रोक्नको लागी,डाक्टरी काम बिकास भएका देशहरूमा,डाक्टरको प्रमाणपत्र नभएको व्यक्तिलाई बिरामीहरूलाई उपचार गर्ने डाक्टरको रूपमा काम गर्न निषेध गरिएको छ। विनीतवत्थुको अनुसार भिक्खुको लागी दुक्कटमा पर्नु उपयुक्त हुन्छ,जुनसुकै कारणले गर्दा पनि।

पछि तेह्रौं सिक्खापद संघादिसेसको विभंगमा पापसमाचार शब्दको थप व्याख्या गरिएको छ। औषधी उपचारको कार्य पनि पापसमाचार अन्तर्गत वर्गीकृत गरिएको छ।

अट्ठकथा-आचार्यले तेस्रो पाराजिकसिक्खापदको विनीतवत्थुमा औषधी बनाउने विषय वर्णन गरेका छन्। सहधम्मिक-धर्ममित्रहरू,आमाबाबु,आमाबाबुको हेरचाह गर्ने

व्यक्तिहरू,आफ्नै वेय्यावच्चकर (भण्डारे),पण्डुपलास (प्रब्रज्याका लागी आवेदकहरू),र परिवारका दुवै पक्षका आफन्तहरू बाहेक भिक्खुहरूलाई सामान्यतया गृहस्थीहरूका लागीऔषधी बनाउन निषेध गरिएको छ। तर यसले विवाह मार्फतका आफन्तहरू समावेश गर्दैन।भिक्खुहरूलाई यी व्यक्तिहरूको लागीऔषधी बनाउने अनुमति छ।भिक्खुहरूले आफ्ना उपज्झाय र आचार्यका आमाबुवा र उनीहरूका विवाहद्वारा बनेका आफन्तहरूलाई पनि औषधी बनाउन अनुमति दिइएको छ,र भिक्खुहरूले यी मानिसहरूका लागी आफ्ना उपज्झाय र आचार्य र आफ्नै आफन्तहरूको लागीऔषधी बनाउन सक्छन्।भिक्खुले विहारमा प्रवेश गर्ने यात्रीको लागी औषधी बनाउन मिल्छ जो पहिलेदेखि नै बिरामी रहेको हो वा विहारमा बिरामी भएको हो,तर उसले कुनै प्रतिफल (लाभ) को आशा गर्नहुँदैन।

स्वीकृति नभएका व्यक्तिहरूमा औषधी उपचारको अभ्यासबाट भिक्खुले प्राप्त गर्न सक्ने प्रतिफलहरू विनयनिष्ठ भिक्खुहरूका लागी घृणित हुन्छ,जस्तो कि धेरै अट्ठकथाहरूमा व्याख्या गरिएको छ। यद्यपि यसलाई तिरस्कार गरी हेरिएको छ र धेरै दोष लगाइएको छ,तर अझै पनि यसलाई अभ्यास गर्ने भिक्खुहरू छन्। उनीहरूलाई जीविकोपार्जन गर्न कठिनाइ भएको कारणले यसलाई अपनाउनु सही हुन सक्दैन। यसबाहेक,उनीहरूले दानहरू प्राप्त गर्न सक्छन् जुन मानिसहरूले उनीहरूलाई उनीहरूको सहयोगको कारणले राम्रो श्रद्धाका साथ दिन्छन्,र त्यसपछि भिक्खुहरूले ती दानहरू सासनलाई बलियो

बनाउन मद्दत गर्न ल्याउँछन्। यस्तो भिक्खुले निको पारिएका मानिसहरूलाई सासनमा श्रद्धा गर्न मनाउन पनि सक्छ र यसैले उसले सासनलाई कायम राख्ने भन्ने नाम प्राप्त गर्दछ।यो पनि वर्तमान समयमा सासन सिकाउने सही तरिका हो। म बुझ्छु कि डाक्टरको काम व्यापक रूपमा नफैलिएको ठाउँमा प्रत्येक समुदायमा डाक्टर हुनु आवश्यक छ।भिक्खु समुदायमा पनि यस्तै हो। जब एकजना भिक्खुले डाक्टरको रूपमा अभ्यास गर्ने तरिका जान्दछ,गृहस्थीहरूले उसलाई मद्दत गर्न आग्रह गर्छन् र त्यसपछि भिक्खुले आफ्नो हृदयको मैत्रीभाव (माया) मार्न सक्दैन। उसले मैत्रीभावले उनीहरूलाई मद्दत गर्न स्वीकार गर्दछ। यो भिक्खुमा राम्रो श्रद्धा राख्ने (उत्पन्न गर्ने) कारण हो जसले गर्दा उनीहरूले कृतज्ञताको अभिव्यक्तिको रूपमा उसलाई आवश्यक वस्तुहरू र अन्य चीजहरू दिन्छन्।

म विनय-विज्ञहरूद्वारा निर्णयको लागी एउटा प्रश्न प्रस्तुत गर्न चाहन्छु: भिक्खुलाई बुबोनिक प्लेग (bubonic plaque) निको पार्ने औषधी थाहा छ र जसले छिटो परिणाम दिन्छ। अहिले एकजना गाउँले यस प्लेगबाट बिरामी छ र उसका साथीहरू त्यो औषधी बनाउन भिक्खुलाई अनुरोध गर्न आउँछन्,तर बिरामी र अनुरोध गर्नेहरू दुवै भिक्खुहरूद्वारा औषधी दिन नपाइने मानिसहरूमध्येका हुन्। त्यो भिक्खुले के गर्न सक्छ?के उसले विनय भित्र दृढतापूर्वक बसेर आफ्नो हृदयको मैत्रीभाव (माया) मारेर सोच्छ, 'ऊ मरोस् कि बाँचोस्,त्यो उसको मामिला हो! वा बिरामी मानिसको जीवन

बचाउनको लागी उसले दयाले औषधी बनाउनेछ?कुन राम्रो छ?मैले यो बुझिनँ,किनकि विनयमा कठोर हृदय भएको व्यक्तिको प्रशंसा गरिन्छ।

फेरि,यो भिक्खु हो जसले त्यो गृहस्थीबाट आफ्नो पिण्डपात भोजन आदि सहयोग प्राप्त गर्दछ। जब भिक्खुले बदलामा सहयोग गर्ने समय आउँछ,के ऊ कठोर हृदयको बन्नु ठिक छ?म बुझ्छु कि विनयले भिक्खुहरूलाई यसो गर्न सल्लाह दिन्छ।

भिक्खुले दयाभावले औषधी बनाउँछ र उसले औषधीको लागत,उपचारको लागत वा कुनै पुरस्कारको लागतको लागी क्षतिपूर्ति पाउँदैन।भिक्खुहरूले प्राप्त गर्ने चीजहरू दाताहरूको असल श्रद्धाबाट दिइएका दान हुन्।भिक्खुले प्राप्त गर्ने यी दानका प्रत्ययहरू गलत जीविकोपार्जन हो भन्ने सोचाइ छ भने,म एउटा प्रश्न राख्न चाहन्छु: धम्मदेसना गर्ने भिक्खुलाई देसना गर्न जान निमन्त्रणा प्राप्त हुन्छ।उसलाई सुरुदेखि नै थाहा छ कि उसले लाभ पाउनेछ,र उसले उपदेश दिएपछि आवश्यक चीजहरू पाउनु सही हो। त्यसोभए यो गलत जीविकोपार्जन हो, कि होइन?यसको जवाफ हुन सक्छ कि यो गलत जीविकोपार्जन होइन, किनभने उसको दानको कुनै निश्चित सीमा छैन,यो दातामा भर पर्छ कि कति दिने हो,र आम मानिसले भिक्खुलाई दिएका चीजहरू दिइएको सेवाको मूल्य हो भनेर सोच्दैन। कहिले दाताहरूले धेरै दिन्छन्,कहिले थोरै। यो गलत जीविकोपार्जन होइन, किनभने भिक्खुहरूले

उनीहरूलाई जुन धम्मको उपदेश दिन्छ,त्यो नै उनीहरूलाई राम्रो अभ्यास गर्न र राम्रो फल प्राप्त गर्न प्रेरित गर्ने धम्म हो। डाक्टर भएको भिक्खुको जवाफ पनि त्यहि हुनेछ र यसले औषधी वा उपचारको लागी कुनै क्षतिपूर्ति वा कुनै पुरस्कार नपाइने भएकोले यो जीविकाको माध्यम हुनेछैन। धम्मदेसनाको उपरान्त प्राप्त भएका चीजहरू श्रद्धापूर्वक दिइन्छ जुन तिनीहरू साँच्चै बदलामा दिइएका आवश्यक परिष्कारहरू हुन् भन्ने देखिन्छ,तर भिक्खुले आफ्नो चिकित्सा अभ्यासबाट प्राप्त गर्न सक्ने चीजहरू गृहस्थीहरूले समय आउँदा (निको हुनुआदि भएपछि) मात्रदिन्छन्। जसरी धम्मले साधकलाई सुख दिन्छ,त्यसरी नै रोगीलाई निको पार्नु भनेको पीडाबाट मुक्ति दिनु हो,संकट पार गर्न मद्दत गर्नु हो,दुःखलाई जित्नु र जीवनलाई सहयोग गर्नु हो,शारीरिक सुख दिनु हो। त्यसकारण,यो जीविकोपार्जनको गलत तरिका होइन।

औषधी उपचार निषेध गर्नु सासनको शिक्षामा बाधा,ठूलो बाधा हो। विनयलाई कडाईका साथ अभ्यास गर्ने भिक्खुहरूमध्ये,अझ थपअरूलाई उपचार गर्न जान्नेहरू भेट्टाउन गाह्रो छ।

यो व्याख्या निष्कर्ष निकाल्नलाई पर्याप्त छ। धेरै आचरियहरूको समझ अति कडा छ र त्यसलाई निम्नानुसार हलुका गर्नु पर्छ:

क) तेश्रो पाराजिकसिक्खापदको विनीतवत्थुको अनुसार प्रतिबन्धित औषधी उपचार माथि उल्लेख

Dhamma.Digital

गरिए अनुसार सही र उचित तरिकाभन्दा बाहिर गएर अभ्यास गरेकोले उसलाई दुक्कटको आपत्ति हुनुपर्छ।औषधी बनाउने भिक्खुलेडाक्टरीको बारेमा थोरै थाहा छ तर पनि मानिसहरूलाई निको पार्ने स्वीकार गर्दछ,औषधी दिने जुन कहिलेकाहीँ उपयुक्त हुन्छ र कहिलेकाहीं हुँदैन,यो पनि दुक्कटमा पर्नेछ।

ख) तेह्रौं संघादिसेस सिक्खापदको विभङ्गमा औषधी उपचार एक प्रकारको पापसमाचारको रूपमा निषेध गरिएको छ। यसको अर्थ यो हो किभिक्खुले गृहस्थी परिवारको लागी आफूलाई कमतर बनाउँछ ताकि उनीहरूले उसलाई परिवारमा कुनै रोग निको पार्नको लागी कामहरू (अनुरोधद्वारा होइन बरू आदेशद्वारा) चलाउन सेवकको रूपमा प्रयोग गर्छ।

ग) औषधी र उपचार दुवैको लागी क्षतिपूर्ति प्राप्त गर्नेगरि फाइदाकोलागीगरिने निषिद्ध औषधी उपचारलाई अनेसना भनिन्छ भनी सबै अट्ठकथाहरूमा वर्णन गरिएका छन्।

५) परित्त (परित्राण) अर्थात् पवित्र जल र पवित्र धागो बनाउने समारोहमा भिक्खुले व्यक्तिलाई फूकफाक मन्त्र गर्नु पनि निषेध गरिएको छ। केवल परित्त पाठ गर्नको लागीअनुमति छ,तर यो पनि पछि उत्पन्न भएको हो र पालिमा पाइंदैन। यो

Dhamma.Digital

गर्नु पर्ने हो वा नगर्नु पर्ने हो औषधी उपचार अन्तर्गत पहिले उल्लेख गरिएको मामिलाबाट थाहा पाउन सकिन्छ।

भिक्खुले अनेसनाबाट प्राप्त गर्ने दानहरू र पापसमाचारद्वारा प्राप्त हुने दानहरूलाई आपत्तिजनक र कुरूप वस्तु भनिन्छ। तिनीहरू शुद्ध छैनन्। जब भिक्खुले त्यस्ता दानबाट आफ्नो जीविका गर्न खोज्छ, ऊ *मिच्छा-आजीव* हुन्छ,जुनलाई 'गलत तरिकाले जीविकोपार्जन गर्नु' भनेर अनुवाद गरिएको छ। यसरी आफ्नो जीविकोपार्जन गर्न खोज्ने भिक्खुलाई *अलज्जी*,जोसँग लाज छैन (लाज नमान्ने) भनिन्छ।*लज्जी*भिक्खुहरू,लज्जा भएकाहरूका लागी ऊ घृणित हो। पछिल्लाहरूले उसँग भौतिक वस्तुहरूमा पनि तथा धम्ममा पनि संगत गर्दैनन्,अर्थात्,उनीहरूले निर्लज्ज भिक्खुले दिएका वस्तुहरू स्वीकार गर्दैनन् वा खाँदैनन्,न त उसँग संघ-कर्ममा प्रवेश गर्छन्। उनीहरूको यस्तो घृणा यसको लागी उचित छ।निस्सग्गिय (आपत्ति) को सम्बन्धमा,यो मानिन्छ कि निर्लज्ज भिक्खुले अरूलाई 'संक्रमित' गर्न सक्छ,जस्तै जब लाज भएको भिक्खुले आफ्नो चीवर एउटै लहरमा झुण्ड्याउँछ जुन निर्लज्ज भिक्खुको होइन,तर कुनै पछिल्लो (निर्लज्ज) ले पहिले आफ्नो चीवर त्यहाँ झुण्ड्याएको छ वा लाज भएको भिक्खु लाज नभएको भिक्खु पहिले बसेको आसनमा बस्छ,त्यसैले यो निर्लज्ज भिक्खुद्वारा दूषित मानिन्छ।यसले लाज भएको भिक्खुको चीवरलाई संक्रमित गर्न सक्छ। यदि लहर (डोरी आदि) वा आसन निर्लज्ज भिक्खुको भएमा लहरमा सामान

झुन्ड्याउनु वा आसनमा बस्नु सँगै प्रयोग गर्नु मात्रै मानिनेछ। तर,निर्लज्ज भिक्खुको नभएको कुरालाई दूषित मान्नु, लाज लाग्नु भिक्खुकोलागी अति नै चरम कुरा हो।भिक्खुले (यस्तो चरमपन्थमा संलग्न हुनुले आफ्नो लागी समस्या बनाउँछ। निर्लज्ज भिक्खुसँगको संगत गर्न निषेध गरिएको छ,अर्थात् उसँग नजिकको मित्रताभाव राखेर खाने र सुत्ने गर्न हुन्न। निर्लज्ज भिक्खुद्वारा अर्कोलाई गलत बाटोमा डोर्याउनबाट रोक्नको लागी यस्तो गरिएको हो। लज्जा भएका भिक्खुले आफ्नो हृदयको मैत्रीभावबाट अलज्जीलाई सही आचरणमा उत्प्रेरित गर्ने उद्देश्यले निर्लज्ज भिक्खुसँग संगत गर्दछ भने,यो अनुमति छ।

जो भिक्खुहरू परम्पराको उल्लंघन नगरीकन जीवन यापन गर्न खोज्छन्उनीहरूले दान सही तरिकामा प्राप्त गर्छन् र वस्तुहरूलाई कसरी सही रूपमा प्रयोग गर्ने भनेर जान्नुपर्छ र त्यस्ता कुनै पनि काम गर्दैन जसले दाताहरूको श्रद्धालाई घटाउँछ। यदि कुनै भिक्खुले सासनको समर्थनको लागी आफूलाई दिइएका चीजहरू स्वीकार गर्दछ,तर उसले ती चीजहरू प्रयोग गर्दैन र मद्दत गर्नको लागी गृहस्थीलाई दिन्छ भने,यसले दाताहरूको आस्थामा गिरावट ल्याउन सक्छ।भिक्खुहरूले नखाने खानालाई अदामत्थपिण्डपात भनिन्छ र आमाबाबु बाहेक अन्य गृहस्थीहरूलाई दिन निषेध गरिएको छ।आफ्ना आमाबुवाको हेरचाह गर्ने जिम्मेवारी भिक्खुहरूको हो,त्यसैले भिक्खुलाई आफ्नो आमा र बुबालाई दिने अनुमति

दिइएको छ। समण (भिक्खु) को चीवर पनि अभिभावकलाई दिन सकिन्छ। यस मामिलामा भिक्खुहरूलाई कंजूस हुने र आफूले पाएका सबै कुरा राखीराख्ने सल्लाह दिइन्छ भन्ने कुरा बुझ्नु हुँदैन। यो गलत बुझाइ हो। विहारमा काम गर्ने वा भिक्खुको काममा सहयोग गर्नेहरूलाई दिनुका साथै धम्ममित्रहरूका बीचमा चीजहरू बाँड्नु उपयुक्त हुन्छ। त्यस्ता मानिसहरूलाई खानाको मूल्य र उनीहरूको श्रमको मूल्यको रूपमा दिनुपर्छ, वा उनीहरूलाई भिक्खुले प्राप्त गरेका चीजहरू दिनुपर्छ ताकि उनीहरूले प्रयोग गर्न पाउन् र खेर जान नपाउन्,यो उचित हुनेछ। राम्रो श्रद्धा (आस्था) कायम राख्नको लागी उनीहरूबाट दिइएका चीजहरूको सन्दर्भमा राम्रोसँग अभ्यास गर्ने तरिका यो हो। यो राम्रोसँग बुझ्नुपर्ने कुरा हो।

*****

## अध्याय १९

## चारवटा कालिक प्रत्ययहरू

निल्न सकिने वस्तुहरूलाई *कालिक* भनिन्छ, किनभने तिनीहरूको एक समय-सीमा छ जुन भित्र तिनीहरू अस्थायी रूपमा उपभोग गर्न मिल्छ। तिनीहरूलाई चार प्रकारमा वर्गीकृत गर्न सकिन्छ:

१. बिहानदेखि मध्याण्हसम्म निश्चित समय भित्र उपभोग गर्न सकिने वस्तुहरूलाई *यावकालिक* भनिन्छ।

२. एक दिन र एक रातसम्म निश्चित समय भित्र उपभोग गर्न सकिने वस्तुहरूलाई *यामकालिक* भनिन्छ।

३. सात दिनसम्म निश्चित समयभित्र उपभोग गर्न सकिने वस्तुहरूलाई *सत्ताहकालिक* भनिन्छ।

४. समय सीमा बिना उपभोग गर्न सकिने वस्तुहरूलाई *यावजीविक* भनिन्छ।

'कालिक' नामले माथिका एक देखि तीनसम्मका प्रकारहरूलाई मात्र जनाउँदछ। विषयवस्तुलाई पूर्णतया समेट्नु पर्ने हुनालेकालिक भित्र व्यवस्थित नभएका वस्तुहरूलाई (पनि समावेस गरिएको हो) जुनलाई यावजीविक भनिन्छ,जसलाई 'जीवनभर प्रयोग गर्न मिल्ने वस्तुहरू' भनेर अनुवाद गरिएको

छ, (अर्थात्,उपभोग गरिने वस्तु समाप्त नभएसम्म वा यसको उपभोक्ता रहुन्जेलसम्म),त्यसैले यी जम्मा चार प्रकारका छन्।

**यावकालिक (मध्याण्हसम्म सीमित)**

खानाको रूपमा उपभोग गर्न सकिने वस्तुहरू यावकालिक अन्तर्गत राखिएको छ,उदाहरणको लागी,पाँच प्रकारका *भोजनहरू* (नरम खानाहरू): १) विभिन्न प्रजातिका उमालिएका वापकाइएकाअन्न; २) *कुम्मास*,पीठो,सिमी वा तिलका दानाबाट बनेका मिठाईहरू,र जुन एक रात पछि मात्र बिग्रिन्छ; ३) *सत्तु* र सुक्खा मिठाईहरू जुन चाँडै बिग्रिंदैनन्; ४) माछा; र ५) मासु। ताजा दूध र दही भोजनमा समावेश गरिएको छ। अन्य ठाउँमा यी पाँच प्रकारका भोजनहरू बाहेक *खादनीय* भनिने खानेकुराहरू जसलाई टोकेर चपाई खानुपर्ने फलफूल र तरुलजस्ता कंदमूललाई यावकालिकमा समावेश गरिएका छन्।

भोजनको आधार बनाउन सकिने बिरुवाहरू दुई प्रकारका हुन्छन्,जुनलाई *पुब्बण्ण* र *अपरण्ण* भनिन्छ। विभिन्न किसिमका अन्न,प्राकृतिकरूपले अन्नदाना फल्ने बोटबिरुवालाई पुब्बण्ण भनिन्छ,जसको अर्थ हो, पहिले खानुपर्ने। यसलाई पालिमा सात प्रकारका रूपमा दिइएको छ: १) *साली* वा गहुँ[18];

---

[18] साली को संस्कृतरूप शाली हो जसको अर्थ बासमती चामल हुन्छ।

Dhamma.Digital

२) *वीहि* वा साधारण चामल; ३) *यवो* वा चाम्रो चामल[19]; ४) *गोधुमो*[20],एक जंगली दाना डार्नेल जस्तो; ५) *कङ्गु* वा कोदो; ६) *वरको* अथवा भिरकौल (job's teas);र ७) जौ*कुद्रूसको* (एक प्रकारको अनाज,कोदो हो कि?)। विभिन्न प्रकारका सिमी र तिललाई अपरण्ण भनिन्छ,जसको अर्थ 'पछि खानु पर्ने वस्तुहरू' हो,तर पालिमा यसलाई यसरी समूहमा विभाजन गरिएको छैन। बिरुवाका यी दुई समूहहरू पकाइएको अन्न र दुई प्रकारका मिठाईहरूका आधार हुन्।

'माछा' मा झिंगेमाछा (prawn),शंखेकीरा (शेलफिश) र गंगटा जस्ता विभिन्न प्रकारका जलज प्राणीहरू समावेश छन्। तिनीहरूफरक प्रकृतिको हुनाले कुनै पनि प्रकारहरू निषेधित छैनन्।

'मासु' अर्थात् द्वेपाया र चौपाया प्राणीहरूको कुनै प्रकारको प्रकृतिले निषेध गरिएको छैन। मानव मासु सख्त रूपमा निषेधित छ र यो थुल्लच्चय आपत्तिको लागी आधार हो।

---

[19]यव को अर्थ जौ (barley)हो।

[20]गोधुमो को संस्कृतरूप गोधूम हो जसको अर्थ गहुँ हो।
यहाँ उल्लिखित अन्नका नामहरूका सम्बन्धमा थाइलैंडमा गहुँको प्रचलन नभएकोले लेखकलाई अलमल भएको हो कि भन्ने लाग्छ। यसका अंग्रेजी अनुवादकको पनि यसमा ध्यान नगएको देखिन्छ।
-नेपाली अनुवादक।

Dhamma.Digital

मासुका प्रकारमा रगत पनि समावेश छ। हात्ती,घोडा,कुकुर,सर्प,सिंह,बाघ,चितुवा,भालु र हाइना (यी नौ प्रकारका मासु दुक्कटका आधार हुन्। भर्खरै उल्लेख गरिएका मासुहरू बाहेक धेरैजसो मानिसहरूले खाने मासुहरू तिनीहरूको प्रकृतिले निषेधित गर्दैनन्,तर यदि तिनीहरू काँचो भएमा र आगोमा पूर्ण रूपमा पकाएको भएन भने तिनीहरू निषेधित हुन्छन्।उचित (कप्पिय) मासु प्रकृति अनुसार खान उपयुक्त भएता पनि र पकाएर खाएको भए तापनि भिक्खु र श्रामणेरहरूलाई भोजनको रूपमा अर्पण गर्न मारिएका जनावरहरूको मासु भयो भने-यस प्रकारको मासुलाई *उद्दिस्समंस*भनिन्छ,जसको अर्थ 'निर्दिष्ट मासु' हो,यो पनि निषेधित छ र यो दुक्कटको आधार हो। मानिसहरूका लागी मासुको रूपमा बेच्नका लागी मारिएका जनावरहरूको मासुलाई *पवत्तमंस* भनिन्छ,जसलाई 'पहिले नै उपलब्ध रहेको मासु' भनेर अनुवाद गरिएको छ।सहधम्मिक (भिक्खु साथीहरू) बाहेक कुनै व्यक्ति वा गृहस्थीहरूको समूहले भोजनको लागी विशेष गरी कसाईद्वारा आफ्नो ब्यवसायिक प्रयोगको लागी मासुको लागी मारिएका जनावरहरूको मासुलाई उद्दिस्समंस भनिंदैन। यदि मानिसहरूले त्यस्तो मासु पकाएर भिक्खुलाई चढाए भने,त्यो स्वीकार गरेर खाएमा उसलाई आपत्ति हुँदैन। उद्दिसमंस हो, तर उद्दिसमंस हो भनेर थाहा नपाएको मासु खाने भिक्खुका लागी यो आपत्तिकोआधार होइन। मासु उद्दिस्समंस नभएको तर त्यस्तो हो भनी भिक्खुले सोचेको वा हो कि भन्ने शङ्का भए

पनि खान्छ भने उसलाई दुक्कट आपत्ति हुन्छ। जुन मासु तीन प्रकारले शुद्ध छ,अर्थात् भिक्खुहरूले नदेखेको,नसुनेको र आफ्नोलागी मारिएको हो भन्ने शंका नलागेको मासुखाएमा आपत्ति हुँदैन। माछा पनि माथिको मासुको मामलामा जस्तै बुझ्नुपर्छ।

भगवान बुद्धको समयमा भिक्खुहरूले माछा-मासु खाने सम्बन्धमा प्रश्न उठेको थियो। मुद्दा उठेको यस्तो थियो: भिक्खुहरूलाई माछा र मासु खान निषेध गर्न भिक्खु देवदत्तले भगवान बुद्धलाई अनुरोध गरे,तर उनले यसको कुनै कारण बताएनन्। उनलाई माछा र मासु खानु (धर्म) विपरीत लागेर यस विषयमा छलफल गर्न आएका थिए,किनकि (उनको विचारमा) यसलेजनावरहरू मार्न प्रेरित गरेको हुन्छ,जसले गर्दा भिक्खुहरूले हत्याराहरूलाई सहायता गरेको देखिन्छ। तथापि भगवान बुद्ध सहमत हुनुभएन र माछा र मासुलाई अनुमति दिनुभयो, माथि उल्लेख गरिए अनुसारका तीनवटा पक्षहरूमा शुद्ध भएको मासु भिक्खुहरूले खान मिल्छ। भगवान बुद्ध भिक्खु देवदत्तसँग असहमत हुनुहुन्थ्यो र यसमा जीवित प्राणीहरूको हत्या (पाणातिपात)लाई समर्थन गर्दैन।सायद भिक्खुहरूका लागी यस्तो दृष्टिकोण राख्नु अतिवाद हुन्छ!यो कुरा स्पष्ट छैन। किनभने उनीहरू भिक्षामा निर्भर छन् जो कि दाताहरूले उनीहरूलाई दान गर्छन्,यदि उनीहरूले भोजन छान्ने गरेमा उनीहरूलाई भोजन पाउन समस्या हुनेछ। (माछा र मासु खाँदा) पाणातिपातलाई समर्थन गर्ने मानिन्छ,अर्थात् खानेहरू

छन् पो त प्राणी मार्नेहरू पनि भए भन्नु तराम्रोसँग अतिवाद मान्न सकिन्छ! त्यसैले,भगवान बुद्धले यसलाई भिक्खुहरूका लागी जे उपयुक्त छ (इच्छुक भिक्खुहरूलाई शाकाहारी हुन अनुमति दिँदै) त्यसमा सीमित गर्नुभयो।भिक्खु देवदत्तले भगवान बुद्धको यो निर्णयलाई भगवान शास्ताबाट अलग्गिनुको कारण बनाए। म बुझ्छु कि हालसम्म पनि भिक्खु देवदत्तको दृष्टिकोण पछ्याइएको छ,जसले गर्दा हामीले उत्तरी समूह (उत्तर निकाय) मा शाकाहारी भोजनमात्र खाने प्रचलन रहेको पाउँछौं।

'टोक्ने र चपाउने' वस्तुहरूमध्ये,केही *बीजगाम* छन्,जस्तै अंकुरण हुनसक्ने बीउसहितको फल र फेरि रोप्न सकिने जरा (पिंडालु,कन्द)। भिक्खुले फल खाने तरिका भनेको उसले त्यसलाई छोडाउँछ, काटेर, टोकेर चपाउनु हो,त्यसैले अनुपसम्पन्नहरूद्वारा *कप्पिय* गर्नको लागी अनुपसम्पन्नलाई अनुमति छ र यसलाई पहिले नै आगोले छुवाएर,त्यसमाथि चक्कुले कोरेर वा औंलाको नङले घोचेर यसलाई कप्पिय गरिन्छ। कलिला बिरुवाहरू र फलफूलहरू जसको बीउ छ जसलाई बाहिर निकाल्न सकिन्छ,त्यस्तालाई यसरी कप्पिय बनाउनु पर्दैन। यदि कुनै भिक्खुले अनुपसम्पन्नलाई कुनै कुरालाई कप्पिय (स्वीकार्य) बनाउन चाहन्छ भने,उसलाई 'कप्पिय बनाउनुहोस्'[21]भनेरआदेस दिइन्छ।

---

[21] केही विहारहरूमा यसबारे पालिमा संवाद छ, भिक्खुले अनुपसम्पन्नलाई भन्छ-*कप्पियं करोहि*-(यसलाई स्वीकार्य

जुन वस्तुहरू शुद्ध भोजन हुन्,वास्तवमा ती यावकालिक हुन् तर अरू वस्तुहरू छन् जुन आफैंमा भोजन होइनन्,यद्यपि तिनीहरू अन्य भोजनका वस्तुहरूसँग मिसिएपछि तिनीहरू पनि भोजन बन्छन्। यसको उदाहरण तरकारी हो। यदि तिनीहरू केवल भोजन बन्नको लागी अन्य चीजहरूसँग मिसिन्छन् भने,तिनीहरू यावकालिक हुन्। यदि तिनीहरूलाई अर्को तरिकामा प्रयोग गर्न सकिन्छ,अन्य चीजहरूसँग मिसाएर (जस्तै तरकारीहरू), तिनीहरू ती अन्य चीजहरूमा समावेश हुन्छन्। मलाई लाग्छ कि तिनीहरूलाई कुन भोजन हो र कुन होइन भनेर विभाजित गर्न गाह्रो भएकोले तिनीहरूलाई मिश्रित चीजहरू अन्तर्गत व्यवस्थित गर्नु उपयुक्त छ।

जब यावकालिक वस्तुहरू आफ्नो समयसीमा भन्दा बाहिर जान्छन् र त्यसलाई भिक्खुले निल्छ,*विकालभोजन*सिक्खापद (पाचित्तिय ३७) अनुसारउसले पाचित्तिय आपत्ति स्वीकार गर्नु पर्छ। अर्पण गरिएको भोजन भिक्खुले ग्रहण गरी एक रात राखेर भोलिपल्ट त्यो भोजन

---

बनाउनुहोस्।) र पछिल्लोले उत्तर दिन्छ *कप्पियं भन्ते*- (यो स्वीकार्य बनाएँ, भन्ते।) माथि उल्लिखित मध्ये कुनै एक तरिकाले यसलाई 'बिगार्नु' हो। त्यसपछि उसले भिक्खुलाई अर्पण गर्छ।

Dhamma.Digital

सेवन गर्छ भने उसले सन्निधिकार सिक्खापद (पाचित्तिय ३८) अनुसार पाचित्तिय आपत्ति स्वीकार गर्नु पर्छ।

यस्तो देखिन्छ कि सुरुमाभगवान बुद्धको उद्देश्य थियो,भिक्खुहरूलाई दैनिक भोजनको लागी भिक्षाटन पठाउनु।पछि उहाँले देख्नुभयो, जस्तो कि पालिले देखाउँछ, कि यसमा कठिनाइहरू थिए,जस्तो कि भिक्खुहरू कठिन (कन्तार, दुर्गम) बाटोमा यात्रा गर्दा। भगवान बुद्धले उनीहरूलाई आवश्यकता अनुसार काँचो अन्न,सिमी,नुन,गुड (सख्खर),तेल र मक्खन जस्ता खाद्यवस्तुहरू खोज्न अनुमति दिनुभयो। यसबाहेक उहाँले अर्को स्वीकृति दिँदै भन्नुभयो,भिक्खुहरूप्रति राम्रो आस्था राख्ने मानिसहरूले *कप्पियकारक*को हातमा पैसा (शाब्दिक अर्थ-चाँदी र सुन) सुम्पन सक्छन् र उसलाई भिक्खुहरूका लागी स्वीकार्य वस्तुहरू किनीदिन आदेश दिन्छ।' त्यो पैसाले कप्पियकारकले किनीदिएको उचित वस्तु भिक्खुहरूले खुसीसाथ स्वीकार गर्न सक्छन्। यसलाई भिक्खुले पैसामा खुसी भएको मानिंदैन। यस विषयलाई *मेण्डकानुञ्ञात* भनिन्छ,यसको (विस्तृत) अनुवाद हो 'सेँठ मेण्डकको नाममा दिइएको छूट, जसले यी वस्तुहरू पहिलो पटक दान गरेका थिए'। तथापि,*पुब्बसिक्खावण्णना*मायसलाई मेण्डकपञ्ञत्ति भनिएको छ।भिक्खुहरूले कप्पियकारकसँग आफ्नो नाममा जम्मा भएको रकमको मूल्यभन्दा बढी पर्ने उपयुक्त वस्तुहरू माग्नु हुँदैन।

Dhamma.Digital

यात्राको लागी खाद्यवस्तुहरू खोज्ने छूट प्रदान गर्दा विहारको लागी पनि अनुमति दिइयो।यो विषय त्यस्ता विभिन्न वस्तुहरू भण्डारणको लागी चारवटा *कप्पियभूमि* (स्थानहरू)को स्वीकृतिमा देख्न सकिन्छ। चार प्रकारका कप्पियभूमिहरू यी हुन्: *उस्सावनन्तिका,गोनिसादिका,गहपतिका,सम्मतिका*।

*उस्सावनन्तिका* अर्थात् भिक्खुहरूले यहाँ कप्पियकुटी बनाउने भनी सहमति गरी 'सबै भिक्खुहरूले थाहा पाउने गरी घोषणा गरिएको उपयुक्त ठाउँ हो। यो एउटा कुटीहो जसलाई कप्पियकुटीको रूपमा निर्धारण गरिएको छ। यी वस्तुहरू भण्डारण गर्ने भवन,अर्थात्,पहिलेदेखि रहिआएको भान्साघरको भवन। यो निर्माण गर्दा भिक्खुहरूले खम्बा उठाउँदावा गारोहरू बनाउँदा तीनपटकसम्म जोडले कराएर सूचना दिन्छ कि *'कप्पियकुटिं करोम'*/हामी स्वीकार्य वस्तुहरूको लागी भण्डार बनाउँछौं'।

*'गोनिसादिका'*(गोठ?) लाई 'गाईहरू प्रवेश गर्ने उपयुक्त ठाउँ' भनी अनुवाद गरिएको छ,र यसलाई बार लगाएको ठाउँको रूपमा व्याख्या गरिएको छ र यसलाई दुई प्रकारमा वर्गीकृत गरिएको छ: बाड नभएको विहार (भवन) लाई *आरामगोनिसादिका* भनिन्छ,र वरिपरि घेरा नभएको कुटीलाई *विहारगोनिसादिका* भनिन्छ। माथिको व्याख्या अनुसार,यो गाई प्रवेश गर्न सक्ने ठाउँ हुन सक्छ। म स्वीकार्छु कि मैले यो अझै बुझेको छैन र यो कस्तो कप्पियभूमि हो भनेर निश्चित निष्कर्षमा पुग्न सक्दिनँ। मैले सोचेको एउटा कुरा के हो भने

यो एउटा सानो भान्साघर हो जुनका खम्बाहरू भूमिमा गाडिएका छैनन् तर भित्ताहरू क्रस-बीमहरूमा झुण्ड्याइएका छन् जसलेगर्दा यसलाई उचालेर अन्य ठाउँमा सार्न सकिन्छ। गोनिसादिका यस्तो भवनलाई भनिएको हो कि?

*गहपतिका* लाई 'गृहस्थीको घर' भनेर अनुवाद गरिएको छ। यो भिक्खुको बास नभई गृहस्थीको घर हो। गृहस्थीले बनाएको कुटी भिक्खुहरूलाई कप्पियकुटीको रूपमा प्रयोग गर्न चढाएको भनी व्याख्या गरिएको छ। यो पनि यस खण्डमा समावेश छ।

*सम्मतिका*लाई 'संघद्वारा निर्धारित उपयुक्त स्थान' भनेर अनुवाद गरिएको छ। यो कुटी हो जसलाई संघले चयन गर्दछर ञत्तिदुतियकम्मद्वारा यो घोषणा गर्दछ।पालिमा,भिक्खुहरूलाई आफ्नो विहारको सिमानाको अन्तमा रहेको कुटी छनोट गर्न सल्लाह दिइन्छ किनभने यो एक छुट्टै स्थान हुनुपर्छ। यसको लागीभिक्खुहरू बस्ने कुटीको प्रयोग गर्न सकिन्छ तर कप्पियकुटीको रूपमा प्रयोग भइसकेपछि त्यसलाई भिक्खु बासस्थानका रूपमा प्रयोग गर्नु उपयुक्त होइन भन्ने कुरा भन्न चाहन्छु।भिक्खुले त्यो कप्पियकुटीलाई भिक्खुको बासस्थानमा परिवर्तन गर्नुपरेमा पहिले कप्पियकुटीलाई खारेज गर्नु पर्छ। अरू प्रकारका कप्पियकुटीहरूका बारेमा पनि कुरा यस्तै हो।

जुन यावकालिक वस्तुहरू *अन्तोवुत्थ* हुने गरी भिक्खुको बासस्थानमा राखिएको छ,त्यसलाई संघको स्वामित्व

Dhamma.Digital

भएकोलाई पनि 'भित्र राखिएको' आपत्ति भनेर अनुवाद गरिएको छ। यदि कुटीमा पकाइन्छ भने तिनीहरूलाई *अन्तोपक्क* भनिन्छ,जसलाई 'भित्र पकाएको' भनेर अनुवाद गरिन्छ। रजब भिक्खु आफैले पकाउँछ तब तिनीहरू *सामपक्क*हुन्छ,जसलाई 'आफैले पकाएको' भनेर अनुवाद गरिएको छ। यी तीनवटै तरिकाहरू दुक्कटका आधारहरू हुन् र यिनीहरू सेवन गर्न निषेध गरिएको छ।

कप्पियकुटीमा राखिएका यावकालिकहरू *अन्तोवुट्ठ* होइनन्,र त्यहाँ पकाउँदा ती *अन्तोपक्क* हुँदैनन्,तर त्यहाँ कप्पियकुटीमा भिक्खु आफैंले खाना पकाएको खण्डमा *सामपक्क* हुन्छन्- यो निषेध गरिएको छ। तर अरूले पकाएको खानालाई तताउने अनुमति दिइएको छ।

यी कप्पियभूमि,वा स्वीकार्य ठाउँहरूलाई भगवान बुद्धले खाद्यभण्डारण गर्न र खाना पकाउनको लागी उपयुक्त ठाउँको रूपमा अनुमति दिनुभएको थियो, जसरी घरपरिवारको भान्छा हुन्छ।तर केही भिक्खुहरूले यस विषयमा भगवानको उद्देश्य बुझ्दैनन्। जब उनीहरूले कुटी बनाउँछन्,उनीहरूले यसलाई कप्पियभूमि निर्धारण गर्छन्,लगभग हरेक बासस्थानको लागी यस्तो गर्छन्। यस्तो बासस्थानमा बस्ने भिक्खुले त्यहीँ खाना पकाएर राख्छन्। जसका कारण बासस्थान दुर्गन्धितहुन्छन् भने धुवाँले त्यहाँका सबै कुरालाई छोप्छ। त्यहाँ जाने मानिसहरूको लागी यो आपत्तिजनक छ।

Dhamma.Digital

**यामकालिक (एक दिनमा सीमित)**

*पान* (रस) फलफूलबाट निचारिएको पेय हो,जसलाई यामकालिक भनिन्छ।पालिमा आठ प्रकारका पानहरू वर्णन गरिएका छन्: *अम्बपानं*-आँपको रस,*जम्बुपानं*-जामुनको रस,*चोचपानं*-बीउ भएको केराको रस,*मोचपानं*-बीउ नभएको केराको रस,*मधुकपानं*-बसिया लतिफोल? फलको रस। (शाब्दिकअर्थ-महको रुख),*मुद्दिकपानं*-अंगूरको रस,*सालुकपानं*-कमल-जराको-रस,*फारुसकपानं*-marian-plumको रस वा लिचीको रस।

यी रस बनाउने तरिकामा पाकेको फललाई बोक्रा ताछेर वा छोडाएर फलमासु निकालेर कपडामा पोको पारेर रस निस्कने गरी जोरसित निचार्ने हो। बाकी कसर कपडामा रहिरहन्छ। त्यसपछि रुचि अनुसार चिनी वा नुन जस्ता अन्य चीजहरू मिसाएर पर्याप्त मात्रामा पानी हाल्नु पर्छ। अन्य प्रकारका फलफूलको रसमा मधुकपानमा बाहेक पानी थप्नु पर्दैन,जसलाई शाब्दिक रूपमा 'हनी रुखको रस' भनेर अनुवाद गरिएको छ जुन शुद्ध (गाढा) हुँदा (सेवनको लागी) उपयुक्त हुँदैन,तर पानी मिसाउँदा उपयुक्त हुन्छ। यदि यो शुद्ध 'हनी रुखको फल' भएमासायद यसमा लस्साले भरिएको हुन्छ र निचार्न गाह्रो छ। पान (रस) बनाउनको लागी फल ताजा हुनुपर्छर यसलाई आगोमा पकाउन निषेध गरिएको छ। यदि यो (ताजा फलको रस) अनुपसम्पन्नद्वारा बनाईएको हो भने यो विकाल (मध्याणहपछि) मा पिउनको लागी अनुमति छ। यदि यो

Dhamma.Digital

भिक्खु आफैले बनाएको हो भने,यो यावकालिक जस्तै हुनेछ किनभने भिक्खुले सिंगो फल पाएको हुन्छ। चिनी र नुन जस्ता अन्य चीजहरू भिक्खुले प्राप्त गरी रात कटेमा प्रयोग गर्न निषेध गरिएको छ (कालिक वस्तु मिसाउनु सम्बन्धी तलको खण्ड हेर्नुहोस्)। जब हामी वास्तविक अर्थ विचार गर्छौं, यो पान (रस) भनेको त्यो रस हो जुन अनुपसम्पन्नले आफैंले भिक्खुहरूलाई अर्पण गर्नको लागीउसका चीजहरूबाट बनाइएको हुन्छ।

आगोमा पकाएको पान किन प्रयोग गर्न निषेध गरिएको हो? मैले एकजनालाई यो कुरा परीक्षण गर्न फल उमालेर हेर्न लगाएँ। आगोमा पकाइएको पान (रस) मा,पौष्टिक तत्व (भिटामिन आदि) कम हुन्छ,जसरी ताड (सुगरपाम, खजूर)को ताजा रस आगोमा तताउँदा हुन्छ। तर पाकेको आँपको रस पनि पीठोको लेदो जस्तो धेरै गाढा हुन्छ। यदि यसलाई तताउन निषेध गरिएको छ भने,यसलाई आगोमा उमालेको ताजा ताड (खजूर) जस्तै मान्न सकिन्छ,यसलाई (एक प्रकारको) सखर (फाणित) मान्न सकिन्छ, जुन कि पालिमा स्वीकृत छैन। आँपको रस वा पाकेको फलबाट बनेको अन्य रस धेरै गाढा हुने उल्लेख भएकोले यो तरल खानाको रूपमा नै सेवन गर्ने डर हुनजान्छ। जहाँसम्म पहिलेको मामलाको सम्बन्ध छ,सन्दर्भको लागी महान मानकहरू (महापदेस) मापन हो,किनभने त्यो अझै फाणित बनीनसकेको वस्तु स्वीकार्यसँग मिल्ने हो-जसलाई सत्ताहकालिकमा उल्लेख गरिनेछ। जहाँसम्म पछिल्लो अवस्थाको

Dhamma.Digital

सम्बन्ध छ,पालिमा उमालेको पानी प्रयोग गर्न निषेध गरिएको छैन।भिक्खुहरूले ताजा पानी वा उमालेको पानी पिउन सक्छन् र तिनको सार (ओज) उनीहरूको शरीरमा त्यसरी नै फिजिनेछ। यो बुझ्नुपर्छ कि केही फलका पानहरू (शाब्दिक अर्थ-आधारहरू) मात्र भगवान बुद्धको अतिरिक्त स्वीकृति हो र यदि तिनलाई पकाएमा (उमालेमा) पनि (पिउन) आपत्तिजनक छैन।

यामकालिक,एक रात बितेपछिपिउन निषेध गरिएको छ र पिउनेलाई दुक्कट हुन्छ। म बुझ्छु कि फलफूलको रसमा गुलियो स्वाद हुन्छ,वा यसमा चिनी मिसिएको हुन्छ,अनि एक रात बितेपछि यो मादक पदार्थ,यो लगभग किण्वित पेयमा परिणत भएको हुन्छ।

**सत्ताहकालिक (सात दिनसम्म सीमित)**

सत्ताहकालिक शीर्षकमा पाँच प्रकारका औषधीहरू राखिएका छन्: घ्यू,मक्खन,तेल,मह र सख्खर। शरद ऋतुमा वृद्धि हुने जन्डिस वा दुर्बलता निको पार्ने भएकोले तिनीहरूलाई भेसज्ज वा औषधी भनिन्छ।निस्सग्गिय अध्यायमा पत्तवग्गको तेस्रो सिक्खापदबाट पाँच प्रकारका औषधीहरूको व्याख्या जान्नु पर्छ। घिउ र मक्खन यस्ता चीजहरू हुन् जुन भिक्खुले आफैं बनाउन मिल्दैनन् तर भिक्खुलाई 'तेल' को सन्दर्भमा विशेष रूपमा अनुमति दिइएको छ-जनावरहरूको बोसो ग्रहण गर्न र त्यसपछि यसलाई तलाएर तेल बनाउन सकिन्छ। जे होस्,उसले यसलाई प्राप्त गर्नु पर्छ,यसलाई तलाउनुपर्छ,र बिहान र

मध्याण्हको बीचमा छान्नुपर्छ,त्यसपछि यो प्रयोग गर्न सकिन्छ। यदि यो समयभन्दा बाहिर वा समय खप्ट्याएर गरिएको छ भने,यसलाई उपभोग गर्न निषेध गरिएको छ किनभने यो विकालमा पर्छ र माथिका प्रत्येक कार्यदुक्कटको आधार हुनेछ। तीन कर्म विकालमा गरेको भए दुक्कटका तीनवटा आधार हुन्छन्। बिहान ग्रहण गरी पगालेर दिउँसो छान्ने गरी दुइटा कार्य गर्दा दुइटा कुरामा दुक्कट हुनेछ।भिक्खुले विकालमा मात्रै छान्यो भने पनि दुक्कट हुन्छ। पाँच प्रकारका पशुहरूकोबोसो (बुद्धद्वारा अनुमति दिइएको अनुसार) छन् जसलाई पालिमा नाम दिइएको छ: भालु-बोसो,माछा-बोसो,शार्क-बोसो,सुँगुर-बोसो,र गधा-बोसो। यस छूटबाट यो मान्नु पर्छ कि भगवान बुद्धले जनावरहरूको बोसो प्रयोग गर्न अनुमति दिनुभयो,यसमा मासु सेवन गर्न स्वीकार्य नभएका पशुहरूको पनि बोसो भने स्वीकार्य छन्।यसमा मानव-बोसो भने अपवाद हो।

बिरुवाहरू पेलेर पाइने (बनस्पति घिउ) तेलहरू त्यसका प्रकृतिले नै यावकालिकमा पर्छन्, जस्तै तिल, यदि भिक्खु आफैले (तिल आदि) लाई पेल्छ,तिनीहरू यावकालिक बन्छन् र त्यस दिनको मध्याण्हपछि तिनीहरूलाई पिउन निषेध गरिएको छ। वनस्पतिहरूबाट निकालिएका तेलहरू तिनीहरूको वर्गीकरण अनुसार यावजीविक छन्,जस्तै तोरी,यो पेल्न अनुमति दिइन्छ। जहाँसम्म जनावरको बोसो तलाउने कुरो छम मान्छु कि यो पान (झोल) वा तेल हो जुन भिक्खुहरूले बोसो वा बनस्पतिको रूपमा प्राप्त गर्दछ र जुनको प्रयोगको सही समय पहिले नै

समाप्त हुन्छ। उनीहरूबाट ती वस्तुहरूको प्रयोग समयमा गरिनुपर्छ। तथापि यो कुराधेरै संकीर्ण रूपमा बुझिएको छ किनभने यो बुझिएको छ कि पशुको बोसो मात्र अनुमति छ।यो विषयलाई महापदेस (महान मापदण्ड) अन्तर्गत व्यवहार गरिनु पर्छ जुन तल उल्लेख गरिनेछ।

मह यस्तो चीज हो जसलाई मानिस आफैले बनाउँदैन त्यसैले यहाँ उल्लेख गरिरहनु पर्दैन।

उखुको रस यस्तो चीज हो जुनलाई अनुपसम्पन्नद्वारा तलछट (कसर) छानेर बनाउन सकिन्छ,त्यसपछि यसलाई विकालमा प्रयोग गर्न सकिन्छ।भिक्खुले पूरै उखु ग्रहण गरेर आफैं बनाएको खण्डमा यो यावकालिक जस्तै हुनेछ र त्यसैले विकालमा प्रयोग गर्न निषेध गरिएको छ,तर उखुको ताजा रस ग्रहण गरी आगोमा उमाल्ने अनुमति छ। त्यसैले उखुको ताजा रस यामकालिक हो कि सत्ताहकालिक हो भनी आचार्यहरूका बीचमा प्रश्न छ। तीमध्ये अधिकांशले सत्ताहकालिक भएको निष्कर्षमा पुगेका छन्। उखुको रस सत्ताहकालिकमा समावेश गरिएको छ किनभने यो उमालेपछि कडा वा गाढा तरल बन्छ, जसलाई फाणित (सख्खर) भनिन्छ। यो किण्वित रक्सी बन्न सक्दैन। तथापि उखुको ताजा रसकिण्वित हुन सक्छ र यसैले यसलाई यामकालिकमा समावेश गर्नु पर्छ। यसरी बुझिएन भने भिक्खुले साँच्चै किण्वित रक्सी पिउन सक्छ! रोगी नभएको भिक्खुले

Dhamma.Digital

कडा फाणितलाई घोलेर पानको रूपमा पिउनसक्छ तर बिरामी भिक्खुले यसलाई ठोस रूपमै सेवन गर्न सक्छ।

सत्ताहकालिक जुन कि भिक्खुले आफै बनाएको होइन र यदि उसले बिहान ग्रहण गर्यो भने,त्यस दिनको विकालभन्दा पहिले खानासँग खान सकिन्छ। त्यसदिनको विकालपछि यसलाई खानाका साथमा खान मिल्दैन।भिक्खुहरूले औषधीको रूपमा मात्र निरन्तर यसको उपभोग गर्न मिल्छ। सात दिन बितेपछि उपभोग गरेमा निस्सग्गिय (विसर्जनयोग्य) हुन्छ र भिक्खुले यसलाई पिएमा पाचित्तिय हुन्छ भनीनिस्सग्गिय अध्यायको पत्तवग्गको तेस्रो सिक्खापदमा भनिएको छ।भिक्खुले निस्सग्गिय भएको औषधी खाएमा उसलाई दुक्कट हुन्छ।

**यावजीविक (जीवनभरको लागी)**

तीनथरी कालिक बाहेक औषधीको रूपमा प्रयोग गर्न सकिने वस्तुहरूलाई यावजीविक भनिन्छ।पालिमा व्याख्या गरिएका विभिन्न प्रकारहरू यस्ताछन्:

१) *मूलभेसज्ज* भनिने बिरुवाको जरा,जस्तै *हलिद्दं*-बेसार,*सिंगवेरं*-अदुवा,*वचं*- (sweet flag, एकोरस क्यालामस),*वचत्थं* थाम-एड सेज वा सुगन्धित पातहरू भएको झण्डा,*अतिविसं*-pig-lily (अति कडा गन्ध हुने एक रसिलो बोट),कट्ठुकरोहिणी-galanga वा galingale (अदुवा परिवारको Alpinia र Kaemferiaspp.),उसीरं-हात्ती घाँस (Typha

Dhamma.Digital

elephantina-खुस-खुस,सुगन्धित जराको भारतीय घाँस, गुंद्र धाँस,*भद्दमुत्तकं*-pig's root वा nut घाँस।

२) *कसाव-भेसज्ज* भनिने काढिएको वस्तु, जस्तै नीमको *निम्बकसावो*, नीमबाट काढिएको वस्तु (Azadirachts indica),*कुटजकसावो*(Wrightia tomentosa or W. antidysenterica) को काढ,*पटोलकसावो*-(Gymnopetalum cochinchinense or Trichosanthes integrifolia) को काढ,*पक्कवकसावो* (Tinospora cordifolia or Strychnos spp.,) को काढ,विशेष रूपले (S. nux-vomica),*नत्तमालकसाव* बबूल (A. tomentosa and A. siamensis) को काढ।

३) *पण्णभेसज्ज* भनेको रुखका पातहरू,जस्तै *नीमभेसज्जं*-नीम पातहरू,*कुटजपण्णं* (Writia spp.)का पातहरू,*पटोलपण्णं* (माथिको जस्तो नै),*तुलसिपण्णं*-तुल्सी (holy basil) का पातहरू,*कपासिकपण्णं*-कपासको बिरूवाका पातहरू।

४) *फलभेसज्ज* भनिने फलहरू,जस्तै *विलंगं*(Ardisia littoralis),*पिप्फली*-लामो खुर्सानी,*मरिचं*-मरिच,*हरीतकी*-पहेँलो आँवला (अम्बः),*विभेतकं*-bastard myrobalan, आँवला,आमलकं-इमली (तितिसिपाउँ), गोठफलं (wormwood (Artemisia vulgaris)

५) *जतुभेसज्ज* भनिने रेजिन (टार, झोल),जस्तै *हिङ्गु*-हिंग,हिङ्गु रुखबाट निस्कने एक प्रकारको र्याल (Ferula spp.),*हिङ्गुजतु*-उही हिङ्गुको र्याल तर धेरै बेरसम्म आगोमा उमालेर पात र डण्डीबाट र्याल निकालिन्छ।*हिङ्गुसिपाठिका*-एउटै

र्याल तर आगोमा तताएर पातबाट निकाल्ने वा अन्य चीजसँग मिसाइन्छ। यी तीन *महाहिङ्ग* वा *हिंग* हुन्।*तक्कं-* रुखको टुप्पोबाट निस्केको र्याल,*टक्कबत्ती-* उही र्याल तर त्यसको रुखको पातबाट निस्कन्छ,*तक्कपण्णि-* उही र्याल तर पातहरू तताएर निकालिन्छ,अथवा यो डाँठबाट उत्पन्न हुन्छ। यी अन्तिम तीन प्रकार मलाई थाहा छैन।*सज्जुलसं*gum benjamin हो।

६) *लोणभेसज्ज* भनिने लवणवा नुन,जस्तै *समुद्दिकं-* समुद्री-नुन,*काललोणं*-कालो नुन (सायद यो epsom नुन होकि?),*सिन्धवं*-रक् सल्ट, सिन्धे नुन,अर्थात् नुन जुन अग्लो जमिनमा उत्पन्न हुन्छ र मानिसहरूद्वारा खाना पकाउन जम्मा गरिन्छन्,सेतो रङको हुन्छ,*उभिदं*-नुनयुक्त माटोबाट निकालिने नुन जसलाई निकाल्नको लागी तताइन्छ,*विलं*-यो एक किसिमको नुन हो जुन धेरै चीजहरूबाट उत्पन्न हुन्छ एकसाथ पकाइन्छ र यसको रंग रातो हुन्छ।

अन्य प्रकारका जरा,कासो (काढ),पात,फलफूल,रेजिन र अन्य प्रकारका नुनहरू जुन खाना होइनन्,अर्थात् खानाको रूपमा नभई औषधीको रूपमा मात्र प्रयोग गरिन्छन्,यावजीविक अन्तर्गत पारिएको छ।

पालिमा,यस प्रकारका औषधीहरू अनुमति दिइएका छन् तर कुनै कारण (बिरामी) छ भने उसले लिन सक्छ भनी अन्त्यमा शब्दहरू थपिएका छन्। यदि कुनै भिक्खुले कुनै कारण नभएको (बिरामी नभएको) बेलामा सेवन गर्छ भने,उसलाई दुक्कट हुन्छ। तथापि, यामकालिक र

सत्ताहकालिकको लागीपालिमा त्यस्तो अवस्था छैन। पानको स्वीकृति सम्बन्धी कथा छ कि केणिय जटिलले सोचेका थिए कि विकालमा भोजनबाट विरत रहने धेरै प्रसिद्ध तपस्वीहरूले पनि पान पिउने गरेकाछन्,सम्भवतः बुद्धले पनि यो पिउनुहुन्छ,र यो सोचेर उनले पान बनाए र उहाँलाई अर्पण गरे। भगवान शास्ताले ग्रहण गर्नुभयो,पिउनुभयो,र भिक्खुहरूलाई भन्नुभयो कि उनीहरूले पनि पिउन सक्छन्। यसरी उहाँले भिक्खुहरूलाई पान पिउन अनुमति दिनुभयो।[22] भिक्खुहरूमाझ सायद सबै भिक्खुहरूले यसलाई पिउने कुनै कारण थिएन,यसको मतलब यो मामलामा कुनै शर्त जोडिएको छैन। यद्यपि,सन्निधिकारक सिक्खापदको विभङ्गमा (पालिमा समावेश गरिएको मौलिक अट्ठकथा) पाचित्तिय अध्यायको भोजनवग्गको आठौं,भोजनको रूपमा खान र निल्नका लागी तीनवटा सन्दर्भमा दुक्कटहरू छन्। मानिसहरूले खान मन पराउने चीजहरू (जस्तै मह,आदि) सम्बन्धी नियमहरू कडाईका साथ पालना गर्दैनन्,त्यसोभए यो यावजीविकलाई किन कडाईका साथ पालन गर्नु पर्छ? जुन कि रूचिकर विषय होइन। यदि कुनै कारण छैन भने,कसले यसलाई उपभोग गर्न चाहला? म बुझ्छु यावजीविक समय नाघ्ने गरी राख्न सकिने हुनालेयसलाई सेवन

[22]यसको विस्तृत कुरा हेर्नू: पृ. ८६-९६, बुद्धकालीन परिब्राजकहरू, भाग २, आचार्य डा. भिक्खु अमृतानन्द रचित तथा बीर-पूर्ण पुस्तक सङ्ग्रहालयद्वारा प्रकाशित, बि. सं २०७५

गर्ने भिक्खुहरूलाई कुनै आपत्ति छैन। सायद यसलाई भिक्खुहरूले आपत्ति लाग्ने तरिकाको रूपमा हेरियो त्यसैले भिक्खुहरूले यसको प्रयोगको कारणमा सीमितता राखिएको हो भनी सोचे,तर यस्तो सोच्नु अति कडा भयो। यो भगवान बुद्धको मुखबाट आएको हो, वा होइन? यो विनय विशेषज्ञहरूले विचार गर्नुपर्ने विषय हो।

**कालिकको मिश्रण**

केही प्रकारका कालिकहरू अन्य कालिकहरूसँग मिसिएका छन्।यसको सीमा सबैभन्दा छोटो स्वीकृतिभएको कालिकको अस्थायी प्रयोगको अवधि जति हुन्छ। उदाहरणको लागी,जस्तो कि धूलो पारिएको औषधीहरू यावजीविक हो जसको कुनै समय सीमा छैन तर जब महसँग घोल वा आधारको रूपमा मिसाइन्छ,महको सात दिनको सीमा हुन्छ,त्यो औषधी पनि सात दिनको औषधी बन्छ। अलैंची,लौंग,अजवाइन (तःगोजी, नेवारी)-बीउ र दालचीनी जस्ता मसलाहरू जुन यावजीविक हुन्छन्,चामल र नरिवल-दूधसँग पकाउँदा यावकालिक हुन्छ।

भिक्खुले ग्रहण गरी एक रात राखेको सत्ताहकालिक र यावजीविकलाई यावकालिकमा मिसाउनु हुँदैन। उदाहरणकोलागी,एक रातको लागी पाकेको रोटी (नरिवल-दूध र पीठोबाट बनेको) खानको लागी स्वीकार गरिएको चिनी प्रयोग गर्न निषेध गरिएको छ। दोस्रो सभा (संगायन) सँग सम्बन्धित

चुल्लवग्गको सत्तसतिकक्खन्धकमा,*सन्निधि* (भिक्खुद्वारा रातभर भण्डारण गरिएको) खाना खानुलाई भिक्खुको लागीपाचित्तियको रूपमा पुष्टि गरिएको थियो। पिउने झोलमा मिसाइएको अवस्थामा सेवन गर्न मिल्छ कि मिल्दैन?यो स्पष्ट रूपमा बुझ्न सकिंदैन।मैले फेला पारेको छु कि यावकालिक वस्तु रात कटेपछि सन्निधि हुन्छ र यो सेवन गर्ने भिक्खुलाई दुक्कट हुन्छ,पाचित्तिय नै होइन,तर यहाँ आपत्ति लगाउने कारण के हो,मैले बुझिनँ। यदि यसलाई यसै ढंगले लिने हो भने यो दुक्कट हुन सक्छ।

*****

# अध्याय २०
# थरिथरि स्वामित्वका वस्तुहरू

**संघका वस्तुहरू**

कुनै एक भिक्खुको नभई सबै भिक्खुहरूको लागी दान गरिएका वस्तुहरू वा भिक्खुहरूले प्राप्त गरेका वा भिक्खुहरूको हेरचाहमा रहेका भिक्खुहरूको सामूहिक (साझा) वस्तुलाई संघको वस्तु भनिन्छ। यी संघका वस्तुहरू दुई प्रकारका हुन्छन्: *लहुभण्ड*-हल्का वस्तुहरू,र *गरुभण्ड*-भारी वस्तुहरू। पिण्डपात (भिक्षा),औषधी र व्यक्तिगत रूपमा प्रयोग गर्न सकिने आवश्यक वस्तुहरू,अर्थात् पात्र,चीवर,कायबन्धन,सियो,सानो चक्कु र उस्तरालहुभण्ड अन्तर्गत वर्गीकृत गरिन्छ। यी बस्तुहरू भिक्खुहरूलाई बाँडेर दिन सकिन्छ।

यी लहुभण्डहरू भिक्खुहरूलाई बाँड्ने जिम्मेवारीमा एक वा अनेक भिक्खुहरूलाई संघले नियुक्त गर्न भगवान बुद्धको स्वीकृति छ। खानेकुरा बाँड्ने,दाताहरूको निमन्त्रणा लिने र उनीहरूकहाँ भिक्खुहरू पठाउने व्यवस्था गर्ने भिक्खुलाई *भत्तुदेसक* भनिन्छ। चीवर बाँड्ने जिम्मा लिएका भिक्खुलाई *चीवरभाजक* भनिन्छ।औषधी र आवश्यक साना सामाग्री बाँड्ने जिम्मा लिएका भिक्खुलाई *अप्पमत्तक-विसज्जक* भनिन्छ। वितरणको विधी यस प्रकार छ: यदि प्रशस्त मात्रामा भोजन र चीवरहरू छन्,सबैलाई वितरण गर्न पर्याप्त छ भनेवितरकले

त्यस्तै गर्नु पर्छ। थोरै मात्र छ, सबैलाई बाँड्नलाई पुग्दैन भने वर्षावासको क्रम अनुसार वितरण गर्नु पर्छर त्यो वस्तु खतम भएपछि रुक्ने हो,बाँड्नेले (अन्तिम पाएको भिक्खुको नाम) सम्झनुपर्छ ताकि पछि थप पाइने बेलामा उसले त्यहाँदेखि अन्तिमसम्म क्रमबद्धरूपले वितरण गर्न सकोस् र त्यसपछि फेरि उस्तै तरिकाले सुरु गर्नु पर्छ।औषधी कसरी बाँड्ने हो भनिएको छैन,तर सत्ताहकालिक हो भने भोजन जस्तै वितरण गर्नु पर्छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ।औषधी यावजीविक किसिमको हो भने यसलाई राख्न र आवश्यकता अनुसार कुनै पनि बिरामी भिक्खुलाई वितरण गर्न सकिन्छ। साना साना आवश्यक समानहरू छन्,यदि कुनै भिक्खुलाई ती मध्ये कुनै चाहिन्छ भने,संघबाट नियुक्ति भएको वितरकले उनीहरूलाई वितरण गर्न सक्छ।

केही वस्तुहरू छन् जुन प्रयोग गर्न वा सिध्याउन सकिंदैन र लामो समयसम्म राख्नु पर्छ। ती भनेका कुटी र कुटी ठडिएको जग्गा लगायतका बासस्थान वा बस्ने कोठामा रहेका सामानहरू आदि जस्ता हुन सक्छन्। बाँड्न नसकिने चीजहरू भएकाले यी चीजहरू गरुभण्ड अन्तर्गत वर्गीकृत हुन्छन्। तिनीहरूलाई सांघिक सम्पत्तिको रूपमा राख्नुपर्छ। यद्यपि तिनीहरू वितरण गरिएका छन्,तर तिनीहरू वास्तवमा वितरित छैनन्, किनभने तिनीहरू फिर्ता गर्नुपर्ने वस्तुहरू हुन् वा त्यसको सत्ताभर्ना चाहिन्छ। यी वस्तुहरू (स्थाइरूपले) वितरण गर्ने भिक्खुलाई थुल्लच्चय आपत्ति हुन्छ। गरुभण्डलाई पालिमा पाँच

समूहमा व्याख्या गरिएको छ,जम्मा २५ थरी वस्तुहरू निम्नानुसार छन्:

*पहिलो समूह*- जग्गा र विहारमा बनेका कुनै पनि वस्तुलाई नामद्वारा दुई भागमा वर्गीकृत गरिएको छ: *आरामो*- कुनै पनि बस्तु जुन विहारमा बनेको छ,र यस्तै,रुखहरूसम्म पनि: *आरामवत्थु* - त्यो भूमि जसमा विहार स्थापित छ।

*दोश्रो समूह*- जग्गा र विहारको रूपमा निर्माण गरिएको कुनै पनि चीजलाई "नामकाढेर दुई भागमा वर्गीकृत गरिएको छ: *विहारो*-भिक्खुहरू बसोबास गर्ने कुटिहरू,*विहारवत्थु* -जहाँ कुटीहरू बनाइएका छन्।म बुझ्दिनँ कि किन यसलाई पहिलो समूहबाट छुटाइएको हो।

*तेश्रो समूह*-आवासमा रहेका सामानहरू, नामद्वारा चारमा विभाजित गरिएका छन्: मंचो-खाट,पीठं-मेच,भिसी ओछ्यउना (कार्पेट,डसना),र बिम्बोहनं-सिरानी।

*चौथो समूह*- धातु निर्मित वस्तुहरू जसमा भाँडाकुँडा र औजारहरू समावेश छन्,यी नौवटा वर्गमा विभाजित छन्: *लोहकुम्भी*-धातुका भाँडाहरू,*लोहभणकं*- धातुका बाटाहरू (बेसिन) हरू,*लोहवारको*-धातुका गमलाहरू (साना बिरूवाहरू रोप्न प्रयोग गरिने),*लोहकठाकं*-धातुका कडाहीहरू,*वासी*- ठूला चक्कु वा छुरा वा खंजरहरू,*फरसु*-बंचरोहरू,*कटारी*-करौंटी, काठ ताछ्ने बसिला, र चिल्लो पार्ने रन्ना,*कुदालो*-माटो खन्नका लागी उपयोगी कुल्हाडी वा कोदाली,*निखादनं*-बरमाना वा काठ छेड्ने औजारहरू। यहाँ 'धातु' भन्नाले अयस्क (खानी) बाट गलाइएका

खनिजपदार्थहरू हुन्। धातुहरूमा फलाम, तामा,पित्तल,फलाम र टिन समावेश छन्। यो समूहलाई दुई भागमा विभाजन गरिनुपर्छ,एउटा भाँडाकुडाहरूको लागीउपयोग हुने र अर्को औजारहरूको लागी।तर यो कुल मिलाएर पाँचभन्दा बढी हुन्छन्। तसर्थ बुझ्नुपर्छ कि यो समूह भनेको सामान्यतया धातुबाट बनेका चीजहरू हुन्।

*पाँचौं समूह*- सेनासन वा आवास बनाउने सामग्रीहरू र काठ र माटोबाट बनेका वस्तुहरूलाई नामद्वारा आठ प्रकारमा वर्गीकृत गरिएको छ: *वल्ली*-लता, जस्तो कि रतन (बेँत?),*वेलु*-बाँस,*मुञ्जं*-एक प्रकारको घाँस (Hymenachne myuros),*पब्बजं*-अर्को प्रकारको घाँस (Johnson grass or Aleppo grass),*तिणं*-घाँस,*मत्तिका*-माटो,*दारुभण्डं*-काठले बनेका सामानहरू,*मत्तिकाभण्डं*-माटाका भाँडाहरू भनेर अनुवाद गरिएको छ। यी सामग्रीहरू प्रयोग गर्न सकिने चीजहरू हुन्,जस्तै बाँसखम्बा,छत र पर्खालहरू बनाउनकोलागी,रतन वा लता बाँध्नको लागी प्रयोग गरिन्छन्; घाँसका प्रकारहरू छाना छाउन वा भित्ता बनाउनकोलागी प्रयोग गरिन्छन्। तर पहिला दुई प्रकारका घाँसमुञ्ज घाँस र जोन्सन (johnson) घाँस,ती प्रयोगयोग्य छन् भन्ने कुरामा म सहमत छैन। मैले बुझेको छु कि प्रयोगयोग्य घाँसहरू यी हुन्: नर्कट (Arundo donax) वा छ्वाली (Sorghum halepense?), पराल आदि अन्न उब्जाउने बोटहरू हुन्। माटो भित्ता र भुइँलिपपोट गर्नप्रयोग हुन्छ। यी चीजहरू या त अरूले दिन्छन्,वा संघले कुटी बनाउनको

लागीआफै खोज्छन्,वा विहार भित्रको भूमिमा रोप्छन् र कुटीहरू बनाउनको लागी हुर्काउँछन्। ती सबै गरुभण्ड हुन्। तथापि,यसले ती लता र घाँसलाई बुझाउँदैन जुन विहारमा झारको रूपमा बढ्छ र जसलाई संघले संरक्षण गर्दैन। काठका सामानहरू भन्नाले सन्दूकहरू,दराजहरू,वा तख्ताहरूको समूहहरू जस्ता चीजहरू हुन्। माटाका भाँडाहरूका वस्तुहरूमा घडा,अटलहरू र बाताहरू समावेश छन्।(सेरामिक्सका) बटुका र (सीसाका) गिलासका सेटहरू जुन पछि ल्याइएका हुन् माटाका भाँडाहरूबाट बनेका चीजहरूमा समावेश गर्न सकिन्छ। यो समूहलाई दुई भागमा विभाजन गर्नु पर्छ,एउटा निर्माणसामग्रीको लागी र अर्को भाँडाकुडाको लागी।

माथिका समूहहरूको व्यवस्था पालि अनुसार हो,तर यदि मेरो विचार अनुसार वर्गीकृत गर्ने हो भने,तिनीहरूनिम्नानुसार हुनुपर्छः

*पहिलो समूह*-पहिला दुई समूहहरूमा उल्लेख गरिएका जग्गा र भवनहरू गरी कुल चार चीजहरू।

*दोस्रो समूह*-बासस्थानका लागी चार प्रकारकासामानहरूखाटहरू,आदि

*तेस्रो समूह*-चार प्रकारका धातुका भाँडाहरूका साथै काठ र माटाकाभाँडाकुडाहरू,कुल छवटा चीजहरू।

*चौथो समूह*-पाँच प्रकारका औजारहरू जस्तै ठूला चक्कुहरू।

*पाँचौं समूह*-छ प्रकारका सामाग्रीहरू जस्तै लताआदि।

Dhamma.Digital

यदि यसलाई क्रमभंग गर्ने अनुमति छैन भने,तेस्रो समूह जसमा धातुका भाँडाहरू र थरिथरिका औजारहरू समावेश छन्,नौ वस्तुहरू हुनेछन्। चौथो समूह उस्तै रहनुपर्छ भने पाँचौं समूह काठ र माटो र त्यसबाट बनेका वस्तुहरूको हुनेछ।

गरुभण्डहरू वितरण गर्न प्रतिबन्ध लगाउनुको अर्थ यो हो कि ती वस्तुहरू अरू मानिसहरूलाई दिनु हुँदैन वा तिनीहरू बाँड्नु हुँदैन,जसले तिनीहरूमाथिको संघकोस्वामित्व नाशहुन्छ। जे होस्,राम्रा चीजहरू साट्न निम्न वस्तुहरू बेच्न (दिन) सकिन्छ,उदाहरणको लागी,यद्यपि खाट वा मेच एक वा दुईवटा मात्र पाउने भए पनिती पाउनको लागी धेरैवटा माटाका भाँडाहरू बेच्नु। दुवै गरुभण्ड भएको बेलामा उपयोगी वस्तु पाउन उपयोगी नहुने वस्तु दिएर साटफेर गर्न सकिन्छ तर अनिकाल परेको अवस्थामा बाहेक गरुभण्ड दिएर भिक्खुहरूले आपसमा बाँडी लिनको लागीलहुभण्ड लिनु उचित होइन। त्यसो भएकोले बासस्थानको रक्षा गर्ने मनसाय राखेर खानाको लागी निम्न स्तरका चीजहरू दिनु अनुमति दिइन्छ। माथि उल्लेख गरिए अनुसार संघको फाइदाको लागी गरुभण्ड दिनुलाई *फातिकम्म*(विनिमय) भनिन्छ र यो भगवान बुद्धद्वारा अनुमति दिइएको छ।

संघलाई नाफा हुने देखेर भवन सहित भएको अन्य जग्गासँग जग्गा साटासाट गर्ने अनुमति अट्ठकथामा दिइएको छ।निर्जन विहारमा रहेका बस्ने ठाउँ (आवासहरू), चाहे ती संहारिम (सार्नमिल्ने) वस्तु होस्, जस्तो कि खाट र मेचहरू

भिक्खुहरूले अन्यत्र लान मिल्छ र असंहारिम (सार्न नमिल्ने) वस्तुहरू जस्तो कि कुटीका ढोका तथा झ्यालहरू यदि भिक्खुहरूले अर्को विहारमा पुनः निर्माणको लागी लिएर गए पनि ती संघ कै हुन्छ, र (दुवै अवस्थामा) स्वीकृत छ। यदि भिक्खुले ती बस्तुहरूलाई व्यक्तिगत प्रयोगको लागी लिन्छ र त्यसपछि त्यो निर्जन (भिक्खु रहित) विहार फेरि पुनर्निर्माण गरियो भने सो भिक्खुले ती वस्तुहरू त्यहाँ फिर्ता दिनु पर्छ।

कल्पना भूमि, मालिकले संघको सहयोगको लागीआम्दानी (लाभ) प्राप्त गर्न दान गरिएका (संकल्प गरिएका) जग्गा,अर्थात् धानबारी,बागबगैंचा र अन्य जग्गाहरूलाई कल्पना भूमि भनिन्छ, जुनलाई वर्तमानमा *धरणी-संघ* (संघको धरणी, जग्गा) भनिन्छ।मूलपालिमा गरुभण्डको व्याख्याको अन्तर्गत (यो भूमिको) उल्लेख छैन,मूलपालिको भेसज्जक्खन्धकमा छ, तर संघको भूमिमा लगाइने बालीको मालिकले भिक्खुसंघलाई तिरो तिर्नुपर्छ र बाँकी आफै प्रयोग गर्नू भनी स्पष्ट रूपमा उल्लेख गरिएको छैन। यो भूमि धान खेत वा बारी हो जसको लागी व्यक्तिले संघलाई भाडा (तिरो) तिर्छ। त्यस्ता खेतबारी आदिलाई आरामवत्थुमा समावेश गर्न सकिन्छ र गरुभण्ड पनि हुन्छ र त्यो जग्गाबाट हुने उत्पादनलाई भाडा भनियोस् कि नभनियोस्, फरक पर्दैन। यदि दाताले त्यो उत्पादनबाट गरिने उपयोग तोकेको छैन भने भिक्खुहरूलाई आवश्यक पर्ने पच्चय (आवश्यक वस्तुहरू) जुन सुकै भएपनि त्यसबाट प्राप्त गर्नु उचित हुन्छ। यदि दाताले यो

केहि विशेष स्थानमा सीमित गरेरनिर्दिष्ट गरिएको छभने,यो त्यहिस्थानको लागी मात्र चलाउनुपर्छ (र अन्यत्र प्रयोग गर्न लान मिल्दैन)। संघको भण्डारीले त्यो कल्पना-भूमि आफैं हेरचाह गरेर खेती गर्छ र भाडामा लिनेहरूलाई नदिएमा उसले त्यहाँ उत्पादन गरेको बालीबाट श्रमिक र हेरचाह गर्नेहरूलाई उपयुक्त अनुसारको पारिश्रमिक दिनुपर्छ। त्यहाँ उत्पादन हुने बालीमा श्रमिक र हेरचाह गर्नेहरूकोअधिकार जति हुन्छ त्यति उनीहरूले पाउनु उचित हुन्छ। अर्को तरिका,जुन कि भेसज्जक्खन्धकमा नै-संघको बाली अर्काको जग्गामा रोप्दा त्यसको केही अंश जग्गाधनीलाई दिनुपर्छ भने बाँकी संघले लिने उल्लेख छ। संघको फाइदाकोलागी संघका भण्डारीले भाडामा लिएको धानबारी वा अन्य व्यक्तिको खेतमा रोपाइँ गर्दा सो जग्गाको मालिकलाई भाडा तिर्नु पर्ने सम्भावना छ,तर मैले कहिल्यै सुनेको छैन, यस्तो मामिला! संघको जग्गा भाडामा लिने व्यक्तिहरू मात्र पाइन्छन्।

**चैत्यका वस्तुहरू**

दाताहरूले चैत्यलाई पूजाको लागी केही वस्तुहरू दान दिन्छन्, उदाहरणको लागी,बर काय्-व मरकट (बैंककस्थित पन्नाको भगवान),वा बिष्णुलोक प्रान्तमा विराजमान बरबुद्धजिनराज भगवानलाई चढाइएका वस्तुहरू।मूलपालिमा संघको सामान फिर्ता गर्ने सम्बन्धीसिक्खापदको विभंग पालिमा चैत्यका यी सामानहरूको सन्दर्भ समावेश छ। यो यस सम्बन्धी

पहिलो सन्दर्भ हो,तर यो मान्न सकिन्छ कि (चैत्यका सामानको कुरा) बुद्धकालमा भएको थिएन र सम्भवतः बुद्धसासनमा पवित्र चेतिय (चैत्य)हरू स्थापित भइसकेपछि  उत्पन्न भएको हो,तब यस्ता सामानहरू हुनथाले। चैत्यका सामानहरूलाई पनि सङ्घको प्रत्येक समूहको सामानजस्तै प्रत्येक व्यक्तिको चैत्यको हो भन्ने बाहेक कसरी वर्गीकरण गर्ने भन्ने कुरा उल्लेख गरिएको छैन। र यो एउटा चैत्यको सामान अर्कोमा सार्न निषेध गरिएको छ जुन गरेमा दुक्कटआपत्ति हुन्छ। यो कुरा लहुभण्ड र गरुभण्ड अन्तर्गत वर्गीकृत संघका चीजहरूसँग तुलना गरिनुपर्छ। उदाहरणको लागी,पूजाको समयमा बाल्न प्रयोग हुने तेल वा हेरचाह गर्नेलाई दिइने खाना पकाउन प्रयोग गरिने तेललाई लहुभण्ड मान्नु उपयुक्त हुन्छ। गरुभण्ड भएका चीजहरू कोषको लागी राख्नुपर्छ वा बेच्नुपर्दछ,वा तिनीहरूलाई अन्य गरुभण्डसँग साट्नसकिन्छ जुन लामो समयसम्म टिक्छ र धेरै फाइदा पुर्‍याउँछ,ती चैत्यको मर्मतका लागी प्रयोग गर्न सकिन्छ,वा ती चैत्यको स्थायी संरचनाहरू बनाउनको लागी प्रयोग हुन सक्छन्। संघको कल्पना भूमिहरू (धान खेतहरू,आदि जसको दानपतिले संघलाई यसबाट हुने आम्दानीहरू मात्र दान गरिएको हुन्छ)बाट उत्पादन भएको ब्याज (आम्दानी) मात्र संघको स्वामित्वको रूपमा बुझ्नु पर्छ।

Dhamma.Digital

**व्यक्तिगत वस्तुहरू**

यी वस्तुहरू दाताहरूले भिक्खुलाई उसको पेवाको रूपमा दिइएका अथवा भिक्खुले खोजेर आफ्नो व्यक्तिगत रूपमा लिइएका हुन्।संघले बाँडीदिएका वस्तुहरूको स्वामित्व पनि भिक्खुलाई दिइएको छ र त्यो उसको व्यक्तिगत हुन्छ। यस्ता चीजका स्वामित्व भिक्खुसँग हुन्छ र उसले यी वस्तुहरू त्याग्ने अधिकार छ, वा तिनीहरू कसैलाई दान गरी दिन मिल्छ, उसले आफूखुसी गर्न पाउँछ। मुख्य कुरा यो हो कि मूल दानपतिको श्रद्धा घटाउने कारण हुनु हुँदैन।भिक्खुको व्यक्तिगत सम्पत्ति कस्तो हुनुपर्छ?यो कुरा अध्याय १२ बाट जान्नुपर्छ जुन किआवश्यक वस्तुहरू प्रयोग गर्ने तरिकासँग सम्बन्धित हो।मूलपालिमा,भिक्खुलाई प्राणीहरू मार्ने औजारहरू बाहेक सबै प्रकारका धातुका उपकरणहरू राख्न अनुमति दिइएको छ। आसन्दी (लामो मेच, बेन्च),पल्लंक (सोफा),काठको पात्र, र काठको चप्पल बाहेक काठबाट बनेका सबै चीजहरूको अनुमति छ; कमल-कोपिलाको आकारको खुट्टा-घिस्ने उपकरण बाहेक सबै प्रकारका माटाका भाँडाहरू-जसलाई तलको सतहमा टुटिल्को (प्यचा, खो?) हरू भएको भाँडोको रूपमा बुझ्न सकिन्छ-र पात्रको सट्टामा अन्य प्रकारका माटाका भाँडा प्रयोग गर्न निषेध गरिएको छ। निषेध नगरिएका वा निषेधित वस्तुहरूमा समावेश गर्न नसकिने अन्य चीजहरू भिक्खुको व्यक्तिगत सम्पत्तिको रूपमा हुन सक्छ।

Dhamma.Digital

भिक्खुलाई व्यक्तिगत वस्तुको रूपमा राख्न निषेधित चीजहरू मूलपालिमा स्पष्ट रूपमा बताइएका छन्: चाँदी,सुन,हत्याका उपकरणहरू,र अस्वीकार्य (अकप्पिय) उपभोग्य वस्तुहरू। सुरुमा शुद्ध धातु वा काँस जस्ता मिश्रित धातुबाट बनेका वस्तुहरू निषेध गरिएको थियो तर पालिमा भिक्खुले त्यस्ता चीजहरू सङ्कलन गर्नहुँदैन भनेर मात्र उल्लेख गरिएको छ। यद्यपि,पालिमा अर्को ठाउँ छ जसले माथि उल्लेख गरिए अनुसार यसलाई खारेज गर्दछ,त्यो हो,हत्याका उपकरणहरू बाहेक सबै प्रकारका धातुबाट बनेका चीजहरू भगवान बुद्धलेअनुमति दिनुभएको छ,त्यसैले भिक्खुहरूले धातुबाट बनेका अन्य चीजहरू ग्रहण गर्न मिल्छ। अर्को शब्दमा भन्नुपर्दा,भिक्खुहरूले शुद्ध धातु वा मिश्रित धातुका वस्तुहरू सङ्कलन गर्न प्रतिबन्ध लगाउनुको अर्थ भिक्खुहरूले खेलका लागी त्यस्ता वस्तुहरू सङ्कलन गर्न निषेध गर्नु हो भनी हामीले पालिबाट बुझ्न सक्छौं।

पालिमा एउटा सुत्त छ जसले भिक्खुहरूलाई उपदेश दिन्छ, जस्तै: भिक्खुहरूले बगैंचा,धान खेत र अन्य प्रकारका भूमि स्वीकार गर्दैनन्; दासहरू; वाहन-पशुहरू,जस्तै हात्ती,घोडा,गाई,भैंसी र अन्य पशुहरू,जस्तै बाख्रा,भेडा,कुखुरा,सुँगुर,र यस्तै,धानसम्म पनि। धम्म संगायना गर्ने आचार्यहरूलेयी कुराहरू विनयमा व्याख्या गरेका छन्-यी वस्तुहरू भिक्खुहरूले ग्रहण गर्नु हुँदैन र यदि ग्रहण गरियो भने ग्रहण गर्ने भिक्खुलाई दुक्कट हुन्छ। यस प्रकारको दुक्कट-

आपत्तिलाई *पालिमुत्तकदुक्कट* भनिन्छ,पालिमा नभएको दुक्कट-आपत्ति भनी अनुवाद गरिएको छ। जसरी पालिको सुत्तमा व्याख्या गरिएको छ कि भिक्खुले पाणातिपात (जीवित प्राणीहरूको विनाश गर्नु) बाट टाढा रहन्छ,संगीत वाद्ययन्त्रहरूबाट टाढा रहन्छ,स्थलचर प्राणीहरूलाई जालमा पार्ने उपकरणहरू चलाउनबाट र जलचर प्राणीहरूलाई जालमा पार्ने यन्त्रहरू चलाउनबाट टाढा रहन्छर सबै प्रकारका वाद्ययन्त्रहरू चलाउनबाट टाढा रहन्छ,ती सबै भिक्खुहरूका लागी अनामास (छुन नहुने) अनुपयुक्त वस्तुहरू हुन् (अध्याय १४ अन्तर्गत चरियावत्त हेर्नुहोस्)।

मृत्यु भएका भिक्खु र सामणेरहरूका वस्तुहरू संघको स्वामित्वमा हुन्छन्,अर्थात् तिनीहरूको उत्तराधिकारी संघ हुन्छ। ती चीजहरू मध्येपात्र र चीवरहरू भगवान बुद्धले सेवक (र मरेका भिक्खुको हेरचाह गर्ने अरू) भिक्खुहरूलाई दिन अनुमति दिनुभएको छ। त्यसपछि जुन बाकी रहन्छ र जुन लहुभण्ड हो त्यो बाँडफाँड गर्नु पर्छ। सेवकको रूपमा काम गर्ने सामणेरले पनि भिक्खुहरूको बराबर हिस्सा पाउनु पर्छ। तर गरुभण्डका चीजहरू संघको सम्पत्तिको रूपमा राख्नुपर्छ। यसरी आफ्ना चीजवस्तुहरू कुनै विशेष भिक्खुले प्राप्त गरोस् भन्ने चाहना भएमा गम्भीर बिरामी भएका भिक्खुले आफू जीवित छँदा नै ती चीजहरूको स्वामित्व सो भिक्खुलाई दिनुपर्छ। यो इच्छा ब्यक्त गर्ने तरिका आम गृहस्थीहरूको भन्दा फरक छ। वस्तुधनीले बनाएको वसीयतनामा (इच्छापत्र) मा उसको मृत्यु भएपछि

उसको इच्छापत्रमा उल्लेख गरिएका वस्तुहरू एक वा अनेक व्यक्तिहरूलाई दिने इच्छा व्यक्त गर्दछ। यदि वस्तुधनीको मृत्यु भएन भने,उसको इच्छापत्रमा उल्लेख गरिएका ती चीजहरू अझै पनि उसकै रहन्छन् र उसले अघिल्लोलाई रद्द गरेर नयाँ इच्छापत्र बनाउन सक्छ। तर विनयमा,यदि भिक्खुले यस्तो इच्छा गर्छ भने,उसको मृत्यु हुँदा उसका चीजहरू संघको हुनुपर्दछ। उसको इच्छापत्र प्राप्त गर्ने भिक्खुहरूले उसको सम्पत्ति वस्तुहरू लिन पाउँदैनन्। बिरामी भिक्खुहरूले आफ्नो स्वामित्वमा रहेका सम्पत्ति जीवित छँदा नै आफ्नो प्रापकहरूलाई दिनुपर्छ। यसरी स्वामित्वको हस्तान्तरण गरेपछि,यदि ऊ त्यो रोगबाट निको हुन्छ भने,उसका पहिलेका चीजहरू अझै पनि प्रापकको हुन्छ। पहिलेको मालिकलाई ती चीजहरू (कसैलाई दिइसकिएको) अन्य भिक्खुहरूलाई दिने अधिकार छैन,तर यो कुरा गाह्रो हुँदैन होला, किनभने प्रापकले ठीकसँग आचरण *(सामीचिपटिपत्ति)*गरिरहेको हुन्छर ती चीजहरू सजिलै फिर्ता गरिदिन्छ।

मृत भिक्खुको वस्तुको उत्तराधिकारको नियम निक्कै कडा छ। संघको तरिकाले गरिने (सम्पत्ति बन्दाको) प्रक्रियाले यसको धनिले आफूलाई फाइदा भएको देख्दैन,किनकि दाहसंस्कारको काम उनीहरूको हो जसले आवश्यक ठान्छ। यही कारणले हो,थोरै मात्र भिक्खुहरू छन् जसले आफ्नो सम्पत्तिलाई संघमा छोड्ने निर्णय गर्छन्, जबकि धेरैले अरूलाई दिन्छन् ।जुन वस्तुधनिद्वारा समयमै जसलाई दिनुपर्ने हो दिइएको छैन,

ती चीजहरू संघको बन्छ ।यस्तो वसीयत (इच्छादान) शुद्ध आचरण अनुसार सही छैन। र यो दान गरिएको पनि होइन।'म मरे भने यो यो चीजहरू फलानो, फलानो भिक्खुको हातमा परोस्' वा 'म मरेपछि यी चीजहरू उसले लेओस्'भन्ने सर्त राखेर जिउँदै रहेको अवस्थामा दिइएको स्वामित्व मान्य हुँदैन। जब भिक्खुले वर्तमान कालको प्रयोग गरी शर्तहरू बिना नै हस्तान्तरण गर्दछः 'म तिमीलाई यी परिष्कारहरू दिन्छु',वा उसले ती चीजहरूको नाम उल्लेख गर्दछ,यो हो,स्वामित्व दिने सही तरीका। मृत्युको समय नजिक यसरी त्याग गर्नुलाई 'परिष्कार त्याग' भनिन्छ। मैले एउटा बिरामी भिक्खुको घटनामा पाएको छु जसले अर्कोलाई आफ्नो उपभोग्य वस्तुहरू दान गरे तर त्यो सही रूपमा गरिएको थिएन। यसमा ती वस्तुहरूको लागी सही तरिकाले गरिएको छैन भनी निर्णयको लागी फैसला आवश्यक थियो तर मैले जसले यो फैसला गर्यो उसले मृतकको उपर दया गरेर दाहसंस्कारको खर्च दिनु पर्‍यो।

आजकल,देशको कानूनले (थाइलैंडमा) विनय नियमहरूलाई समर्थन गर्दछ,अर्थात्,मृत भिक्खुको सम्पत्तिमा वसीयत पाउन अदालतमा झगडा गर्न गृहस्थीहरूलाई निषेध गरिएको छ।यदि यस्तो नहुने हो भने धेरैलेभन्छन् किभिक्खुले मृत्यु हुँदा आफ्ना चीजहरू गृहस्थी मानिसलाई वसीयतनामा गर्छ, अनि पछि मृत्यु हुन्छ। विनय अनुसार ती चीजहरू संघको हो,तर त्यो देशको कानून अनुसार त्यो वसीयतनामा (कानून अनुरूप भएको) स्वीकार गर्न सकिन्छ। अदालतमा मुद्दा पर्दा

देशको कानुनबमोजिम फैसला गर्नु पर्छ। यदि विनय नियमहरूलाई नरमी किसिमले बुझे भने वस्तुधनीले त्यस्तो वसीयत गरिएको अवस्थामा पनि वा अन्य व्यक्तिहरूलाई दिइएको भए पनि त्यो इच्छा जाहेर गरिएको कडा चलन अनुसार सही रूपमा पूरा नभएको भए पनि,यसलाई पनि उसको इच्छा ब्यक्त गर्ने रूपमा मान्न सकिन्छ-आफ्नो सामान अरूलाई वसीयत दिनु नै हुन्छ, त्यसैले यो यसरी देशको कानून अनुरूप स्वीकार गर्नु पर्छ। यसलाई त्याग गरिएको हो वा होइन भनी अलमल गरी निष्कर्षमा पुग्न हिचकिचाउनु हुँदैन। यदि संघले उसको सम्पत्ति प्राप्त गर्दछ र यदि उसको दाहसंस्कार संघको कार्य हो भने,यो उचित हुनेछ। यस्तो अवस्थामा मृत भिक्खुको सम्पत्ति उसको दाहसंस्कारको लागीप्रयोग गरिनु परेमा गरिसकेपछि जे बाँकी रहन्छ त्यो संघको हुन्छ; यस्तो गर्नु अधिक उचित हुनेछ।

बास छोडेर अन्यत्र बस्नजाने वा चीवर छोड्ने भिक्खुहरूका वस्तुहरू रआफूसँग राख्न नचाहेर फालिएका वस्तुहरू संघको हो। यसलाई नवकम्म भनिने भवन निर्माणको मामलासँग तुलना गर्न सकिन्छ। जब भिक्खुले केही निर्माण सम्पन्न गर्छ र त्यसलाई छाडेर अन्यत्र जान्छ,वा चीवर छोड्छ,त्यो संघको हुन्छ।व्यक्तिगत वस्तुहरू,अर्थात्,भिक्खुका निजी सम्पत्तिहरू,विश्वासको आधारमा (वस्तुधनीबाट) लिन अनुमति दिइन्छ,त्यसैले यसलाई पालिमा विस्सास भनिन्छ,तर त्यो विश्वासले 'राम्ररी लिएको' मानिने निश्चित कारकहरू पूरा

गर्नु पर्छ।'पालिमा विश्वासका लागी पाँच कारकहरू उल्लिखित छन्,ती हुन्:

१) त्यो भिक्खुलाई वस्तुधनिले देखेको छ।

२) त्यो भिक्खुसँग वस्तुधनिले सम्बन्ध राखेको छ।

३) ऊ वस्तुधनिसँग बोलचाल भएको भिक्खु हो।

४) वस्तुधनि अझै जीवित छ।

५) उसलाई थाहा छ कि लिएकोमा वस्तुधनि सन्तुष्ट हुनेछ।

तथापि,अट्ठकथाले (२) र (३) लाई पहिलो कारकमा समावेश गरेर छोट्याएका छन्जसले गर्दा कारकहरू केवल (१,४,र ५) बाँकी छन्। यो सहि हो किनभने संगत गरिसकेको साथी त मात्र देखेकोभन्दा बढी परिचित हुन्छ।भिक्खुले आफूलाई मात्र देखेको अर्को भिक्खुबाट विश्वासमा कुनै चीज लिन्छ भने,उसले संगत गरिसकेको साथीबाट पनि विश्वासमा लिन सक्छ। कुनै सध्दिविहारिक आफ्नो उपज्झायको निवासमा बस्छ,उपज्झायले कहिल्यै स्वीकृति दिएको छैन,जसले गर्दा उसलाई केही वस्तुहरू लिन अनुमति दिन्छ भने, सद्धिविहारिकले विश्वासले उपज्झायको एउटा मैनबत्ती र सलाईबट्टा लिन सक्छ, कि सक्दैन?यदि उसले सक्छ भने,त्यस्ता कुराहरूलाई विश्वासमा लिनु भनेको तेस्रो कारकसँग सम्बन्धित छैन। एकजना भिक्खु जग्गाधनिको बगानमा बास बस्न प्रवेश गर्दछजसले उसलाई कहिल्यै देखेको छैन। तर जग्गाधनिले उसलाई भरइच्छा छानीछानी फल खान निम्तो दिन्छ। अब त्यो भिक्खुले

जग्गाधनीमा विश्वास गर्न सक्छ कि सक्दैन?यदि उसले सक्छ भने त्यसपछि विश्वास लिनु यो मामला पहिला दुईवटा कारकसँग सम्बन्धित छैन। त्यसैले यो देख्न सकिन्छ कि तीनवटा कारकहरूलाई एउटैमा पार्नु सही छ। तसर्थ, विस्सासका लागी कारकहरू निम्न रूपमा बुझ्नुपर्छ:

१) ऊ यस्तो व्यक्ति हो जसलाई वस्तुधनिले देखेको छ,वा संगत गरेको छ,वा बोलेको छ।

२) उसलाई थाहा छ कि उसले लिने त्यो वस्तुको धनी सन्तुष्ट हुनेछ ।

३) सो वस्तुधनी अझै जीवित छ ।

यद्यपि जुन व्यक्तिबाट विश्वासको भरमा भिक्खुले त्यो वस्तु लिन्छ, उपरोक्त तथ्यहरू पूरा हुन्छ, यदि त्यो लिइने वस्तुमा वस्तुधनीको आशक्ति अझै रहेको छ भने, अथवा त्यस वस्तुको मूल्य धेरै पर्ने हो भने, भिक्खुले तिनलाई लिंदा वस्तुधनी दुखी हुनसक्छ भने, अथवा पछुताउन सक्छ भने,अथवा वस्तुधनीले अपमानित भएको महसूस हुने भएमा भिक्खुले विश्वासको भरमा लिनहुँदैन । कुनै वस्तु विश्वासको भरमा लिने कामभिक्खुले वस्तुको धनी जीवित नै रहेको अवस्थामा मात्र गर्नु पर्छ । मृत भिक्खुका वस्तुहरू भिक्खुसंघको हुन्छ र विश्वासको भरमा लिन सकिंदैन । विश्वासको भरमा लिनुलाई अदिन्नादान सिक्खापदमा रहेको (दोश्रो पाराजिक) अवहार (चोरी) मानिंदैन र यो कुरो अनापत्तिवारमा उल्लेख गरिएको छ । यदि, जे भएपनि भिक्खुले

विश्वासको भरमा लिएमा र माथि उल्लिखित तथ्यहरूसँग समन्वय भएको छैन भने भिक्खुले त्यो वस्तु फिर्ता दिनु नै उचित हुनेछ । तसर्थ अरूसँग विश्वासको भरमा लिने भिक्खुले माथिका तथ्यअनुकूल हुनेगरी व्यवहार गर्नु पर्छ ।

*****

https://dhamma.digital

## अध्याय २१

## विनयकम्म

**आपत्तिदेसना गर्ने विधी**

भिक्खुले गर्ने आपत्तिहरूमध्ये उपचार गर्न नसकिने एक प्रकारको छ, त्यो हो,पाराजिक। यस्तो गरेको भिक्खुले यो दोष स्वीकार गरेर भिक्खुभेष छोड्नुपर्छ,नत्र संघले उसलाई भिक्खुभेषबाट निष्कासित गर्नु पर्छ। अरू प्रकारका आपत्तिहरू उपचार गर्न सकिन्छ,ती आपत्तिहरूमध्ये प्रत्येकको आफ्नो विशेष तरिकाले उपचार गर्नु पर्छ। गरुकापत्ति (गम्भीर दोष) को प्रायश्चित गर्ने विधी,अर्थात् संघादिसेस,यस खण्डमा उल्लेख गरिने छैन किनभनेयो आपत्ति भिक्खु आफैले परिशुद्ध गर्न सक्दैन,बरू जानकार (भिक्खु) हरूबाट निर्देशनहरू प्राप्त गर्नु पर्छ। लहुकापत्ति (हल्का दोष) को उपचार गर्ने विधीहरू मात्र यहाँ उल्लेख गरिनेछ।

भिक्खुलेचेतनायुक्तभएर आपत्तिपूर्ण काम गर्छ, र जसले आफू वा अरूको बारेमा पक्षपातहरू (अगति-लोभ,द्वेष,मोह र भय) को शक्तिले गर्दा त्यस कार्यलाई छोप्छ,उसलाई अलज्जी भनिन्छ,जसको अर्थ निर्लज्ज हो। तसर्थ,भिक्खुहरूले आपत्तिमा अतिक्रमण गर्नहुँदैन,वा यदि ती पहिले नै भइसकेका छन् भने,उनीहरूले स्वीकार गर्नु पर्छ।

Dhamma.Digital

लहुकापत्ति स्वीकार गर्नु भनेको अरु भिक्खुहरूलाई आफ्नो आपत्ति बताउनु हो। स्वीकार गर्ने विधी महावग्गको उपोसथक्खन्धकको पालिमा दिइएको छ: केही आपत्ति गरेको भिक्खुले देब्रे काँध छोपेर चीवर (एकांश गरी) लगाएर अर्को भिक्खुकहाँ जानुपर्छ, अनि टुक्रुक्क बस्नुपर्छ र आफ्ना हत्केलाहरू सम्मानपूर्वक जोडेरयसो भन्नुपर्छ:

*'अहं आवुसो इत्थान्नामं आपतिं आपन्नो तं पटिदेसेमि'*

जसको अनुवाद यस्तो छ: 'आदरणीयआवुसो,म यस्तो नामको आपत्तिमा परेको छु, म यो स्वीकार गर्दछु।' जानकारी लिनेले *'पस्ससि'* भन्नुपर्छ, 'देख्यौ?' स्वीकार गर्ने भिक्खुले *'आम पस्सामि*भनी जवाफ दिनुपर्छ, 'हो,मैले देखेको छु।' जानकारी लिनेले *'आयतिं संवरियासि'* भन्नुपर्छ, 'भविष्यमा आफूलाई संयम गर्नू।' यिनै विधीवाक्यहरूको उच्चारणले आपत्तिदेसना पूरा गरिसकेको हुन्छ। यदि कुनै भिक्खुले कुनै आपत्तिको बारेमा शंका लाग्छ भने,उसले यसरी बोल्नुपर्छ:

*अहं आवुसो इत्थन्नामाय आपत्तिया वेमतिको यदा निब्बेमतिको भविस्सामि तदा तं आपत्तिं पटिक्करिस्सामि।*

यसको यसरी अनुवाद गरिन्छ: 'आदरणीय आवुसो,मलाई यस्तो नामको आपत्तिको बारेमा शंका छ, तर जब म शंकामुक्त हुनेछु,तब म त्यो आपत्तिसुधार गर्नेछु।जानकारी लिनेले कसरी जवाफ दिनुपर्छ भन्ने बारे कुनै विधीवाक्यहरू दिइएको छैन।

माथिको विधी अनुसार आपत्तिदेसनाभिक्खुको समक्षमा गरिएको हो।आपत्तिदेसना कोसँग गर्ने भनी देसना गर्ने भिक्खुद्वारा आफ्नो एउटै संवासमा बसिरहेका सदस्यहरूबाट चयन गर्नु पर्छ। संवासभन्दा बाहिर आपत्तिदेसना गर्न निषेध गरिएको छ।वा संवासमा बसेको भए तापनि बहिष्कारमा परेको अवस्था बेहोरिरहेको (केही समयको लागी भए पनि) भिक्खुसँग आपत्ति देसना गर्न निषेध गरिएको छ।

महाविभङ्ग ग्रन्थको निस्सग्गिय अध्यायमा भनिएको छ कि एक व्यक्तिले संघ,गण वा व्यक्तिमा वस्तु विसर्जन गर्न सक्छ।निस्सग्गियआपत्ति परेको भिक्खुले देब्रे काँधमा चीवर (एकांश गरी) लगाएर सङ्घमा प्रवेश गर्ने,निहुरिएर हत्केला जोडेर निर्धारित विधीवाक्य अनुसार बोल्ने र त्यसपछि आफ्नो आपत्ति स्वीकार गर्ने,यो सङ्घमा विसर्जन गर्ने विधी हो। तब सक्षम भिक्खुले त्यो आपत्तिलाई जानकारीलिनुपर्छ। यसरी संघलाई विसर्जन गरिएको छ तर आफ्नोआपत्तिदेसना व्यक्तिको समक्षमा गरिएको छ,जसको अर्थ संघको हत्थापास बाहिर छ। तर,अट्ठकथामा एउटा विधीवाक्यबनाइराखिएको छ,आपत्तिजानकारी लिने भिक्खुलाई नियुक्त गर्नको लागी विधीवाक्य निम्नानुसार छन्:

*सुणातु मे भन्ते संघो अयं इत्थन्नामो भिक्खु आपत्तिं सरति विवरति उदानीकरोति देसेति यदि संघस्स पत्तकल्लं अहं इत्थन्नामस्सभिक्खुनोआपत्तिं पटिग्गण्हेय्यं*

Dhamma.Digital

अनुवाद यस्तो हो: 'आदरणीय मित्रहरू,संघले मेरो कुरा सुन्नुहोस्। फलानो नामको भिक्खुले आफ्नोआपत्तिलाई सम्झन्छ,प्रकट गर्छ,स्पष्ट गर्छ र घोषणा गर्छ। यदि संघको पूर्ण तयारी छ भने फलानो नामको भिक्खुको आपत्तिलाई म जानकारी लिन्छु।' यसरी सङ्घको समक्षमा आपत्तिदेसना गर्ने र जानकारी लिने काम हुन्छ। यसको मतलब यो संघको हत्थपासमा गरिन्छ। सजिलो बाटो छँदाछँदैकसले झन गाह्रो बाटो रोज्ला र? कुनै व्यक्तिलाई वस्तुविसर्जन गर्ने काम नै पनि संघमा विसर्जन गर्नै विधीबाट विमुख भएर गरिन्छ। संघमा आपत्ति स्वीकार गर्ने काम गर्छ होला,त्यो हो निस्सग्गियवस्तुहरू विसर्जन (त्याग)को लागी मात्र, र(किनकि) यो संघको माध्यमद्वारा मात्र विसर्जन गर्न सकिन्छ।

हाल प्रयोग गरिनेआपत्ति देसना गर्नेविधीवाक्यहरू उपोसथक्खन्धकको अनुसार हो तर त्यसमा निम्न लिखित आलपन (सम्बोधन) का शब्दहरू *भन्ते* र *आवुसो* थपेर प्रतिज्ञा गर्ने शब्दहरू थपिएका छन्। मानौं कि भिक्खुले एउटा पाचित्तियआपत्तिदेसना गर्छ र उसले त्यो कनिष्ठभिक्खुको समक्षमा देसना गर्छ भने,उसले भन्नुपर्छ:

*अहंआवुसो पाचित्तियंआपत्तिंआपन्नो तं पटिदेसेमि*

जानकारी लिनेले तब भन्छ:

*पस्सथ भन्ते*

देसना गर्ने भिक्खुले जवाफ दिन्छ:

*अहंआवुसो पस्सामि*

Dhamma.Digital

जानकारी लिने भिक्खुले भन्नु पर्छः

*आयतिं भन्ते संवरेय्याथ*

यी वाक्यहरूको अनुवाद माथिबाट थाहा पाउनुपर्छ।

त्यसपछि देसना गर्नेले भन्नु पर्छः

*साधु सुत्थु आवुसो संवरिस्सामि*

यसरी अनुवाद गरिएको: 'यो साँच्चै राम्रो छ,आदरणीय मित्र,म संयमित हुनेछु।'

जब एउटै आधार भएका आपत्तिहरू उल्लङ्घन हुन्छन्,उदाहरणकोलागी,दस दिनभन्दा बढी धेरै अतिरिक्त चीवरहरू प्रत्येक चीवरको लागीनिस्सग्गिय पाचित्तिय हो,तिनीहरूलाई एउटै आधार र एउटै नाम भएको आपत्ति भनिन्छ। *सम्बहुला* शब्द प्रयोग गरेर एकै समयमा यी आपत्ति देसना गर्न सकिन्छ,जसको अर्थ 'धेरै' हुन्छ। भिक्खुले यसरी भन्न सक्छः

*अहं आवुसो सम्बहुला निस्सग्गियायो पाचितियायो आपतियो आपन्नो ता पटिदेसेमि।*

दुईवटा कुरा समावेश भएको आपत्तिको लागी सम्बहुलाको सट्टामा*द्वे*,'दुई' शब्द प्रयोग गर्नु पर्छ, तर तीन वा सोभन्दा बढी कुरा भएमा सम्बहुला प्रयोग गर्नु पर्छ।

एउटै नाम भएको आपत्तितर आधारहरू भिन्न भिन्न भएको, जस्तै आँखा संयम नगरेकोले दुक्कट,र अर्को,बिरामी नभए पनिबसोबास क्षेत्रमा प्रवेश गर्दा छाता ओढेकोले,र अर्को कपास भरिएको चकटीमा बसेकोले-यस्तालाई आधारहरू भिन्न

भिन्न भएको भनिन्छ । यी सँगै र एकै समयमा *नानावत्थुकायो* शब्द प्रयोग गरेर देसना गर्न सकिन्छ,जसलाई 'भिन्न भिन्न आधारहरू भएको' भनेर अनुवाद गरिएको छ।यो मामला निम्न रूपमा भन्न सकिन्छ:

*अहं आवुसो सम्बहुला नानावत्थुकायो दुक्कटायो आपत्तियो आपन्नो ता पटिदेसेमि।*

यदि केवल दुईटा आधारहरू उल्लङ्घन भएमा,आपत्तिको संख्या पनि दुईटा हुन्छ र त्यसैले *द्वे नानावत्थुकायो*शब्दहरू प्रयोग गर्नु पर्छ। यदि आपत्तिको संख्या त्योभन्दा बढी भएमा *सम्बहुला नानावत्थुकायो* शब्द प्रयोग गर्नु पर्छ। दुब्भासितआपत्ति(अनुचित वचन) विभिन्न किसिमका छेडछाडबाट उत्पन्न भए पनि यसको एउटै आधार रहेको र विभिन्न आधारबाट उत्पन्न नभएको भन्दै एउटै आधार भएका कैयौं आपत्ति देसना गर्नु पर्छ।

आपत्तिदेसना गर्दा यो स्पष्ट रूपमा उल्लेख गरिएको छैन कि देसना गर्नेले जानकारी लिनेलाई आधार (आपत्तिको प्रकृति) बताउनु नै पर्छ तर सभागापत्ति देसना गर्न र जानकारी लिन निषेध गरिएको छ (तल हेर्नुहोस्),त्यसैले भर्खरैआपत्ति देसना गरेको भिक्खुसँग देसना गर्दा बाहेक अर्को भिक्खुको आधार (आफ्नै भाषामा पहिले)यो बताउनु उपयुक्त छ। यद्यपि,यहाँ पनि आधार (आफ्नै भाषामा)बताउनुपर्छ किनकि यो अभ्यास गर्ने राम्रो तरिका हो।

Dhamma.Digital

एउटै आधार भएको आपत्तिलाई दुई वा दुईभन्दा बढी भिक्खुहरूले अतिक्रमण गर्दा *सभागापति* भनिन्छ,जसलाई 'एउटै प्रकारको आपत्ति' भनेर अनुवाद गरिएको छ र यसलाई (आपसमा) देसना गर्न र जानकारी लिन निषेध गरिएको छ। त्यो आपत्ति(यसआपत्तिमा नपरेको)अर्को भिक्खुसँग देसनागर्नु पर्छ। यदि सम्पूर्ण संघलाई सभागापत्ति भएको छ भने,यो व्याख्या गरिएको छ कि एक जनाभिक्खु अन्यत्र आपत्ति देसना गर्न जानुपर्छ र बाँकी भिक्खुहरूले (ऊफर्केर आएपछि) उसँग आपत्ति देसनागर्नु पर्छ,वा एक पछि अर्कोसँग(जसले पहिले नै देसनागरिसकेका छन्)देसनागर्नु पर्छ। यसरी गर्न सकिएमा राम्रो हुन्छ,तर होइन भने उपोसथको दिन आएपछि भिक्खुले उपोसथको अध्याय १७मा दिइएको सूत्र अनुसार संघमा त्यो कुराको घोषणा गर्नु पर्छ। यो घोषणा भइसकेपछि उपोसथ गर्न सकिन्छ। यदि सभागापत्तिभएकाहरूले आपसमा देसना गरेका र जानकारी लिएका भिक्खुहरू छन् भने,यो आपत्तिलाई पहिले नै देसना गरिसकिएको मानिन्छ तर यो देसना गर्नेलाई देसना गरेकोमा दुक्कट तथा जानकारी लिनेलाईजानकारी लिएकोमा दुक्कटआपत्ति हुन्छ।

आपत्तिको नाम,आधार,र संख्या अनुसारदेसनागर्नु पर्छ। गलत नाम प्रयोग गरेर आपत्तिदेसना गर्न सकिंदैन। यदि आधार र संख्यामा गल्ती छ भने,धेरै आपत्तिहरूलाई थोरै भनेर देसना गर्नु,यो गर्न सकिंदैन,तर थोरै आपत्तिहरूलाई धेरै भनेर देसना गर्न सकिन्छ। उदाहरणकोलागी,(सम्भावित)एक वा

दुईवटाआपत्तिहरू भएका छन्, तर भिक्खुले *सम्बहुला* शब्द प्रयोग गर्दछ,र एउटै आधार भएको आपत्ति होला, तर *नानावत्थुकायो* शब्द प्रयोग गर्दछ-यस्तो गर्न सकिन्छ। विभिन्न नाम भएका आपत्तिलाई एकै समयमा स्वीकार गर्न पाइँदैन।भिक्खुहरूले एक एकवटा गरेर देसनागर्नु पर्छ र धैरै भिक्खुहरूलाई एकैसाथ (एकै समयमा) एकजनाभिक्खुको समक्षआपत्तिदेसना गर्न निषेध गरिएको छ। यो कुरा असम्भव छ किनकि धैरै भिक्खुहरूले स्वीकार गर्ने आपत्ति एउटै हुनेछैन। र सीमाघरको बाहिर बस्ने चार-पाँचजनाभिक्खुहरूको समक्षमा आपत्ति देसना गर्न निषेध गरिएको छ।यसको अर्थ हो, आपत्ति देसना गर्ने कामलाईसंघकम्म बनाउन सकिंदैन।

अब,पालि नजान्ने भिक्खुकोलागी,म पालि शब्दहरू प्रयोग गर्ने सूत्र (फर्मुला) र तरिका बताउनेछु।

एकल आपत्तिको नाम यसरी भन्नु पर्छ: *थुल्लच्चयं आपत्तिं, निस्सग्गियं पाचित्तियं आपत्तिं, पाचित्तियं आपत्तिं, दुक्कटं आपत्तिं,* र *दुब्भासितं आपत्तिं,*जुन आपत्तिहो त्यो अनुसार। धैरै आपत्तिहरू रहेको बेलामा यसलाई यसरी भन्नु पर्छ: *थुल्लच्चयायो आपत्तियो, निसग्गियायो पाचित्तियायो आपत्तियो, पाचित्तियायो आपत्तियो, दुब्भासितायो आपत्तियो, दुक्कटायो आपत्तियो, दुब्भासितायो आपत्तियो।* एउटै आधार भएको आपत्तिकोलागी *द्वे* वा *सम्बहुला* शब्द थप्नुपर्छ र विभिन्न आधारहरू भएको आपत्तिको लागी*नानावत्थुकायो*शब्द थप्नुपर्छ।

Dhamma.Digital

वरिष्ठ भिक्खुले प्रयोग गर्ने विधीवाक्यहरू*आवुसो,पस्ससि र संवरेय्यासि* हुन्। अझ कनिष्ठ भिक्खुले *भन्ते,पस्सथर संवरेय्याथ*को प्रयोग गर्छन्।

म यहाँ मेरो विचार व्यक्त गर्न चाहन्छु कि वर्तमानमा प्रयोग भएको आपत्ति देसनाको सूत्र उपोसथक्खन्धकको पालि अनुसार बनेको छ तर आपत्तिका नामहरू व्याकरणको नियम अनुसार संज्ञाहरू हुन् र लिङ्ग अनुसार प्रयोग गरिन्छ जस्तो किपाटिमोक्खमा*निसग्गियं पाचित्तियं*छ। तर विभङ्ग र खन्धकमा हामीले*आपत्ति थुल्लच्चयस्सर आपत्तिदुक्कटस्स*लाई थुल्लच्चयको आपत्ति र 'दुक्कटको आपत्ति' भनेर अनुवाद गरिएको पाउँछौं। (आपत्ति देसना) वाक्यको रचना सायद यस्तो हुनुपर्छ: *'अहं आवुसो पाचित्तियं आपन्नो तं पटिदेसेमि'*,वा *अहं आवुसो सम्बहुलानि नानावत्थुकानि पाचित्तियानि आपन्नो तानि पटिदेसेमि*।' उपोसथक्खन्धकपालिमा सामान्य शब्दहरू मात्र प्रयोग गरिएका छन् र सूत्र यसरी राखिएको छ: *इत्थन्नामं*।' आपत्तिको नाम उल्लेख गर्दा यो नामको लिङ्ग अनुसार प्रयोग गर्नु पर्छ।

पाटिमोक्खपाठमा पाटिदेसनीय (देसना गरिनुपर्ने) आपत्तिकोदेसना विधीकोविधीवाक्यस्पष्ट रूपमा दिइएको छ:

> *गारय्हं आवुसो धम्मं आपज्जिं असप्पायंपाटिदेसनीयं पटिदेसेमि*

यसको अनुवाद यस्तो गरिएको छ: 'आदरणीय मित्र,मैले एक दोषपूर्ण धम्म गरेको छु जुन अयोग्य छ र देसनागर्नु पर्छ। त्यो

म देसना गर्छु।' पाटिदेसनीय अब भिक्खुहरूका लागीआपत्ति गर्ने तरिका रहेन र त्यसैले योदेसनागर्ने विधीवाक्य प्रयोग गर्नुपर्ने सूत्रहरूमा छैनन्।

जो भिक्खुले आपत्तिगर्छ तर आफू आपत्ति हो भनेर स्वीकार गर्दैन उसलाई विनयको भाषामा आपत्तिनदेखेको भनेर चिनिन्छ,वा उसले आफू आपत्तिहो भनी स्वीकार गर्दछ तर उसले देसना गर्दैन त्यसैले उसलाई सुधार नगर्ने भनिन्छ। यी दुई आधारहरूमा भगवान बुद्धले संघलाई उक्खेपनीय-कम्मको दण्ड दिने अनुमति दिनुभयो। यस्तो भिक्खुलाई संवास र अन्य भिक्खुहरूसँग खान र सुत्न वर्जित छ। त्यो भिक्खुलाई *उक्खित्त*को भनिन्छ,जसलाई '(संघ)बाट बाहेकगरिएको' भनेर अनुवाद गरिएको छ। यदि कुनै भिक्खुले उसँग संगत गर्छ भने,उसलाई पाचित्तिय अध्यायमा सप्पाणवग्गको नवौं सिक्खापद अनुसार पाचित्तिय भनिन्छ। जब त्यो भिक्खुले त्यो आपत्ति देख्न वा परिमार्जन गर्न सहमति जनाउँछ,संघले त्यो कम्म अन्त्य गर्ने घोषणा गर्न सक्छ । यसरी उसलाई संघमा प्रवेश गर्न र पहिले जस्तै संघको सदस्य हुन अनुमति दिन्छ।

**अधिट्ठान (अधिष्ठान)**

केही परिष्कारहरूभिक्खुलाई उसको व्यक्तिगत सम्पत्तिको रूपमा राख्न अनुमति दिइन्छ,तिनीहरूलाई अनुमति दिइएको संख्याभन्दा बढी वा समय सीमाभन्दा लामो समयसम्म राख्न निषेध गरिएको छ। यदि कुनै भिक्खुले यी

आवश्यक वस्तुहरूलाई आफ्नो व्यक्तिगत सम्पत्तिको रूपमा राख्न चाहन्छ भने,त्यसलाई प्रयोगको लागी*अधिट्ठान*गर्नु पर्छ, जुनको अनुवाद गरिन्छ 'प्रयोग गर्ने संकल्प गर्नु'। अधिष्ठान गर्दा नामद्वारा उल्लेख गर्नुपर्ने परिष्कारहरू यस प्रकार छन्: सङ्घाटि,उत्तरासंग,अन्तरवासक-एकसाथमात्रिचीवर भनिन्छ,प्रत्येकको उपयुक्त नाम लिएर अधिष्ठानगर्ने हो। एकगोटा मात्र पात्र (पत्त) अधिष्ठान गर्न सकिन्छ। बस्ने आसन कपडा एउटा मात्र,जसलाई निसीदन भनिन्छ,अधिष्ठान गर्न सकिन्छ। तर,*पच्चट्ठरण* भनिनेसुत्ने वछ्यौना, अनुहार पुछ्नेतौलिया र मुख पुछ्ने रुमालहरू जुनलाई *मुखपुञ्छन* भनिन्छ, अत्यावश्यक कामका कपडाहरू जस्तै पानी छान्ने कपडा,पात्र राख्ने झोला,काँधमा झुण्ड्याउने झोला,बेरनेकपडाहरू सबैलाई नै *परिक्खारचोल*(सानातिना उपभोग्य कपडाहरू) भनिन्छ । माथि उल्लिखित वछ्यौनादेखि तलका वस्तुहरू पर्याप्त संख्यामा राख्न सकिन्छ, यसको संख्या सीमित छैन (र आवश्यकता अनुसार प्रयोग गर्न सकिन्छ)। प्रयोगको लागी यी कपडाहरूकुनै पनि समयमा अधिष्ठान गर्ने अनुमति छ। तथापि,खटिरा वा घाउ छोप्ने कपडाहरू रोगको समयमा मात्र अधिष्ठान गर्न सकिन्छ। वर्षाऋतुका चार महिनामा एउटा मात्र वस्सिकसाटिक (वर्षाकालीन कपडा)अधिष्ठान गर्ने अनुमति दिइएको छ। यी अन्तिम दुई थरी वस्तुहरू तिनीहरूको सम्बन्धित अवधि बितिसकेपछि त्याग गर्नु पर्छ। आकारद्वारा सीमित गरिएका परिष्कारहरू (तर अन्तरवासकको मामलामा

स्पष्टरूपमा बताइएको छैन) एक पटकमा एक थान मात्र अधिष्ठान गर्न सकिन्छ। मापको सीमा नभएका वस्तुहरू धेरैवटापनि अधिष्ठान गर्न सकिन्छ होला। यो मेरो विचार हो।

संघाटिलाई उदाहरण लिएर एउटा परिष्कार अधिष्ठान गर्ने विधीवाक्यहरू निम्न हुन्:

*इमं संघाटिं अधिट्ठामि*

अर्थ: 'म यो सङ्घाटिअधिष्ठान गर्छु',वा 'म यस सङ्घाटिलाई प्रयोग गर्ने संकल्प गर्छु।' अन्य परिष्कारहरूको सन्दर्भमा अधिट्ठानको लागी,सङ्घाटि शब्दकोसट्टामा निम्न शब्द राखेरप्रयोग गर्न सकिन्छ:

*उत्तरासंगं*-एकसरो चीवर

*अन्तरवासकं*-लुँगी

*निसीदनं*-चकटी (बस्ने कपडा)

*कण्डुपटिच्छादिं*-घाउ, खटिरा छोप्ने कपडा

*वस्सिकसाटिकं*-वर्षा-कपडा

*पच्चत्थरणं*-सुत्ने वछ्यौना

*मुखपुञ्छनचोलं*-अनुहार र मुख पुछ्ने कपडा

*परिक्खारचोलं*-अन्य प्रयोजनका कपडाहरू

सुत्ने वछ्यौनाको नमूनामा अरू परिष्कार कपडाहरू अधिष्ठान गर्ने विधीवाक्यहरू निम्नानुसार छन्:

*इमानि पच्चत्थरणानि अधिट्ठामि*

अर्थ: 'म सुत्ने वछ्यौनाकपडाहरू अधिष्ठान गर्छु' वा 'म यी कपडाहरूलाई सुत्ने वछ्यौनाको रूपमा प्रयोग गर्ने संकल्प गर्छु।'

https://dhamma.digital

अन्य परिष्कारहरू अधिष्ठान गर्न *पच्चत्थरण* शब्दलाई निम्नसँग परिवर्तन गर्नु पर्छ:

*मुखपुञ्छनचोलानि*-अनुहार र मुख पुछ्ने कपडा

*परिक्खारचोलानि*-अन्य आवश्यक परिष्कारहरू

अधिष्ठान दुई प्रकारका छन्: शरीरद्वारा अधिष्ठान गर्नु, कि शब्दद्वारा अधिष्ठान गर्नु। पहिलोको अर्थ हातलेअधिष्ठान गर्नुपर्ने परिष्कारहरू समात्नु वा स्पर्शगर्नु हो,माथि उल्लेखित अधिट्ठानको वचन अनुसार मनलाई दृढ बनाउनु हो। शब्दहरूद्वारा अधिष्ठानगर्ने कार्य शरीरले परिष्कारहरूलाई नछोए पनि ती शब्दहरू उच्चारण गरेर गरिन्छ। यसलाई दुई कोटिमा विभाजन गर्न सकिन्छ: हत्थपासको दूरी भित्रकोअधिष्ठान गर्नु,वा हत्थपासको दूरी बाहिरको अधिष्ठान गर्नु। साढेदुई हात दूरी[23] भित्र रहेकोलाई हत्थपास भित्र रहेको मुताबिक शब्दहरू प्रयोग गरी यसको सूत्र अनुसार उच्चारण गरी अधिष्ठानगर्नु पर्छ,तर यसभन्दा टाढा रहेका परिष्कारहरूलाई त्यसको सूत्र अनुसार शब्दहरू उच्चारण

[23] अधिष्ठान गरिने परिष्कार साढेदुई हातभन्दा बढी दूरीमा हुनुहुँदैन, जुनलाई एक हत्थपास भनिन्छ। यो दूरी नितम्बको हाडदेखि नापिन्छ, अर्थात् यहाँदेखि एक हत्थपास दूरी हो। त्यसैले त्यो परिष्कार हातले छुन सकिने दूरिमा हुनुपर्छ। (सम्पादकको टिप्पणी)

Dhamma.Digital

गरेर हत्थपासभन्दा बाहिर रहेको रूपमा अधिष्ठानगर्नु पर्छ। यसको मतलब पछिल्ला अवस्थामा,इमं (यो) लाई *एतं* (त्यो) र *इमानि* (यी) लाई *एतानि* (ती) द्वारा प्रतिस्थापित गर्नु पर्छ।

यदि भिक्खुले परिष्कारहरूअधिष्ठान गर्न चाहन्छ तर ती एक मात्रमा सीमित वस्तुहरू भएमा र उसको पुरानो अझै बाकी छ भने,उसले पहिले त्यसपुरानोको त्याग गर्नु पर्छ। यी परिष्कारहरू त्याग गर्नुलाई *पच्चुत्थरण*गर्नु,वा अधिष्ठानलाई खारेज गर्नु भनिन्छ। त्यागको विधीवाक्य यस प्रकार छ:

*इमं संघाटिं पच्चुत्थरामि*

अर्थ: 'म यो सङ्घाटि त्याग्छु।' अन्य परिष्कारहरूको त्याग तिनीहरूको नाम अनुसार गरिनु पर्छ। यदि तिनीहरू लगाउनको लागी प्रयोग गर्न सकिने परिष्कारहरू हुन् भने तिनीहरूलाई उचित रङमा रङ्गाउनु र *बिन्दु* वा चिन्ह लगाउनु पर्छ। यसरी अधिष्ठान गरिसकिएपछि पाचित्तिय अध्याय, सुरापानवग्गको आठौं सिक्खापदको विधीवाक्य अनुसार चिन्ह बनाउने विधीवाक्य यस्तो हो:

*इमं बिन्दुकप्पं करोमि*

अर्थ: 'म (यसमा)यो बिन्दुद्वारा चिन्ह बनाउँछु।'

मलाई बताइएको छ कि भिक्खुहरूका केही समूहहरूले अतिरेकचीवरलाई परिक्खारचोल (सानो वस्तु) भनी अधिष्ठान गर्छन् र साझा गर्दैनन्,यो कुरा भिक्खुवर बर चन्द्रगोचरगुण (चन्दरंसी यिम),वत् मकुटक्षत्रियाराम विहारका विहार-प्रमुख, जो मेराआचार्यहुनुहुन्थ्यो,द्वारा गरिएको निर्णयमा आधारित छ।

उहाँले लगाउन मिल्ने गरी ठूलो नभएको खण्डमा परिक्खारचोल भनेर अधिष्ठानगर्न सकिने बताउनुभयो। उहाँको निर्णय वास्तविक परिक्खारहरूको प्रकृतिसँग पूर्ण रूपमा सहमत छ। तर अतिरेकचीवरलाई परिक्खारचोल भनेर अधिष्ठान गर्नेहरूमा मैले सही विधी देख्दिनँ। माथि र तल लगाउने चीवर,जसलाई परिक्खार भन्न सकिन्छ,तीनवटा चीवर मात्र हुन्,जब कि घाउ-खटिरा छोप्ने कपडा र वर्षाको लुगालाई परिक्खारचोल भनिन्छ,उदाहरणकोलागी,पानी छान्ने कपडा,पात्र राख्ने-झोला,र काँधमा झुण्ड्याइनेझोला। यदि भिक्खुहरूले अतिरेकचीवरलाई परिक्खारचोल भनेर अधिष्ठान गर्न सक्छन् भने त्रिचीवर र परिक्खारचोलमा कुनै भिन्नता छैन। यस अवस्थामा,अतिरेकचीवरसाझा गर्नु अधिष्ठान गर्नुभन्दा राम्रो छ। मेरो बुझाइ यो हो कि सुत्ने वछ्यौनावा परिक्खारचोल भनी अधिष्ठान गरिने कपडा भन्ने जुन छन् ती माथि वा तल लगाउनको लागी प्रयोग नगरिने चीवर हुनुपर्छ,तब अधिष्ठान सफल हुनेछ। उदाहरणकोलागी,मानौं कि एकजनाभिक्खुले योउत्तरासंग फेरि लगाउने छैन भन्ने सोचेर पुरानो र जीर्ण उत्तरासंग त्याग्छ र त्यसपछि नयाँ उत्तरासंग अधिष्ठान गर्छ; त्यसपछि उसले यसलाई सुत्ने वछ्यौनाको रूपमा अधिष्ठान गर्न सक्छ। तर यदि उसले त्यो पुरानो चीवर फेरि लगाउन चाहन्छ भने उसले साझागर्नु पर्छ। परिक्खारचोल कपडाहरूलाई यस्तो व्यवहार गर्नु पर्छ, तर यस्तो कपडा ठुलो छैन,त्यसैले (यस विषयमा) मेरा आचार्यको निर्णय सच्याउनुपर्छ।

माथि र तल लगाउने चीवरहरू बाहेक (विभिन्न) रङ र डिजाइनहरूका कपडाहरूका परिष्कारहरू प्रयोग गर्न सकिन्छ। म बुझ्छु कि भिक्खुहरूले कपडा अधिष्ठान गर्नु पर्ने अवस्थामा सीधा ती कपडाहरूलाई जनाउँछ जुन माथि र तल लगाउन प्रयोग गर्न सकिन्छ,वा जुन पहिल्यै लगाइएका पुरानाचीवरहरूबाट काटेर लिइएको हो।

माथि उल्लेख गरिएबमोजिम नामद्वारा अधिष्ठान गरिएका परिष्कारहरू निम्न नौ कारकहरूका कारणले अधिष्ठानभंग हुन्छः अर्कालाई दिएर,चोरबाट खोसिएर,साथीले विश्वासमा लिएर (विस्सास),मालिक खराब मानिस बनेर,मालिकले प्रब्रज्या त्याग गरेर,मालिकको मृत्यु भएर,मालिकको लिंग परिवर्तन भएर,अधिष्ठान त्यागेर,र त्यसमा प्वाल परेर।

पहिलो पाराजिकको मूल कथामा ‘खराब मानिसमा परिणत हुनु भनेको भिक्खुले चीवर छोड्नु हो’ भन्ने देखिन्छ,तर यस ठाउँमा चीवर छोड्ने अर्को कारक पनि छ र त्यसको अर्थ भिक्खुले आफ्नो भिक्खुत्वलाई कुनै न कुनै तरिकाले तोडेको हुनुपर्छ। पाराजिक गरेर वा अर्को धर्ममा गएर। लिंग परिवर्तनको मामला भनेको पहिलो पाराजिकको विनीतवत्थुको कथामा जस्तै पुरुष महिला बन्नु हो,तर सायद अहिले यो

विश्वास गर्ने कोही छैन।[24]यदि वर्तमानमा विश्वास गरिने तरिका अनुसार लिने हो भने लिंग परिवर्तनको अर्थ यस्तो लिन सकिन्छ,उदाहरणकोलागी,भिक्खुनी भएको अवस्थामा यसमा रुचि गुमाउने भिक्खुनीगृहस्थी महिलाको अवस्थामा फर्कन्छे। (थाई भाषामा,व्यक्तिको लिङ्ग र भिक्खु हुनुको अवस्थालाई एउटै शब्द प्रयोग गरिन्छ)। तर भिक्खुले यस्तो गर्छ भने उसलाई कसरी व्यवहारगर्नु पर्छ? भनिएको छ कि ऊ अझै भिक्खु हो र अझै पनि उपसम्पन्न मान्न सकिन्छ। यस्तो भिक्खुमा अझै पनि भिक्खुत्वको चाहना छ भने उसलाई उपसम्पन्न मान्न सकिन्छ भन्ने मैले देखेको छु।यदि उसले आफ्नो चासो गुमाउँछ र घरवासीगृहस्थी बन्छ,यद्यपि ऊ पाराजिक होइन, तर पछि फर्केर आई भिक्खुसंघमा प्रवेश याचना गर्दछभने उसलाई संघले अनुमति दिने हो?यो गर्ने, कि नगर्ने?यदि यो अनुमति छैन भने त्यो भिक्खुणी जस्तोनै हो।

अधिट्ठानभङ्ग गराउने कारकहरू अब फेरि विचार गर्न सकिन्छ। नौवटा कारकहरूमध्ये हामीले ध्यान दिनुपर्ने पाँचवटा छन्: अर्कालाई दिएर,चोरद्वारा खोसिएर वा

[24] तर पूर्ण रूपमा नभएपनि आंशिकरूपमा भए पनि लिंग परिवर्तन हुनु वर्तमान कालमा प्रसिद्ध छ, त्यस्तै शल्यक्रिया गरेर वा औषधी गरेर आंशिक लिंग परिवर्तन गर्न सकिन्छ। (अंग्रेजी अनुवादकको टिप्पणी)

चोरेर,साथीले विश्वासमा लिएर,अधिष्ठान त्यागेर,त्यसमा प्वाल परेर।

ती परिष्कारहरूको सन्दर्भमा जुन एक मात्र अधिष्ठान गर्न सकिन्छ भन्ने सीमा छ,यदि माथिका पहिला चार कारकहरू मध्ये कुनै एक हुन्छ भने,भिक्खुले नयाँ चीवरअधिष्ठान गर्न सक्छ जुन दोस्रो चीवर हुनेछैन (अर्थात् उसका तीनवटा चीवरहरू मध्ये एक हुनेछ)। पाँचौं कारक त्रिचीवर र पात्रमा लागू हुन्छ। त्रिचीवरमा रहेको प्वाल सानो औंलाको नङ जत्रो हुन्छ भनिन्छ। यो एउटा वास्तविक प्वाल हुनुपर्छ जसमा कुनै धागो बाकी नहोस्,अन्तरवासको लम्बाईको छेउबाट कम्तिमा एक बित्ता भित्रको,वा चौडाइबाट कम्तिमा चार इन्च भित्र; वा (उत्तरासंग र संघाटि) मा भए यो कम्तिमा आठइन्च भित्र;हुनुपर्छ। पात्रको प्वालको सन्दर्भमा,यो भनिन्छ कि यो कोदोको दाना पार गर्न पर्याप्त ठूलो हुनुपर्छ। तीनवटा चीवरमा प्वालको माप र यसको स्थानले हामीलाई बुझ्नको लागी पर्याप्त छ कि यस्तो प्वाल भएकोचीवर लगाउँदा राम्रोसँग देख्न सकिन्छ। यदि कुनै भिक्खुले यसलाई प्रयोग गर्न सकिन्छ भनी सोच्छ र त्यसले अधिष्ठान भङ्ग गर्दैन र प्वाल परेको दश दिन बितिसक्दा पनि भिक्खुले त्यो चीवर लगाएको खण्डमा निस्सग्गिय-पाचित्तियस्वीकारगर्नु पर्छ, कि पर्दैन?मलाई लाग्छ कि अधिष्ठान तोड्नुको वास्तविक अर्थ नयाँ चीवरको अधिष्ठानमा निर्देशित छ र पहिले नै लगाएको निस्सग्गिय-पाचित्तियमा निर्देशित गरिएको होइन। यदि चीवरमा प्वाल छ

तर अझै पनि लगाउन सकिन्छ भने,त्यो चीवर अझै प्रयोगको लागीअधिष्ठान गरिन्छ।यदि कुनै भिक्खुले नयाँ चीवरअधिष्ठान गर्न चाहन्छ भने उसले पहिले नै पुरानो चीवर त्याग्नु पर्छ। आगोले जलेकोलेभिक्खुले लगाएको चीवरमानिर्धारित आकारभन्दा ठूला ठूला प्वालहरू भएकाले शरीरलाई पूरै ढाक्न सक्दैन,त्यसैले भिक्खुले नयाँ चीवरअधिष्ठान गर्न चाहेमा उसले त्यसलाई नत्यागेपनि हुन्छ । यसलाई थप लगाउन सकिंदैन भने यसलाई अधिष्ठानभङ्ग भएको मानिन्छ। पात्रको सन्दर्भमा,त्यसमाकोदोको दाना छिर्नसक्ने प्वाल भएपनि नयाँ पात्रयाचना गर्न सकिंदैन होला। यदि कुनै भिक्खुले आफ्नो पात्रमा प्वाल भएको देख्छ जसमा खाद्यान्न रहन सक्दैन भने,त्यसलाई अधिष्ठान भङ्गभएको भनिन्छ,अर्थात् पुरानोलाई नत्यागिकन नै नयाँ पात्रअधिष्ठान गर्न सकिन्छ। बाँकी चार कारकहरूत्यसका मालिक भिक्खुभिक्खुत्वमा नरहने अवस्थामा,व्याख्या गर्नु आवश्यक छैन।

**दोहोरो स्वामित्व (विकप्प)**

अतिरेक-चीवर (अतिरिक्त-चीवर) भनिने चीवर र यसको आकार,दोहोरो स्वामित्व (विकप्प)को लागीनियम तोकिए अनुसारनिस्सग्गिय अध्यायको चीवरवग्गको मूल सिक्खापदमार यस कृतिको अध्याय १२परिष्कारहरू (उपभोग्यवस्तुहरू)शीर्षकमा, चीवरसँग सम्बन्धितखण्डमा व्याख्या गरिएको छ। विकप्पको अर्थ र यो कसरी गर्ने भन्ने बारे पाचित्तिय अध्यायको

सुरापानवग्गको नवौं विकप्प-सिक्खापदमा व्याख्या गरिएको छ। अतिरेक पत्त (अतिरिक्त पात्र) भनिने पात्र र यसका आकारहरू सहित गरी कति प्रकारका पात्रहरू छन्, पहिले नै निस्सग्गिय अध्यायमा पत्तवग्गको पहिलो सिक्खापद र पात्रसँग सम्बन्धित खण्ड अध्याय १२मा उल्लेख गरिएको छ। यहाँ,चीवर र पात्रहरूविकप्प गर्नकोलागीरहेका विधीवाक्यहरू एकै ठाउँमा जम्मा गरिनेछ।

हत्थपास भित्र रहेको एउटा चीवर विकप्प गर्ने विधीवाक्य यस्तो छः

*इमं चीवरं तुय्हं विकप्पेमि*

अर्थः 'म यो चीवर तपाईसँग साझा गर्छु।' धेरैवटाचीवरहरूको लागी*इमं* को ठाउँमा *इमानि चीवरानि*प्रयोग गरिन्छ। एकवटा पात्रको लागीः

*इमं पत्तं तुय्हं विकप्पेमि*

र धेरै पात्रहरूको लागी,*इमं पत्त*को ठाउँमा *इमे पत्ते* भन्नुपर्छ। हत्थपास बाहिरको लागी*इमं*को सट्टामा*एतं* र *इमानि*को सट्टामा*एतानि* र *इमे*को सट्टामा*एते* प्रयोग गर्नु पर्छ। जब वरिष्ठ भिक्खुसँग विकप्प गरिन्छ,तब *तुय्हं*को स्थानमा *आयस्मतो*प्रयोग गर्नु पर्छ।

ग्राहकको अनुपस्थितिमा हत्थपास भित्रको एउटा चीवर विकप्प गर्ने विधीवाक्य निम्नानुसार छः

*इमंचीवरं इत्थन्नामस्स विकप्पेमि*

Dhamma.Digital

अर्थ: 'म यो चीवरफलानो नामको (भिक्खु) लाई विकप्प गर्छु।' उत्तर नामको भिक्खुसँग विकप्पगरिएको भए उसको नाम यसरी बोल्नुपर्छ: *इत्थन्नामस्स*को स्थानमा *उत्तरस्स भिक्खुनो* वा *आयस्मतो उत्तरस्स,*ग्रहणकर्ता कनिष्ठ वा वरिष्ठ हुँदा जे उपयुक्त हुन्छ, लगाउने हो। धेरैवटा चीवरहरू,एउटा पात्र, धेरैवटापात्रहरू, हत्थपास भित्रका वा बाहिरका,'ग्राहकको उपस्थितिमा' विकप्प गर्दा त्यसको विधीवाक्यसँग तुलना गरी उपयुक्त परिवर्तन गर्नु पर्छ।

यदि कुनै भिक्खुले पहिल्यै विकप्प गरिएकाचीवरहरू प्रयोग गर्न चाहन्छ भनेउसले प्राप्तकर्तालाई पहिले नै फिर्ता दिन अनुरोध गर्नु पर्छ,किनकि यदि उसले त्यसो गरेन र (आफूखुशी) प्रयोग गर्यो भने,उसलाईविकप्प-सिक्खापद अन्तर्गत पाचित्तिय आपत्ति हुन्छ। हत्थपास भित्रका ज्येष्ठ भिक्खुले एउटाचीवरफिर्ता दिनेविधीवाक्य यस प्रकार छन्:

> *इमं चीवरंमय्हं सन्तकं परिभुञ्ज वा विसज्जेहि वा यथापच्चयं वा करोहि*

यदि फिर्ता दिनेभिक्खु कनिष्ठ हो भने,उसले यस्तो भन्नुपर्छ:

> *इमं चीवरं मय्हं सन्तकं परिभुञ्जथ वा विसज्जेथ वा यथापच्चयं वा करोथ*

यो पछिल्लो विधीवाक्यको अर्थ पहिलेको जस्तोनै हो, तर सम्बोधनमा बढी सम्मानजनक शब्दहरूप्रयोग गरिएका छन्। दुबैको अनुवाद यस्तो हो:'योमेरो चीवरतपाइँ प्रयोग गर्न सक्नुहुन्छ,वा तपाइँ त्याग्न सक्नुहुन्छ,वा तपाइँ यसलाई आफ्नो

इच्छा अनुसार गर्न सक्नुहुन्छ।' प्रयोग गर्नुपर्ने शब्दहरू नाम,संख्या र परिष्कार राखिएको ठाउँ अनुसार परिवर्तन गरिन्छन्। यी परिवर्तनहरूका लागी विकप्पमा प्रयोग गरिएका शब्दहरू हेर्नुपर्छ। र विकप्पको यस विधीको बारेमा धेरै आचार्यहरूको विचार कसरी फरक छन्? यो कुरा विकप्प-सिक्खापदमा पहिले नै उल्लेख गरिएको छ।

पहिले नै विकप्प गरिएको पात्रको मामलामा यसलाई प्रयोग गर्नु अघि यसलाई फिर्ता दिन लगाउनु पर्ने नियम छैन। यसलाई *विकप्प-पत्त*को रूपमा प्रयोग गर्नु पर्छ,तर यदि कुनै भिक्खुले यसलाई अधिष्ठान गर्न चाहन्छ भने,उसले पहिले यसलाई प्राप्तकर्ताबाटत्याग्न लगाएर लिनुपर्छ।

*****

Dhamma.Digital

# अध्याय १२
# विविध वस्तुहरू

**चार महान मानकहरू (महापदेस)**

कतिपय वस्तुहरू यस्ता छन् जुन निश्चित ठाउँमा मात्र पाइन्छन् भने मानिसद्वारा उत्पादन गरिएका वस्तुहरू मानिसहरूमा हुने विभिन्न कलाको विकासको स्तरअनुसार धेरै र थरिथरि हुन्छन्।काम गर्ने तरिकाहरू पनि त्यस्तै हो। जसका कारण कुनै एक ठाउँमा बस्ने मानिसको सरसामान अन्य ठाउँकाको भन्दा फरक हुन्छ,त्यसका अलावा समयअनुसार लोकप्रियता र व्यवहारिकता परिवर्तन हुन्छ। विभिन्न देशका मानिसहरू एकअर्काको सम्पर्कमा आउँछन् र एकअर्काको वस्तु र काम गर्ने तरिका हेर्छन्, यिनको विकास हुन्छ। बुद्धकाल पछि जन्मेका भिक्खुले ग्रन्थहरूमा उल्लेख भएका धेरै कुरा र विधीहरू फरक देख्ने निश्चित छ। अब भगवान शास्तासँग बुद्धि थियो जसको कारणले उहाँमा दूरदृष्टि थियो र धर्मसँग के मिल्छ र विनयसँग के मिल्छ भन्ने निर्णय गर्ने सिद्धान्तहरू बनाउनुभयो। जे होस्, यहाँविनयसँग मिल्ने सिद्धान्तहरू मात्र व्याख्या गरिनेछ। यी सिद्धान्तहरूलाई *महापदेस* भनिन्छ,जसलाई'महान मानकहरू' भनी अनुवाद गरिएको छ। यी मानकहरू निम्नानुसार संख्यामा चार छन्:

Dhamma.Digital

१) "जति पनि चीजहरू अस्वीकार्य छन् भनी निषेधित छैनन्, तरअस्वीकार्य कुराहरूसँग समानता छन्, स्वीकार्यहरूसँग विपरीत छन्-त्यस्ता चीजहरू अनुचित छन्।

२) जति पनि चीजहरू अस्वीकार्य छन् भनीनिषेधित छैनन्, तरस्वीकार्य कुराहरूसँग समानता छन्, अस्वीकार्य चीजहरूसँग विपरीत छन्-त्यस्ता चीजहरू उचित छन्।

३) जे जति पनि कुराहरू स्वीकार्य छन् भनीस्वीकृत छैनन्, तर अस्वीकार्य कुराहरूसँग समानता छन्, स्वीकार्य कुराहरूसँग विपरीत छन्-त्यस्ता चीजहरू अनुचित छन्।

४) जे जति पनि कुराहरू स्वीकार्य छन् भनीस्वीकृत छैनन्, तर स्वीकार्य कुराहरूसँग समानता छन्, अस्वीकार्य कुराहरूसँग विपरीत छन्-त्यस्ता चीजहरू उचित छन्।

म एउटा उदाहरण लिनेछु जुन माथिका मध्ये एकसँग केही सन्दर्भमा मिल्दोजुल्दो छ। अफिमलाई निषेधित वस्तुको रूपमा निषेध गरिएको छैन किनभने बुद्धकालमा जम्बुद्वीप (भारत) मा यसको धेरै प्रयोग वा लोकप्रिय थिएन,तर रक्सी चिनिन्छ र प्रयोग गरिन्छ र यसैले भिक्खुहरूका लागी निषेधित वस्तु बनाइएको थियो। तर,अफिम र रक्सी दुवै नसालाई सुस्त बनाउन र प्रयोगकर्ताहरूलाई लत लगाउन सक्ने पदार्थहरू हुन्

जसले गर्दा दुर्व्यसनीले समय-समयमा प्रयोग गर्नुपर्ने मात्रा बढाउनुपर्छ। उस्तै यिनीहरू रोगकास्रोत हुन् र धेरै प्रकारका दुष्टताको जरा भएकोले शरीरको शक्ति घटाउँछन्। तसर्थ,अफिम रक्सीसँग गणना गर्न सकिन्छ कि भिक्खुहरूकोलागी यो प्रयोग गर्नु उपयुक्त छैन।

रक्सीनिषेधित चीज हो,तर यो मादक पदार्थ बाहेक अन्य उद्देश्यका लागीपनि प्रयोग गर्न सकिन्छ,जस्तै वाकवाकी हुनबाट रोक्न,वा स्वादिलो बनाउनको लागीखानामा मिसाइन्छ,त्यसैले (यी अवस्थामा)यसलाई अनुमति दिइएको छ । पखाला निको पार्ने औषधी क्लोरोडिन जस्ता औषधीमा मिसाइएको अफिमको प्रयोगको सामान्य उद्देश्य हुँदैन र यस्तो अवस्थामा यो रक्सीको समान हुन्छ जुन कि अन्य चीजहरूसँग मिसाउँदा अनुमति दिइन्छ। त्यसैले यो रोगको समयमा उपयुक्त चीज हो र औषधीको रूपमा प्रयोग गर्नु पर्छ।

भगवान बुद्धले उखुको गुलियो झोल आगोमा पकाएर ठोस बनाइएको खाद्यको अनुमति दिनुभयो,जसलाई *फाणित* भनिन्छ। अन्य प्रकारका बोटबिरुवाहरू,जस्तै ताडको-चिनी वा नरिवल-ताडको गुलियोझोल,पालिमा उल्लेख गरिएको छैन र यसैले अनुमति नदिइएका चीजहरूमा गणना गर्नु पर्छ,तर तिनीहरूको स्वाद गुलियो छ,उखुले जस्तै लाभ दिन्छ,त्यसैले तिनीहरू उखुसँग गणना गर्न सकिन्छ। अन्य प्रकारको गुलियो पानी पनि उपयुक्त छ। अब, उखुको गुलियो पानी (वा गुड़) सात दिनभन्दा बढी राख्न निषेध गरिएको छ र योभन्दा बढी

राख्दा अस्वीकार्य छ,त्यसैले अन्य स्रोतबाट निकालिएको चिनी पनि अस्वीकार्य छ (यस सीमाभन्दा बाहिर राख्नुहुन्न)।

यी महापदेस विनयका धैरै महत्त्वपूर्ण सिद्धान्तहरू हुन्। यदि भिक्खुहरूले तिनीहरूलाई राम्ररी बुझेमाउनीहरूले आफ्ना वरिपरि धैरै प्रकारका चीजहरू र काम गर्ने विभिन्न तरिकाहरू देख्दा राम्रो र उपयुक्त तरिकाले अभ्यास गर्न सक्छन्।

**भगवान बुद्धका विशेष स्वीकृतिहरू**

स्थापित नियमहरू मध्ये केही अवस्थामा,भगवान बुद्धले असाधारण परिस्थितिहरूको लागी विशेष स्वीकृतिहरू दिनुभएको छ। यहाँ हामी ती अपवादहरूको बारेमा कुरा गर्दैनौं जुन प्रत्येक सिक्खापदहरूमा पाइन्छन् तर केहि घटनाहरूका वास्तविक सिद्धान्तहरू मात्र लिन्छौं। तिनीहरू निम्न रूपमा देख्न सकिन्छ:

१) भिक्खुको रोगको समयमा भगवान बुद्धले पिसाब,मलमूत्र,खरानी र माटो गरी चार *महाविकट*औषधीको अनुमति दिनुभएको छ। यी वस्तुहरू सर्पले टोकेको भिक्खुलाई अनुमति दिइन्छ र उनीहरूलाई औपचारिक रूपमा हातमा नसौंपिएकोभए तापनि त्यो भिक्खुलाईआपत्ति नलाग्ने गरी लिन सकिन्छ।

सिता नभएको माडको सूप जुनलाई भातको झोलको रूपमा बुझ्न सकिन्छ,साथै मासुको चोक्टा रहित सफा सूप पनि

बिरामी भिक्खुहरूका लागी स्वीकृत वस्तुहरू हुन् जसलाई विकालमा खाना आवश्यक छ। सफा माड र उमालेको मासुकोसफा सूप पालिमा विकालको समयको रूपमा स्पष्ट रूपमा उल्लेख गरिएको छैन तर *काल* भित्रभात र मासु जसरी पनि स्वीकृति दिइएको हुनाले यो बुझ्न सकिन्छ,त्यसैले विशेष स्वीकृति हुनुपर्छ। यी दुई (झोल) चीजहरू किन स्वीकृति दिइएका होलान? किनभने तिनीहरू विशेष रूपमा विकालमा भोजनको लागी अनुमति दिइएको छ। अन्य प्रकारका चीजहरू छन्, जुन बिरामी भिक्खुहरूको लागी अनुमति छ, तर म तिनीहरूको नाम अनुवाद गर्न जान्दिनँ,वा केहि अवस्थामा म अनुवाद गर्न सक्छु।तर तिनीहरूलाई अन्य तरिकाले व्याख्या गरिएका छन्,त्यसैले म यो बुँदामा चुप लाग्नेछु।

२) भगवान बुद्धद्वारा एकजनाभिक्खुको लागी अनुमति दिइएको छ जसले सामान्यतया आफ्नो घाँटी (वा मुख) मा खाना बान्ता गर्दथ्यो,त्यसले उसलाई विकाल भोजन-सिक्खापद अन्तर्गत आपत्ति नगरी फेरि निल्ने अनुमति दिन्छ। यो विषयको अर्को उदाहरण छ, एकजनाभिक्खुथियो जसले मुखमानिस्केको रगत थाहा नपाइकननिल्थ्यो। यो आपत्ति अचित्तक (मनशाय रहित) मानिन्छ। भिक्खुले मानिसको रगत निल्यो भने थुल्लच्चयआपत्ति स्वीकार गर्नु पर्छ। तर यदि उसले थाहा नपाइकन खान पुग्यो भने यो कामको लागी उसलाई दोष लगाउनु तर्कभन्दा पर जान्छ। उसलाईअसन्तुष्टी मात्र हुन्छ।

Dhamma.Digital

यदि भिक्खुको मुखमा खटिराबाट पीप र रगत आउँछ भने,उसले निश्चित रूपमा विशेष स्वीकृति पाउनु पर्छ।

३) भगवान बुद्धले समय (काल) को सन्दर्भमा स्वीकृति दिनुभयो। उदाहरणकोलागी,उहाँले भिक्खुहरूलाई तेल पाउनको लागी बोसो तलाउने अनुमति दिनुभयो तर भिक्खुले त्यसलाई छान्ने लगायतका हरेक कार्यहरू मध्याण्हपूर्व बिहाननै पूरा गर्नु पर्छ। पुब्बसिक्खावण्णनामा,यो कुरालाई भगवानले अनुमति दिएको बोसो-तेल अन्तर्गत व्यवस्थित गरिएको छ। यसको मतलब यो हो कि अस्वीकार्य प्रकारको जनावरको मासु भए पनि,यसको बोसो स्वीकार्य छ। एक तरिकाले यो बुझाई सहि हो ।

४) भगवान बुद्धले क्षेत्र वा *देस*को सन्दर्भमा विशेष स्वीकृतिहरू दिनुभएको छ। उदाहरणकोलागी,उहाँले पाँच जनाभिक्खुहरूको सङ्घलाई उपसम्पदा दिने अनुमति दिनुभयो। उहाँले भिक्खुहरूलाई जुनसुकै बेलामा नुहाउने अनुमति दिनुभयो। उहाँले तिनीहरूलाई चार तह तलुवा भएको नयाँ चप्पलहरू प्रयोग गर्ने अनुमति दिनुभयो-यी सबै स्वीकृतिहरू बाहिरका देशहरू (प्रत्यन्त जनपद)[25]का लागीहुन्।

---

[25]मध्य देश' भन्नाले सालाखाला रूपमा गंगा नदीको उपत्यका र वरपरकोक्षेत्र हो, जुन कि भगवान बुद्धको भ्रमण क्षेत्र थियो। यस क्षेत्रको चारैतिरको क्षेत्रलाई बाहिरी जनपद' (वादेशहरू) भनिन्थ्यो। एउटा सन्दर्भ (विनय १, १९६; हेर्नुहोस् Book of

५) भगवान बुद्धले औषधीको मामलामा स्वीकृतिहरू दिनुभएको छ: उदाहरणकोलागी,उहाँले रक्सी मिसाइएको तेललाई थोरै मात्रामा लिन अनुमति दिनुभयो जसमा (रक्सीको)रंग र स्वाद  देखा पर्दैन। र उहाँले भिक्खुहरूलाई औषधीमा लसुन मिसाएर प्रयोग गर्न अनुमति दिनुभयो,तर यसलाई खानाको रूपमा (विकालमा) लिने अनुमति छैन। यो अन्य मामलाहरूको लागी उदाहरण हो जब कुनै चीज औषधीको लागी प्रयोग गरिन्छ,किनकि भिक्खुहरूले कसरी उदार मनोवृत्ति राख्ने भनेर जाने भनेउनीहरूले बिरामी भिक्खुहरूलाई स्याहार गर्न सजिलो हुनेछन्।

**सुरक्षाको माग गर्नु**

गृहस्थीहरूलाई अदालतमा नलैजाने भिक्खुहरूको चलन छ। यो भिक्खुणीको सिक्खापदमा संघादिसेस दण्ड रहेको

---

the Discipline', Vol. IV, p. 266), ले निम्नलिखित रूपमा तत्कालीन मध्यदेशका सीमानाहरू दिन्छ। उनै शाही लेखकको कृति'Life of the Buddha' मा उद्धृत: "पूर्वमा यसको सिमाना महासाल शहरछ; दक्षिण-पूर्वमा सल्लवती नदी; दक्षिणमा सेतकण्णिकसहर; पश्चिममा थूनसहर; उत्तरमा उसिरधज सहर। आधुनिक ठाउँहरूसँग यी नामहरूको पहिचान स्पष्ट छैन। सम्भवतः थून-स्थानेश्वर र उसिरधज-उसिरगिरि, कंखालको उत्तरमा अवस्थित पहाड।

Dhamma.Digital

कारणले हो। शान्तिमा बस्ने श्रमणकोलागीअरूसँग झगडा गर्न मन नलाग्नुयो उपयुक्त छ। तर पछिका धेरै आचार्यहरूको बुझाइ धेरै बाध्यात्मक छ-मानिसहरू आएर भिक्खुहरूलाई दुर्व्यवहार गरे पनिभिक्खुहरूले गल्ती गर्नेको नाम दिएर सुरक्षा पाउनको लागी अधिकारीको ध्यानाकर्षण गर्न सक्दैनन्। यस विधीलाई नाम उल्लेख गरेर सुरक्षा अनुरोध गर्नु भनिन्छ। त्यो अधिकारीले गल्ती गर्नेलाई दण्डित गरेमा सूचना दिने भिक्खुलाई भण्डदाय हुन्छ, भनिन्छ, अर्थात् गल्ती गर्नेलाई गरिने जरिवाना बराबरको रकम भिक्खुले भर्नुपर्छ। त्यसोभए यदि त्यो भिक्खुले कुनै गल्ती गर्ने व्यक्तिबाट क्षतिपूर्तिको लागी अधिकारीलाई अनुरोध गर्दछ,र यदि त्यस अधिकारीले आफ्नो फैसला आदेश पूरा गर्दछ भने,त्यो भिक्खुले पाराजिकआपत्ति प्राप्त गर्नु पर्छ, भनिन्छ। यो त भिक्खुनीहरूको मौलिक नियम भन्दा कडा भयो! गल्ती गर्नेको नाम उल्लेख नगरिकन मात्रभिक्खुलेगर्ने अनुमति छ,यसलाई नाम नलिइकन सुरक्षाको अनुरोध गर्नु भनिन्छ। त्यसपछि,यदि कुनै अधिकारीले गल्ती गर्नेलाई दण्ड दिन्छ,वा उसले भिक्खुको (चोरी) सामानहरू कब्जा गरी उसलाई फिर्ता गर्छ भने,यो भनिन्छ कि भिक्खुलाई कुनै आपत्ति छैन र उसले आफूलाई फिर्ता गरेको चीज ग्रहण गर्न सक्छ। नाम उल्लेख नगरीकनसुरक्षाको लागी अनुरोध गर्दा कुनै समयमाभिक्खुहरूप्रति सम्मानगर्ने देशमा सफल हुन सक्ला। अन्य समयमा,जस्तै वर्तमानमा,यो सफल हुनेछैन।माथि दिइएको फैसलामा सहमत हुनुको अर्थ (गल्ती गर्नेको नाम

उल्लेख गर्नेभिक्खुले आपत्ति पाउनु पर्छ) भनेको उसलाई देशको कानूनबाट कुनै पनि सुरक्षा प्राप्त गर्नबाट वञ्चित गर्नु हो। उसँग भएका जे-जति कुराहरू छन् ती उसका होइनन्, तिनीहरूमाथि उसको अधिकार पनि छैनन्,त्यसैले जसले चाहे पनि त्यो भिक्खुलाई धम्की दिन वा उसका चीजहरू खोस्न सक्छन्,मनपरी गर्न सक्छन्, भनिएको हुन्छ। यो निर्णययस विषयसँग परिचित नभएको व्यक्तिको हो जस्तो देखिन्छ।

भिक्खुनीहरूको पहिलो संघादिसेस सिक्खापदको अनापत्तिवारमा,अपवादहरू दिइएका छन्: उदाहरणकोलागी,यदि भिक्खुणीलाई धेरै व्यक्तिहरूले घिसारेर लैजान्छ,वा यदि उसले सुरक्षाको लागी अनुरोध गर्छ भने,वा नाम उल्लेख नगरेमा,उसलाईआपत्ति लाग्ने छैन। भिक्खुनीलाई धेरैले घिसारेर लैजाँदाको विषयलाई यहाँ अरुले उसलाई आरोप लगाएर अदालतमा बोलाइएको हो वा प्रतिवादी बनाएर पक्राउ गरी त्यहाँ लगिएको हो भन्ने व्याख्या गरिएको छ। उसले आफूलाई अपराधबाट मुक्त गर्न निवेदन गर्न सक्छे। भिक्खुणीले सुरक्षाको अनुरोध गरेको अवस्थामा,व्याख्या गरिएको छ कि एक भिक्खुणीलाई अरूले दुर्व्यवहार गरेको छ वा उनीहरूबाट बाधा अड्चन दिइएको छ,त्यसैले उसले देशबाट सुरक्षाको लागी अनुरोध गर्न सक्छे,उसले गल्ती गर्नेहरूको नाम उल्लेख गरे पनिउसलाई आपत्तिहुँदैन।भिक्खुनीले उक्त व्यक्तिको नाम नबताएको अवस्थामा, व्याख्या गरिएको छ कि भिक्खुनीलाईकसैद्वारा चोट पुर्याइएको छ, तर कसले गरेको हो

थाहा नभएको अवस्थामा उसले अधिकारीलाई (घटनाको) जानकारी गराउन वा प्रतिवेदन बुझाउन सक्छ,अथवा उसका सरसामान चोरी भयो तर चोर को हो थाहा छैन उसले ती (हराएका) सामानहरूको विवरण अधिकारीलाई दिन सक्छ,आपत्तिलाग्दैन। अट्ठकथा-आचार्यहरूले पालिका अन्तिम दुईवटा घटनाहरू (सुरक्षा अनुरोध गर्नु र नाम उल्लेख नगर्नु) लाई एउटै भनी बुझेका छन्,अर्थात्,सुरक्षाको अनुरोध गर्नु भनेको नाम उल्लेख नगर्नु हो,त्यसपछि उनीहरूले अनावश्यक रूपमा व्याख्या गर्छन्। यदि पालिका प्रबन्धकहरूको मतलब यो हो भने,उनीहरूले नाम उल्लेख नगरी सुरक्षाको अनुरोध गर्नु हो भनेर व्याख्या गर्नुपर्थ्यो।जसले गर्दा सम्पत्ति फिर्ता पाउन सकिन्छ,किनकि ती चीजहरूमा भिक्खुको अधिकार हुन्छ,त्यसैले उसलाई कुनै आपत्ति हुँदैन। भिक्खु जसले आफ्नो नासोमा दिइएका चीजहरू चोर्न चाहन्छ,जबसम्म मालिकहरूको ती चीजहरूमा अधिकार कायम छ भिक्खुलाई अवहार (चोरी) गरेको मानिंदैन। उपरोक्त अवस्थामा पनि त्यस्तै हो,अझै पनि ती चीजहरूमा भिक्खुको अधिकार बाकी छ र त्यसैले तिनीहरूलाई फिर्ता लिन सकिन्छ।माथि उल्लिखित यी विभिन्न मुद्दाहरूको सार संक्षेपमा भन्नुपर्दा,भिक्खुले अरूसँग झगडा गर्न चाहँदैन र कुनै मामूली कारणलेमुद्दा हाल्नखोज्न हुँदैन। यदि ऊ धैर्य गर्न सक्छ भने उसले शान्त रहनु पर्छ र केहि भन्नु हुँदैन। जब केहि आवश्यक हुन्छ भने उनी आफैलाई गल्तीबाट मुक्त गर्न प्रतिवादी हुन सक्छ। जब भिक्खुलाई थिचोमिचो गरिन्छ र

उसले सहन सक्दैन,उसले सुरक्षाको लागी अनुरोध गर्नु पर्छ र उसले नाम पनि उल्लेख गर्न सक्छ; वा यदि उसलाई कसैबाट चोट लागेको छ तर उसलाई थाहा छैन कि त्यो को थियो,उसले अधिकारीहरूलाई जानकारी दिन वा रिपोर्ट गर्न सक्छ; वा उसको सामान चोरी भएको अवस्थामा कसले चोरेको हो, थाहा पाएको छैन भने उसले त्यसको विवरण दिन सक्छ। यसरी व्यवहार गर्नुमा कुनै आपत्ति छैन।

**पतन(विपत्ति) का चार ढंगहरू**

पालिमा,भिक्खुहरूका पतनका ढंगहरूलाई चार भागमा वर्गीकृत गरिएको छ: *सील-विपत्ति*-शीलहरूमा पतन,*आचार-विपत्ति*-आचरणमा पतन,*दिट्ठि-विपत्ति*-दृष्टकोण (विचार)मा पतन,र *आजीव-विपत्ति*-जीविकामा पतन। सील-विपत्तिभनिने पतनको अर्थ पाराजिक वा संघादिसेसलाई अतिक्रमण गर्नु हो जुन भारी आपत्तिहो। आचार-विपत्तिभनिने आचरणको पतन,जसको अर्थ लहुकापत्ति वा थुल्लच्चयदेखि दुब्भासितसम्मको हल्का सिक्खापदहरू उल्लंघन गर्नु हो। धम्म र विनयको बारेमा गलत दृष्टिकोणलाई दिट्ठि-विपत्तिभनिन्छ जस अन्तर्गत माथिका केही आपत्तिहरू दोहोऱ्याएर व्यवस्थित गरिएको छ। जीवन यापन गर्ने तरिकामा कमजोरी आउनुलाई आजीव-विपत्तिभनिन्छ। जीविकोपार्जनकानियम उलङ्घनका कारणले केही आपत्तिहरू लगाइएका छन् । चारवटा विपत्तिहरूलाई यसरी वर्गीकृत गरिएको छ जसले गर्दा शीलपालन

गर्ने,आचरण पालन गर्ने, दृष्टिकोण र जीविकोपार्जनको शुद्धता अभ्यास गर्नेभिक्खुहरूका लागीहोश गर्ने तरिका बन्नेछन्। यस्तोगरेमा भिक्खु अपवित्र हुँदैनन्। यद्यपि,यसले भिक्खुहरूको पतनलाई रोक्ने माध्यमको व्यापक दायरालाई समेट्दैन,जस्तो कि सीलनिद्देसपालिले गर्दछ।सीलनिद्देसले भिक्खुका नैतिक आचारसंहिताहरू व्याख्या गर्दछजुन निम्नानुसार छन्: भिक्खुलेपाटिमोक्खका नैतिक नियमहरूमा संयम राख्दछ, ऊ आचरण र गोचरले सम्पन्नहुन्छ। सानो आपत्ति भए पनिउसले यसबाट डराउनुपर्छ र सिक्खापदहरूमा आफूलाई सही तालिम दिनुपर्छ।

यदि 'भिक्खु(असल) आचरण र गोचरलेसम्पन्न हुन्छ' भन्ने वाक्यांशको अर्थ आचरणको पतन हुनुलेभिक्खुलाईआपत्तिहुँदैन भनेपनिभिक्खुले पाटिमोक्ख अनुसार शीलाचरणमा आफूलाई संयम राख्छ भन्ने वाक्यांश दोहोर्याउँछ। तर यदि यस वाक्यांशको अर्थ आचरणको पूर्णता हो जुन पाटिमोक्खको अन्तर्गत नभएको(तर) अभिसमाचारको अंश हो भने,यो सम्भव छ, तर यो 'गोचर' शब्दको सन्दर्भमा पूर्ण रूपमा होइन। मैले बुझेको छु कि 'आचरण र गोचरले सम्पन्न' वाक्यांशको अर्थ आपत्तिमा समावेश नगरिएको तर संयमपूर्वक बस्ने भिक्खुहरूका लागी उपयुक्त नहुने व्यवहार र स्थानहरू हो। (यस्ता कामकुराहरू गरिरहेको र त्यस्ता ठाउँहरूमा गइरहेको) देख्ने अरूभिक्खुहरूले त्यस्ता भिक्खुहरूप्रति घृणा गर्छन्। म निम्न रूपमा एउटा उदाहरण दिनेछु: मानौं

Dhamma.Digital

किभिक्खुले महिलासँग गोप्य स्थानमा बस्न निषेधसिक्खापदलाई छल्न चाहन्छ। ऊतिनीसँग गोप्य ठाउँमा उभिन्छ र त्यसैले यो कामले उसलाई पाचित्तिय सिक्खापद अन्तर्गत आपत्ति हुँदैन,तर यस्तो हुनुले पतन हुनुको अवस्थामा कुनै कमी हुन्छ भनी कसैले भन्नसक्दैन। म त्यस घटनालाई *आचार-विपन्नो*अथवा आचरणमा पतन हुनु हो भनी बुझ्छु, जुन कि सीलनिद्देस पालिमा उल्लिखित *आचार-सम्पन्नो*-शुद्ध आचरणयुक्तहुनुको विपरीत कालो तरिका हो। भिक्खुले रक्सी खान नचाहे पनि कसैलाई भेट्न भत्तीमा जान्छ।भिक्खुको यस्तो कार्यआपत्तिजनक छ र उचित छैन,किनकि मदिरा त्याग्नेहरूकोलागी त्यो स्थानमा जानुउपयुक्त छैन, तसर्थ स्थान *गोचर-विपन्नो* हो। यो काम *गोचर-सम्पन्नो*-शुद्ध गोचरले सम्पन्न हुनुको विपरित कालो तरिका हो। अलज्जी नभए पनि होसियारीपूर्वक सोच्ने बानी नभएको भिक्खुले (यस्तो) सोच्न सक्छ, 'जुनलेआपत्ति छैन,त्यो गर्न सकिन्छ।' त्यसैले उसले आपत्ति हुने सिक्खापदहरूको अतिक्रमण छल्ने उपायहरू खोज्ने प्रयास गर्छ,त्यसैले गर्दा हो कि कुन कारणले आपत्ति हो र होइन भन्ने बारेमा धेरै सल्लाहहरू ग्रन्थहरूमा दिइएका छन्। मेरो विचारमाआपत्ति लगाउन नमिल्ने तर खराब मानिने आचरणलाई पनि आचरणमा पतन हुनु अन्तर्गत राखिनुपर्छ।धर्म र विनयको बारेमा अन्य मानिसहरूको दृष्टिकोणभन्दा भिन्नता हुनु*विवादाधिकरण* (विवाद सम्बन्धी विधीगत प्रक्रिया, मुद्दा) को कारण हुन्छ र गलत दृष्टिकोण भनी निर्णय गरिएकोलाई

अपनाउनुदिट्ठिविपत्ति वा दृष्टिमा पतनहुनु मानिन्छ। आपत्ति लाग्ने नभए पनि दोषपूर्ण तरिकाभित्रपर्नेजीविकोपार्जनलाई विनीतवत्थु (विनय सम्बन्धीवर्णन) मा चित्रण गरिएको छ,दोस्रो पाराजिकसिक्खापद:भिक्खुले झुटोवा असत्य बोल्छ कि उसले एक व्यक्तिबाट कुनै बस्तुलिएर अर्कोलाई,अर्थात्,उसलाई विश्वास गर्ने व्यक्तिबाट तेस्रो पक्षलाई दिन्छु भनी लिन्छ,तर त्यस्तो गर्नुको सट्टामा उसले (त्यो बस्तु) आफ्नै लागी लिन्छ। मालिकले भिक्खुलाई त्यो बस्तु दिने भएकोले उसले अवहार (चोरी) गरेको मानिंदैन, भनिन्छ। झूट बोलेकोमा उसले पाचित्तिय मात्र पाउनुपर्छ। अहिले एउटा उदाहरण यस्तो हुनेछ: निम्तो नपाएका केही भिक्खुहरू निमन्त्रणा भएको ठाउँमा गएर निम्तो पाएका भिक्खुहरूसँग मिसिन जान्छन्। दातालाई थाहा छ कि भिक्खुहरूको संख्या उसले निमन्त्रणा दिएकोभन्दा बढी छ,वा सायद उसलाई थपिएकाभिक्खुहरूको नाम थाहा छ, तर उसले उनीहरूलाई पनि दान दिन्छ। यो मामला पनि,मेरो विचारमा, आजीवविपत्ति वा जीविकोपार्जनमा पतन भएको अन्तर्गत राख्नुपर्छ ।

लज्जी वा लज्जालु र सदाचरण कसरी गर्ने भन्ने अध्ययन गर्न चाहने, आफ्नाशीलहरूलाई उच्च सम्मान राख्नेभिक्खुहरूलेमाथि उल्लिखित चारवटापतनबाट आफूलाई पवित्र राख्नुपर्छ।

Dhamma.Digital

**अगोचर (अनुपयुक्तस्थानहरू)**

भिक्खुहरू जान नहुने व्यक्ति वा ठाउँहरूलाई *अगोचर* वा गलत आश्रयभनिन्छ,र यो छ प्रकारमा विभाजन गरिएको छ: वेश्या,विधवा,(बुढी) कन्या,भिक्खुनीहरू,विकृत यौनांग हुनेहरू (पण्डक),र भट्टि।

'वेश्याहरू' को अर्थखुलेआमवा गोप्य रूपमासबै प्रकारका यौनसम्पर्क गरेरजीविका गरी एक्लै वा समूहमा बस्नेमहिलाहरू, सबैलाई वेश्याहरू भनिन्छ। जोभिक्खुयस्ता वेश्याहरूसँग संगत गर्छ र घनिष्ठता राख्छ, उनीहरूलाई भेट्न बारम्बार जान्छ, त्यो उसँग बस्ने अन्य भिक्खुहरूलाई घृणित हुन्छ । अझ त्यसमाथि पनि वेश्यावृत्तिमा लागेकी महिलाले सो भिक्खुलाई आफ्नो बशमा पार्न सक्छे । सुन्दरसमुद्र नामक एक थेरको कथा छ,जो एक धनी परिवारका छोरा थिए जसले (गृहस्थ जीवन) त्याग गर्ने श्रद्धा राखेका थिए र जो ब्रह्मचर्य पालन गर्न पनि खुशी थिए। उनका आमा र बुबाले उनलाई ब्रह्मचर्यबाट बाहिर निकाल्ने उपाय खोज्ने प्रयास गरे तर केही सफल भएन। तथापि,एउटी वेश्याले उनलाई चीवर छोडाउने काम स्वेच्छाले (जिम्मा) लिइ। उसले त्यो भिक्खुलाई पछ्याई र उनी बसेको सहरमा घर बनाएरबसी। सुरुमा,सो भिक्खु भिक्षाचारमाआउँदा उसले पिण्डपात (भिक्षान्न) चढाइ। बारम्बार भिक्षा ग्रहण गरेर एकअर्कासँग चिनजान भइसकेपछि उसले भिक्खुलाई घरमा भोजन गर्ननिमन्त्रणा गरी। सुरुमा उसले

https://dhamma.digital

खुल्ला ठाउँमा भोजन गर्ने प्रबन्ध गरी, तर पछि त्यस महिलाले त्यहाँ बच्चाहरूलाई (नजिकै) खेल्ने र धुलो उडाउने व्यवस्था गरी। यसलाई बहाना बनाएर,उसले भिक्खुलाई कोठामा भोजन गर्न बोलाई। त्यसपछि उसले त्यस भिक्खुमा यौन चाहना जगाउन खोज्दै हरेक प्रकारको स्वैच्छिकता देखाइ। त्यसबाट उनलाई थाहा भयो कि तिनीगृहस्थी बनाउनचाहन्छे,त्यसपछि उनी त्यहाँबाट भागे। त्यो भिक्खुमा चेतना (होश) थियो र भिक्खुको धम्ममा अडिग थियो, त्यसैले उनी त्यो खतराबाट बच्न सफल भए। तर,वेश्याहरूमा जान पूर्णतया निषेध गरिएको छैन,किनकि भिक्खुहरूले तिनीहरूबाट निमन्त्रणा प्राप्त गर्न सक्छन् र नियमपूर्वक जान सक्छन्,उदाहरणकोलागी,जब भिक्खुहरू सिरिमा उपासिकाको घरमा भोजन गर्न गएका थिए,तर यस्तो अवस्थामा भिक्खुले आत्मसंयम गुमाउन नदिन सचेत र होसियार रहनुपर्छ।

'विधवा' भन्नाले पतिको मृत्यु भइसकेको वा पतिबाट छुट्टिएर बसेकी महिलालाई बुझाउँछ। बुढीकन्या पति बिना बस्ने एकल महिला हो। यदि कुनै भिक्खुले यी दुई प्रकारका महिलाहरूसँग नियम विपरीत ढंगले वा गलत समयमा घनिष्ठ रूपमा परिचित हुन्छ भने,उसँग बस्ने अन्य भिक्खुहरूलाई पनि घृणित हुन्छ। यो ब्रह्मचर्यको लागी पनि खतरा हो। तर यसको मतलब यो होइन किमाथि उल्लिखित व्यक्ति वा ठाउँमा जान हुँदैन,संगत गर्न हुँदैन, परिचय गर्न हुँदैन। ऊ तिनीहरूसँग परिचित हुनसक्दछन् र नियम मुताविक उनीहरूलाई भेट्न जान

पनि हुन्छ, अथवा उसले उनीहरूबाट सहयोग पनि लिन मिल्छ, तर उसले राम्रो र मर्यादित ढंगले व्यवहार गर्नु पर्छ। यसको उदाहरणको लागी, कोसल देशको मातिक ग्राममा विहार बनाई बस्ने एकजना भिक्खु थिए तथा उनको त्यस ग्रामप्रमुखकी आमासँग परिचय भयो र तिनीबाट सेवा उपस्थान प्राप्त गरे। उनले सबै प्रकारका सुविधाहरू प्राप्त गरे तथा त्यसै कारणले उनी समणधम्म आचरण पूर्ण गर्नमा सफलता हासिल गरे। यसरी संगत गर्नुमा कुनै दोष छैन।

भिक्खुणी पनि ब्रह्मचारिणी हो र त्यसो हुनाले ऊ एकल महिला हो। यद्यपि भिक्खुहरू उनीहरूका सहधार्मिक धर्ममित्रहरू हुन्, उनीहरूसँग उचित ढंगले मात्र संगत गर्नु पर्छ। भगवान बुद्धले भिक्खुहरूका भिक्खुणीहरूसँगको संगतको कारणले गर्दा भिक्खुहरूका लागी धेरैवटा सिक्खापदहरू बनाउनुभएको छ, ताकि उनीहरूको व्यवस्था सुहाउँदो ढंगले होस्।

पण्डक भनेको खसि पारि राखिएको पुरुष हो। यस्तो जानकारीमा आएको छ कि चीन र टर्कीका दरबारहरूमा अतीत कालमा यस्ता पण्डकहरूलाई दरबारका अन्तःपुरमा भित्रबाहिर आवतजावत गर्ने काममा लगाउने गर्थे। चीनमा यस्ता मानिसहरूलाई 'खन्ती' भनिन्छ। यी पण्डकहरू (कामसुखको लागी) सामान्य पुरुषवर्गकाप्यारा थिए। त्यसो हुनाले यिनीहरू भिक्खुहरूका माझमा घृणितहरू थिए। महिलाहरूसँग सम्बन्धित संघादिसेस सिक्खापदहरूमा देखिन्छ कि पण्डकहरू महिलाहरू

(जो कि संघादिसेसको आधार हो) पछि थुल्लच्चयको आधार हो। यदि भिक्खु पण्डकसँग धेरै मित्रतायुक्त भएमा ऊ उसका सहधम्मिकहरूको लागी घृणित हुन्छ।

भट्टि भनेको रक्सी बेचिने ठाउँ हो, रक्सी पार्ने कामलाई समेत यहि नामले जानिन्छ । भट्टिमा जाने भिक्खुले अरूलाई गलत फहमी दिनसक्छ कि ऊ त्यहाँ रक्सी खान गएको हो। समण भिक्खुको लागी रक्सी खानु कलंक हो र दोषपूर्ण काम होर उसलाई त्यस्तो गरेको देख्ने र सुन्नेहरूको लागी ऊ घृणित व्यक्ति हो। अफीम पसलहरू अथवा अफीम कारखानाहरू पछि उत्पन्न भएका हुन्, तर पनि यिनलाई यसै कोटीमा समावेश गरिएका छन्। ती पनि भिक्खुहरूका लागी अगोचर हुन्।

माथि उल्लिखित व्यक्तिहरू वा स्थानहरूमा जाने भिक्खु राम्रो वा उचित नभएको हुन्छ, अरूका घृणित व्यक्ति हुन्छ, त्यस्ताहरूलाई *गोचरविपन्नो* भनिन्छ,जसको अर्थ 'आश्रयमा पतन हुनु' हो। यी ६ वटा गलत आश्रयबाट परहेज गर्ने भिक्खुले व्यक्ति वा स्थान हेर्न जाने हो भने उपयुक्त व्यक्ति र उपयुक्त ठाउँ छनोट गर्नु पर्छ,नियमपूर्वक जाने र उचित समयमा जाने गर्नु पर्छ,पटक-पटक नजाने,समयमै फर्केर आउने चलनगर्नु पर्छ। उसका भ्रमणले सहधम्मिक अन्य भिक्खुहरूका लागी घृणित नहुने तरिकाले गर्नु पर्छ- (यी सबै) हुनुलाई *गोचरसम्पन्नो* भनिन्छ,जसको अर्थ हुन्छ,'आश्रयमा निर्दोष हुनु'जुन कि असल आचरण भएको भन्नेसँग रहेको

जोडीमध्ये एक हो। सीलनिद्देसमा उनीहरूलाई एकसाथ *आचारगोचरसम्पन्नो* भनिन्छ,जसलाई 'आचार र गोचरले सम्पन्न व्यक्ति' को रूपमा अनुवाद गरिएको छ,यो*सीलसम्पन्नो*सँग जोडिएको छ,जसलाई 'शीलाचरणले पूर्ण व्यक्ति' भनेर अनुवाद गरिएको छ। शीलाचरणले पूर्ण भएको, मर्यादापूर्ण शुद्ध आश्रय भएका भिक्खुहरूले सासनलाई दीर्घकालसम्म सजाउँछन् र समृद्धि बढाउँछन् ।

*****

Dhamma.Digital

## पालि-नेपाली शब्दकोष

(रोमन वर्णक्रमानुसार)

**ए**

अभिसमाचार-समुचित आचरण; सानातिना नैतिकता सम्बन्धी; आचरण गर्नुपर्ने; असल आचरणको लागी हुनुपर्ने न्यूनतम आवश्यकता;

आचारगोचरसम्पन्नो-असल आचरण तथा आश्रय भएको व्यक्ति

आचारसम्पन्नो-असल बानि व्यहोराले पूर्ण भएको व्यक्ति; सदाचरणले पूर्ण भएको व्यक्ति

आचारविपन्नो-आचरणमा पतन भएको

आचारविपत्ति-आचरणमा पतन हुनु

आचरिय-आचार्य, गुरू

आचरियमत्त-शाब्दिक अर्थ,आचार्य तहको व्यक्ति; आचार्य हुनको लागी उपयुक्त भिक्खु

अचित्तक–चेतना नभएको,

अधिकमास-मलमास

अधिट्ठान-संकल्प; निर्णय, अधिष्ठान

अधिट्ठान-उपोसथ-एक्लो भिक्खुको उपोसथ

अधिवार-अतिरिक्त दिन

आगन्तुक-वत्त-पाहुना भिक्खुको कर्तव्य

Dhamma.Digital

अगति-गलत मार्ग; पक्षपात, पूर्वाग्रह

अगोचर-गलत आधार, जान तथा बस्न नहुने स्थान

आजीवविपत्ति-जीविकोपार्जनमा पतन हुनु; गलत जीवन यापनको माध्यम हुनु

अलज्जी-लज्जा नभएको, पुण्यपाप वास्ता नभएको

आणा-खेत्त, आज्ञा, आदेश, अधिकार; बुद्‌ध भगवानको अधिकार क्षेत्र

अनाचार-चुलबुल तथा गलत आचरण

अनामास-स्पर्श गर्न अयोग्य वस्तु

अनामत्थपिण्डपात- भिक्खुले नखाने भिक्षान्न; खाएर उब्रेको भिक्षान्न

अनेसना-जीविकोपार्जनका अनुचित तरिका

अञ्जली-हात बिन्ती गरेर गरिने आदरपूर्ण मुद्रा

अन्तरवासक-कम्मरदेखि मुनि बेरिने तल्लो चीवर, लुँगी

अन्तराय-बाधा अथवा खतरा, संकट

अन्तेवासी-सेवक; शिष्य; गुरूसँग बस्ने व्यक्ति

अन्तेवासिक-हेर, अन्तेवासी

अनुमोदना-शाब्दिक अर्थ "कुनै कुरामा प्रसन्न हुनु"; अरूले गरेको पुण्यकार्यमा खुशी हुनु

अनुपसम्पन्न-उपसम्पदा नभएकाहरू अर्थात् सामणेर, भिक्खुणी तथा गृहस्थीहरू

अपरण्ण-शाब्दिक अर्थ, पछिबाट खानुपर्ने खानेकुरो, विभिन्न प्रकारका सीमीहरू तथा तिलहरू

Dhamma.Digital

आपत्ति-बुद्ध भगवानको आदेश नाघ्नुको दोष

अरहन्त-पूर्ण मुक्ति प्राप्त व्यक्ति

अरञ्जिकवत्त-अरञ्ञ (जंगल) मा बस्नेको कर्तव्य

आसाल्ह, आसाह्र-वर्षावास अधिष्ठान गरिने नक्षत्रको पूर्णिमा

असंहारिम-अचल सम्पत्ति

आसन-बस्ने ठाउँ; बस्नु

आसन्दी-स्टूलजस्तो बस्ने फर्निचर

अतिरेकचीवर-उब्रेको अथवा थप भएको चीवर; बढी भएको चीवर; आफ्नो त्रिचीवर बाहेकको चीवर

अतिरेकपत्त-अतिरिक्त भिक्षापात्र

अत्थ-अर्थ; उद्देश्य; कल्याण; लाभ; आवश्यकता; चाहना

अट्ठकथा, अत्थकथा-मूलपालि ग्रन्थहरूको व्याख्या

अवहार-चोरी

आवास-बस्ने ठाउँ, कुटी, निवास, विश्राम गृह

आवुसो-शाब्दिक अर्थ, 'जीवन्त'; कनिष्ठ भिक्खुलाई सम्बोधन गर्ने तरिका; दाजुभाई वा साथीलाई सम्बोधन गर्नु जस्तो

आयस्मा-शाब्दिक अर्थ, 'लामो आयु भएको'; नामको अगाडि लगाइने सम्मानसूचक शब्द; आदरणीय भन्नु जस्तो हो

**बी**

भण्डदाय-शाब्दिक अर्थ, 'दिनुपर्ने सम्पत्ति', भिक्खुको कामद्वारा कुनै अपराधीलाई जरिवाना गरिंदा सो भिक्खुले त्यो जरिवाना पैसा बराबर तिर्नुपर्ने रकम

Dhamma.Digital

भत्तुद्देसक-भिक्खुहरूलाई भोजन दान निमन्त्रणा तथा खानेकुरा बाँड्ने जिम्मा पाएको भिक्खु।

भव-जीवनको अस्तित्व भएको अवस्था

भावना-ध्यान, मानसिक विकासको विधि

भेसज्ज-औषधि

भिक्खु- बौद्ध भिक्खु

भिक्खुणी/नी-बौद्ध सन्न्यासिनी, जुन कि अहिले थाइलैंड, म्यानमार आदि थेरवादी बौद्धदेशहरूमा नाश भइसकेको छ।

भोजन-खाना, नरम खाद्यपदार्थ

बीजगाम-बिउहरूको वर्ग; बियाँ भएका फलहरू जुन कि अंकुरित हुनसक्छ र जरा, कंद, मूल जुन कि फेरि रोप्न सकिन्छ।

बिन्दु-चिन्ह, थोप्ला

ब्रह्मचारिनी-भिक्खुनी

ब्रह्मचरिय-शुद्ध जीवन, पवित्र जीवन, अविवाहित जीवन

बुद्धसासन-बुद्ध भगवानको शिक्षा; बुद्धवाद;बौद्धधर्म

**सी**

चरियावत्त-पालन गर्नुपर्ने असल आचरण;

चेतिय-चैत्य,स्तूप, मन्दिर

छन्द-अनुमति

चीवर-भिक्खुको लुगा

चीवरभाजक-चीवर वितरण गर्ने जिम्मावाल भिक्खु

**डी**

दान-दिनु

देस-क्षेत्र; जिल्ला; देश

देसनागामिनी-आपत्ति देसनाद्वारा मुक्त होइने दोष

धमकरक-पानी छान्ने छन्ना

धम्म-सिद्धान्त, प्रकृति, सत्य, आदर्श, नैतिकता, असल आचरण

धम्मदेसना-धम्मको व्याख्यान्

धम्मन्तेवासिक-धम्म सिक्ने शिष्य

धम्मयुत्तिक-निकाय-शाब्दिक अर्थ., 'धम्मले युक्त भएको', ...

धरणी-संघ-हेर, कल्पना भूमि

धुतंग-तपस्वी आचरण

दिट्ठिविपत्ति-दृष्टिकोणमा खराबी, कमी-कमजोरी, गलत दृष्टिकोण

दुब्भासित-खराप वा अनुचित वचन

दुक्कट-गलत काम

दुक्ख-दुःख; असन्तोषहरू; निराश; पीडा

द्वेवाचिकञ्ञत्ति-संघले दुईचोटी वा त्योभन्दा बढी पवारणा गर्नुपर्ने प्रस्ताव

**ई**

Dhamma.Digital

एकवाचिकञ्ञत्ति-संघले दुईचोटी वा त्योभन्दा बढी पवारणा गर्नुपर्ने प्रस्ताव

एतदग्ग-शाब्दिक अर्थ, 'त्यसमा अग्रता पाएको व्यक्ति', यसको अर्थ हो, धम्म-विनयको कुनै पक्षमा अग्रता पाएको व्यक्ति

**जी**

गण-समूह

गणभोजन-समूहमा भोजन गर्नु (हेर, पाचित्तिय ३२)

गन्थिमं-फूल सजाउनु; फूलको माला उनेर भाँडोमा उचित ढंगले हाल्ने काम

गरुभण्ड-गह्रौं सामानहरू

गरुकापत्ति-गह्रौं आपत्ति वा दोष; संघादिसेस तथा पाराजिक

गिम्ह उतु-गर्मी ऋतु

गोचरगाम-भिक्षाटन गर्ने गाउँघर वा बस्तिहरू

गोचरसम्पन्नो-आवतजावत गर्ने स्थान वा आश्रय असल भएको व्यक्ति

गोचरविपन्नो-आवागमन वा आश्रय खराप भएको (भिक्खु)

गोप्फिमं-धेरै वटा लहरहरूमा फूलमाला उन्नु र अनि तिनलाई समूहमा जोड्नु

**एच्**

हत्थपास-(साढेदुई) हात दूरी

हेमन्त उतु-जाडो ऋतु

हिरि-लज्ज्या

**जे**

जम्बुद्वीप-शाब्दिक अर्थ, 'जम्बु फलहरूको देश', अर्थात् भारत
जतुभेसज्ज-रेजिन (र्याल, झोल) को औषधी

**के**

काल-समय, स्वीकार्य समय
कालिक-अस्थायी, समयमा सीमित
कल्पना भूमि-आम्दानी संघलाई दान गर्ने गरी दिइएको धानखेत, बगान आदि भूमि
कल्याणपुथुज्जन-उच्चतहको पृथग्जन वा सामान्य मानिस
कम्मवाचा-औपचारिक सूचना; औपचारिक कामहरूको पाठ अथवा विधीवाक्य
कपोक-सिरानी आदिमा भरिने भुवा अथवा कपास
कप्पिय-स्वीकार योग्य
कप्पियभूमि-स्वीकार योग्य स्थान, खानेकुराको भण्डार
कप्पियकारिक-शाब्दिक अर्थ, (भिक्खुको लागी) 'कुनै वस्तु स्वीकार योग्य बनाउने व्यक्ति, अर्थात् प्रबंधक वा सेवक
कासावभेसज्ज-काढा औषधी
कठिन-वार्षिक रूपले वर्षावास समाप्तिपछि भिक्खुहरूलाई चीवर सिउनलाई दान गरिने कपडा
कत्तिक-कार्तिक नक्षत्र

Dhamma.Digital

कायसामग्गी-व्यक्तिको उपस्थिति वा एकता

खादनीय-कडा खाद्यपदार्थ; प्रथमतः टोकेर अनिपछि चपाइने खाद्यपदार्थ

खन्धक-भाग, विनय पिटकको एक अध्यायको नाम

किच्च-कर्तव्य; गर्नुपर्ने काम; पालन गर्नुपर्ने कर्तव्य

किच्चवत्त-पूरा गर्नुपर्ने कर्तव्य

कुलपसादको-कुल-परिवारलाई खुशी तुल्याउने व्यक्ति

कुसल-सिद्ध, निपुण, पवित्र, शुद्ध

कुटी-झोपडी; आश्रम; भिक्खुको निवास

**एल्**

लहुभण्ड-हलुका सामान

लहुकापत्ति-हलुका आपत्ति

लज्जी-लज्जालु व्यक्ति

लोकवज्ज-संसारमा दोष भनी मानिने कामकुरो

लोणभेसज्ज-नुनले बनेको औषधी

लूखपमाण-सादगी जीवन सम्बन्धी

**एम्**

महानिकाय-शाब्दिक अर्थ., 'ठूलो समूह', विशाल समूह'; थाइलैंडका ९५प्रतिशत भिक्खुहरू समावेश भएको भिक्खुसंघको नाम

महापदेस-महान मानकहरू, नियमका मापदण्डहरू

Dhamma.Digital

महाविकट-पिसाप, दिसा, भस्म र माटोका मूल औषधीहरू
मज्झिम-बिचको, मध्यम; बिचमा रहेको; पाँचभन्दा बढी तर दश भन्दा कम वर्षावास भएको भिक्खु
मञ्च-खाट, पलङ्
मेत्ता-मैत्रीभाव
मिच्छा-आजीव-गलत तरिकाद्वारा जीविकोपार्जन गर्नु; मिथ्या आजीविका
मुखपुञ्छन-मुख पुछ्ने रुमाल
मूलभेसज्ज-कन्दमूलले बनेको औषधी
मुसा-गलत वचन, झुटो वचन

**एन्**

नानासंवास-धम्मको कारणले भिन्न भिन्न भएर बस्ने समूह
ञत्तिकम्म-प्रस्ताव
नवक-नौलो, भर्खर प्रव्रजित भएको, ५ वर्षभन्दा कम अवधिको भिक्खु वा सामणेरलाई व्यक्त गर्ने शब्द;
नवकम्म-नयाँ काम अथवा नयाँ भवन आदि निर्माण कार्य
निदान-स्रोत, कारण, शुरुवात, उपलक्ष, जग
निगण्ठ-साधु, जैन साधु समूहको सदस्य
निकाय-समूह
निसीदन-बस्ने कपडा वा आसन
निस्सग्गिय-जफत गरिनु वा त्याग गरिनुपर्ने वस्तु
निस्सय-आधार, रक्षा; कुनै बस्तु आधारित हुने वस्तु, संसाधन

निस्सयाचरिय-निस्सय वा भरोसा दिने गुरू (अभिभावक)
निस्सयमुत्तक-निस्सय बस्ने अवधि पूरा भई त्यसबाट मुक्त भएको व्यक्ति
निस्सयान्तेवासिक-आफ्नो निस्सयमा बस्ने चेला
नियसकम्म-यश वा मानप्रतिष्ठा घटाउने कर्म वा काम

**ओ**

ओज-रस, पोषक सार तत्त्व
ओत्तप्प-पापदेखि डराउनु, गलत गर्नुदेखि डराउनु
ओवाद-पाटिमोक्ख-सल्लाह, उपदेश, शिक्षा

**पी**

पब्बाजनीयकम्म-विहारबाट निश्काशन गर्ने सजाँय
पब्बज्जा-त्याग गरेर जानु; त्यागी भएर भिक्खुको जीवन ग्रहण गर्नु
पब्बज्जाचरिय-श्रामणेर प्रब्रज्या हुँदाको गुरू
पब्बज्जान्तेवासिक-श्रामणेर प्रब्रज्या लिएको चेला वा शिष्य
पच्चन्त-जनपद-बाहिरका वा कछाडका जनपद वा देशहरू
पच्चय-आवश्यक वस्तुहरू
पच्छिमिका-वस्सूपनायिका-दोश्रो वर्षावास प्रवेश गर्ने दिन
पच्चत्थरण-तन्ना
पच्चुत्थरण-अधिष्ठान समाप्त गर्नु, छोड्नु
पाचित्तिय-प्रायश्चित गर्नुपर्ने आपत्ति

Dhamma.Digital

पादुका-हिल भएको एक थरीको चट्टी
पकतत्त-असली वा शुद्ध भिक्खु
पालिमुत्तक-दुक्कट-मूल पालि बाहिरको दुक्कट आपत्ति
पल्लंक-पलङ्, सोफा
पान-फल निचारेर बनाइएको सर्बत
पण्डक-यौनांग विकृत व्यक्ति जस्तो कि बधिया (खसि पारिएको)
पण्डुपलास-शाब्दिक अर्थ, 'रुखबाट झर्न लागेको पहेँलो पात'; प्रब्रजित हुनलागेको व्यक्ति
पण्णभेसज्ज-रुख पातको औषधी
पञ्ञत्तिवज्ज-विनयका शिक्षापद अनुसार दोष मानिने विषय
पापसमाचार-अधम र नीच व्यवहार
पाराजिक-पराजित गर्ने विषय; भिक्खु विनय अनुसारको सबभन्दा भारी दोष वा आपत्ति गरेको व्यक्ति
परम्परभोजन-एक दाताको निमन्त्रणा स्वीकार गरेर अर्को दाताकोमा भोजन गर्न जानु (हेर्नू, पाचित्तिय)
परिकम्म-सेवा, सेवा गर्नु; व्यवस्था गर्नु, तयारी
परिक्खार-प्रयोजनीय वस्तु; परिष्कार, सहायक; उपकरण; भाँडाकुडा; लुगाफाटो
परिक्खारचोल-सानातिना प्रयोजनीय कपडाहरू
परिनिब्बान-बुद्ध भगवानको शरीरान्तपछि उहाँलाई प्राप्त भएको निब्बाण
पारिसुद्धि-पवित्रता

Dhamma.Digital

पारिसुद्धि-उपोसथ-तीनजना भिक्खुहरूको उपोसथ

परिसुपट्ठापक-परिषदद्वारा सेवा गरिएको व्यक्ति; परिषदलाई काम लगाउने वा प्रयोग गर्ने व्यक्ति

परित्त-सुरक्षा, परित्राण

परिवास-परिक्षण व्रत

पठम-बोधिकाल-बुद्ध भगवानको ज्ञानप्राप्ति पछिको प्रारम्भिक समय

पाटिदेसनीय-आपत्ति देशना गर्नुपर्ने एक थरीको दोष

पाटिपद-शुक्लपक्ष तथा कृष्णपक्षको पहिलो दिन

पटिसारणीयकम्म-औपचारिक कारवाही जसमा भिक्खुले कसैको विरुद्धमा गरेको आफ्नो आपत्तिको लागी  प्रायश्चित गर्छ; मेलमिलाप

पटिस्सव-दुक्कट-निमन्त्रणा स्वीकार गरेर वा कुनै सहमति गरेर पछि त्यसलाई पूरा नगर्नुको आपत्ति

पत्त-भिक्षा पात्र

पत्तधारको-शाब्दिक अर्थ, 'पात्रलाई बोक्ने वस्तु', पात्रको आसन, स्ट्याण्ड वा खुट्टा

पत्तमण्डल- शाब्दिक अर्थ, 'पात्रको मण्डल', पात्रको बिर्को

पवारणा-वर्षावास समाप्तिको दिनमा भिक्खुहरूद्वारा गरिने एउटा समारोह; सल्लाह दिनुको लागी निमन्त्रणा दिने काम

पवत्तमंस-पहिले नै उपलब्ध मासु; पहिले नै मारेर तयार राखिएको मासु

फलभेसज्ज-औषधी हुने फलहरू

फाणित-गुड, सखर; सीरा; एक थरिको चीनी

फातिकम्म-संघको फाइदाको लागी गह्रौं वस्तुहरू (गरुभाण्ड) विक्री गर्नु, साट्नु, विनिमय

पिण्डपात-भिक्षाचार, भिक्षाटन, भिक्षान्न

पीठ-तिपाई, बेँच

पुब्बकरण-पाटिमोक्ख पाठ गर्नुभन्दा पहिले पूरा गर्नुपर्ने कामहरू

पुब्बकरण-पुब्बकिच्च-पहिले पूरा गर्नुपर्ने शुरूका कामहरू

पुब्बकिच्च-पाटिमोक्ख पाठ गर्नुभन्दा पहिले पूरा गर्नुपर्ने कर्तव्यहरू

पुब्बण्ण-शाब्दिक अर्थ., 'पहिले खाइने खानेकुरा'; थरिथरिका बिरूवाहरू जुनमा प्राकृतिकरूपले अन्न फल्छन्।

पुग्गल-व्यक्ति

पुप्फविकति-फूलमाला तथा अरू सजावतका वस्तुहरू बनाउने तरिका

पुरिमं-माला उन्नु जस्तो गरेर फूलहरूको घेरा बनाउनु

पुरिमिकावस्सूपनायिका-प्रथम वर्षावास प्रवेश गर्ने दिन

**एस्**

सब्बसंगहिका-ञत्ति-विशेष परिस्थितिको उल्लेख नगरिकन संघ पवारणा गर्ने प्रस्ताव

सभागापत्ति-एउटै शिक्षापद नाघ्ने र त्यहि आपत्ति हुने भिक्खुहरू

सद्धा-श्रद्धा, आस्था

साधारण-सामूहिक प्रयोग योग्य, साझा

Dhamma.Digital

सद्धिविहारिक-सहवासी र सेवा गर्ने भिक्खु; अर्काको निस्सयमा बस्ने भिक्खु, विशेष गरेर उपज्झाय र उसबाट प्रब्रज्या दिइएका शिष्यहरूका बिचको सम्बन्धलाई जनाउने शब्द

सद्धिविहारिकवत्त-उपज्झायले उसको सद्धिविहारिकप्रति गर्नुपर्ने कर्तव्य

सामग्गि-उपोसथ-एकता भई गरिने उपोसथ

समण-ऋषि, सन्न्यासी, तपस्वी, साधु

समणधम्म-सन्न्यासीको कर्तव्य; सन्न्यासीहरूको लागी धम्म, ध्यान-विपस्सनाको अभ्यास

समानसंवास-धम्मको आधारमा एकसाथ संवास गर्नेहरू

समानासनिक-समान आसनमा बस्न मिल्नेहरू; आफूभन्दा एक, दुइ वा तीन वर्षावासले जेठा वा कान्छा भिक्खुहरूलाई (भिक्खुत्वमा) समान आयु भएका मानिन्छन् (समान आसनमा बस्न मिल्ने)

समानवस्सिका-ञत्ति-समान वर्षावास भएकाहरूले एकसाथ पवारणा गर्ने प्रस्ताव

सामणेर-नयाँ प्रवेश गरेको भिक्खु, भिक्खु दीक्षा (उपसम्पदा) पाउनुअघिको दर्जा

समभोग-सँगै खानु

संहारिम-चल वस्तु

सामीचिकम्म-उचित कर्म; अभिवादन

सामीचिपटिपत्ति-समुचित रूपले आचरण गर्नु

सम्मतिसीमा-आधिकारिक सीमा; सहमति गरिएको सीमा

Dhamma.Digital

संवास-एकसाथमा संघकम्म गर्नु

संगायन-सभा

संघ-भेला; भिक्खुहरूको संघ

संघकम्म-भिक्खुहरूको समूहले गर्ने कर्म वा काम

संघाराम-संघको बस्ने ठाउँ

संघाटि-भिक्खुहरूको दुई तह भएको वढ्ने चीवर वा लुगा

सन्निधि-भिक्खुद्वारा रात नाघ्नेगरी जम्मा गरिएको (खाना)

सरभञ्ञ-स्वरको सीमित सीमाभित्र बसेर उच्चारण गरिने पाठ जुनमा पालि उच्चारणलाई बिगार हुँदैन, जसले गर्दा पाठ बुझ्न सकिन्छ

सासन-शिक्षा अथवा निर्देशन

सति-सचेत; जागरुकता; स्मृति

सत्ताह-बुद्ध भगवानको विशेष स्वीकृति जसमा भिक्खुहरूलाई वर्षावासको अवधिमा अत्यन्त जरूरी कामको कारणले बढीसे बढी एक सप्ताहसम्म अन्यत्र बस्न मिल्छ

सत्ताहकालिक-भिक्खुद्वारा एक सप्ताहसम्म उपभोग्य वस्तु

सत्ताह-करणीय-सप्ताहको छूट उपयोग गर्न योग्य-(हेर्नू, सत्ताह)

सत्थकम्म-छुराको प्रयोगद्वारा गरिने काम; चीरफार गर्नु; अप्रेसन गर्नु

सावक-शिष्य, सुन्ने मानिस

सेखिय-एक थरिको शिक्षापद

सेनासन-बसोबासको ठाउँ, सुत्ने ठाउँ

सेनासन-गाहापक-सेनासन वितरण गर्ने व्यक्ति

Dhamma.Digital

सीलसम्पन्नो-सदाचरणले युक्त
सीलविपत्ति-शील पतन हुनु, शील बिग्रनु
सीमा-सिमाना
सुगत-शाब्दिक अर्थ,' राम्रोसँग गएको'; बुद्ध भगवानको गुण
सुतपद-शाब्दिक अर्थ, 'सुनिसकिएको पाठ'; पातिमोक्खको त्यो भाग जुन कि कुनै संकट आएकोले पाठ नगरिकन छोडिन्छ
सुत्त-छलफल,(शाब्दिक अर्थ, धागो) बुद्ध भगवानको वा उहाँका कुनै शिष्यको देशना

**टी**

तज्जनीयकम्म-दोषारोपण गरिने दण्ड
तेवाचिक-ञत्ति-संघले तीनपटक पवारणा गर्ने प्रस्ताव
थेर-जेष्ठ, दश वर्षावास पूरा भइसकेको भिक्खु
थेय्यसंवास-चोरीद्वारा भिक्खु समूहमा प्रवेश लिएको
थुल्लच्चय-एकथरी भारी आपत्तिको नाम
तिचीवर-शाब्दिक अर्थ, 'त्रिचीवर', भिक्खुका तीनवटा चीवरहरू
तिरच्छानविज्जा-पशुहरूको जस्तो विद्या
तित्थिय-गैर-बुद्धावलम्बी गुरूको अनुयायी

**यू**

उद्देस-पातिमोक्खको एउटा भाग
उद्देसाचरिय-धम्म सिकाउने गुरू
उद्दिस्समंस-निर्दिष्ट मासु (उद्देश्य लिएको मासु)

उक्खेपनीयकम्म-समूहबाट निश्काशनको काम; निलम्बन कार्य
उक्खित्तको-संघबाट निकालिएको भिक्खु
उपाहन-हिल नभएको एक थरिको चट्टी
उपज्झाय-उपध्याय, गुरू
उपज्झायमत्त-उपज्झाय बराबरको; उपज्झाय बन्न योग्य भिक्खु, अर्थात् १० वटा भन्दा बढी वर्षावास पूरा भएको भिक्खु
उपज्झायवत्त-सद्धिविहारिक (शिष्य) ले आफनो उपज्झायप्रति गर्नुपर्ने कर्तव्य
उपसम्पदा-भिक्खुको दीक्षा कार्य
उपसम्पदाचरिय-उपसम्पदा विधीमा पूर्ण दीक्षित भिक्खुको तहमा प्रवेश दिने गुरू
उपसम्पदान्तेवासिक-आफूद्वारा भिक्खुको रूपमा स्वीकार गरिएको शिष्य
उपोसथ-प्रत्येक पक्षको व्रत बस्ने दिन; अष्टशील पालन गर्ने काम; भिक्खुसंघद्वारा प्रत्येक दुइहप्तामा प्रातिमोक्ष पाठ गरिनु
उपोसथागार-उपोसथ मन्दिर जुन कि विहारको प्रमुख भवन हुन्छ, यस्तो मन्दिर एउटा विहारमा एकभन्दा बढी हुनु निषेध गरिएको छ।
उपोसथसंघकम्म-भिक्खुसंघद्वारा पाटिमोक्ख पाठ गर्ने तथा सुन्ने काम
उत्तरनिकाय-उत्तरी समूह; महायान निकाय
उत्तरासंग-भिक्खुको माथि वढ्ने एकसरो चीवर
उत्तरिमनुस्सधम्म-मानवीय स्तरभन्दा माथिका तहहरू, सिद्धि

Dhamma.Digital

उत्थान-स्वागत गर्नको लागी उठ्नु

**वी**

वच्चकुटी-शौचालय

वज्जनीय-अयोग्य; हटाउन वा अलग्याउन योग्य व्यक्ति

वन्दना-(पञ्चांग) शाब्दिक अर्थ, 'पाँच अंगहरूद्वारा सम्मान प्रदर्शन गर्नु', अर्थात् निधार, दुईवटा हातहरू, दुईवटा घुँडाहरू; दण्डवत गर्नु

वस्सा-वर्षात्

वस्सान-उतु-वर्षा ऋतु

वस्सावास-वर्षावास, विधिपूर्वक वर्षाऋतु बिताउनु

वस्सूपनायिका-वर्षावास प्रवेश गर्ने तिथि

वत्तसम्पन्नो-आफ्नो व्रत्त (कर्तव्य) हरू पूरा गर्ने व्यक्ति

वत्थिकम्म-मलद्वारमा बवासीर बाँध्नु

वत्थु-शाब्दिक अर्थ, 'आधार; चीज, असली वस्तु, यथोचितरूपले, सारवस्तु

वायिमं-बिचमा धेरै ठाउँमा खालि भएको फूलहरूको जाली

वेधिमं-फूलहरूको श्रृँखला अथवा काठको कटारमा छेडिएका फूलहरू

वेथिमं-कटारमा फूलका डाँठहरू छेडिएका; फूलहरू ठाउँमा बाँधिएको अथवा गुच्छा बनाइएको

वेय्यावच्चकर-प्रबन्ध, शिष्य, समर्थक

विभंग-विभाजन, भाग, मुख्यता

Dhamma.Digital

विदत्थि-बुढी औंलाको टुप्पोदेखि बीचको औंलाको टुप्पोसम्मको दूरी वा बित्ताको नाप

विधिवत्त-काम गर्ने उपयुक्त ढंग वा तरिका

विहार-आवास, बस्ने ठाउँ; विशेष गरेर विहार परिसरभित्रको त्यो स्थान जुन कि बुद्धमूर्ति स्थापना गरिएको भवन, बुद्धमन्दिर

विकाल-समयबाह्य; मध्याण्हपछिको समय

विकप्प-चीवर आदि अरूसँग साझा गर्नु

विनय-प्रब्रजितहरूको अनुशासनका नियम

विनयकम्म-विनय-विधीको काम वा कार्यान्वयन

विनयकथा-विनयको व्याख्या

विञ्ञत्ति-अनुचित व्यक्तिसँग अथवा अनुचित समयमा याचना गर्नु

विरिय-कोसिस, लगनशील प्रयास

विस्सास-विश्वास; विश्वासले कुनै वस्तु लिनु; निर्धक्क; आत्मियता

वीतिक्कम-उल्लंघन; सीमा नाघ्नु; परम्परालाई तोड्नु

विवादाधिकरण-विवाद सम्बन्धी विधिवत प्रक्रिया (मुद्दा)

वुत्थानगामिनी-वुत्थान विधी गर्नुपर्ने, अर्थात् संघादिसेस

वुत्थानविधी-संघादिसेस आपत्तिको लागी गरिने पुनर्वास प्रक्रिया

**वाई**

यामकालिक-एक दिन रात (२४ घंटा) सम्म मात्र उपभोग्य वस्तु

Dhamma.Digital

यावकालिक-त्यहि दिनको विहानदेखि मध्याण्हसम्म मात्र उपभोग्यवस्तु

यावजीविक-जीवनभर उपभोग गर्न सकिने

योजन-दश माइल वा १६ किलोमिटर दूरिको नाप

**विभिन्न उद्देश्य तथा उपलक्षमा गरिने पाठहरूको सूची**

आचरिय याचना

अधिट्ठान (वस्तु प्रयोग गर्नको लागी)

आपत्ति देसना

लहुकापत्ति (हलुका आपत्ति)

आपत्तिमा शंका

संघलाई

एकमात्र पाचित्तिय आपत्ति

धेरैवटा (सम्बहुला) निस्सग्गिय पाचित्तिय आपत्ति (विसर्जनद्वारा प्रायश्चित)

धेरैवटा दुक्कट आपत्ति *(सम्बहुला)*

एकमात्र आपत्ति

धेरैवटा आपत्ति (नानावत्थुकाय)

बिन्दु *(चीवरहरूमा चिन्ह लगाउनु)*

छन्द *(स्वीकृति)*

बिरामीले अरूमार्फत स्वीकृति दिनु

Dhamma.Digital

बिरामीको स्वीकृति वहन गर्नु

पारिशुद्धि सहित स्वीकृतिको सूचना दिनु

पच्चुत्थरण *(परिष्कारहरू प्रयोग गर्नबाट त्याग गर्नु)*

पारिसुद्धि *(शुद्धता)*

पारिसुद्धि-उपोसथ गर्नको लागी प्रस्ताव (३ जना भिक्खुहरूको बीचमा)

पारिसुद्धि बताउनु *(२ वा ३ जना भिक्खुको बिचमा)*

अधिट्ठान उपोसथ *(एकजना मात्र भिक्खुको लागी)*

बिरामी भिक्खुले अर्कोद्वारा पारिसुद्धि सूचना दिनु

बिरामी भिक्खुको पारिसुद्धि वहन गर्नु

पारिसुद्धि सहित स्वीकृति *(छन्द)* दिनु

पाटिमोक्ख

विनयसम्बन्धी प्रश्न सोध्नको लागी प्रस्ताव

प्रश्न सोध्नको लागी अर्को भिक्खुको नियुक्ति गर्ने प्रस्ताव

उत्तर दिनको लागी अर्को भिक्खुको नियुक्ति गर्ने

स्वयंलाई उत्तर दिने बनाउने घोषणा

अन्तरायको अवस्थामा पाटिमोक्ख संक्षिप्त पाठ गर्ने

पवारणा *(चेतावनी दिन आग्रह गर्नु)*

बिरामी अवस्थामा अरूलाई पवारणा दिनु

तीन पटक पवारणा गर्नको लागी प्रस्ताव

दुई पटक पवारणा गर्नको लागी प्रस्ताव

एक पटक पवारणा गर्नको लागी प्रस्ताव

संघमा बिरामी भिक्खुको पवारणा सुनाउने

विहारमा चार जना वा तीन जना भिक्खुहरू रहेको अवस्थामा पवारणा गर्ने प्रस्ताव

अधिट्ठान पवारणा (भिक्खु एक्लो हुँदा)

वर्षावास, प्रवेश स्थान

विहारमा

कुटिमा

कारावान (यात्रीदल) सँग

सभागापत्ति

उपज्झाय *(गुरू)* सँग प्रार्थना

विकप्प *(वस्तुहरू साझा गर्नु)*

**विभिन्न उद्देश्य तथा उपलक्षमा गरिने पाठहरूको सूची**

आचरिय याचना

अधिट्ठान (वस्तु प्रयोग गर्नको लागी)

आपत्ति देसना

लहुकापत्ति (हलुका आपत्ति)

आपत्तिमा शंका

Dhamma.Digital

संघलाई

एकमात्र पाचित्तिय आपत्ति

धेरैवटा (सम्बहुला) निस्सग्गिय पाचित्तिय आपत्ति (विसर्जनद्वारा प्रायश्चित)

धेरैवटा दुक्कट आपत्ति*(सम्बहुला)*

एकमात्र आपत्ति

धेरैवटा आपत्ति (नानावत्थुकाय)

बिन्दु *(चीवरहरूमा चिन्ह लगाउनु)*

छन्द *(स्वीकृति)*

बिरामीले अरूमार्फत स्वीकृति दिनु

बिरामीको स्वीकृति वहन गर्नु

पारिशुद्धि सहित स्वीकृतिको सूचना दिनु

पच्चुत्थरण *(परिष्कारहरू प्रयोग गर्नबाट त्याग गर्नु)*

पारिसुद्धि *(शुद्धता)*

पारिसुद्धि-उपोसथ गर्नको लागी प्रस्ताव (३ जना भिक्खुहरूको बीचमा)

पारिसुद्धि बताउनु *(२ वा ३ जना भिक्खुको बिचमा)*

अधिट्ठान उपोसथ *(एकजना मात्र भिक्खुको लागी)*

बिरामी भिक्खुले अर्कोद्वारा पारिसुद्धि सूचना दिनु

बिरामी भिक्खुको पारिसुद्धि वहन गर्नु

पारिसुद्धि सहित स्वीकृति *(छन्द)* दिनु

पाटिमोक्ख

Dhamma.Digital

विनयसम्बन्धी प्रश्न सोध्नको लागी प्रस्ताव

प्रश्न सोध्नको लागी अर्को भिक्खुको नियुक्ति गर्ने प्रस्ताव

उत्तर दिनको लागी अर्को भिक्खुको नियुक्ति गर्ने

स्वयंलाई उत्तर दिने बनाउने घोषणा

अन्तरायको अवस्थामा पातिमोक्ख संक्षिप्त पाठ गर्ने

पवारणा *(चेतावनी दिन आग्रह गर्नु)*

बिरामी अवस्थामा अरूलाई पवारणा दिनु

तीन पटक पवारणा गर्नको लागी प्रस्ताव

दुई पटक पवारणा गर्नको लागी प्रस्ताव

एक पटक पवारणा गर्नको लागी प्रस्ताव

संघमा बिरामी भिक्खुको पवारणा सुनाउने

विहारमा चार जना वा तीन जना भिक्खुहरू रहेको अवस्थामा पवारणा गर्ने प्रस्ताव

अधिट्ठान पवारणा (भिक्खु एक्लो हुँदा)

वर्षावास, प्रवेश स्थान

विहारमा

कुटिमा

कारावान (यात्रीदल) सँग

सभागापत्ति

उपज्झाय *(गुरू)* सँग प्रार्थना

विकप्प *(वस्तुहरू साझा गर्नु)*

Dhamma.Digital